# बुद्ध
# बुद्धत्व र बुद्ध-दर्शन

लेखक

**तुल्सी लाल अमात्य**

तुल्सी लाल स्मृति प्रतिष्ठान-२०४८
TULSILAL MEMORIAL FOUNDATION-1996

अनुमति विना यस पुस्तकको कुनै अंश वा सम्पूर्ण पुस्तक पुन : प्रकाशित गर्न छापाप्रति (फोटोकपी) निकाल्न र यस पुस्तकका आधारमा श्रव्य–दृश्य सामाग्री प्रकाशन गर्न पाइने छैन। पूर्व स्वीकृतिविना उल्लिखित कार्य गरे–गराएमा नेपालको प्रचलित ऐन बमोजिम कारवाही गरिने छ।

**प्रकाशक**:

तुल्सी लाल स्मृति प्रतिष्ठान

च्यासल, ललितपुर, नेपाल

फोन : ०१–५५४६७५

इमेल : info@tlmf.org.np

लेखक : तुल्सी लाल अमात्य

संस्करण : पहिलो, २०४३

संस्करण : दोस्रो, २०७८

प्रति : २,०००

आवरण पृष्ठ : अनिल श्रेष्ठ

पृष्ठ सज्जा : अनिल श्रेष्ठ

टाइप : सुरतबहादुर भुल

मूल्य : रु. ३००/–

ISBN No : 978-9937-1-1018-1

# मैले यो पुस्तक कसरी लेख्न पुगे ?



२०४१ सालको कृष्णाष्टमीको उपलक्ष्यमा पाटनबाट निकालिने भएको "धर्मभूमी" को निम्ति श्री कृष्णको बारे एउटा लेखलेख्न साथीहरुले भन्नु भएको थियो र भनिएको थियो की मैले जेसुकै लेखे पनि छापिने छ। मैले लेखे पछि त्यस लेखलाई प्रकाशकहरुले छाप्ने हिम्मत गर्नु भएन र मैले सो लेख २०४१ साल भाद्रको लालित्यमा छपायें । साथीहरुलाई के लाग्यो कुन्नी बौद्धमताबलम्बी साथीहरुले बौद्धको बारेपनि यस्तै एउटा लेख लेख्न भन्नु भयो र वहाँहरुले आफुले भ्याय सम्मको धेरै किताबहरु पुऱ्याई दिनु भयो । यी किताबहरु मध्ये खास खास किताबहरु पुरै पढें । कतिपय किताबहरु सरसरि हेरेर यिनीहरुबाट बगैचाबाट फुलटिपेर लिए झैं शार कुरोहरु टिपेर लियें अनि कतिपय किताबहरु भारीबाट एक सट्टी चामल हेरेझैं हेरेर त्यसको चरित्र बुझ्ने काम गरे । कतिपय कथाहरु मैले सत्य होइन काल्पनिक पायें । ललित-विस्तार र अन्य कथाका किताबहरुले बुद्धको दर्शनलाई अगाडि राख्नु भन्दा अन्ध विश्वास फैलाउने खालको पायें । यसरी बुद्ध दर्शनको शार झिक्न कोशिस गरेर त्यसको आधारमा मैले यो पुस्तक लेखें । हुनत यो पुस्तक २०४२ सालको बुद्ध पुर्णिमाको निम्ति तयार हुनु पर्ने हो तर २०४२ साल जेष्ठको जन आन्दोलनको तरखरमा यो किताब लेख्न ढिलो हुन गयो ।

मैले यो पुस्तक आफूलाई जडसुत्रवादी धार्मिक् अन्धविश्वासको

साँग्रो घेराबाट उम्केर लेख्ने काम गरेको छु । हरेक धर्ममा आ-आफ्नो देन र कम्जोरी पनि हुन्छ, यसै निम्ति सही कुरोको समर्थन र ब्याख्या गर्दै गलत लागेका कुरोहरुको खण्डन गर्दै यो पुस्तक लेख्ने प्रयास गरेको छु ।

मेरो निम्ति सबै धर्म बराबर हुन् । यसै निम्ति चाहे कृष्ण बारे लेखौं चाहे बुद्ध बारे लेखौं बिना पूर्वाग्रह लेख्ने प्रयास गरेको छु र ठाउँ-ठाउँमा बुद्धको चर्चा गर्दा गर्दै वेद, उपनिषद, गीता र श्री कृष्णको पनि चर्चा हुन गएको छ । मैले आफूले सकेसम्म कुरोहरुलाई वैज्ञानिक दृष्टिकोणले केलाएर हेरी ठम्याउने प्रयास गरेको छु ।

मेरो लेखमा धेरै त्रुटी र कमजोरीहरु हुन स्वाभाविक हो । तर मैले मेरो अन्तस्करणलाई साक्षीराखेर आफूले देखेको कुरालाई बिना पूर्वाग्रह डर, भय, त्रास, लोभ-मोहको प्रवाह नगरी सत्यकुरोलाई यस पुस्तकमा प्रस्तुत गर्ने प्रयास गरेको छु । उखुको रस कस्तो हुन्छ भनि ब्याख्या गर्नलाई संसार भरिको उखु पेलेर हेर्नु पर्दैन । यस्तो गरि मैले बुद्धदर्शनको शारलाई प्रस्तुत गर्ने कोशिश गरेको छु ।

मैले यो पुस्तक लेख्दा कुनै धर्मको संकुचित घेराबन्दिमा न रहि मानवको हैसियतले सम्पूर्ण मानवलाई ध्यानमा राखीलेखेको छु । अस्तु: । कतै कहि मानव र मानव समाजलाई नोक्सान हुने कुनै कुरो भएमा अथवा अवैज्ञानिक कुरो भएमा यसको आलोचकहरुलाई धन्यवाद दिदै मैले पछिल्लो संस्करणमा आफ्नो गल्ती स्वीकार गरी सच्याउने छु ।


यो पुस्तक लेख्ने प्रस्ताव राख्ने साथीहरु र लेख्नका लागि पुस्तकहरु जम्मा गरेर ल्यादिने साथीहरु र पुस्तक लेखि सिध्याए पछि यसको प्रकाशनको निम्ति आर्थिक सहयोग गर्ने साथीलाई र नपुग मदत गर्ने साथीलाई धन्यवाद पनि नदिई रहन सकिन्न । यसबाहेक मेरो

पुस्तकमा भाषा सच्याई दिने साथीहरुलाई पनि बिर्सन सकिन्न । वहाँहरु सबैप्रति हृदयदेखि कृतज्ञता प्रकट गर्ने चाहान्छु ।


यहाँ आजकल चोरलाई चैतारो र साधुलाई सुली दिने चलनले गर्दा मैले यो पुस्तकको निम्ति विभिन्न प्रकारले सहयोग दिने साथीहरुको नाम प्रकाशमा ल्याउन सकिन्न । कुनै दिन देशमा छायको बादल हटला त साथीहरुको नाम पनि बादल नभएको आकाशमा ताराहरु चम्केझै स्वयम् प्रकाशमा आउने छ । यस बाहेक प्रेसमा काम गर्ने साथीहरु र प्रेस मालिकलाई पनि धन्यवाद छ ।

२०४३ भाद्र ११ कृष्णाष्टमी तुल्सी लाल अमात्य


## इलेक्ट्रोन र प्रोटनको संख्याको आधारमा बनेको विभिन्न तत्वहरूको परमाणुहरूको नमूना




लिथियम




बेरिलियम




बरोन



कार्वोन



नाइट्रोजन



अक्सीजन



**यो प्रस्तर बुद्धमूर्ती पुस्तकको पहिलो संस्करणमा यही स्थानमा राखिएको थियो ।**

# प्रकाशकीय

बुद्ध, बुद्धत्व र बुद्ध-दर्शन पुस्तकको अन्त्यमा कामरेड तुल्सी लाल अमात्य लेख्नु हुन्छः "आजको आवश्यकता पुरान पंन्थी धर्मगुरुहरुले पनि बिना पूर्वाग्रह विज्ञान तथा विज्ञानमा आर्दशवादी द्वन्दात्मक दर्शनको अध्ययन गर्नु र आफूलाई मार्क्सवादी भन्नेहरुले पनि हाम्रो ऋृषिमुनिहरु वा महापुरुषहरुको उपदेश र शिक्षालाई गहिरो अध्ययन गरी यसबाट सकारात्मक कुराहरु ग्रहण गरुन । द्वन्दात्मक भौतिकवादका सोभियत संघको एक महान विद्वान र विशेषज्ञ प्रोफेसर श्री अलेक्जेन्डर स्पिरिकन आफ्ना द्वन्दात्मक भौतिकवाद नामक पुस्तकको अन्तिम पन्नाहरुमा भन्नु हुन्छ 'हरेक कुरालाई विज्ञानको सुक्ष्म यन्त्रले चिरफार गरेर हेर्ने पाश्चात्य मनलाई बिना विश्लेषण बिना तर्क मनद्वारा सत्य पत्ता लगाउने शक्ति भएको पूर्वेली स्पिरिट (भावना) संग मिलाएर यसलाई अझ धेरै उन्नत गर्न सकिन्छ हाम्रो ऋृषिमुनि तथा महापुरुषहरुद्वारा प्रतिपादन गरेका दर्शनहरु पनि द्वन्दात्मक भौतिकवादी दर्शनको उपयोग आजको संकुचित घेराबन्दीद्वारा मुक्त भएर नयाँ प्राप्त गर्नेछ र पूराना दर्शनहरुको भावना अझ छर्लङ्ग हुनेछ र मानव समाजमा स्थायी सुख, शान्ती स्थापना गर्ने कार्यमा सार्थक र सक्षम बन्ने छ ।

कामरेड तुल्सी लाल अमात्यका यी भनाईहरु आज पनि सान्दर्भिक, मार्गदर्शक विचार र दृष्टिकोणको रुपमा लिन सकिन्छ ।

कामरेड तुल्सी लाल अमात्य नेपालको लोकतान्त्रिक र कम्युनिष्ट आन्दोलनको मार्क्सवादी लेनिनवादी कम्युनिष्ट नेतृत्वहरु मध्य एक मध्यम मार्गी सन्तुलित दृष्टिकोण राख्ने सृजनशील नेता हुनु

हुन्थ्यो । एउटा मान्छेमा राम्रो नराम्रो पक्ष हुन्छः हरेक मान्छेको मनमा राम्रो नराम्रो र अनेक कुराहरु खेलिरहन्छन गलत निर्णय लिएर गलत ब्यवहार गर्नेहरु खराब मान्छे, नराम्रो मान्छेमा दर्ज हुन्छन्, निर्णय असल लिने काम ब्यवहार भने गलत गर्ने मान्छे हरु पनि देखिन्छन । त्यसकारण ब्यवहारनै दृष्टिकोण, मन विचार र सिद्धान्तलाई जाँच्ने कसी हो । तथ्यहरुको आधारमा सत्य पत्ता लगाउने, सत्यलाई आधार बनाएर अगाडि आएका अनेक चुनौती, समस्याहरुको समाधान गर्ने बाटो कामरेड तुल्सी लालले शाक्यमुनि बुद्ध र कार्ल मार्क्सबाट सिकेर हामीलाई फेरि सिकाउनु भएको छ । वहाँ एउटा असल र योग्य शिक्षक पनि हुनुहुन्छ; प्रमाणको रुपमा यो पुस्तक तपाईहरुको हातमा छ । आशा राख्छु तपाईहरुले अवश्य पनि अध्ययन गर्नु हुनेछ, अध्ययनका लागि मेरो बन्दन छ ।

पुस्तक प्रकाशनको औसरमा महामानव सिद्धार्थ गौतम बुद्ध र कार्ल मार्क्सको दर्शन-दृष्टिकोण विचार सम्बन्धमा केही शब्दहरु राख्न चाहन्छु ।

आज २५६५ वर्ष सम्म शाक्यमुनि सिद्धार्थ गौतम बुद्धका विचार-दृष्टिकोणले मानव, पृथ्वी र प्रकृति बीचको अन्तर सम्बन्धहरु बुझाउन, मानव कल्याणको लागि शान्ति र सहअस्तित्वको बाटो देखाउन सफल भइरहेको छ । मानव कल्याणका लागि प्रत्येक मान्छेले लोभ, मोह, त्याग गर्ने, ब्यक्तिगत स्वार्थ भन्दा समुदाय वा संघको स्वार्थमा शाक्यमुनि बुद्धले जोड दिनु हुदै पञ्चशील र अष्टाङ्गमार्गका नियम अनुशासन बनाएर पालनमा जोड दिनु भएको थियो । महा-मानव शाक्यमुनि बुद्ध आफ्नो समयको प्रगतिशील, क्रान्तिकारी विचारक संघ प्रचारक हुनुहुन्थ्यो । लुम्बीनीमा जन्मेर कपिलवस्तुमा हुर्केका शाक्य वंशका सिद्धार्थ गौतम बुद्ध हाम्रो नेपाल राष्ट्रका मात्र होइन विश्व मानव सभ्यताको गौरव हुनुहुन्छ वहाँका विचार र दृष्टिकोणको प्रगतिशील ज्योती नयाँ-नयाँ रुपमा प्रकट

भइरहेको छ ।

कार्ल मार्क्सको विचार र दृष्टिकोण परिवर्तनशील विश्वलाई बुझ्न, नयाँ उत्पादन साधनसंगै नयाँ उत्पादक शक्तिहरु जन्मिने र यी दुईको आधारमा संरचनाहरु बन्ने (Mode of production) क्रमसंगै मानव समाज र वर्गहरु, समुदाय जन्मिने रुपान्तरण र निषेध हुने गतिशील प्रगतिशील सिद्धान्तको पहिचान गर्दै आफ्नो समयको पूँजीवादी विचारकहरु एडम स्मीथ, डेविड रेकर्डो आदिको खण्डन गर्दै मजदूर श्रमिकहरु सर्वहारा वर्गको साथै उत्पीडन, अन्याय र शोषणमा परेका किसान र उत्पीडित जातीहरु मानव समुदायहरुको मुक्तिको सिद्धान्त लोक कल्याण शान्तिको लागि विश्वमा वैज्ञानिक साम्यवाद तर्फ जाने समाजवादी बाटो देखाउनु भएको थियो । व्यक्तिगत संपत्ति भन्दा सामूहिक संपत्तिमा जोड दिनु भएको थियो ।

आज मार्क्सको 'कम्युनिष्ट घोषणा' जारी भएको १७३ वर्ष बितिसकेको छ। मार्क्सवादको रुपमा मार्क्सका विचार-दृष्टिकोणलाई कयौं देशका मानिसहरुले आफ्नो जीवनका ब्यवहारमा प्रयोग-परिक्षण गरिरहेका छन् । मार्क्सवादको सृजनात्मक प्रयोग गर्न नसक्दा असफलता भोग्नु परेका उदाहरण पनि हाम्रो सामु छन् । त्यसकारण राम्रा-असल विचारहरुलाई आत्मासात गरी सृजना भएका नयाँ विचार-दृष्टिकोणलाई आफ्नो जीवनको ब्यवहारमा, समाज र राष्ट्रको प्रगति व्यवस्थामा रुपान्तरण गर्दै जानु नै मार्क्सवादलाई आजको सन्दर्भमा बुझ्नु हुनेछ । आजको पूँजिवादी विश्व प्रणाली र ब्यवस्थाको विकल्प खोज्नु मार्क्सवाद हाम्रो लागि सहयोगी सिद्धान्त हुन सक्छ । मार्क्सवादी दर्शनको द्वन्द्वत्मक र ऐतिहासिक भौतिकवादले हामीलाई बाटो देखाईरहेको छ। कामरेड तुल्सी लाल अमात्य आफ्नो समयमा मार्क्सले देखाएको बाटो हिडनु भएको थियो आज हामी हिडदैछौ ।

वैज्ञानिक खोज अनुसन्धानले विश्व मानव समूदायलाई प्रगति, समृद्धि र शान्तिको लागि बाटो देखाई रहेकोछ । समयको गति बुझेर सन्तुलित भएर शाक्यमुनि गौतम बुद्ध, कार्ल मार्क्स र तुल्सी लाल अमात्यका असल राम्रा विचार–दृष्टिकोणहरुलाई आत्मासात गरौं नेपाल र नेपालीहरुको प्रगति समृद्धिको लागि नेपाली चरित्रको समाजवादी बाटो तिर अग्रसर हौं । यो पुस्तक पढेर अध्ययन गरेर मैले प्राप्त गरेको ज्ञान-चेतनाको सार यहीँ हो ।

यो पुस्तकको दोस्रो संस्करण छपाई गरी प्रकाशन गर्नु पाएकोमा तुल्सी लाल स्मृति प्रतिष्ठान गौरव महशुस गर्दछ। यस पुस्तकलाई तुल्सी लाल स्मृति प्रतिष्ठानको webside मा पनि राखिएको छ। यो संस्करण पहिलो संस्करणको फोटो कपी हो। कुनै कुरा सच्याउने काम हामीले गरेका छैनौं कामरेड तुल्सी लालले पहिलो संस्करणमा जस्तो भाषा-ब्याकरण प्रयोग गर्नु भएको थियो, जस्तो थियो त्यस्तै राखेका छौं । पुस्तक पढेर तपाईहरुबाट सुझाव सल्लाहको आशा राखेका छौं ।

२०७८ भाद्र ११
शंखमूल-ललितपुर

गोपाल शाक्य
अध्यक्ष
तुल्सी लाल स्मृति प्रतिष्ठान

**<u>नमो तस्स भगवतो अर्हतो सम्मा सम्बुद्धस्स</u>**

सम्पूर्ण प्राणीलाई सम दृष्टिले

हेर्ने अर्हत् भगवान बुद्धलाई

नमस्कार

## गौतम बुद्धको जन्मजात चरित्र

आज भन्दा २५५२ वर्षअघि मानव समाजको त्यो आदिकालमा अर्थात क्राइष्टको जन्म भन्दा ५६६ वर्षअघि विश्व-मानव जातिको एक महान् मार्ग दर्शक सिद्धार्थ गौतमको जन्म भयो, जो पछि गएर बुद्धत्व प्राप्त गरी गौतम बुद्ध अथवा भगवान् बुद्धको नामले प्रख्यात भए ।

प्राणी मात्र प्रति करुणा र मैत्री सिद्धार्थ गौतमको जन्मजात चरित्र हो भन्ने कुरो सिद्धार्थले बालक कालमानै देवदत्तको वाणले घाइते भएको हाँसलाई देवदत्तसंग संघर्ष गरी आफ्नो हातमा लिएको र सो हाँसको घाउ धोई पखाली मरहम पट्टी लगाई ख्वाई-पिलाई बलियो भएपछि मुक्त आकाशमा छोडि दिएको कार्यले स्पष्ट गर्दछ ।

सिद्धार्थ गौतम दयालु मात्र होइनन् वीर पुरुष पनि हुन् भन्ने कुरो हाँसलाई बचाउन दुष्ट देवदत्तको विरोधमा गरेको संघर्ष तथा यशोधराको स्वयम्वरमा अरु सम्पूर्ण राजकुमारहरुलाई पराक्रमले हराएर यशोधरासंग गरेको विवाह इतिहासले स्पष्ट गर्दछ । सिद्धार्थ गौतमसंग प्राणी मात्रप्रति अगाध दया माया छ, बल-पौंरख छ, अनि असीम त्याग छ भन्ने कुरो २९ वर्षको जवानीमा आमा-बाबु

तथा जवान र सुन्दर स्त्री र बालक पुत्रलाई त्यागी भविष्यमा आफ्नो हातमा पर्ने राजसिंहासन समेतको वास्ता नगरी मानव मात्रको कल्याणको निम्ति राजदरवार छाडेर तपस्या गर्न वन पसेको कुरोले स्पष्ट हुन अउँछ । अनि दृष्टहरुको दुष्टता र अन्यायको विरोधमा संघर्ष गर्ने दृढता छ भन्ने कुरो पनि माथि उल्लेखित घटना र बुद्धत्व प्राप्त गरेपछि डाँका अंगुलीमालसंग सामना हुँदाको दृढताले स्पष्ट गर्दछ । सिद्धार्थ गौतम सम्पूर्ण गुणले युक्त व्यक्तित्व रहेछन् भन्ने कुरामा कुनै शङ्का छैन । यस्ता व्यक्तित्वले राजसिंहासनमा बसे समस्त विश्वमा लोकप्रिय चक्रवर्ती शासक हुने कुरामा कुनै शंङ्का छैन । सिद्धार्थ मानवःकल्याण राजपाट सम्हालेर होइन, राजपाट त्यागेर मात्र गर्न सकिन्छ भन्ने ठहऱ्याई धन-सम्पति, स्त्री-पुत्र, आमा-बुवा र राजदरवारको मोह त्यागेर जङ्गल पसे ।

उनको यो सबै त्याग व्यक्तिगत रुपले आफ्नो मोक्षको उद्देश्यले प्रेरित भएर होइन सम्पूर्ण मानव कल्याणको निम्ति गरेका हुन् भन्ने कुरो बुद्धत्व प्राप्त गरिसकेपछि सारनाथमा आफ्नो धर्मको पहिलो उपदेश दिइसकेपछि त्यहाँ वर्षाकाल विताएर आफ्नो स्थान छाडेर जानुअघि त्यो वर्षाकालको ४ महिना भित्र बनेका ६० जना शिष्यहरुलाई सम्बोधन गरी भनेको कुरोलाई स्पष्ट पार्दछ । भगवान् गौतम बुद्धले भनेका थिए, "भिक्षुहरु हो ! बहुजनको हितको निम्ति, बहुजनको सुखको निम्ति, लोकमाथि दया गर्नको निम्ति देव मनुष्य सबैको कल्याण र हित गर्नको निम्ति, सुख दिनको निम्ति तिमीहरु अब संसारमा विचरण गर । दुई जना एक ठाउँमा नजाऊ । म पनि अरुबेला सेनानी ग्राममा धर्म उपदेशको निम्ति जान्छु ।" गौतम बुद्धको यो उपदेशले वहाँ अरुलाई अह्राएर आफु आरामका साथ गुरु भएर आश्रममा बस्ने सुविधा भोगी साधु, सन्त, स्वामी नभई आफुले पनि सबै सरह दुःख भोगेर काम गर्ने हुन् भन्ने कुरामा शङ्का रहँदैन । बुद्ध धर्मोपदेशक मात्र होइनन् मानवमात्रको

सेवक पनि हुन् भन्ने कुरामा उनले रोगी, अशक्त भेटिदाँ उनीहरुको सेवा टहल गर्ने व्यवहारिक पक्षले स्पष्ट गर्दछ ।

## गौतम बुद्धको दर्शन

हरेक दर्शनको पछिल्तिर एक मुल प्रश्न हुन्छ, यो विश्व ब्रह्माण्ड कसले सृष्टि गऱ्यो ? यिनै प्रश्नको पछाडि सवाल छ । यो विश्व-ब्रम्हाण्डमा ईश्वर छ वा छैन ? ईश्वरको कुनै अस्तित्व छ वा छैन ?

यिनै प्रश्नको जवाफमा विश्वका विभिन्न दर्शनहरु ईश्वरवादी र अनिश्वरवादी विभाजित छन् । भारत र नेपालसंग सम्बन्धित जम्मा ९ दर्शनहरुः १) सांख्य २) वेदान्त ३) न्याय ४) वैशेषिक ५) मीमांसा ६) योग ७) बौद्ध ८) जैन ९) चार्वाक आदि हुन् ।

यी दर्शनहरुमध्ये “वेदान्त” र “न्याय” बाहेक सबै दर्शनहरु अनिश्वरवादी हुन् ।

संसारमा ईश्वर छ कि छैन भन्ने सवालमा सबैभन्दा सजिलो जवाफ हो “ईश्वर छ” भन्नु । यो संसार कसले बनायो ? ईश्वरले बनायो, यहाँ मानिसको दुःख दरिद्रता कसले दियो ? भगवान्ले दियो । पानी किन पऱ्यो ? भगवानले पाऱ्यो । हैजा, विफर इत्यादि रोग किन हुन्छ ? भगवानले गरिदियो । कस्तो सजिलो जवाफ । केही चिजको खोजि गर्नु परेन । भगवानले दिएको, भगवानले गरेको भनि संतोष भएर बस्यो । यस्तो जवाफले मानिसलाई निष्कृय पारेर जहाँको तही जाकि राख्छ ।

यसै कारण संसारमा प्रगति चाहने, विद्वान् विवेकशील व्यक्तिहरु माथि उल्लेखित सस्तो र सजिलो जवाफसंग संतोष नभएर खोजि गर्न थाल्छन् र यस ब्रह्माण्डमा साँच्चैनै ईश्वर छ वा छैन भन्ने कुराको खोजि गर्ने गर्छन ।

गौतम बुद्धको भनाइ छ, “विश्वमा मानिसहरुमा जुन दुःख,

दरिद्रता अथवा कष्ट छन्, अथवा नाना प्रकारका दुष्ट मानिसहरु छन्, त्यो ईश्वरको काम होइन । यदि विश्वमा ईश्वर रहेको भए विश्वमा भईरहेको यी सबै अन्याय-अत्याचार, दुःख-दरिद्रताको जिम्मेवार ईश्वर नै हुने थियो र यस्तो ईश्वरलाई असल होइन, दुष्ट नै भन्नु पर्नेहुन्छ ।

श्री कृष्णको यस्तै मत देखिन्छ । गीताको अध्याय ५ श्लोक १४ र १५ मा श्री कृष्ण भन्नुहुन्छ,

"न कर्तृत्वं न कर्माणि लोकस्य सृजति प्रभुः ।

न कर्मफल संयोगं स्वभावस्तु प्रवर्तते"

"नादन्त्ते कस्यचित्पापं नं चैनं सुकृतं विभु ।

अज्ञानेनावृतं ज्ञानं तेन मुह्यन्ति जन्तवः ॥

मतलव हो, यस लोकको काम गर्ने अथवा काम कुनै कुरो भगवानले सृष्टि गरेको होइन । न यस्तो काम गरेर यस्तो फल मिल्छ भन्ने कुरो नै भगवानले सृष्टि गरेको हो । यी सबै कुरोहरु आफै भइरहेको छन् ।१४।

विभुः अथवा भगवानले कसैलाई न पाप दिन्छ, न धर्म दिन्छ, मानिसहरुको ज्ञानलाई अज्ञानले ढाकीदिंदानै मानिसहरु पाप अथवा धर्म ईश्वरले दिने हो भन्ठान्दछन् ।

यसरी श्री कृष्णले पनि ईश्वरको अस्तित्वलाई नकार्दछन् । जुन भगवानले कुनै कुरो सृष्टि गर्दैनन् र कसैलाई पाप अथवा पुण्य दिर्दैनन् भने ईश्वरको अस्तित्वनै किन चाहियो ? श्री कृष्णको शिक्षा अनुसार सम्पूर्ण मानवनै ईश्वर हो ?

जब मानिसको दिलमा नै ईश्वर छ भने मानिसले मानिसलाई शोषण-दमन गर्नु घोर अपराध हो र साथै मानिससंग अनन्त शक्ति छ भन्ने कुरो पनि यसले जनाउँछ । हामीले जे काम गर्छौं उही

मानिसको निम्ति गर्ने हो भन्ने कुरो पनि श्री कृष्णको गीताको अध्याय १८ श्लोक ६१-६३ ले स्पष्ट गर्दछ । यो मानवतावाद नै गीताको मुख्य सार र केन्द्र हो ।

भारत नेपालसंग सम्बन्धित ९ वटा दर्शनहरु मध्ये कट्टर हिन्दुहरुको सांख्य, वेदान्त, न्याय, वैशेषिक, मीमांसा, योग ६ वटा लाई मानेर बौद्ध, जैन र चार्वाकलाई आफ्नो परिधिबाट बाहिर राख्ने प्रयास गरेको पाइन्छ । कट्टर हिन्दुहरुले सामन्ती स्वार्थकै प्रतिनिधित्व गरेर माथि उल्लेखित ६ वटै दर्शनलाई ईश्वरवादी बनाउने चेष्टा गरेको पाइन्छ र सांख्यलाई लोप नै गर्ने प्रयास गरेको पाइन्छ ।

"दर्शन" हिन्दु वा अहिन्दुसंग मतलव छैन । दर्शन नै मानव जातिको मार्गदर्शक हुन् । यसै निम्ति सबै किसिमका दर्शनको छानबिन गरी सही दर्शन अपनाउने र गल्तिलाई त्याग्नु जरुरी छ ।

कट्टर हिन्दुहरुले मानेर आएका ६ वटा दर्शनहरुमध्ये २ दर्शन वेदान्त र न्याय ईश्वरवादी हुन् भन्ने अर्को ४ वटा दर्शनहरु सांख्य, मीमांसा, योग र वैशैषिका अनिश्वरवादी दर्शन हुन् ।

## वेद-वेदान्तः-

### क) वेदः-

वेदान्त ईश्वरवादी हो, वेद स्वयम् ईश्वरको कल्पनाबाट शुरु भएको होइन । ऋग्वेदको प्रथम अध्यायको पहिलो सूक्तले आगोको स्तुति गर्दछ, ईश्वरको होइन । त्यस सूक्तको आगोलाई "अग्रणि, प्रकाशित, यजनकर्ता, देवदूत र रत्नयुक्त अग्नि" को रुपमा स्तुति गरिएको छ । स्वाभाविक पनि हो त्यसबेलाको मानिसहरुको निम्ति आगो नै सबभन्दा ठूलो र शक्तिशाली र उपकारी वस्तु थियो । जाडो भगाउने, भयङ्कर हिंश्रक पशुहरुबाट रक्षा गर्नु, दुश्मनहरुसंग लड्दा पनि हतियारको काम-दिने र चारैतिर बसेर जीवन बिताउने

साधनको रुपमा आगो त्यसबेलाको मानिसहरुको निम्ति अति उपयोगी र पूज्य वस्तु थियो र यसको पूजा गरियो ।

उहि अध्यायको दोस्रो सूक्तमा वायुको पनि पुँजा गर्ने चलन देखा पर्छ । उनीहरुले देखे सारालाई उडाएर लान सक्ने हुरी तुफान निश्चित रुपले सबभन्दा ठूलो शक्ति हो । अनि बाढी देखि तर्सेर "वरुण" (पानीको देवता) को पुँजा गर्न थालियो । पालो आयो "इन्द्र" को पनि । उनीहरुले आकाशबाट शक्तिशाली बज्र अथवा चट्याङ्ग खसेको देखे । कल्पना गरे, जरुर आकाशमा कुनै शक्तिशाली पुरुष होला, जसले यस्तो शक्तिशाली बज्र प्रहार गरेर ल्याउँछ । त्यस शक्तिशाली पुरुषलाई इन्द्रको रुपमा पूँजा गर्न थाल्यो । वेदमा आदिदेखि अन्तसम्म इन्द्रकै पूँजा वन्दना गरिएको पाइन्छ र आफ्नो रक्षाको निम्ति इन्द्र, मित्र (साथी) वरुण, आगो, मरुदगण (विभिन्न प्रकारका हावा, बतास) र अदितिको आह्वन गरिएको पाइन्छ, नकि ईश्वरको ।

मरुत (हावा) लाई इन्द्र पुत्र भनिएको छ । कतै इन्द्र भनेको सूर्यबाट निक्लेको किरणलाई मानेको छ । अनि इन्द्र र आगोलाई ऋषिले आफूले बनाएको सोमरस पिउँन आव्हान गर्दछ ।

आगोलाई पहिले सबभन्दा शक्तिशाली देखाइयो र सूर्यसमेत आगो टाढासम्म तेज फैलाउन नसकिने हुदाँ सृष्टि गरेको हो भनियो । अङ्गिरसले आगोलाई कुण्डमा थुन्न सकेपछि यो देवताहरुको मुख मात्र बन्न पुग्यो । त्यसबेलाको ऋषिहरुले देखे, आगोमा जे जति हालिन्छ सबै सफाचट हुन्छ । विचार गरे यी वस्तुहरु कहाँ जान्छन ? निश्चित रुपले देवताहरुले खाएको होला भन्ने निचोडमा पुगे । यसै कारण उनीहरुले भने, आगो देवताहरुको मुख हो र होम गर्ने चलन निकल्यो ।

पछि मातरिस्वनहरुले जरुर आगो काठभित्र लुकेको छ भनेर काठ घोट्न थाले । साँच्चैनै आगो निक्लेर बडो परिश्रम गरेर निक्लने भएकोले आगोको नाउँ "बलपुत्र" राखिए ।

ऋग्वेदको द्वितिय मण्डल ६ सूक्त १७ मा भनिएको छ । "इन्द्रले गमनशील पर्वतहरुलाई अचल बनाइ दियो, मेघबाट जल गिरायो ।"

अथर्ववेदको षष्ठ काण्ड सूक्त ४९ मा भनिएको छ, अग्निले वृक्ष, शव र सोमादि लताहरु भष्म गरी उठेको धुवाँले बादल बनाउँछ ।"

एक ठाउँमा यो पनि भनिएको छ कि "बतास सूर्यबाट पृथ्वीमा आउँछ ।"

वेदमा लेखिएका यी कुराहरुको अध्ययन गर्दा स्पष्ट छ कि वेदमा जे कुरा लेखिएको छ सबै कुरो सही होइन । धेरै कुराहरु वैज्ञानिक नभई काल्पनिक छन् । वेदमा लेखिएतापनि सूर्य आगो अथवा अग्नि देवताले सृष्टि गरेको होइन । न त, आगो देवताहरुको मुख हो । कारण आगोले जुन कुरा भष्म गर्छ त्यो देवताहरुको पेटमा नगई यही विभिन्न पदार्थहरुमा विभाजित भई यहीं रहन्छ । यो कुरा हो र चाहिएको खण्डमा वैज्ञानिक परीक्षण गरेर हेर्न सकिन्छ । जहाँसम्म आगोलाई "बलपुत्र" भनियो त्यो कुरा पनि आज होइन, कारण आगो निकाल्न कुनै बल लाग्दैन । पहिले-पहिले पहाड उडथ्यो र इन्द्रले पहाडको प्वाँख काटेर आ-आफ्नो स्थानमा स्थिर गरि दिएका हुन भन्ने कुरो पनि काल्पनिक हो । जहाँ आजकल हिमालय छ त्यहाँ पहिले समुद्र थियो । चीन, भारत र नेपाल अडिरहेको पत्रहरु मध्ये भारत नेपालको पत्र उत्तर तिर सर्कि रहदाँ चीन अडि रहेको पत्र संग थिचिएर हिमालय पहाड माथि उठेको हो र आज पनि यो झन झन उठदै छ । हिमालय पहाड अन्तबाट उडेर यहाँ बस्न आएको होइन, नत यसको प्वाँख काटेर उडन नसक्ने पारि दिएको हो । ईन्द्रले मेघबाट जल गिराउँछ भन्ने कुरो पनि उतिकै काल्पनिक

हो भन्ने कुरो भूगोल शास्त्रले प्रमाणित गरिसकेको छ । अनि अथर्ववेदमा लेखिएको “धुवाँले बादल बनाउँछ” भन्ने कुरो पनि उतिकै गलत हो । धेरै धुवाँ उडे पछि बादल जस्तो देखिन्छ, तर यो पानी बर्षाउने बादल होइन । पानी बर्षाउने बादल सागरबाट उडेको वाष्पपूर्ण पानीले बन्छ, धुवाँले होइन । वतास सूर्यबाट आउछ भन्ने कुरो पनि उतिकै असत्य हो । कारण जो बतास पृथ्वीमा उडछ त्यो वतास-हुरी एक ठाउँको हावा अर्को ठाउँमा भएको हावाको चापको फरकले सर्ने मात्र हो, सूर्यबाट हाउने होइन । पृथ्वी एक हजार किलोमिटर माथि सम्म हावा र त्यसपछि सूर्य र पृथ्वीको बीच कुनै हावा छैन । स्पष्टतः वेदमा उल्लेखित कतिपय कुराहरु काल्पनिक हुन् र ती कुराहरु सत्य र तथ्यमा आधारित वैज्ञानिक कुरो होइनन् ।

**ख) वेदान्तः-**

वेदको सार भनि वेदान्त निकालियो । वेदान्तको प्रणेता महिंष वादरायण हुन । वेदान्तले ईश्वरको काल्पना गरेर भन्दछ, “ब्रह्म सत्यम् जगन्मिथ्या ।” जगत किन मिथ्या भन्दा यहाँ कुनै कुरो स्थीर र स्थायी छैन । हरेक कुरो कालान्तरमा लोप भएर जाने हुदाँ जगत मिथ्या हो । हामी जे कुरो देख्छौं सब माया-जाल हो । आमा-बावु, स्वास्नी, छोरा-छोरी सबै झुठा माया जाल भनि तर्क दिइएको छ । यसरी वेदान्तले यो संसारमा भौतिक उन्नति गर्ने बाटो रोक्दछ र मानिसको मानिससंग आत्मीय सम्बन्ध खतम गर्दछ र आमा-बावु छोरा-छोरीको र स्वास्नी प्रति गैर जिम्मेवार र उदासीन बनाउछ ।

हो, मानिसले आफ्नो परिवार स्वास्नी छोरा-छोरीको मात्र स्वार्थ हेरेर हुदैन । मानिसले विश्व मानव जातिको स्वार्थ सबभन्दा पहिले रक्षा गर्नु आवश्यक छ । विश्व मानव जातिको स्वार्थ रक्षा हुन्छ भने नै यसैको अङ्गको रुपमा कसैको पारिवारिक स्वार्थ पनि रक्षा हुनेछ ।

## के जगत् मिथ्या हो ?

वेदान्तीहरुले जगतलाई यस् निम्ति मिथ्या भन्छन् कि यहाँ कुनै कुरो स्थायी छैन । आज भएको कुरो भोलि नष्ट भएर लोप भएर जान्छ । उनीहरु यस कुरालाई पानीको फोकोसंग दाँज्छन् । पानीको फोको उठछ, केही छिन पछि लोप भएर जान्छ । संसारलाई पनि उनीहरु यस्तै ठान्छन् । स्पष्टछ ज्ञान आकाशबाट आउने होइन् ज्ञान यही संसारको घटनाहरु हेरेर मानिसले निकालेको निचोडको फल हो । कुनै निचोड सहि हुन्छ भने कुनै निचोड गलत पनि हुन्छ । कुनै निचोड वैज्ञानिक हुन्छ भने कुनै निचोड काल्पनिक हुन्छ ।

पानीको फोको उठछ, खतम हुन्छ । सवाल छ के सम्पूर्ण फोको नै खतम भएर लोप भएको हो ? होइन, फोकोको रुप मात्र बदलियो । फोको को पदार्थ नै लोप भएको होइन । जुन पदार्थले सो फोको बनेको हो त्यो पदार्थ पानी वहीं अर्को रुपमा छ, यस भित्रको हावा उडेर पृथ्वीको हावामा मिल्न जान्छ । पदार्थ नाश हुर्दैन, यसको रुप मात्र बदलिन्छ । रुप बदलिदैमा पदार्थ असत्य सावित हुर्दैन । एउटा मैनबत्ती एउटा ठूलो शीशी भित्र राखेर जति तौंल हुन्छ, त्यो मैन बत्ती जलेर लोप भएपछि पनि त्यो शीशीको तौंल उति नै हुन्छ, जब सम्म यसको बिर्को बन्द रहन्छ । मैन बत्ति जलेर गएपनि शीशीको तौल किन उही भयो ? किन भने मैन बत्ति लोप भएपनि जुन जुन पदार्थहरु मिली मैन बत्ति बनेको हो ती सबै पदार्थहरु शीशी भित्रै छन् । स्पष्टतः वस्तुले रुप मात्र बदल्छ वस्तु स्वयम् नाश हुदैन ।

यस्तै यदि एउटा विशाल शीशीमा होम गरियो भने होममा भष्म भएको सबै वस्तुको जति तौल पहिलो थियो, उत्तिनै तौल होम गरि सके पछि पनि रहनेछ । देवताको पेटमा जाने भए होम गरी सके पछि देवताहरु फर्केर जादाँ उक्त सामानहरु देवताको पेटमा राखेर

लगिएको हुनु पर्ने । तौल कम हुनु पर्ने, तर तौल कम हुर्दैन । यदि देवताहरुले खाई सकेपछि देवताहरु बाहिर जान नमिल्ने भए त्यो शीशीको तौल बढनु पर्ने, शीशीको तौल बढेको पनि देखिदैन ।

त्यस्तै बीउबाट रुख हुन्छ । खाली चीजबाट रुख बनेर आएको होइन । त्यो बीउले माटोमा रहेको पदार्थहरु, हावा, पानी शोषेर ठूलो भएर आउने हो त्यो रुखको जति तौल छ उतिनै तौलको माटो, पानी, हावाबाट रुखले लिएको हुन्छ । पछि रुख ढल्छ, बिलाएर जान्छ अथवा टेबुल, कुर्सी, फर्निचरहरुमा रुपान्तर हुन्छ । चाहे रुख, रुख नरहोस् रुखको पदार्थहरु मकेर ग्याँस, पानी, माटोमा बदलिएर गएको हुन्छ अथवा यसले टेबुल, कुर्सी फर्निचरको रुप लिएको हुन्छ । तर यसको एक कण पनि नाश भएको हुर्दैन । स्पष्टतः संसारमा न एक नयाँ कण बन्छ, न एउटा कण नाश हुन्छ ।

पदार्थहरुको परिवर्तनमानै यो विश्वको ब्रह्माण्डको कार्य संचालन भई रहेको हुन्छ । यदि सम्पूर्ण पदार्थहरु सत्यताको नाउँमा उही रुपमा रहने भए यो संसारको कुनै विकासै हुने थिएन । रुख रुखै रहन्छ, फर्निचर बन्दैन, पानी पानी नै रहन्छ, यसले हाम्रो प्यास मिटाएर रगत, पिसाब र पसीनमा परिवर्तन हुर्दैन, जङ्गल जङ्गलै रहन्छ र त्यहाँ शहर बन्दैन । वस्तुहरु यथावत् रहने भए पछि मानिसको शरीर पनि बन्न सक्ने थिएन । यसरी परिवर्तनको कारणले नै यो विश्व-ब्रह्माण्ड संचालित भई रहेको छ ।

यो संसारलाई झुठो भन्नेहरुले आफ्नो शरिरको रक्षा किन गर्ने ? खाद्य पदार्थको किन उपभोग गर्ने ? खाद्य पदार्थ शारिरीक पोषणको निम्ति उपभोग गरिन्छ पोषणको उपभोग शरिरले सत्कर्म गरोस, सत्कर्मले जगतको रक्षा होस भन्ने उद्देश्यको निम्ति गरिन्छ किन भने यो जगत सत्य हो मित्थ्या र झुटा हैन ।

“सांख्य” तथा वैशेषिका दुबै दर्शनहरुको भनाई छ कि यो

संसारको कुनै वस्तु न नाश हुन्छ, न कुनै एउटा कण नयाँ बन्दछ । बरु यी वस्तुहरुको रुप मात्र परिवर्तन हुने हो । यही कुरो श्री कृष्णको पनि भनाई हो भन्ने कुरो श्री मद्भागवाद् गीताको अध्याय २ श्लोक १६-१७ ले देखाउँछ । स्पष्टतः यो जगत् असत्य होइन सत्य हो । बरु "ईश्वर" स्वयं काल्पनिक हो र यो भ्रान्तिमा आधारित छ भन्ने कुरो महोपनिषदको चतुर्थ अध्याय श्लोक ७४ मा भनिएको छ । "मीमांसा दर्शन" ले पनि ईश्वरको अस्तित्वलाई नकारी कर्तव्य कर्ममा लाग्ने कुरोमा जोड दिएकोछ ।

साँख्य दर्शनको भनाई छ, "प्रकृतिको अधिष्ठाता भएर ईश्वर वा परमेश्वरले सृष्टि गर्छ भन्ने कुरो होइन, किन भने उसले सो सृष्टि कसका लागि गरेको ? आफ्नो लागि वा अरुको लागि ? आफ्नो निम्ति उसलाई सृष्टि नै चाहिन्न । अर्कोका लागि उसले सृष्टि रचेको हो भने सम्पूर्ण सृष्टि हुनु भन्दा अगाडि उभन्दा अर्को कोही थिएन, अनि उसले कसको लागि सृष्टि गर्ने ? होइन कर्मानुसार नै प्राणीहरुको सृष्टि हुने कुरो मान्ने हो भने कर्मको आश्रय चाहिने स्वतन्त्र भएर काम गर्न नसक्ने ईश्वरको के महत्व ? सांख्य दर्शनको भनाई छ," अतः ईश्वर वा परमेश्वरले सबै कुरो गर्छ भन्नु त हुतिहारा र तत्वज्ञान नभएका मानिसहरुको गफ मात्र हो ।"

सांख्यले मूल रुपले ज्ञान मार्गद्वारा मान व्यक्तित्वको चरम विकास गर्ने योजना प्रस्तुत गर्दछ । श्री कृष्णले गीताको अध्याय ५ श्लोक ४ द्वारा सांख्य र योगमा कुनै फरक छैन र मूर्खहरुले मात्र सांख्य र योगलाई अलग अलग ठान्दछन भनेर स्पष्ट पारेका छन । मीमान्साले ईश्वरको सेवा होइन आफ्नो कर्ममा लाग्ने कुरोमा जोड दिन्छ ।

गौतमबुद्धले सत्यलाई नै अगाडि बढाई ईश्वरको खण्डन गरी मानिसले आफ्नै खुट्टामा उभिई आत्मोन्नति गरी सम्पूर्ण मानवको कल्याणको निम्ति आफुलाई अर्पण गर्ने बाटो देखाए । सांख्य दर्शनको

प्रणेता "कपिल मुनि" लाई भगवानको २४ औंतारहरु मध्ये एउटा औंतार मानिएको छ ।

सांख्य दर्शनले यो विश्व ब्रह्माण्डमा जे जति भईरहेको छ, ईश्वरले गरेको भनि मान्दैन, प्राकृतिक रुपले स्वतः भईरहेको मान्दछः । यो कुरो श्री कृष्णको गीताको माथि उद्धृत भईसकेको अध्याय ५ को श्लोक १४ र १५ को भावनासंग मेल खान्छ। सांख्य शास्त्र अनुसार विश्वको अनन्त पदार्थहरुको रुप धारणा गर्दै गएमा पनि सदा अविनाशी रहन्छन् । यी वस्तु न घटछन् न बढछन् । यसको जति परिणाम यो अनन्त सृष्टिको अगाडि थियो उतिनै आज पनि छन् र भविष्यमा पनि रहने छन् । सांख्यको यो कुरो विज्ञान सम्मत छ भन्ने कुरो पछि छलफलमा आउनेछ र यो कुरो द्वन्दात्मक भौतिकवादको कुरो संग मेल खान्छ ।

सांख्यले जीव (चेतना) र पदार्थलाई दुई अलग तत्वहरुको रुपमा मानेको छ, तर विज्ञानले "चेतना" पदार्थहरुको खास मेलको स्थितिमा ल्याउने गुणात्मक परिवर्तनको रुपमा प्रमाणित गरेको छ। खासगरी मात्राको फरकले गुणमा परिवर्तन ल्याउछ भन्ने कुरो देखाउन सांख्यले पानको उदाहरण दिएको पाइन्छ ? पान हरीयो, चुना सेतो, खयर खैरो तर यी ३ वटा कुरोहरु जब मुखमा चपाइन्छ पानले न हरीयो, न सेतो न खैरो रङ्ग दिन्छ, यसले रातो रंङ्ग दिन्छ । यो कुरो द्वन्दात्मक भौतिकवादको एक मूल सिद्धान्त "परिमाणमा परिवर्तनले गुणात्मक परिवर्तन हुन्छ" भन्ने कुरा संग बिल्कुल मेल खान्छ ।

सांख्य दर्शन अनुसार विश्वमा जो काम भई रहेकोछ त्यसको निम्ति एउटा ईश्वरको आवश्यकता छैन । सांख्य दर्शनले यस कुरोलाई सिद्ध गर्न २ कुरोको उदाहरण दिएको पाईन्छ। नदीले बाटो फेर्छ कसरी ? के भगवानले गरेर ? होइन । जब नदीको पानीले

किनारमा थपेडी मार्दछ, नदीको किनारा भटकन्छ र बिस्तारै आफ्नो बाटो फेर्छ । जस्तो पहिले इन्द्रचोक नजीकै बगिरहेको विष्णुमती आज इन्द्रचोक भन्दा धेरै पश्चिम बगिरहेको छ । यस्तै गाईले घाँस खान्छ, यसबाट दुध निस्कन्छ के घाँसलाई दुधमा बदलिदिने भगवान गाईको पेटमा बसी राखेको हुन्छ ? होइन । यो सबै प्राकृतिक नियम अनुसार भएर गएको हुन्छ ।

**मीमांसाः-**

यस्तै "मीमांसा दर्शनको प्रवर्तक जैमिनी ऋषि हुन । मीमांसाले ईश्वरलाई मान्दैन र मानिसले आफ्नो कर्तव्य कर्म गर्दै अगाडि बढने शिक्षा दिन्छ ।

**वैशेषिकः-**

"वैशेषिक" दर्शनको रचना "कणाद मुनि" ले गरेको हो । यस दर्शनले पनि ईश्वरलाई मान्दैन । यस दर्शनलाई भारत र नेपालसंग सम्बन्धित दर्शनहरुमा सबभन्दा पुरानो मानिन्छ । कणादले यो विश्व ब्रह्माण्डको सृष्टि रचनामा परमाणुवाद (ATOMIC) को सिद्धान्तको प्रतिपादन गरेको छ । विज्ञानले यस कुरोलाई प्रमाणित गरेकोछ । सांख्यमा भने जस्तै कणादको मत अनुसार पनि संसारको कुनै कुरो न घटछ, न बढछ । यो एटमहरुबाट बनेको विभिन्न पदार्थहरुको रुप परिवर्तन हुन्छ । वस्तुहरु नष्ट हुदैन । बरु विज्ञानले आजकल परमाणु भन्दा अगाडि बढि इलेक्ट्रोन सिद्धान्त निकालि सकेकोछ । विश्वमा जम्मा १०८ प्रकारको एटमहरु (परमाणुहरु) छन र यी सबै परमाणुहरु यिनै प्रोटन-इलेक्ट्रोनको विभिन्न मात्रा मिली बनेकाछन् ।

यूरोपमा परमाणुको सिद्धान्त (ATOMIC THEORY) इस्वी सम्वत् १८०८ मा वैज्ञानिक जोहन डाल्टनले निकालेका थिए । तर कणाद ऋषिले हजारौं वर्ष अगाडि नै परमाणु सिद्धान्तको आविस्कार

गरिसकेको थियो र "कणाद" को दर्शन "वैशेषिका" यसै सिद्धान्तमा आधारित छ । र कणादले परमाणुको मात्र कल्पना गरेको नभै परमाणुहरु मिलेर कसरी अणुहरु (Molecules) बन्दछन् भन्ने कुरो पनि देखाइ सकेका थिए । विश्वको सम्पूर्ण पदार्थको आफ्नो अणु (Molecule) हुन्छ । कणादले यस्तो मिश्रणहरुको नाउँ द्वाणुक (Binery) र त्र्याणुक भनेका छन् । द्वाणुक र त्र्याणुक अणुहरु (Molecules) हुन् । यिनै विज्ञानको आधारमा वैशेषिका दर्शन आधारित छ ।

## विज्ञान नै सत्य दर्शनको आधार हो

हरेक ज्ञान कुवामा पानी उब्जे जस्तै स्वंय उब्जेर आउने नभई आफ्नै चारैतिरको पर्यावरणद्वारा नै प्राप्त हुने हो । मानिस हेर्छ, सुन्छ अध्ययन गर्छ, कतिपय कुराहरुको वैज्ञानिक अनुसन्धान गर्छ, निचोड निकाल्छ र ऊ ज्ञानमा पोख्त हुदै आउँछ । पिंजडाको सुगाले झैं हाम्रो शरीर भित्र रहेको आत्मारुपी चराले स्वतः थाहा पाएर बोल्ने काम गर्न सक्दैन । यस्तो हुंदो हो त अन्धाकार कोठा भित्र थुनिएको बालकले ठूलो भएर आफै ज्ञान, गुणको कुरा गर्न सक्नु पर्थ्यो । ज्ञान गुणको कुरो त परै रहोस्, उसले 'क' पनि भन्न सक्तैन ।

५ वर्षको एक केटो दिल्ली शहरमा बस्थ्यो । उसले खेत देखेको थिएन । उसले गहुँ देखेर सोध्यो, "यो गहुँ कसले बनाएको हो ? उसको सोधाइको मतलब हो, जसरी चकलेट, बिस्कुट कारखानामा बन्ने हो त्यस्तै शायद गंहुँ पनि कुनै कारखानामा बन्ने होला ।

ईश्वरको कल्पना पनि यस्तै कल्पना हो । चटयाङ्ग खसेको देखे पछि वेद निर्माता ऋषिहरुले आकाशमा रहने एक शक्तिशाली पुरुष "इन्द्र" को कल्पना गरे । यस्तै यो सूर्य, चन्द्र, पृथ्वी, तारागण इत्यादि देखेर मानिसको मनमा सवाल उठनु स्वाभाविक हो कि यिनीहरुलाई कसले बनायो । माटोको घडा बनाउनेलाई त एउटा कुमाले चाहिन्छ

भने सूर्य, चन्द्र, पृथ्वी, तारागण बनाउने त अति नै शक्तिशाली पुरुष होला । त्यो काल्पनिक शक्तिशाली पुरुष नै “ईश्वर” हुनु पर्छ भनि कल्पना गरियो । ईश्वरवादीहरुको समझदारी अनुसार सम्पूर्ण कुरा बनाउने विगार्ने ईश्वर हो र यी सबै कुरा केटा केटीले जस्तै ईश्वरले पनि आफ्नो खेलमा बनाउने विगार्ने काम गरिरहेको हो । यसै कारण उनीहरुको समझदारीमा “सम्पूर्ण जगत झुठा र ईश्वर मात्र सत्य हो” भन्ने कुरा स्थापित हुन गयो ।

तर उनिहरुको यो समझदारी विज्ञानमा होइन कल्पनामा आधारित छ जसरी वेदमा अनेकौं कुराहरु कल्पना गरेर लेखिएका छन् । यो सम्पूर्ण विश्व-ब्रह्माण्ड कसरी निर्माण भएको हो भन्ने वैज्ञानिक अभाव भएर नै यसको निर्माताको रुपमा ‘ईश्वर’ को कल्पना गरिएको हो ।

१०-२० वर्ष अघि सम्म नेपालीहरुमा सितलामाईको कारणले बालकहरुलाई विफर आउछ भन्ने कुरामा विश्वास थियो । यसै धारणामा जब कसैलाई विफर आउँथ्यो सितलामाईको पूँजा गरिन्थ्यो । यस्तै हैजा, विषमज्वर (टाइफाइड), सबै कुराहरु कुनै न कुनै देवताले गरेको भनि सम्झन्थे । गर्मी याममा झिंगा बढथ्यो त पाटनको जनताहरु मच्छिन्द्रनाथको रथ पछाडि स्थित एउटा देवताको मूर्तिले उत्पन्न गराएको हो र यसैले मुठी-मुठी झिंगा पैदा गर्दै फ्याक्ने गर्दछ भन्ने कुरामा विश्वास गर्दथे ।

ईश्वरवादीहरु ईश्वरको कृपाले चन्द्रममा पुग्न सकेनन् । भौतिकवादले नै प्राकृतिक नियमहरुको गहिरो अध्ययन गरी मानिस चन्द्रममा पुग्न सफल भयो । सूर्यको गुह्य पत्तालगाए, ग्रह नक्षत्रहरु बीच घुम्न थाले । चन्द्रमाका दागहरु चन्द्रमाको भाई ‘विष’ संग अङ्कमाल गर्दा लागेको दाग हो भन्ने कुरा ईश्वरवादी भक्तजनहरुको मात्र होइन स्वयम् भगवानको ७ औं अवतार मानिएको श्री रामको

भनाई रह्यो । (तुलसीकृत रामायण) भौतिकवादहरुले यो प्रमाणित गरे कि चन्द्रमाको दाग चन्द्रमामा रहेको पहाडहरु र खाल्टाहरुले गर्दा छेकिएको छाया मात्र हो । चन्द्रमाको आफ्नै प्रकाश छैन र सूर्यको प्रकाश नै प्रतिबिम्ति गर्ने हो भन्ने कुरो पनि आज स्पष्टै छ।

अन्ध विश्वासमा आधिारित विश्वासले मानिसले सजिलो जवाफ पाउँछ र कुनै कुराको खोजि नीति गरिदैन र समाज उहीको उही जकडी रहन्छ। आज विज्ञानले सितला पूँजा गरेर होइन, विफरको भौतिक कारण पत्ता लगाएर, विफर भन्ने कुरा संसारबाट नै निर्मूलु गरे । यस्तै हैजा, टाइफाइड जस्ता संक्रामक रोग पनि नियन्त्रण गरिएको छ। भौतिक नियम पत्ता लगाएर नै समाजवादी मुलुकहरुका मानिसहरुले दु:ख-दरिद्रता लोप गराएका छन् । जुन कुरो पहिले भगवानको इच्छा र आ-आफ्नो कर्मको फल भनिन्थ्यो ती कुरा आज भौतिक नियमहरुको आधारमा निर्मूल गरि मानिसहरुको जीवन सुखी, सम्पन्न र सुनिश्चित गरी दिएको छ । ईश्वरवादीहरु आफू भोग ऐश्वर्यमा डुबुल्की मारी जनतालाई यो संसार झुठा हो, जहान-परिवार सबै मायाको बन्धन हो भन्ने प्रचार गर्छन र आफू माथिको शोषण दमन विर्सी भगवानको यस्तै इच्छा हो भनी सहेर बस्ने र भरसक घर द्वार छोडेर जङ्गलवास जाने कुरा सिकाउछन् ।

आज भौतिकवादी दर्शन अर्थात द्वन्दात्मक भौतिकवादी दर्शनले मनुष्य समाजलाई वदली मानिसले मानिस माथि गर्दै आएको शोषण-दमन खतम गरी सम्पूर्ण मानवको जीवन सुखी, सम्पन्न र सुनिश्चित गरी मानिसले जीवनबाट वाक्क भई आत्महत्या गर्नु पर्ने अथवा झोली, दुम्बी लिएर जङ्गल पस्नु पर्ने स्थिति खतम गरि दिएको छ ।

आज विश्वका विभिन्न समस्याहरुलाई भौतिकवादले नै समाधान गरेको छ, न कि ईश्वरवादले, खास गरी वैज्ञानिक भौतिकवादले ।

यी समस्याहरु समाधान गर्नमा योगदान गरेको छ । यो पृथ्वीलाई नरक कुण्ड बनाई राख्ने सामन्ती र पूँजीवादी व्यावस्थालाई उखेलेर एक नयाँ जीवन निर्माण गरी यही पृथ्वीलाई स्वर्ग बनाउने काममा पनि "द्वन्दात्मक भौतिकवाद" नै समर्थ भएको छ ।

## विश्व-ब्रह्माण्डको सृष्टि कसरी भयो ?

यो विश्व-ब्रह्माण्डको कसरी सृष्टि भयो भन्ने कुरो आज विज्ञानले झन् झन् स्पष्ट गर्दै आएको छ । जहाँ कपिल मुनिले यो विश्व ब्रह्माण्डको कुनै कुरा न नष्ट हुन्छ, न नयाँ बन्दछ भनेः कणाद ऋषिले परमाणुको पत्ता लगाएर परमाणुबाट अणुहरु बन्ने कुरा देखाए । यी सबै कुराहरु वहाँहरुले विज्ञानकै आधारमा खोजि गरी भनेका हुन् । त्यसैले दर्शनको कुरा गर्दा ज्ञान र विज्ञानलाई एकै ठाउँमा राख्ने चलन छ । तत्वज्ञानको मूल आधार विज्ञान हो । विज्ञान बिनाको दर्शन अथवा ज्ञान असत्य हो भने मानवतावदी दर्शन विनाको विज्ञान भष्मासुर भन्दा खतरनाक हुन जान्छ । दर्शनद्वारा मार्ग दर्शाईएको विज्ञानले नै मानवताको सेवा गर्छ । मनुष्य समाजको विकासमा मद्दत पुऱ्याउछ । दर्शनले वस्तुहरुको सारलाई सम्झने प्रयास गर्दछ । विज्ञानको आधार बिना दर्शन काल्पनिक हुन्छ र आखिर असत्य सावित हुन्छ । पहिलेका महिंषहरुले पत्ता लगाउन नसकेका कुराहरु आज विज्ञानले सावित गरी स्पष्ट गरि दिएको छ । परमाणु र अणुको खोज तथा विश्वको पदार्थ नाश हुदैन र नयाँ पदार्थ पनि बन्दैन भन्ने निचोडमा सांख्य दर्शनका प्रणेता कपिल मुनि र वैशेषिका दर्शनका प्रणेता कणाद पुगे भने आजको विज्ञानले अझ गहिरो अध्ययन गरी परमाणुको निर्माण कसरी भएको छ भन्नेमा पुगे । रश्मि अथवा प्रकाश के ले बनेको छ र पदार्थहरु एक दोस्रोमा कसरी परिणत हुन्छ भन्ने कुरो आजकै विज्ञानले प्रष्ट गरी दिएको छ ।

परमाणु सम्मको खोज भई सकेर पनि परमाणुको आधार सर्वव्यापी ब्रह्म हो भन्ने निचोड कपिल र कणादको हो भने पदार्थहरुका तत्वहरुको निर्माणमा ब्रह्मको पनि आवश्यक छैन र उही पदार्थहरु एकबाट अर्कामा रुपान्तरित भई कसरी चक्कर काटछन् भन्ने कुरा विज्ञानले प्रमाणित गरी दिएको छ।

पहिलेका मर्हिषहरुले ५ तत्व बनाए र ती हुन आगो, पानी, वायु, पृथ्वी र आकाश। तर विज्ञानले आज १०८ तत्वहरु पत्ता लगाएको छ। ती १०८ तत्वहरु जसलाई Elements भनिन्छ। इलेक्ट्रोन र प्रोटोन मिलेर बनेका हुन। एक गेडा इलेक्ट्रोन र एक गेडा प्रोटोन मिली एक गेडा हाइड्रोजनको तत्व बनेको छ। यस्तै २ गेडा इलेक्ट्रोन र २ गेडा प्रोटोन मिलेर अर्को तत्व हेलियम (Helium) को १ गेडा (Atom) परमाणु बनेको छ। ३ गेडा इलेक्ट्रोन र ३ गेडा प्रोटोन मिलेर अर्को तत्व लिथियम (Lithium) को एक गेडा परमाणु बनेको छ। यस्तै प्रकार एक-एक गेडा इलेक्ट्रोन र प्रोटोनको फरकले एक-एक प्रकारको तत्व बनेका छन्। एक गेडा कोइला ६ गेडा इलेक्ट्रोन र ६ गेडा प्रोटोन मिली बनेका छन्। प्राण वायु ८-८ गेडा इलेक्ट्रोन प्रोटोन मिलेर बनेका छन्। अलमिनियम (Aluminium) १३-१३ गेडाले, गन्धक १६-१६ गेडाले, फलाम २६-२६ गेडा इलेक्ट्रोन, प्रोटोन मिलेर। ताबां २९-२९ गेडा इलेक्ट्रोन, प्रोटोन मिलेर एवं प्रकारले १०८ तत्वहरु भेटाइएका छन्। इलेक्ट्रोन, प्रोटोन उही हो तर मात्राको फरकले विभिन्न तत्वहरु बनेका छन्।

माथि उल्लेखित तत्वहरुको एक गेडा भन्नाले त्यस तत्वको एक परमाणु (Atom) हो। हरेक तत्वमा सबै प्रोटोनहरु बीचमा रहन्छ।

प्रोटोन संगै इलेक्ट्रोन प्रोटन मिले बनेको र न्यूट्रन पनि हुन्छ प्रोटन र न्यूट्रन मिली न्यूक्लस बनेको हुन्छ र यही न्यूक्लसको

चारैतिर सूर्यको चारै तिर बिजलीको करेण्टको रफ्तारले ग्रहहरु घुमे झै इलेक्ट्रोन घुमि राखेको हुन्छ। पहिलेका मर्हिषहरुले पानीलाई एक मात्र तत्व भने, तर पानी एक तत्व होइन, २ तत्व मिलेर बनेका छन्। हाइड्रोजन (तत्व) को २ परमाणु र प्राण वायु (अक्सिजन) तत्वको १ परमाणु, २ तत्वहरुको ३ परमाणुहरु मिलेर पानीको एक अणु बनेको छ। पृथ्वीको माटोमा अनेकौं तत्वहरु छन्।

सवाल आउछ हाइड्रोजन अक्सिजन मिलेर पानी बन्यो तर यो दुईवटा तत्वहरुलाई कसले मिलाएर पानी बनायो ? यो २ वटालाई कसैले मिलाउनु पर्दैन विज्ञानको “भ्यालेन्सी सिद्धान्त” अन्तर्गत यो आफै मिल्न जान्छ। हामीले हेर्‍यौं हाइड्रोजनको परमाणुमा एक गेडा इलेक्ट्रोन र एक गेडा प्रोटन हुन्छ। प्राण वायुमा ८ गेडा इलेक्ट्रोन र ८ गेडा प्रोटन हुन्छ।

(ब्लक पछिल्लो पेजमा हेर्नु होला ।)

प्रोटन बिजुलीको भाले अथवा सकारात्मक कण हो भने इलेक्ट्रोन बिजुलीको नकारात्मक अथवा पोथी कण हो।

जम्मै प्रोटन बीचमा न्यूक्लस संगै रहन्छन भने इलेक्ट्रोन हरु २ च$^{2}$ को हिसाबले बाँटेर बसेको हुन्छ जहाँ ‘च’ चक्का (Orbit) को संख्या हुन्छ। यसै निम्ति पहिलो चक्कामा च = । भयो $२\times1^{2}$ = २ अर्थात पहिको चक्कामा ज्यादा भन्दा ज्यादा २ Electron हुन्छ। दोस्रो चक्कामा ८ सम्म रहन सक्छ च =२×२च$^{2}$ $२\times२^{2}$ = २×४=८ अर्थात दोस्रो चक्कामा ८ सम्म रहन सक्छ। तेस्रो चक्कामा $२\times३^{2}$ २×९=१८ अर्थात तेस्रो १८ कण मात्र इलेक्ट्रोन सम्म रहन सक्छ । सबभन्दा बाहिरको चक्कामा ८ भन्दा कम मात्र इलेक्ट्रोन रहन्छ। तर बाहिरको चक्कामा ८ इलेक्ट्रोन हुन्छ ती मध्ये २ इलेक्ट्रोन पहिलो चक्कामा गयी बाहिरको चक्कामा ६ मात्र बचे।

यसै निमिति अक्सिजन (प्राण वायु) को परमाणु बारिको चक्काले

२ इलेक्ट्रोन अन्तवा लिन खोज्छन् । हाइड्रोजन नजिकै आए पछि हाइड्रोजनको एक इलेक्ट्रोन खिच्यो ७ भयो फेरि एक पुगेन । अर्को हाइड्रोजनको परमाणुबाट एक कण इलेक्ट्रोन फेरि खिच्यो र ८ पुरा भयो । हाइड्रोजनको २ परमाणुको २ कण इलेक्ट्रोन अब अक्सिजनको बाहिर चक्कामा गयो । २ परमाणु हाइड्रोजन १ परमाणु अक्सिजनसंग गाँसियो र पानीको एक कण (गेडा) अथवा अणु बन्यो ।

स्पष्टतः पानी कसैले बनाउनु पर्दैन । हाइड्रोजन ग्याँसको २ परमाणु र अक्सिजन ग्याँसको १ परमाणु मिलेर आफै बन्न पुग्छ । हाइड्रोजन ग्याँसको एक शीशी र अक्सिजन ग्यासको एक शीशीको मुख मिलाएर बाहिर नचुहुने गरी टेपले बाँधेर राख्यो भने ८-१० दिनमा २ वटौ ग्याँस मिलेर पानी बनि राखेको हुन्छ । स्पष्टतः प्राकृतिक नियम अनुसार पानी बन्न गयो, कुनै सर्व शक्तिमान ईश्वरले पानी बनाई रहनु परेन ।

यस्तै प्रकारले विभिन्न पदार्थहरुको अणु बन्न पुगेका छन् र एक तत्वको अणु वा अणुहरु र अर्को तत्वको अणु वा अणुहरुसंग क्रिया प्रतिक्रिया गरी मिलेर विभिन्न पदार्थहरुको निर्माण हुन गएका छन् ।

बिजुलीको २ वटा तार नजिक ल्याए पछि आफै एक दोस्रो बाट बिजुली निकाल्नु जति स्वाभाविक कुरा हो उतिनै यो पदार्थहरु बन्नु बिगर्नु स्वाभाविक कुरा हो ।

यसरी उत्पन्न भएका ग्याँसहरु र विभिन्न पदार्थहरुको कणहरु पहिले विशाल क्षेत्रमा फैलिएर रहन्छन र यिनीहरु आपसको आकर्षण शक्तिले गर्दा झन झन् नजिक खिचिदै एक ढिक्को बन्न पुग्छ । यही २०४२ सालमा एक बिशाल हाइड्रोजनको ग्याँस भण्डार आकस्मात एकै चोटी अनगिनती ताराहरुको रुपमा टुक्रा-टुक्रामा परिणत भयो र विश्व ब्रह्माण्डमा एक नयाँ तारा पुञ्ज अथवा आंकास गंगा

(Galaxy) को उत्पति भयो । यसरी अरु पनि नयाँ नयाँ पुञ्ज वा (Galaxy) भविष्यमा पनि बन्ने छन् । जब कि विश्व ब्रह्माण्डमा भएका अरु तारापुञ्जहरु १२ सय करोड वर्ष पुरानो भइसकेका छन । यी सबै तारापुञ्जहरु एकै चोटी बनेका होइनन् । नत यिनीहरु विष्णुको नालबाट उत्पन्न भएका ब्रह्माजीले नै सृष्टि गरेका हुन् ।

माथि उल्लेखित नयाँ तारापुञ्जको लम्बाई ९० हजार प्रकाश वर्ष छ । एक प्रकाश वर्ष झण्डै ५,८७,०००,०००,००० माइल हुन्छ । यो नयाँ तारापुञ्जमा हरेक वर्ष ३५ वटा हाम्रा जस्ता सूर्यहरु बन्दै जानेछन । यो तारापुञ्जमा अति छिटो छिटो ताराहरु बन्दै छन् । यो नयाँ तारापुञ्जमा (Galaxy) को चारैतिर अझै हाम्रो सूर्यको तौल भन्दा ४० सय कुरोड गुना तौल बराबर हाइड्रोजन ग्याँस छ र यही ग्याँसबाट अर्को १०० करोड वर्ष सम्म नयाँ ताराहरु १० करोड वर्ष भन्दा कम उमेरका छन् । यो पनि याद गरौं कि हाम्रो सूर्य हामी बसेको पृथ्वी भन्दा ३ लाख ३२ हजार ९ सय ५८ गुना ठूलो छ ।

“किट पिक नेशनल अवजरभेटी” का खगोल विदहरुले अस्ति मात्र नयाँ कुरो पत्तालगाएर भने कि “यो विश्व ब्रह्माण्डमा उनीहरुले यस्तो तारापुञ्जहरुको झुप्पा नै पत्ता लगाए” यी तारा पुञ्जहरु १ सय करोड प्रकाश वर्ष दुरीमा फैलिएका छन् भनेर न्यू मेक्सिकोको विश्व विद्यालयको मि. जाँक बर्नसले भने ईस्वी सन् १९८२ सम्ममा पत्ता लगाएका आकाश गंङ्गाहरु (Galaxy) को सबभन्दा ठूलो झुप्पाको फैलावट ७० करोड प्रकाश वर्षको हो ।

यस्तो आकाश गंङ्गाहरु वा तारापुञ्ज (Galaxy) हरु यो विश्व ब्रह्माण्डमा असंख्या छन् । एक एक तारा पुञ्जमा नेपाली गीतमा भने झैं ९ लाख ताराहरु होइन अनगिन्ती ताराहरु छन् । अझ असंख्य ताराहरु बन्न पुग्ने ग्याँसको भण्डार छन् । अलग-अलग उडिरहेको परमाणुहरुको भण्डारहरु छन् र यस्तै गरि परमाणु नबनि

सकेका इलेक्ट्रोन प्रोटनका विशाल भण्डारहरु छन् जो पछि गएर परमाणुहरुमा बदलिने छन् र यो इलेक्ट्रोन प्रोटन प्लाजमा रुपी भाँडोमा छन् । हामीलाई अहिले सम्म पदार्थको स्थिति ठोस, तरल र ग्याँसको रुपमा मात्र थाहा थियो । प्लाजमा पदार्थहरुको चौथो स्थिति हो ।

हाम्रो सूर्य, चन्द्र, पृथ्वी र ताराहरुको आफ्नै तारापुञ्ज छ । जसलाई हामी आकाश गंङ्गा पनि भन्दछौं । यही आकाश गंङ्गाको सानो सानो कण बराबर हाम्रो सूर्य, चन्द्र र पृथ्वी छन् । ग्यालक्सी (आकाश गंङ्गा) मा पनि ताराहरु बाहेक ग्याँस, परमाणुहरु र इलेक्ट्रोन प्रोटोनहरुको विशाल भण्डारहरु छन् जसबाट नयाँ नयाँ ताराहरु पनि बन्दै छन् । यसै आकाश गंङ्गामा भरखर ३ हजार वर्ष अघि अर्थात बुद्ध जन्मनु भन्दा करीब ४०० वर्ष अघि मात्र एउटा तारा बनेको थियो । कति ताराहरु निभ्दै पनि छन् ।

हाम्रो आकाश गंङ्गाको लम्बाई १ लाख प्रकाश वर्ष छ अर्थात १ सेकेन्डमा ३ लाख किलोमिटर दौडने प्रकाशलाई हाम्रो ग्यालक्सिको एक छेउबाट अर्को छेउ पुग्न एक लाख वर्ष लाग्ने छ भने यसको मोटाई १२ हजार प्रकाश वर्ष छ । यस आकाश गंङ्गामा १०० अरब ताराहरु छन् । जब कि ती ताराहरु हाम्रो सूर्य भन्दा धेरै ठुला छन् र हाम्रो सूर्य सहित सम्पूर्ण ताराहरु यो आकाश गंङ्गाको केन्द्रका चारैतिर घुमिरहेका छन् र हाम्रो सूर्य एक सेकेन्डमा २५० कि. मि. (१५३.२५ माईल) को गतिले यस केन्द्रको चारैतिर घुमिरहेको छ र सूर्यले एक चक्कर काट्नलाई २५ करोड वर्ष लिन्छ ।

एक ग्यालक्सि अर्को ग्यालक्सि भन्दा लाखौं अरबौं प्रकाश वर्ष टाढा छ । र यिनीहरु आजको दुर्बिनले हेर्न सकिन्छ । यस्तो ग्यालक्सिहरु अनन्त छन् र यस्तै ग्यालक्सिहरु अहिले पनि नयाँ नयाँ बन्दै गईरहेका छन् । इलेक्ट्रोन प्रोटनबाट यो सम्पूर्ण विश्व ब्रह्माण्ड

बनेको त थाहा पाइयो । यो इलेक्ट्रोन प्रोटन कसरी बन्यो ? विश्व ब्रह्माण्डमा जुन ताराहरु र सूर्यहरु छन तिनीहरुले प्रकाश दिएका छन् । प्रकाश स्वयम कणहरुको तरङ्ग हो र एक कण प्रकाश एक कण फोटोन हो । फोटोन एक कण पोजिट्रन र एक कण इलेक्ट्रोन मिलेर बनेको हुन्छ । यस कारण किरण इलेक्ट्रोन र पोजिट्रनबाट फोटनको धार हो र जब प्रकाश अथवा फोटोनको कुनै कडा सतहमा ठक्कर खान्छ, फोटोन फुटेर इलेक्ट्रोन र पोजिट्रन अलग भएर जान्छ। यही इलेक्ट्रोन र पोजिट्रन फेरि प्रकाशको तरङ्गले एक ठाउँमा जम्मा गर्न लगि राखेको हुन्छ । र विश्व ब्रह्माण्डमा यस्तो इलेक्ट्रोन प्रोटनका अति विशाल भण्डारहरु छन् । यहि इलेक्ट्रोन र प्रोटनहरुबाट फेरि नयाँ परमाणुहरु बन्ने गर्छन ।

एवं प्रकार एक वस्तुबाट अर्को, अर्कोबाट अर्को बनी चक्कर काटेर यो विश्व ब्रह्माण्ड चलि रहेको छ र यहाँ कुनै नयाँ पदार्थ बन्दैन बरु पदार्थहरुले रुपमात्र बदलिरहेको हुन्छन् । यो विश्व ब्रह्माण्डमा न एक नयाँ कण बन्दछन्, न कुनै कण नष्ट हुन्छ । अब एक सवाल छ यो तेज किन र कहाँबाट निस्कन्छ । हाम्रो पृथ्वी पनि यदि यो अहिलेको आकार भन्दा २५ हजार गुना ठूलो हुन्छ भने यसले पृथ्वी भित्रको परमाणुहरु फुटी प्रकाशको रुपमा निक्लन थाल्छ । तारा र सूर्य हाम्रो पृथ्वी भन्दा लाखौं लाख गुना ठूलो हुदाँ तिनीहरु भित्रको परमाणुहरु फुटेर प्रकाशको रुपमा निक्लन्छन् ।

यही क्रमले तेज (प्रकाश) बाट इलेक्ट्रोन पोजिट्रन र इलेक्ट्रोन प्रट्रोनबाट परमाणुहरु परमाणुहरुबाट अणुहरु र अणुहरुबाट विभिन्न पदार्थ, पदार्थहरुबाट सूर्य, ताराहरु भएको तारापुञ्ज (Galaxy) र तारा र सूर्यहरुबाट फेरि प्रकाश उत्पन्न हुन्छ । यहि चक्कर विश्व ब्रह्माण्डमा चलिरहेको छ र यो चक्र कसैले घुमाउन पर्दैन स्वाभाविक रुपले स्वतः भईनै रहेको छ ।

यो क्रम अनन्त कालदेखि चलेर आएको छ र अनन्त काल सम्म चल्दै जाने छ। पदार्थहरुको रुप परिवर्तन हुन्छ तर नष्ट भने अवश्य हुदैन । यही चक्रमा भौतिक पदार्थहरुको एक स्थिति छ त्यो हो चुम्बकीय क्षेत्र जस्तै क्षेत्र त्यसबाट बन्ने इलेक्ट्रोन प्रोटन भन्दा सूक्ष्म तत्वहरु । तर जुनसुकै स्थितिमा रहेपनि भौतिक पदार्थको अस्तित्व मिल्दैन, नत नयाँ भौतिक पदार्थ बन्ने नै गर्छ ।

अब ईश्वर कहाँ बसेर के गरि रहेको छ त ? विजुली पावर हाउसबाट विजुलीको धारा (Current) बग्छ । कसैले घच्याउँनु पर्दैन । दुई-तार नजिक आउछ बिजुलीको तेज धारा मिली आफै प्रकाश दिन थाल्छ । ईश्वरलाई सर्व शक्तिमान भनिन्छ, सर्व शक्तिमान हो भने के हो प्रकृतिको नियमलाई पनि ईश्वरले बदल्न सक्नु पर्थ्यो ।

स्पष्टतः बादरायणको वेदान्तमा उल्लेखित इश्वरको अस्तित्व छैन र कपिलको सांख्य, कणादको वैशेषिक र बुद्धको अनिश्वर वाद नै सही कुरा हुन् र आजकाल विज्ञानमा आधारित द्वन्द्वात्मक भौतिकवादी दर्शनले दर्शन सम्बन्धी सबै कुरालाई विज्ञानको आधारमा झन् स्पष्ट गरेको छ ।

## बुद्धको अनात्मावादः-

गौतम बुद्ध अनिश्वरवादी मात्र होइन अनात्मवादी पनि हुन् । बुद्धको मत अनुसार आत्मा शुन्य छ र एक शरीरको मृत्यु पछि अर्को शरीरमा पस्न सक्ने कुनै स्वतन्त्र र चिरस्थायी आत्मा छैन ।

महादेव स्वयम् अनिश्वरवादी मात्र होइन अनात्मवादी पनि हन् भन्ने कुरो माथि नै चर्चा भई सकेको कुराले स्पष्ट गर्दछ ।

मीमांसा दर्शनले पनि शरिरबाट स्वतन्त्र कुनै आत्मा छ भन्ने कुरो मान्दैन । मार्क्सवाद अनुसार आत्मा भनौं या चेतन मानिस अथवा

अन्य जीव धारीको शरीर निर्माण भएपछि खास गरी उनीहरुको मगजकको निर्माण भएपछि देखा परेको गुणात्मक परिवर्तन हो ।

वस्तुहरु मिलेपछि गुणात्मक परिवर्तनको सवालमा सांख्य दर्शनले 'पान' को उदाहरण प्रस्तुत गरेको छ । यस्तै प्राण वायु २ एटम प्राण वायु (Oxygen) मा एक अर्को एटम प्राणवायु थपेर प्राणवायु गुणात्मक परिवर्तन भई ओजोन (Ozone) बन्न थाल्छ। यस्तै खान नहुने दुई वस्तुहरु क्लोरिन ग्याँस (Clorine) र Sodium मिलेर शरीरलाई नभई नहुने "नुन" बन्छ । पानीमा "ताप" बढेर १००° सेन्टिग्रेड पुगेपछि पानी पानी नभै वाफ बन्न थाल्छ ।

तेल, वत्ति र ताप मिलेर "ज्योति" दिन थाल्छ । त्यस्तै फूल फुलेर सुगन्ध दिन थाल्छ । यस्तै मानव मगजको निर्माणले चेतनाको सञ्चार हुन थाल्छ र यो चेतना आफ्नो चारैतिर पर्यावरणको प्रभावले विकसित हुन थाल्छ। मनुष्य समाजमा बसेर नै मानिसको चेतनाले विकास गर्ने थाल्छ ।

आत्माको सवालमा आत्मावादीहरु भन्छन् "हामी बोल्छौं, सुन्छौं हामी भित्र रहेको आत्माले गर्दा नै हामीले बोल्न अथवा सुन्न सकेका हौं" उनीहरु मनुष्य शरिरलाई पिजडासंग दाजेर आत्मा वा चेतनालाई पिंजडाबाट स्वतन्त्र तर पिंजडा भित्र रहेको सुगा जस्तै एक शरिरबाट अर्को शरिरमा जान सक्ने शरिर भित्र बन्द रहेको एक स्वतन्त्र अस्तित्व भएको कुनै अलग वस्तु भन्ठान्छन । यदि यस्तो हो भने अन्धाको आत्मा त कहिं गएको हुर्दैन फेरि उनले किन देख्दैनन् ? वहीराले किन सुन्दैनन् ? यस्तै शरिरका सम्पूर्ण अंग प्रत्यङ्ग ठीक पनि भएर एउटा बालकलाई अन्धकार कोठामा एक्लै हुर्काइन्छ भने उसले के बोल्ला त ? के नेपाली लडका वा लडकीले नेपाली बोल्न थाल्ला ? त्यो बालक एउटा लाटो बालक सिवाय अरु केही हुन सक्दैन । अतः मानिसको चेतना एउटा अलग वस्तु नभई शरीरको निर्माण र खास गरी दिमागको निर्माण भएपछि समाज र

त्यस बालकको चारैतिरको पर्यावरणबाट नै कुरा बन्ने हो भने कुरा स्पष्ट हुन आउछ ।

अब अर्को एउटा ऐतिहासिक घटनालाई लिउँ । चेर्णानोभ नामक एक सोभियत सिपाही द्वितिय विश्व युद्धमा मारिएको थियो । ३ दिन सम्म सो सिपाहीको लाशहरु लाशहरु संगै पडिरह्यो । तेस्रो दिन एक ठूलो डाक्टर लाशहरुको जाँच गर्दै त्यहाँ आई पुग्यो । डाक्टरले देख्यो शरिरको कुनै प्रधान अङ्ग क्षतिग्रस्त भएको छैन । त्यो सिपाहीको मूल अङ्गमा गोली नलागी अन्यत्र गोली लागेर रगत बगेर मरेको थियो । डाक्टरले त्यस लाशलाई उठाएर लगेर त्यसमा लाशमा अर्को रगत भरेर त्यसको उपचार गऱ्यो । लाशले सास फेर्ने थाल्यो । मुटु चल्न थाल्यो, आखाँ उघ्रिन थाल्यो र लाश फेरि जीवित भयो । चेर्णानो भसंग सोधियो "तिमी के गरी रहेका थियौं ?" उसले भन्यो 'म सुतिरहेको थिए' अनि फेरि सोधियो "स्वप्नमा के देख्यौं ?" चेर्णानो भले भने "मैले केही पनि देखिन" किन नदेखेको ? कमसे-कम यमराजलाई देख्नु पर्ने, स्वर्ग अथवा नरक देख्नु पर्ने । उसले केही देखेन किन भने उसको शरिरको मृत्यु पछि उसको आत्मा वा चेतना निभेको बत्ती भ्कै 'शुन्य' थियो । अर्थात खाली थियो । फेरि रक्त सञ्चार भयो, मगजले काम गर्ने थाल्यो । फेरि बत्ती बलेर प्रकाश दिए भ्कै चेतना फेरि फर्क्यो ।

यस्तो घटना स्वास्नी मान्छेले बच्चा पाउने बेलामा अक्सर घटछ । कहिले काहीं चिसो लागेर उनीहरुको शरिरमा रक्त सञ्चार बन्द हुन पुग्छ । अनि मृत्यु भयो भनेर श्मसानमा जलाउन लगिन्छ, आगोले जब जीउ तात्न थाल्छ जमेको रगत पग्ली रक्त सञ्चार हुन थाल्छ । उनीहरु आँखा खोलेर उठछन् । तर मूर्ख अन्धविश्वासमा परेका मानिसहरु त्यसलाई भूत भनि लाठीले पिटेर मारी जलाई छाडछन् । यस्तो अन्धविश्वासमा परेका मानिसहरुको हातबाट यस्तै अनेकौं जघन्य अपराध भएका छन् । अस्तु ।

अर्को उदाहरण पानी बस्ने भ्यागुतो र जमीनमा बस्ने भ्यागुतोको मगज डाक्टरले सट्टा र पट्टा गरि दिएछ । मगज सट्टा पट्टा भएपछि उनीहरुको स्वभाव र चाहना पनि सट्टा-पट्टा भयो । पानी बस्ने भ्यागुतोको चलन हो मुख- खोलेर शिकार गर्ने र जमीनमा बस्ने भ्यागुतोको चलन हो जिब्रो लम्ब्याएर शिकार गर्ने । मगज सट्टा-पट्टा भएपछि जमीनको भ्यागुतोले मुख खोलेर शिकार गर्न खोज्ने, पानीमा बस्ने भ्यागुतोले जिब्रो लम्ब्याएर शिकार गर्न थाल्यो । स्पष्टतः जीवलाई काम गराउने उनीहरुमा रहेका आत्मा नभई उनीहरुको मगज हो र मगज नै जीवहरुको चेतनाको स्रोत हो, वास्तवमा अनात्मवादी सिद्धान्त विज्ञान सम्मत सिद्धान्त हो ।

## आत्मा अथवा चेतनाको सवालमा मार्क्सवादी दृष्टिकोणः-

मार्क्सवादले पनि चेतनालाई एक शरीरबाट अर्को शरिरमा सार्न सक्ने मानव भौतिक शरीरबाट स्वतन्त्र कुनै अलगै कुरोको रुपमा मान्दैन । मानव शरीरको निर्माण पछि खास गरी मगजको निर्माण पछि देखिएको भौतिक पदार्थ कै गुणात्मक परिवर्तनको रुपमा देखिएको कुरो हो “चेतना” । जस्तो फुलको सुगन्ध फुलकै गुण हो र एक फुल नाश भए यो सुगन्ध अर्को फुलमा सर्न सक्ने स्वतन्त्र वस्तु होइन । यस्तै वत्तीको प्रकाश वत्तीबाट स्वतन्त्र अलग्गै कुरो नभै तेल वत्ती र गर्मी मिलेर उत्पन्न भएको गुणात्मक परिवर्तन हो वत्ती, तेल र गर्मीको अभावमा अर्को वत्तीमा सर्ने खालको स्वतन्त्र वस्तु यो होइन । यस्तै मानिसको चेतना मनुष्य शरीरको अभावमा पनि रहन सक्ने कुनै स्वतन्त्र वस्तु होइन ।

आज विज्ञानले निर्जीव पदार्थबाट कसरी सजीव प्राणी उत्पन्न हुन्छ भन्ने कुरो प्रमाणित गरि सकेको छ । रासायनिक विश्लेषणद्वारा निर्जीव पिण्ड र सजीव अंगहरु एउटै रासायनिक तत्वहरुबाटै

बनेका हुन् भन्ने कुरा देखिएको छ । जीवाङ्गहरुमा हाइड्रोजन, अक्सिजन, नाइट्रोजन र खास गरीकन कार्वन प्रशस्त मात्रामा पाइन्छ। यी तत्वहरु नै सजीव अंगहरु तथा तिनको जीवन यापनका वस्तुहरुको रासायनिक संरचनाका आधार हुन् ।

हाइड्रोजन, कार्वोन तथा अक्सिजन ३ प्रकारका तत्वहरु मिली कार्वोहाइड्रेड बन्यो । अनि एक अर्को संग रासायनिक यौगिक जोडिदै आखिर एमीनोएसिडको निर्माण भयो । एमीनोएसिड प्रोटिनको व्यहाणुहरुका आधारभूत तत्वहरु हुन । अनुकूल परिवेशमा परेर त्यससित उपापचय प्रक्रियामा संवधित भए पछि यो प्रोटिन पिण्डनै जीवाङ्ग बन्न पुगेको थियो। यो प्रोटिन पिण्डहरुले जब आफ्नो अस्तित्वलाई स्थिर राख्नको निम्ति बाहिरबाट आफूलाई पोषण गर्ने तत्वहरु ग्रहण गरी यो पोषणीय तत्वहरु आफ्नो सजीव कोषहरुमा परिणत गर्ने कार्य गर्दछ र यसलाई उपापचय अथवा परिपाचन भनिन्छ र आफ्नो अंगबाट आफ्नो सजीव कोषहरुबाट विघटन भएको खराब वस्तुहरुलाई बाहिर फाल्ने काम गर्दछ । यसलाई विपाचन भन्दछ। यो परिपाचन र विपाचन केवल सजीव प्रोटिन अर्थात जीवाङ्गको निम्ति मात्र स्वभाविक हुन्छ। पोषणीय द्रव्यहरु ग्रहण गरी त्यसको काम नलाग्ने वस्तु फालेर नै जीवाङ्ग बाँच्दछ र विकसित हुदै रहन्छ। यो उपापचन र विपाचन प्रकृया रोकिने बितिकै जीवनको पनि अन्त्य हुन्छ सो प्रोटिन सडन थाल्छ। यो परिपाचन विपाचन प्रक्रियालाई नजान्दा हाम्रा पुराना दार्शनिकहरु तथा तिनका प्रभावमा परेकाहरु शरिरलाई सम्पूर्ण रुपले फोहोर र मैलाले भरिएको भनि घृणा गरी आफ्नो शरिरको बेवास्था गरी सन्यांस लिन थाल्छन ।

हाम्रो शरिरलाई चाहिने पोषण तत्वहरु लिनु परिपाचन हो र शरिरमा काम नलाग्ने बिघटित र बिकृत वस्तुहरु फाल्नु विपाचन

हो । हाम्रो शरिरबाट फोहोर मैला फाल्ने कार्य विपाचन प्रक्रिया हो । स्पष्टतः हाम्रो शरिर सम्पूर्ण रुपले फोहोर मैलाले भरिएको घृणित र त्याज्यवस्तु होईन । अस्तु !

जीवाङ्ग संवेदनशील हुन्छ । वनस्पति सूर्यको किरण प्रति ज्यादै नै संवेदनशील हुन्छन् । सरतम् एक कोषीय जीवाङ्ग एमीवा क्षुधा तृप्ति प्रति संवेदनशील हुन्छ । यसले भरखरै खानेकुरो निलेको छ भने त्यसमा भोक जगाउने कुनै उत्तेजनाले काम गर्दैन ।

विकास क्रममा जीवाङ्गहरुमा बाहिरी प्रभावहरुको निश्चित क्षेत्र (रंग, गन्ध, शब्द प्यादीं) लाई ग्रहण गर्न सक्ने इन्द्रियहरु देखापर्न थाले । जीवाङ्गहरुको विकासका साथ साथै तिनको अनुभूति पनि बहुमुखी र सम्पन्न बन्दै गयो ।

बाहिरी वस्तुहरुले जीवको ज्ञानेन्द्रियहरुमा प्रभाव पार्दछन् र तिनको स्नायु प्रणालीमा निश्चित अनुभूति उत्पन्न गर्दछन । अन्य जीव जन्तुहरुले आफ्नो अनुभूतिमा बुद्धि विवेक लगाउन सक्तैन भने मानिसले यिनै अनुभूतिहरुलाई सदैव बुद्धि विवेकको ज्योतिद्वारा प्रज्वलित गरेर यसको सार तत्व खिंची अर्मूत चिन्तनको क्षमता प्राप्त गरेको हुन्छ ।

यसरी मानिसको चेतना जीव जन्तुको चेतना भन्दा गुणात्मक दृष्टिले नै फरक छ ।

मनुष्यको उत्पति उसको चेतनाको प्रादुर्भाव वा तथा विकासमा श्रम अर्थात भौतिक उत्पादन सम्बन्धी क्रियाकलापको निर्णायक भूमिका रहेको थियो । एगेल्स भन्नु हुन्छ "श्रमले नै मनुष्यको सृष्टि गरेको थियो" ।

यसरी प्रोटिन पिण्डबाट शुरु भई विकास प्रक्रियाको दौरानमा मानिस सम्मको सृष्टि हुर्दै आयो । मानिसको चेतनाको जो विकास

भयो त्यसमा लाखौं वर्षको ऐतिहासिक र सामाजिक विकासको परिणाम लुकेको छ ।

मानिसको चेतना प्रथमतः मगजको विकासमा निर्भर गर्दछ भने यसको चेतनाको विकास आफ्नो चारैतिरको पर्यावरणमा निर्भर गर्दछ । मनुष्य समाजबाट अलग राखेर कुनै व्यक्तिको चेतनाको विकास हुन सक्तैन ।

यसै निम्ति आत्मा वा चेतना मानिसको शरिरबाट अलग वस्तु नभई मानिसले पाएको अनुभवको फल हो र यो आत्मा एक शरिरबाट अर्को शरिरमा जान सक्तैन र पूर्व जन्म र पुनर्जन्म भन्ने कुरै छैन ।

मानिसको स्वभाव धेरै हद सम्म मानिसको शरिरमा भएको रासायनिक पदार्थहरुले निर्धारित गर्दछन । धेरै नै उपद्रवी लडकाहरुलाई चिनी परहेज गराई दिंदा उनीहरुको उपद्र स्वभाव स्वतः नियन्त्रित भएको पाइयो । लाड-प्यारमा हुर्केका लडका-लडकीहरु अक्सर ऐयासी मिचाहा, घमण्डी र अनुशासन हीन हुन्छन । शरीरमा आयोडिन पुगेन भने मान्छे लाटा लटयौंरा हुन्छन् रक्सीको मात्रा शरीरमा पसेपछि सद्दे मान्छेको चाल चलनमा परिवर्तन हुन थाल्छ । मानिसहरुको मानसिक कमजोरी शरीरमा पौष्टिक आहारा र अन्य रासायनिक पदार्थको गडबडीबाट पैदा हुन्छ । यो रासायनिक पदार्थको प्रभाव बच्चा जन्मेपछि मात्र होइन आमा बावुमा रहेको रासायनिक अथवा बच्चा गर्भमा रहदाँ आहार र विहारमा हुने गडबडी अथवा कुपोषणले पनि उतिकै असर पारेको हुन्छ ।

फूलमा सुगन्ध, बत्तीमा तेज भने जस्तै मानिसका आत्मा वा चेतना यहि भौतिक मानव शरीरबाट उत्पन्न हुने गुण हो र आत्मा वा चेतना मानव शरीरबाट अलगको कुरो होइन ।

## मनको उत्पत्तिः-

विभिन्न नवउपनिवेशवादी देशहरुमा केटीहरु दुश्चरित्रमा फसेको पाइन्छ । हाम्रो देशमा पनि यो दुश्चरित्र फैलिदै गइरहेको छ । केटाहरु हुल्लडबाजीमा फस्दै गइरहेको छन् । किन ? के यो दुश्चरित्रता अथवा हुल्लडबाजी उनीहरुको जन्मजात चरित्र हो ? अथवा यी कुराहरु ती केटा-केटीहरुसंग सम्बन्धित देशको कुव्यवस्थाको फल हो ?

थाइलैण्डमा बुद्धधर्मकै प्रधानता छ । के उनीहरुको धर्मले उनीहरुलाई चरित्रवान बन्न सिकाउदैन ? अवश्य सिकाउदो हो । फेरि पनि थाइलैण्ड, दक्षिण कोरिया जस्ता देशहरुमा व्यापक दुश्चरित्रता किन ? उनीहरुले चरित्र किन बेच्नु परेको ? के यो उनीहरुको रहर हो ?

यसलाई स्पष्ट गर्न दक्षिण कोरियामा पढ्न गएको एउटा विद्यार्थीको त्यहाँ क्याम्पासमा पढने केटीसंग भएको कुरा उल्लेख गरौं । त्यस केटाले क्याम्पासकी एउटी केटीसंग सोधेको रहेछ "तिमीहरु यस्तो काम किन गर्छौं ?" केटीले जवाफ दिईछ "के गर्ने ? मेरो भाइ छ, बहिनी छ, उनीहरुलाई पाल्नु पर्‍यो, खवाउनु पर्थ्यो, पढाउनु पर्‍यो" स्पष्टछ त्यो क्याम्पसमा पढने केटी जन्मजात दुश्चरित्र होइनन् । आफ्नो भाई बहिनी र परिवार प्रति माया, नभएको गैर जिम्मेवार केटी रहिन छिन् आफ्ना भाई बहिनी प्रतिको माया परि वारप्रति जिम्मेवारी र यो जिम्मेदारी निभाउँने अरु कुनै उपाय नहुँदा विवसताले नै ती केटीलाई आफ्नो चरित्र बेच्न बाध्य तुल्याएको हो भन्ने कुरो स्पष्ट छ । दुश्चरित्रता उनीहरुको राष्ट्रिय जीवनको एक अंग बनिसकेको छ । किन ? किन भने दक्षिण कोरियामा महंगी यति छ कि त्यहाँ क्याम्पस पढ्न मासिक फिस १५० डलर, अस्पतालमा नाम लेख्न १० डलर, दिसा पिसाब र रगत जचाउन १५० डलर

शुल्क लाग्छ । यस्तो स्थितिमा सबैको अगाडि कसरी बाच्ने भन्ने सवाल छ ।

स्पष्टतः धर्म उपदेशले मात्र मानिसको चरित्र राम्रो हुन सक्दो रहेनछ यसरी हामी देख्छौं **मानिसको चेतनाले समाजलाई निर्धारित गर्दैन सामाजिक स्थितिले उसको चेतनालाई निर्धारित गर्दछ भन्ने कुरो मार्क्सको भनाई अकाट्य सत्य हो ।**

बुद्धको भनाई हो मानिसको जन्म माता पिताबाट हुन्छ । उसको शरिरको पोषण अन्नद्वारा हुन्छ । उसको मनको पोषण उपदेश र अनुभवद्वारा हुन्छ । साथै बुद्धले यो पनि भने शरिर र मनको सम्बन्ध परिस्थितिसंग हुन्छ तथा परिस्थितिको परिवर्तनको साथ साथ यसको पनि परिवर्तन हुन्छ ।

मार्क्सको माथि उद्घृत कुरो र गौतम बुद्धको माथि उद्घृत कुरोको पछिल्ला अंश झन्डै मेल खान्छ ।

मानिसको परिस्थिति अथवा सामाजिक स्थितिमा नै मानिसको मन विचार र व्यवहार निर्भर गर्दछ ।

थाइलैण्ड (बैंकक) सिंगापुर, दक्षिण कोरिया इत्यादि देशहरुको नैतिक पतनको कारण त्यहाँको आर्थिक-स्थिति हो र त्यो आर्थिक स्थिति त्यहाँको राजनीतिक स्थितिको देन हो ।

"सर्वे धर्मा राजनीति प्रविशान्ति अर्थात् सर्वे धर्मकर्म राजनीति भित्र प्रवेश गर्छन्:" भन्ने कुरो सोह्रै आना सत्य सावित हुन आउँछ । जुन देशको सरकारको विशेष सम्बन्ध साम्राज्यवादसंग रहेर आएको हुन्छ । जुन देशको अर्थव्यवस्था विदेशी पूँजी र साम्राज्यवादी अथवा नवउपनिवेशवादी एकाधिकार पूँजीको कब्जामा रहन्छ र उनीहरुद्वारा शोषित रहन्छ त्यो देशको जनताको जीवन कुनै हालतमा सुध्रन सक्तैन । त्यस देशको राजनीति व्यवस्था र अर्थ-व्यवस्थाले नै त्यहाँको संस्कृति, चाल चलन र मनोवृतिलाई निर्धारित गर्दछ ।

मनुस्मृतिमा पनि मनुको भनाई रह्यो कुनै देशमा सत्ययुग आउने वा कलियुग आउने भन्ने कुरो त्यहाँको शासक वर्गमा नै निर्भर गर्दछ। गरीबी, दरिद्रता, भष्टचार इत्यादि त्यहाँको शासन व्यवस्था कै देन हो।

कार्ल मार्क्स र एगेल्सद्वारा लिखित कम्युनिष्ट घोषणा पत्रको अध्याय २ मा पूँजीपति वर्गको चरित्र चित्रण गर्दै यसरी लेखिएको छ। "हाम्रो पूँजीपति वर्ग आफ्नो अधिनमा रहेका सर्वहाराहरुको स्वास्नी र छोरीबाट नअघाई वेश्यागामी मात्र हुने होइन। उनीहरु आपसमा एक दोश्रोका स्वास्नीहरु फकाउँनमा सबभन्दा ठुलो मजा लिन्छन। यो स्वतः स्पष्ट छ कि आजको (पूँजीवादी) उत्पादन ब्यवस्था खतम भएपछि त्यस व्यवस्थाबाट उत्पन्न भएको सामुहिक पत्नीत्वको प्रथा अर्थात खुला र गुप्त दुबै प्रकारको वेश्यवृति पनि खतम भएर जानेछ।

दुष्ट मानिसहरु प्रचार गर्दछन कि कम्युनिष्ट समाजमा चरित्रको ख्याल हुदैन। यसको जवाफमा ऐगेल्स लेख्नु हुन्छ समाजवादी समाजमा एक स्त्री र एक पुरुषको स्थायी विवाह प्रथा लोप हुने कुरै छैन वरु यसले पूर्णता प्राप्त गर्न थाल्छ। कारण उत्पादनको साधन सामाजिक सम्पतिमा बदले पछि प्राप्त ज्यालादारी काम र सर्वहारा वर्ग पनि लोप भएर जानेछ र यसले गर्दा स्त्री जातिले पैसाको निम्ति, बाच्न निम्ति कसै माथि आत्मासमर्पण गर्नुपर्दैन।

मार्क्स र एगेल्स अर्थात् मार्क्सवदाका प्रर्वतकहरुको भनाई हो। सामन्ती शोषण, दमन अथवा पूँजीवादी शोषण, दमनलाई यथावत राखी मानिसहरुको जिउने बाटो समेत खतम गरी नैतिकताको शिक्षा दिएर मात्र उनीहरुको नैतिक स्तर उच्चा राख्ने सकिन्न।

स्पष्टतः देशमा राजनीतिक, आर्थिक, सामाजिक स्थितिमा परिवर्तन ल्याएर नै बुद्धको उच्च आर्दशको शिक्षाले व्यवहारिक रुप

लिन सक्नेछ । जब सम्म कुनै देशमा दास समाज रहन्छ, सामन्ती अथवा पूँजीवादी शोषक समाज रहन्छ । त्यस समाजमा जनताको जीवन सुनिश्चित हुन सक्तैन आजीविका मिल्न सक्तैन । सामयिक बेकारी भुखमरी ब्याप्त रहने नै छ । यस्तो स्थितिमा उच्च आर्दश कितावमा नै सीमित रहन्छ । त्यस माथि कुनै देशमा साम्राज्यवादी अथवा नव-उपनिवेशवादी विदेशी पूँजीको शोषण शुरु भएपछि त्यस देशको राजनीतिक, आर्थिक र नैतिक पतन अझ पनि द्रुतगतिले हुन थाल्छ । यी शोषक समाजहरुलाई नष्ट गरेर सबै जनताको निम्ति कामको ग्यारण्टी गर्न काम गरी खाने सम्पूर्ण साधनहरु सार्वजनिक सम्पतिको रुपमा जनताको हातमा राख्ने समाजवादी समाज स्थापना गरेर नै मानिसले सम्यक् आजीबिका चलाउन पाउने स्थिति तयार भएर जनतामा चरित्र बेचेर जिउनु पर्ने स्थिति खतम भई बुद्धको उच्च आर्दशले ब्यवहारिक रुप लिन सक्ने स्थिति तयार हुनेछ ।

## मानव जीवनको सार्थकता:-

यहाँ एक सवाल आउँछ, जब यो विश्व ब्रह्माण्डलाई संचालित गर्ने ईश्वर छैन अर्थात कुकर्मको दण्ड दिने सुकर्मको फल दिने ईश्वर छैन भने के मानिसले जे गरे पनि भएन ? जब मानिसको चिरस्थायी आत्मा छैन भने स्वर्ग र नरक भोग गर्ने सवाल आएन, मरे पछि अर्को जन्ममा आफुले गरेको कामको फल भोग्ने सवाल आएन अनि के यस्तो स्थितिमा "भष्मी भूतस्य देहस्य पुनरागमन कुत:" भन्दै "ऋणां कृत्वा घृतं पीवेत्" भन्ने कुरो सही ठहरिने भएन ?

यसको जवाफ दिनु भन्दा पहिले हामी एक सुंगुरको जीवन हेरौं । यो सुगुरलाई घ्यू दुध ख्वाएर पाल्यो भने के यसको जीवन सार्थक हुन्छ ? एउटा अजिङ्गरले बसि बसि आफ्नो अगाडि आए जतिलाई खिचेर खाएर मस्त हुन्छ, के यो जीवन सार्थक जीवन

हो ? भनौं यो अजिङ्गर अथवा सुगुरले दिनभरि हरि भजन गरिरह्यो भने के यसको जीवन सार्थक हुने भयो ?

ईश्वरवादीहरुको भनाई हो, "भगवानको भजन नै जीवनको सार्थकता हो" सम्पूर्ण मानवलाई नै भगवान सम्भी सदा मानव जातिको सेवामा लाग्नु राम्रो कुरो हो । तर मानव जाति भन्दा अलग्गै एउटा भगवानको कल्पना गरी दिन रात उनको भजनमा समय बिताउनु पाखण्डता मात्र हो । यदि भगवान छ नै भने के भगवानले पनि यत्तिकै निम्ति मनुष्य जातिको सिर्जना गरेको हो ? यदि भगवानले यसकै निम्ति मानिस सृष्टि गरको हो भने भगवान भन्दा स्वार्थी कोही पनि भएन । स्पष्टतः यो भजन कीर्तन दास जमानामा निस्केको र सामन्ती जमानमा हुर्केको विचार हो, कारण दासका मालिकहरु र सामन्तहरुले नै चाकडी र चाप्लुसी खोज्छन् । स्वयम्भू श्री कृष्ण गीतामा भन्नु हुन्छ, "नादत्ते कस्यचित्पापं न चैव सुकृतं विभु । अज्ञनेनावृतं ज्ञा.नं तेन मुह्यन्ति जन्तबः ॥१५॥ गीता अध्याय ५, श्लोक ॥१५॥ श्री कृष्णको भनाई हो," भगवानले कसैलाई पाप पनि दिदैन, धर्म पनि दिदैन । मानिसहरुको ज्ञानलाई अज्ञानले ढाकि दिदा नै उनीहरु भगवानले पाप, धर्म, सुख दुःख इत्यादि दिन्छ भन्ठान्छन् ।" स्पष्टतः दिन भर हरेराम, हरेकृष्ण गाएर न धर्म हुन्छ, न न्याय नै यो सब ब्यर्थको वकवास हो । यदि भगवान छ भने पनि भगवानले चाहेको कुरो दिन रात मानिसहरुले मेरै भजन गाई रहोस् भन्ने होइन ।" यस्तो भजन किर्तनको धर्ममा सामन्त र पूँजीपतिहरुले नै विशेष जोड दिएको पाइन्छ । कारण यसले उनीहरुको स्वार्थमा कुनै धक्का पर्दैन । मानिसहरु गीत गाएर मस्त भई रहेको खण्डमा कुन ठीक कुन बेठिक सोच्न छाडछन्, आफू माथिको शोषण दमन पनि बिर्सन थाल्छन् अनि शोषकहरुले मजासंग शोषण गरि रहने मौका पाउछन् बरु यही शोषणबाट प्राप्त एक अंश धन यी पथ भष्ट नक्कली भक्तहरुलाई दान दिएर खूब

धर्म गरे भन्ठान्छन् । मानिसलाई सही धर्ममा लाग्न नदिने यो एउटा षडयन्त्र मात्र हो ।

सामन्तहरु र पूँजीपति सेवकको रुपमा देखा परे तथा सर्वसाधारण जनतालाई ऐन्द्रिक भौतिक सुखमा नलाग्ने शिक्षा दिने यी नयाँ धर्म-गुरुहरुको धार्मिक केन्द्र हेर्न जानुस् उनीहरु आफै सुख ऐश्वर्यमा लठिठदै मजासंग दुध, दहि, मख्खन र मिठाई खाई आरामको जीवन बिताई रहेका हामी पाउने छौं । उनीहरुले गरीब जनताले झै सिस्नु, गिठ्ठा, भ्याकुर, ढिडो खाएर जीवन बिताई रहेको हामीले कुनै बेला पनि देख्ने छैनौं ।

गरीब जनता जसको मुखमा भात पर्दैन उनीहरुलाई आफ्नो भाग्यमा संतोष भएर हरे गाएर मन शान्त राख्ने शिक्षा दिइन्छ । करोडपतिहरुले अन्ध विश्वास फैलाउन सक्ने, धर्मगुरुहरुको धार्मिक केन्द्रमा लाखौं रुपियाँ खन्याउछन् अनि उनीहरु आफ्नो धार्मिक कर्तव्य पूरा भयो भन्ठान्छन् र आज जुन कारणले मानव जीवन नष्ट-भष्ट भएर गई राखेकोछ त्यसप्रति आँखा चिम्लिएर ध्यान मग्न हुन्छन् । के भगवानले चाहेको यही भक्ति हो ? अथवा यही धर्म हो ? आज साँच्चै भन्ने हो भने यस्तो धर्मको जहाँ ज्यादाँ चलन छ, वहाँ अत्याचार, शोषण, भष्टचार र दमनको राज छ ।

श्री कृष्णको दृष्टिकोण कहिल्यै यो थिएन कि मानिसहरुले कृष्णको नाम संकीर्तन गरेर जीवन बिताउँनु । कृष्णको उपदेश थियो कि मानिसले आफूलाई बिर्सेर सम्पूर्ण जनताको सेवा गरुन् । कृष्णको भनाई हो भगवान सबैको हृदयमा छ । यदि यो भनाई सत्य हो भने ती सम्पूर्ण मानिस जसको हृदयमा भगवानको बास छ, को सेवा गर्ने हो वा उनीहरुलाई रुवाएर शोषक र अत्याचारीहरुको घर दैलो र बैठकमा गएर अनेक मेंवा मिष्टान्नमा लुब्ध भएर हरे राम कीर्तन गाएर संतोष हुने हो ? श्री कृष्णले गीताको अध्याय ५ श्लोक २५ तथा भक्तियोग नामक अध्याय १२ को श्लोक ४ र १२

दुबैमा सम्पूर्ण जनताको हितमा लाग्नु नै सबभन्दा ठूलो भक्ति हो भनेका छन्। यस कुरोलाई बिर्सर र बिर्सन लाएर नाम संकीर्तनलाई नै भक्ति भनेर समय बर्वाद गर्छ भने यस्तो कार्यलाई छल नै भन्नु पर्छ मानव जीवनको सार्थकता जनताको सेवामा हो, न कि यस कुरोलाई बिर्साएर भजन मण्डलीमा सामेल हुन । सम्पूर्ण प्राणीको हितमा लाग्नेले नै ब्रह्म निर्वाण प्राप्त गर्छन् भन्ने कुरो पनि श्री कृष्णले गीता अध्याय ५ श्लोक २५ मा भनेका छन् । कपिल गीता अध्याय ५ को श्लोक २२ मा कपिलमुनि भन्नु हुन्छ सम्पूर्ण प्राणीहरुमा आत्मा स्वरुपले म रहेको छु ।" त्यस्तो कुरो होला पनि मूर्खहरु त्यसरी प्रत्येक प्राणीहरुको घर-घर निवासी मेरो उपेक्षा गरेर (प्राणी मात्रका उपरको दयालाई छोडेर) केवल प्रतिमाको पूजामा मात्र लाग्छन् भने तिनीहरुको त्यो पूजा त आगो नभएको खरानीमा हवन गरे तुल्य हो ।

स्पष्टतः धर्म मूर्ति पूँजामा होइन, भजन मण्डलीमा होइन, जात्रामा होइन, सम्पूर्ण मानव जातिलाई आफै हुँ भन्ठानी सबै संग करुणा राखी मित्रवत व्यवहार गरी उनीहरुको दुःख सुखलाई आफ्नै दुःख सुख आफ्नै दुःख सुख ठानी सबै मानव जातिको दुःख नष्ट गर्ने र सुख वृद्धि गर्ने कार्यमा निस्वार्थ भावले लाग्नु नै धर्मको मूल हो । श्री कृष्णले गीतामा आदि देखि अन्त सम्म यस कुरोमा जोड दिएका हुन र उनले कहिल्यै आफ्नो व्यक्तिगत पूजा खोजेको छैनन् श्री कृष्णले गीतामा बराबर 'म' प्रयोग गरेका छन्  तर त्यो 'म' कृष्णको व्यक्तिगत 'म' नभै "सामुहिक म" हो, कारण कृष्णले सम्पूर्ण प्राणी र आफूमा फरक देख्दैनथे ।

तर सामन्त र पूँजीवादी शोषकहरु यस गुह्य कुरोलाई पन्छयाएर आफ्नो स्वार्थ रक्षा गर्नको निम्ति जनताबाट अलग एउटा व्यक्तिवादी भगवान सृष्टिगरी, श्री कृष्णलाई मानव जातिसंग सम्बन्ध नभएको एउटा व्यक्तिगत ईश्वर वा भगवानमा परिणत गरी उनको

भजनलाई नै धर्मको मूल बनाएर उनको भजनलाई नै मनुष्य जीवनको सार्थकता भनी सम्झाउँछन् । यस्तै भगवान बुद्ध बारे पनि, भगवान बुद्धले बुद्ध भनेको मेरो शरिर होइन, बुद्ध भनेको ज्ञानले भरिएको व्यक्तित्व हो, सबैले प्राप्त ज्ञान अनुरुप कर्म गरुन् भनेका छन् तर आज यसको विपरीत "तारे माम्"को भजन, बुद्धमूर्तिको जात्रा, बुद्धमूर्तिको पूँजालाई नै धर्मको मूलको रुपमा बदले । कारण सम्पूर्ण मानवलाई ईश्वर ठानेर अथवा ईश्वर नठानेर आफू र अरुमा भेद नगरी समस्त प्राणीको हित, सुख र कल्याणकारी काममा लाग्नु शोषकहरुको निम्ति दुःसाध्य काम हो । यसरी त शोषकहरुको शोषणको आधार नै खतम हुन थाल्छ । यसै कारण शिव, श्री कृष्ण, सांख्य अथवा बुद्धको दर्शनलाई पर सारेर एउटा छुट्टै ईश्वरको कल्पना गरी यसको भजन कीर्तनमा भुलाई राख्न पाए भने उनीहरुको शोषण दमनमा कुनै आँच नआउने, बरु शोषण दमन माथि राम्रो पर्दाको काम दिन थाल्छ । शोषण, दमन, अत्याचारबाट भएको गरीबी दुःख दरिद्रतालाई भगवानको इच्छा भनि जनताका आँखामा छारो हाल्ने राम्रो उपायको रुपमा नै भजन कीर्तन र व्यक्तिगत पूँजाको प्रचलन ल्याएको हो ।

श्री कृष्ण व्यक्तिगत होइन मानवको सेवालाई नै जीवनको सार्थकता भन्ठान्छन् भन्ने कुरो श्री मद्भागवतबाट स्पष्ट हुन्छ र एउटा घटनाले यसलाई प्रमाणित गर्न सकिन्छ ।

एक दिन श्री कृष्ण गर्मीको मौसममा बृन्दावन नाघेर घोर जङ्गलबाट जमुन जी तिर आफ्नो साथीहरुसंगै गईरहेका थिए त्यसबेला श्री कृष्णले रुखहरुलाई देखाएर भने "यस संसारमा सबभन्दा सार्थक जीवन रुखहरुको हो" । किन के रुखहरुले भगवान श्री कृष्णको पूँजा गरेको अथवा कीर्तन गरेकोले यसो भनेका हुन् ? श्री कृष्णको भनाई हो, ती रुखहरुले आजीवन छायाँ फूल्न, फल्न, पात, सुगन्ध इत्यादि दिएर मानिसको सेवा गर्छ र मृत्यु पछि पनि

काठको गोलको रुपमा फेरि मानव सेवा पुऱ्याउँछ त्यसै कारण श्री कृष्णले यसो भनेका हुन भन्ने कुरो स्पष्ट छ ।

भगवानले शोषक सामन्तहरु र अत्याचरी पदाधिकारीहरुलाई राक्षस, प्रमथ र दैत्य भनेका छन् । उनीहरुले भगवानको नाउँ नलिएकोले होइन, उनीहरुद्वारा जनतामा भइरहेको दुःख दरिद्रताको कारणले नै यसो भनेका हुन् ।

भगवान बुद्धको मूल शिक्षा मानवप्रति मैत्री करुणा राख्नु हो र कसैले दिएको मान अपमानलाई बराबर ठानी ग्रहण गर्नु हो बुद्धले कदापि आफ्नो अथवा आफ्नो मूर्ति पूजा खोजेका होइनन् ?

जब महापुरुषहरुको यो चरित्र हो भने त्यो "ईश्वर" कस्तो होला जो आफ्नै पूँजा र भजन-कीर्तन खोज्छन् ? सामन्तहरुले मात्र आफ्नो पूजा भजन-कीर्तन खोज्ने गर्छन्, महापुरुषले होइन । स्पष्टतः पूँजा-पाठ र भजन सामन्ती संस्कृति अनुकुलको कुरा हुन् । सामन्तहरु मात्र आफ्नो मान मर्यादा, चाटुकारिता खोज्छन् । उनीहरु आफुप्रति हुने जायज आलेचना पनि सुन्न चाहदैनन् र हरबखत झुठा प्रशंसामा मस्त रहन्छन् । आखिर उनीहरुको पतन पनि यस्तै चाटुकारहरु द्वारा नै हुन जान्छ ।

के ईश्वर पनि यस्सै चाटुकार मण्डलबाट घेरिएर बस्न खोज्ने हो ? यदि हो भने ईश्वरलाई पनि चाटुकारहरुले बचाउँने छैन्, ईश्वर छ भने यस्तो ईश्वरको पनि पतन निश्चित छ ।

हामी बाटोमा कोही लडेर घाइते भएको देख्छौं । हतपत उठाउछौं र मलम पट्टी लगाई दिन्छौं अथवा अस्पताल पुऱ्याउछौं । किन ? के ईश्वर देखि डराएर यसो गरेको हौं ? होइन, मानिसले मानिसप्रतिको कर्तब्य सम्झेर हामी यसो गछौं । तर त्यसबेला भगवानको पूँजारी पूँजा गर्न गईरहेको भए उनले भरसकै त्यो मानिसलाई मदत गर्लान ? उनी त्यो मानिसलाई मदत नगरी मन्दिरको मूर्ति पूँजा गर्न

दौडलान् । यहाँ सवाल छ यी दुई प्रकारका मानिसमा कसले आफ्नो कर्तब्य पूरा गरेको छ ? पूँजारीले वा पूँजा नगरी आपतमा परेका मान्छेलाई मदत गर्नेले ?

यी पूँजारीहरु त कदाचित् पूँजा गरिरहेको बेला भूकम्प भयो भने पूँजा न सूजा मन्दिर छोडेर भाग्लान् ।

स्पष्टछ मानव जीवनको सार्थकता पूजा-पाठ भजन-कीर्तनमा होइन मानवको सेवामा छ मानव माथि भइरहेको शोषण, दमन, अत्याचारलाई समूल नष्ट गर्ने कार्यमा लाग्नुमा र यस्तो शोषण, दमन, अत्याचार नष्ट भएपछि सम्पूर्ण मानवको सुख समृद्धिको निम्ति निस्वार्थ भावले "कर्मयोगी" भएर कर्तब्य कर्ममा लाग्नुमा छ । हामी संसारमा आउछौं, एक दिन जान्छौं, तर जानु अघि यो संसारलाई राम्रो पारेर जान सकौ । मानव जीवनको दु:खको मूल कारणका रुपमा देखापरेको शोषण र दमन पूर्ण ब्यवस्थालाई उखेली यसको सट्टा मानिसलाई सर्वतोमुखी विकासको बाटो खोजी नयाँ ब्यवस्था स्थापना गर्ने कुरोमा संलग्न भएर जान सकौं । यँही मानव जीवनको सार्थकता हो ?

भगवान बुद्धले दिएको प्रज्ञाका यही मतलब हो । सुन्नु र सम्भनु मात्र प्रज्ञा होइन, सुन्नु, सम्भनु र यसलाई ब्यवहारमा लगाउन सक्नु नै प्रज्ञाको मूल चरित्र हो । यदि प्रज्ञा ब्यवहारमा लागु हुदैन भने त्यस मानिसले पाएको ज्ञान, भात पकाउन जानेर पनि भात नखाई भोकै मर्ने मान्छेको ज्ञान जस्तै बेकार हो । यस्तो मानिसको जीवन सार्थक भन्न सकिन्न ।

## देवता अथवा दानव मानिसकै दुई रुप हुन्:-

भगवन बुद्धको शिक्षा हो मानिसले आफुलाई देवता पनि बनाउन् सक्छ, राक्षस पनि बनाउन सक्छ । यदि मानिसलाई त्यसै बिना शिक्षा र तालिम छोडि दियो भने उनीहरु गुण्डा, अपराधी, अथवा

लाछ्री भएर बिना कामको हुन जान्छ । उही मानिसले सदविद्या र सतशिक्षा प्राप्त गरी आफ्नो शक्तिलाई बढाएर यस शक्तिलाई मानव कल्याणको निम्ति लगाएर देवतामा पनि परिणत गर्न सक्छ। भगवान बुद्धको भनाई छ मानिस जन्मले ब्राह्मण अथवा अ-ब्राह्मण बन्दैनः मानिसले आफ्नो जीवन र कार्यलाई सदुपयोगमा लगाएर नै सच्चा ब्राह्मण हुनेछ। बुद्धको भनाई हो मानिस एउटा अनौठो प्राणी हो जसभित्र कल्पना पनि गर्न नसकिने शक्ति लुकेको हुन्छ। मानिस भित्र दैवी चरित्र पनि पाइन्छ भने अपराधी चरित्र पनि पाइन्छ । मानिस अनेक गुण-धर्मको भण्डार हो भने सम्पूर्ण दुष्टयाईको थुप्रो पनि हो । मानिस मानवताको निम्ति आशीर्वाद पनि हुन सक्छ, अभिशाप पनि हुन सक्छ । यसै निम्ति भगवान बुद्धको उपदेश हो, "आफु भित्र लुकेको अपराधलाई हटाएर पठाउ र यसको सट्टा आफुमा लुकेको गुणहरुको विकास गर ।"

दुष्टराजा अशोक अशोक महान बने, डाका अंगुलीमाल, अर्हत अंगुलीमाल बने । मानिसले यसरी आफुलाई बदल्न सक्छ। बुद्धको शिक्षा बिना न अशोकको दुष्टता खतम हुने थियो, न अंगुलीमालले डाका जीवन त्यागने थियो । अस्तु । कुनै पनि वस्तुको परिवर्तन सकारात्मक र नकारात्मक दुबै रुपमा हुन सक्छ। यस्तै आजको सर्व साधारण मानिस भोलिको दानव पनि हुन सक्छ अथवा सत् प्रयासले उही मानिस देवता अथवा महापुरुष हुन सक्छ। शिव, राम, कृष्ण र गौतम बुद्ध, दुर्गा-भगवती सबै मानिस नै थिए र मानिसकै सन्तान थिए । उनीहरु सबैले मानव जातिको कल्याणमा संलग्न भएर भगवान भगवती भएर गए। शिवको जात कुलको पनि पत्तो थिएन। मानवकै नातामा शिवको विवाह पहिले सतिदेवीसंग भएको हो। शिवले लोक कल्याणको निम्ति अनेक पुरुषार्थ गरे तथा अन्तमा सम्पूर्ण लोककै रक्षाको निम्ति कालकूट विष पिएर गए। भगवतीले राक्षसहरुलाई संहार गर्नमा मात्र नेतृत्व गरेकी होइनन् मानवको

रक्षाको निम्ति अन्नको अभावमा आफ्नै शरीरमा सागपात उब्जाएर पनि रक्षा गर्ने अठोट गरेकी थिइन् । यसै निम्ति भगवतीको अर्को नाउँ "शाकम्बरी" पनि राखिएको हो । भगवान बुद्ध मानिसकै सन्तान थिए, मनुष्य मात्र प्रति करुणा र मैत्री भावराखी सम्पूर्ण मानवको हित र कल्याणको निम्ति आफ्नो निजी सुख-ऐश्वर्य त्यागी भगवान भएर गए ।

दानव, राक्षस भन्नेहरु पनि मानिस नै हुन, आफ्नो स्वार्थमा मानव जाति प्रति अन्याय अत्याचार गर्ने शक्तिशाली व्यक्तिहरुनै दानवहरु र राक्षस हुन् । हिरण्यकश्यपलाई दानव भनिन्छ भने उनकै छोरा प्रल्हादलाई देवता नै मानिन्छ र प्रल्हादले पनि पछि जब "शील" छोडे उनको पनि पतन भएर गए । मानिसहरुले रावणलाई राक्षसको रुपमा सम्झन्छन् भने उसैको भाई विभीषणलाई राक्षसको रुपमा याद गर्दैनन् ।

नेपाल, काठमाण्डौ उपत्यकाको "बाला" नामको एउटा साधारण किसान, जो पहिले मुर्दा लास पोल्ने काम गर्थे, पछि "बाला राक्षस" भएर गए । कारण पछि उनले मानिस मारेर खान थालेका थिए । बुद्धको शिक्षा हो, मनले मानिसलाई बुद्ध बनाउन सक्छ अथवा मनले नै मानिसलाई पशु पनि बनाउन सक्छ ।" भगवान बुद्धको भनाई हो, **"भ्रमले गर्दा बाटो बिराए भने कुनै पनि व्यक्ति राक्षस हुन सक्छ । ज्ञान प्राप्त गऱ्यो भने बुद्ध हुन सक्तछ ।"**

श्री मद्भागवत दशम स्कन्दमा नारद ऋषिले त्यस बेलाको सामन्ती शोषक र अत्याचारीहरुलाई "दैत्य, प्रमथ र राक्षस भनेका छन् ।" यिनै राक्षसहरुबाट जनतालाई मुक्त गर्ने संघर्ष गरेर नै ग्वाला कृष्ण भगवान श्री कृष्ण बने । श्री कृष्णले जहिले पनि गरीब जनताको साथ दिए, श्री कृष्णले आफ्नो स्त्री रुकमणीलाई भनेका थिए, "अरुलाई मानिस नगन्ने ठूला-ठूला बलवानहरुसंग मेरो शत्रुता छ । म संग कुनै राजपाट छैन । म सधैंको अकिन्चन (गरीब)

हुं । म संग नकहिले केही थियो, न हुनेछ । यस्तै गरीबहरुसंग म प्यार गर्छु । उनीहरु पनि मलाई प्यार गर्छन । यसै कारण आफुलाई धनी सम्भनेहरु म संग प्रेम भाव राख्तैनन् । म स्त्री, सन्तान र धनको लोभी होइन ।" स्पष्टतः देव अथवा दानव मानिसको आफ्नो कार्यले बन्दछ । जसले जनता माथि शोषण दमन गरी जन जीवन बर्वाद गर्छन् उनीहरु दानव अथवा राक्षस हुन । मानिसलाई शोषण दमनबाट मुक्त गरी नयाँ समाजको श्रृजना गर्नु नै दैवी गुण हो । अस्तु ।

आज पनि विश्व-व्यापी रुपमा देवासूर संग्राम चलि राखेकै छ । यो नै आजको वर्ग संघर्ष हो । यस्तै संघर्षले यस संसारलाई बदल्ने छ । दानवहरु नेपाललाई नवउपनिवेशंवादमा बदल्ने तिर लागेका छन् भने देवता भनौ या मेहनतकश जनता यस देशलाई शोषण दमनबाट मुक्त गरी एउटा नयाँ समाजको सिर्जना गर्नमा लागेका छन् । यो संसार बुद्धले भने जस्तै बदल्नु छ र मार्क्सले भने जस्तै बदल्नु पर्छ र मनुष्यको प्रयासले यसलाई बदल्न सकिन्छ । यस्तो प्रयास नै बुद्धले सिकाएको सम्यक् व्यायाम अथवा सम्यक् प्रयास हो अर्थात सबैलाई एक बराबर ठानी गरिने प्रयास हो ।

**योगः–**

योगले यो विश्व ब्रह्माण्डको सृष्टिकर्ता अथवा मालिक ईश्वर हो भन्ने कुरालाई नकार्छ । यसले मानवको आत्मा विकासमा जोडदिन्छ । आत्माविकासमा जोडदिन्छ भनेर यो व्यक्तिवादी दर्शन होइन । यसले सम्पूर्ण मानवलाई आफु स्वयम् हुँ भन्ने सिकाउँछ र आफु र अरुको बीचको भेदभाव मेटाउँछ । "योग" बारे गौतम बुद्धको भनाई छ, "योग नजान्ने मानिसलाई बालक भनिन्छ, सबै योगलेपूर्ण मानसिलाई योगक्षेमी भनिन्छ ।"

आजको योगको महत्वलाई द्वन्द्वात्मक भौतिकवादले पनि

सकारात्मक रुपले चर्चा गर्न लागेको छ । सोभियत संघको दार्शनिक र द्वन्द्वात्मक भौतिकवादको आम समस्याको बारेको विभागका निर्देशक श्री अलेक्जेण्डर स्पिरिकिनले “द्वन्द्वात्मक भौतिकवाद” नामक पुस्तकको अन्तिम अध्यायमा यसबारे खास गरेर ‘प्राचीन पूर्वीय (Orient) देशहरुले मानिस र प्रकृतिको पूर्णरुपले मिलाउने चरित्र राख्दछ, अहम् भन्ने भावलाई खतम गरी “निर्वाण” मा जोड दिन्छ भन्नु भएकोछ । “पाश्चात्य मन, जसले विश्लेषणमा प्रवल रुपले जोड दिन्छ र जसले यसैकारण सम्पूर्ण कुराहरु वैज्ञानिक चक्कुले विभिन्न भागमा चिरफार गरेर हेर्ने गर्छ, यो पाश्चात्यमनलाई ओरेण्ट (पूर्व) को बिना विश्लेषण, बिना तर्क सत्य पत्ता लागाउने र समाकलन गर्ने मानसिक शक्ति र यसको गर्भ भित्र रहेको सत्य र ज्ञानले अझ समुन्नत गर्न सकिनेछ । यो फाइदाजनक तथा शायद नभईनहुने संश्लेषणले विश्व संस्कृतिको उन्नति हुनेछ । स्पिरिकिन भन्नु हुन्छ, “प्राचीन भारतका ऋषिहरुले मानव शरिरको अंगहरु र विश्व ब्रह्माण्डको बीचको आश्चार्य जनक तरिकाले सुक्ष्म र गुहय मनोवैज्ञानिक-जैवीय शारीरिक सम्बन्ध पत्ता लगाए । तिनीहरुलाई त्यस्ता धेरै कुराहरु थाहा छ जो आजकलको पाश्चात्य वैज्ञानिक विचारको परिधिबाट धेरै टाढा छ र पाश्चात्य विद्वानहरु पूर्वीय (Orient) ज्ञानलाई रहस्यमय ठानेर छोडिदिने गर्छन् ।

योगको माने जोडनु हो । प्रकृतिसंग आफूलाई जोडनु, कुनै मानिसको आत्मा र आफ्नो आत्मा एउटै हो भन्ने भावनाले ओतप्रोत हुनु ।

योगका विभिन्न अङ्गहरु छन् । योगासन जस्तो शारीरिक ब्यायाम, जसले शरिरलाई स्वास्थ राख्नको साथै मानसिक शक्ति पनि बढाउँछ, मानिसको आयुलाई समेत प्रभाव पार्दछ, प्राणायाम जसले फोक्सो मात्र सफा राख्ने मात्र नभई कुण्डलिनी शक्ति समेत जाग्रत गर्दछ र ध्यान जसले मानसिक शक्तिलाई बढाउँछ, मनलाई सुसंत्कृत पार्दछ,

मानसिक स्वास्थता प्राप्त गराउँछ ।

ध्यान पनि विभिन्न प्रकारका छन् । मुख्यतया मनलाई एकचित्त गर्नु नै ध्यान हो । ध्यान बारे बुद्धको शिक्षाको लक्ष्य हो पूर्णमानसिक स्वास्थता, स्थिरता र शान्ति प्राप्त गर्नु । यसले मानसिक क्लेश र भ्रान्ति हटाउँछ । अरु प्रति घृणा, दुर्भावना, अकर्मण्यता, चिन्ता र चित्त भ्रान्ति तथा काम वासना इत्यादि माथि नियन्तण राख्नु र अफाल्न समेत यो सक्षम छ ।

एक प्रकारको ध्यान जो बुद्धकाल भन्दा पहिले देखि चलेर आएको छ, ले चित्तलाई एकाग्र पारी समाधिमा बस्ने कार्य गराउँछ । बुद्धले यसलाई नकारेतापनि बुद्ध यत्तिले संतोष भएनन् र विपश्यना ध्यानको तरीका निकाले । यसले प्रकृतिकको भित्री तहसम्म हेर्ने र मनलाई पूर्णरुपले स्वतन्त्र गरी सत्यको खोजी गर्न प्रेरित गर्छ ।

ध्यान भन्नाले ईश्वरकै ध्यान नभई आफ्नै श्वास प्रश्वासको पनि ध्यान गरिन्छ । यता उता भौतिरिने मनलाई एक चित्तमा ल्याउने काम गर्छ । यस्तै अनेकौं समस्याहरुबारेको एकाग्रता पनि ध्यानको अर्को रुप हो । यी सबै कुराहरु यहाँ उल्लेख गरेर साध्य छैन ।

तर अन्तिम रुपले अरु र आफु एउटै हो भन्ने भावना जगाउनकै निमित्त मानिसहरु योगको आश्रय लिन पुग्छन । यो ज्ञान योग हो भने, सबैको कल्याण हुने कार्यमा निरन्तर लाग्नु भक्ति योग हो अनि निःस्वार्थ भावले आफ्नो फाइदा हुन्छ, हुन्न भन्ने कुरोको ख्याल नगरी सम्पूर्ण मानवको कल्याण कार्यलाई व्यवहारिक रुप दिनु कर्म योग हो ।

बुद्धले भनेको सम्यक् सम्बोधि ज्ञान यँही हो । सबैलाई एक बराबर सम्झनु र यसलाई व्यवहारिक रुप दिनु नै भक्ति योग र कर्म योग हो । यी तीन ३ वटै योग पूर्ण भएर नै मानिस योगक्षेमी बन्दछ ।

योगको मूल सार मानवतावाद हो भन्ने कुरो श्री कृष्णद्वारा प्रतिपादित गीताको चर्चा गर्दा माथि नै उल्लेख भइसकेको छ ।

सामन्ती शोषकहरु श्री कृष्णलाई मानवताबाट अलग गर्न कृष्णले आफुलाई ब्यक्तिगत रुपले पूँजा गर र मेरो शरणमा आऊ भनेका हुन् भन्ने अर्थ लगाउँछन् । तर श्री मद्भागवतले स्पष्ट गर्दछ, श्री कृष्णको सरोकार आफू होइन, मानवता हो ।

यसको मतलब यो होइन कि शोषकहरुलाई पनि मानिस नै ठानौं । श्रीमद्भागवतको शब्दमा शोषक र अत्याचारीहरु नै यो संसारमा दैत्य, राक्षस र प्रमथ हुन् यसकै निम्ति यस्ता दैत्यहरुको विरोधमा खडा भई शोषित पीडत जनताको जीवनमा परिवर्तन ल्याउनु, सामाजिक परिवर्तन द्वारा सम्पूर्ण जनताको जीवन सुखी, सम्पन्न र सुनिश्चित गर्ने क्रान्तिकारी कार्यमा निःस्वार्थ भावले लाग्नु नै कर्मयोग हो । यस्तै योगमा श्री कृष्ण तथा गौतम बुद्धले जोड दिएका हुन् । योगको महत्व ब्यक्तिगत सुखको निम्ति नभै सम्पूर्ण मानवको सुख शान्तिको निम्ति हो । आफ्नै सुख ऐश्वर्यको निम्ति मात्र गरिने योग कहिल्यै सिद्ध हुदैन । यस्ता आडम्बरीहरु ब्रह्म राक्षस बन्दछन् ।

## बुद्धको कर्मवादः-

आजको मिलावटको जमानामा बुद्धको शिक्षामा पनि सामन्ती तथा पूँजीवादी पण्डितहरुले मिलावट गरेको बुझिन्छ । यी पण्डितहरुले बुद्धको कर्मवादलाई यसै जन्मको कर्ममा सीमित नराखी पूर्व-जन्मको कर्ममा पुऱ्याई दिएका छन् । उनीहरुको भनाई छ मानिसको सुख, दुःख, धन, ऐश्वर्य र गरीबी साथै मानिसको बुद्धिमान हुनु र मुर्ख हुनु इत्यादि कुरा पूर्व जन्मको कर्मको फल हो ।

मानिसहरुको दुःख, दरिद्रता के पूर्वजन्मकै फल हो त ? आज विभिन्न देशहरुमा स्थापित समाजवादी ब्यवस्थाले ब्यावहारिक रुपले

प्रमाणित गरेको छ कि मानिसको दुःख दरिद्रता, गरीबी इत्यादि यँही संसारमा चलेको शोषण र दमन ब्यवस्थाको फल हो । सम्पूर्ण काम गरी खाने साधन सामन्तहरु र पूँजीपति वर्गको हातमा छोडेर पनि नपुगि विदेशी पूँजी समेत भित्रयाएर साम्राज्यवादी तथा नवउपनिवेशवादीहरु द्वारा सम्पूर्ण राष्ट्रलाई नै शोषण गराएर उत्पन्न भएको दुःख र दरिद्रतालाई पूर्व जन्मको कर्म भनि दोष दिइन्छ भने यस्तो दोष दिने मानिसहरु यात मूर्ख हुन्, होइन भने यीनीहरु राष्ट्रिय तथा अन्तराष्ट्रिय शोषक र अत्याचारीहरुका दलालहरु हुन ।

भगवान बुद्ध आत्माको अस्तित्वलाई मान्दैनन् । जब आत्मा छैन भने यो शरिर खतम भएपछि अर्को जन्म कसरी हुन्छ ? भगवान बुद्धसंग जब सोधिए, “के उहि मानिसले अर्को जन्म लिन जाने हो ?” भगवान बुद्धले भने, “होइन” । भगवान बुद्ध त यँही शरिर पनि निरन्तर परिवर्तन भइरहेको देख्छन । जस्तो गङ्गाजीमा एकछिन अघिको पानी अहिले छैन । फेरि पनि गङ्गाजी गङ्गाजी नै हो । यो मानव जीवन पनि एउटा प्रवाह हो । हामी मरेर जान्छौंः हामी पछिका पुस्ताहरुले हाम्रो ठाउँ लिन्छन् । हामीले गरेर गएको कामको फल उनीहरुले भोग्छन् । हुन सक्छ हामीले गरेर गएको कामको फल हाम्रै पालोमा पनि मिलोस् । हामी आँपको रुख रोप्छौं । यसको फल हामीले अर्को जन्ममा पाउने होइनः कारण हामी एक त अर्को जन्म नै लिने छैनौं । मानौ कि अर्को जन्म लियो रे, के त्यो मानिस उही जन्मन आउछ ? त्यो आँपको फल ऊ जहाँ जन्मीयो उही पुग्ने हो कि ? होइन । फेरि किन आँपको रुख रोप्ने ? आँपको रुख हामीले नरोपे भावी सन्तानले खान पाउदैनन् । हामी रोप्छौं उनीहरु खान्छन । हामी राम्रो काम गरेर जान्छौं भावी सन्तानले यसको फल भोग्छन् । हामीले आफ्नो देशबन्दकी राखेर साम्राज्यवादीको हातमा बेचेर गयौं भने भावी सन्तानले भोकै मर्नु पर्नेछ । अथवा अर्कोको लात-जुत्ता खाएर बाँच्नु पर्ने हुन्छ । पूनर्जन्मको कल्पना

उल्टो बुद्धि भएकाहरु द्वारा निकालेको काल्पनिक सिद्धान्त हो भने कुरो सद्धर्म पुण्डरीक सूत्रको १५ औं अध्याय तथागतानुष्प्रमाण परिवर्तनले स्पष्ट गर्दछ (नेपाली संस्करण पन्ना १९५) स्पष्टतः बुद्धपूर्वजन्मको फल स्वरुप मानिसहरुको दुःख दरिद्रता हुन गएको हो भन्ने कुरा मान्दैनन् र आजको वैज्ञानिक युगमा मानिसहरुले यसको विश्वास पनि गर्दैनन् । आज अनेकौं बौद्धधर्मावलम्बी देशहरुमा चलेको भ्रष्टताले यो देखाउँछ कि आज उल्टोबुद्धी भएका मानिसहरुलाई अर्को जन्ममा दुःख भोग्नु पर्ला भन्ने डरले छुन सकेन । जेहोस, मनुष्य जीवन एउटा प्रवाह हो र मानिस सामाजिक प्राणी भएको हुदाँ हरेकले आफ्नो देश जनताको सुख समृद्धिको निम्ति काम गरेर, जानु पर्छ र जनताले कुकर्म नगरुन् भन्नको निम्ति अनुकुल स्थिति तयार गरेर जानु पर्छ ।

स्पष्टतः पूनर्जन्मको आशामा आज यो समाजमा भै रहेको शोषण दमनलाई सहेर बस्ने सवालै छैन । शोषण दमनलाई आफ्नो जीवन कालमा नै नष्ट गरी भावी पिढीको सुखमय जीवनको निम्ति भूमि तयार गरेर जानु हाम्रो कर्तव्य हो ।

मनुष्य जीवन मुश्किलले पाइन्छ । यस जीवनलाई खेर नफालौं । भाग्यको भरोसा नपरौं । ईश्वरको इच्छाले सबै कुरा हुन्छ भन्नेहरुको कुरा खण्डन गर्दै भगवानले बुद्ध भन्नु हुन्छ, "यसो भए, सर्वशक्तिमान ईश्वरकै इच्छाले मानिस ज्यानमारा, चोर, भष्ट, झुठा, लोभी, ईर्ष्यालु हुने भयो । यसरी सबै कुरा ईश्वरले गर्छन भन्ने हरुको निम्ति यो गर्नु हुन्छ, यो गर्नु हुन्न भन्ने कुरै रहेन ।"

पूर्व जन्मको कर्मको फल भन्ने कुरोलाई खण्डन गर्दै भगवान बुद्ध भन्नु हुन्छ, "यसरी हो भने पूर्व जन्मको कर्मले मान्छे ज्यानमारा, चोर, भ्रष्ट, झुठा, फटाहा, लोभी, ईर्ष्यालु हुन्छ भने यो काम गर्नु पर्छ, यो काम गर्नु हुदैन भनेर भन्ने कुनै जरुरत नै पर्दैन ।" (अङ्गुतर

निकायबाट) यदि पूर्वजन्मको कर्मको फल अनुसार मान्छेको अवस्था हुने भए मानिसले न वर्तमानलाई सुधार्न सक्नेछ, न भविष्य सुधार्न सक्नेछ । अनि ईश्वरले गरेर भएको भन्नु र कर्मले गरेर भएको भन्नुमा फरकै के रह्यो ?

"कर्म" को माने काम हो । कर्मको फल भनेको आफ्नै कामको फल हो, जुन फल आफुले अथवा भावी पिढीले भोग्ने गर्छन् । दुष्टहरुको क्रियाकलाप विरोध नगरी सहेर बस्दा उनीहरुको कर्मले गर्दा पनि मानिसहरुले दुःख भोग्नु पर्ने हुन्छ । शोषक र अत्याचारीहरुको शोषण-दमनले गर्दा आम जनताले दुःख, दरिद्रता भोग्नु पर्छ र उनीहरुको कर्तुतले कहीले काही राष्ट्र डुबेर जान्छ ।

यसै कारण शोषण-दमन अत्याचारको विरोध गरी यस्तो शोषण दमन र अत्याचारलाई निर्मूल पारेर शोषण दमनरहित नयाँ समाज निर्माण गर्नाले अथवा यस्तो सत्कर्म गर्नाले आफ्नो मात्र होइन पूरा मनुष्य समाजको नै सुखमय जीवनको निर्माण हुनेछ । आजको जमानामा मार्क्स-लेनिनहरुले गरेर गएका कर्मले गर्दा विश्वको एक-तिहाई भागमा शोषण-दमन रहितको समाज निर्माण भएर सम्पूर्ण जनताको निम्ति सुखमय जीवनको निर्माण भएको छ । अन्यत्र पनि साम्यवादीहरुको यँही प्रयास चालुछ र आम जनताले यस्तो सत्कार्यमा लागेर नै सम्पूर्ण मानवको जीवन सुखमय बनाउँन सकिनेछ । दुष्टहरुको दुष्टताको विरोध नगरी, यस माथि विजय प्राप्त नगरी त्यसै भाग्यका भरोसमा अथवा ईश्वरले गरी देलान् भन्ने अन्धविश्वासमा पर्दा मानिसको दुःख, दरिद्रता र उनीहरु माथि भईरहेको शोषण, दमन र अत्याचार मेटेर जाने छैन । जे हुन्छ मान्छेको "कर्म" अर्थात सत्कर्म-राम्रो काम गर्ने उद्देश्यले गरिएको कर्मले हुन्छ ।

बुद्धले हामीलाई ईश्वरको भरोसामा नबसी, पूर्व जन्मको फल

भन्ने आशामा नबसी सत्कर्म द्वारा विश्व-मानवको कल्याणमा निरन्तर लाग्ने शिक्षा दिएकाछन् । मीमांसाको कर्मवादले पनि ईश्वरको कल्पना नगरी सत्कर्ममा लाग्ने शिक्षा दिन्छ । झाड-झंखार फाडेर मात्र कहीं राम्रो बगैंचा बन्छ, यसैकारण दुष्टहरुको दुष्टतालाई समूल नष्ट गरेर नै एक सुन्दर भविष्यको निर्माण हुन्छ । यसै निम्ति जे "कर्म" गरौ आफ्नो सुख सुविधाको निम्ति होइन, सम्पूर्ण मानवको सुख-शान्तिको निम्ति गरौं । सम्पूर्ण मानवको सुन्दर भविष्य निर्माण गर्नको निम्ति गरौं । यही "कर्म" हो र यही "कर्म योग" हो ।

## ईश्वरको कल्पना र मानव समाजलाई यसको देनः-

सामन्ती शोषकहरुले काल्पनिक ईश्वरले सृष्टि गरी भौतिकवादीको विरोध गर्ने नाउँमा मानवतावाद माथि नै आघात पुऱ्याएको छ । सामन्तहरुले योगलाई समेत खण्ड विखण्ड गरी मानव समाजको विकासको निम्ति महत्वहीन बनाई दिएकोछ ।

ज्ञान योगको सट्टा उनीहरुले मानिसलाई झोली, तुम्बा र चिम्टा लिएर घरवार त्यागि जटा पालेर "जोगी" भएर जङ्गलवास गर्ने बाटो बताई दिएकोछ ।

अनि भक्ति योगद्वारा सम्पूर्ण मानवलाई म आफै हु भन्ने सम्झी उनीहरुको सुख-दुःखलाई आफ्नै दुःख-सुख सम्झि उनीहरुको दुःखलाई समूल नष्ट गर्ने, उनीहरु माथि भईरहेको अन्यायः अत्याचारको विरोध गर्ने, साधु (सज्जन मानिसहरु) को रक्षाको निम्ति दुष्टहरुको नाश गर्ने अथवा टक्कर लिने जस्ता काम गर्ने कुरो छोडि मानवतासंग सम्बन्ध नभएको एउटा काल्पनिक ईश्वरको सृष्टि गरी अथवा एउटा मूर्ति खडागरि भजन कीर्तन गर्ने कार्यमा सीमित गरिदिएको छ । उनीहरुको प्रचार छ कि यस कलि युगमा भजन कीर्तन नै सबभन्दा ठूलो धर्म हो । अनि मानिसहरुको सुख दुःखलाई

भगवानले नै यस्तो गरेको भनि नाना झुठा कुराहरु सिर्जना गरि प्रचार गरी मानिसहरुलाई यथास्थितिमा संतोष भएर बस्ने सिकाउने गर्दछन् । एक पटक स्वामी ईश्वरानन्दले "गीता" बारे प्रवचन गर्दा गर्दै रुखमा फर्सी नफलि लट्ठीमा फर्सी फलेको कथा भने स्वामीजीले भने, "एउटा मानिस आँपको रुख मूनि बसेर ईश्वरलाई विवेकहीन भनेर दोष दिदै थिए । संयोगले रुखबाट आँप खसि त्यो मान्छेको टाउकोमा पर्दा झसङ्ग भएर भने- "रुखमा फर्सी फलेको भए म मर्ने थिएँ ।" त्यसकारण संसारमा ईश्वरले जे जति गरि राखेको छ, ठीकै गरि राखेको रहेछ भनि ती मान्छेले भने । यहाँ अर्को एउटा कथा पनि प्रासंगिक हुन आउँछ ।

नारद ऋषि लोकको हित गरौं भनि हिडदाँ एउटा सुगुर भेटाए । सुगुरसंग स्वर्ग जान्छौ भनि सोध्दा सुगुरले स्वर्गमा बिस्टा खान पाइन्छ कि पाइन्न भनेर सोधेछ । नारदले त स्वर्गमा बिस्टा खान पाइदैन भन्दा सुगुरले त्यसो भएत म स्वर्ग जान्न भनेछ । यस्तो कथाहरु भनेर मानिसलाई आ-आफ्नो भाग्य अथवा स्थितिमा संतोष भएर बस्ने सिकाउने ठग पण्डितहरुले बनाएका धेरै कथा अथवा पुराणका टुक्काहरु छन् ।

यसरी सामन्ती पण्डितहरुको काम हो, मानिसहरुलाई अल्मलाएर शोषण र दमनपूर्ण व्यवस्थामा सधै भरि जाकि राख्नु । यसरी ईश्वरको कल्पना गरी भक्ति योगलाई नष्ट गर्ने कार्य ईश्वरवादीहरुले गरे ।

अब आयो कर्म योग । यो संसार झुठो हो पनि आफू माथिको शोषण दमनलाई आँखा चिम्लेर सही ईर्ष्यागर्नु हुन्न भनि शोषकहरु प्रति पनि भक्ति राखी जो पायो त्यसैमा संतोष भै नि:स्वार्थ भावले शोषकहरुको काम गर्नु नै सामन्ती पण्डितहरुले सिकाएको कर्म योग हो ।

सामन्तहरुलाई धार्मिक प्रचार त्यसबेला सम्म काम लाग्छ

जुन बेला सम्म यसले आम जनतालाई अन्धविश्वासमा फसाएर यथास्थितिवादलाई कायम राख्ने गर्दछ । उनीहरुको स्वार्थमा धक्का पुग्ने जस्तो देखे पछि उनीहरुले धर्म माथि पनि प्रहार गर्न थाल्दछन्। स्वामी ईश्वरानन्दले गीता भनुन्जेल राणाहरुलाई ठीक नै थियो, कारण वहाँ यस्तो विद्वान हुन् जसले गीताको शिक्षालाई उल्टो घुमाएर राख्न सक्तथे। काठमाण्डौ आउँदा वहाँको बासस्थान पाटन, ज्यावलाखेल दरवारको बङ्गलामा थियो र नाना मेवा मिष्ठानले सो बङ्गला भरिएको हुन्थ्यो र भक्तहरुको हुल त्यहाँ हुन्थ्यो । उही गीतालाई श्री शुक्रराज शास्त्रीले जब खोलेर मानवतावाद र मानव अधिकारलाई अगाडि राखे राणाहरुको निम्ति विष भयो। वहाँलाई ३ वर्षको कैद गरियो अनि पछि गएर शहीद नै बनाई दिए ।

स्पष्टतः सामन्ती कुअन्नमा पालिएका पण्डितहरु मान पाउँछन, कारण उनीहरुले जनतालाई अल्मलाएर यथास्थिति मा राख्ने काम गर्न सक्छन् ।

आजै यो लेख लेख्दा एउटा पण्डितको धार्मिक प्रवचन सुनियो । भन्नु हुन्छ, ईश्वरको भक्ति गरेमा सुख ऐश्वर्य आफ से आफ्नो छाया झै पछि लागरे आउँछ । यस्तै हो भने किसानहरुले खेती नगरी खेतको बीच भजन मण्डलीको प्रबन्ध गरोस् र ४-६ महिना पछि के के फलेर आउँछ हेरोस्। मजदुरहरुले मील नचलाई भजन गरुन सायद मील भगवानको इच्छाले आफै चलेर आउँनेछ।

स्पष्टतः ईश्वरको अविष्कार मानिसमा अन्ध विश्वास जगाउने एउटा साधन हो, ताकि मानिस माथिको शोषण दमन हुनु ईश्वरको इच्छा हो भनि समाज कुहिरहे पनि मानिस रमिता हेरिरहनु ।

## ईश्वरबारे महोपनिषदको भनाईः–

महोपनिषदको अध्याय ४ श्लोक ७४ ले भन्दछ, ईश्वर कल्पना भ्रम हो र यो भ्रान्तिमा आधारित छ ।

त्रिणाचिकादि योगान्ता ईश्वर भ्रान्तिमाश्रिताः ।

लोकायतादि साँख्या ते जीव बिभ्रान्तिमाश्रिताः ॥

महापनिषदको उही अध्याय ४ को श्लोक ७५ मा मानिसहरुले जीव र ईश्वरको विवादमा नरहि "ब्रह्म" तत्वको विचार गरियोस् भन्ने कुरोमा जोड दिइएको छ ।

ब्रह्मज्ञानले भने ईश्वरको सेवा गर्नुको सट्टा सम्पूर्ण मानवलाई समभावले हेरि सबैको दुःख सुखलाई आफ्नै दुःख सुख ठानि निःस्वार्थ भावले सबैको दुःख निवारण गर्ने कुरोमा जोड दिन्छ । ब्रह्मज्ञानोको अगाडि जातीय भेदभाव र ठूलो-सानो, मालिक-नोकर भन्ने भावना बिलाएर जान्छ ।

ईश्वरवाद र अनिश्वरवादमा हामी यो फरक पाउछौं कि ईश्वर वादीहरु कल्पनामा विश्वास राख्तछन् जब कि अनिश्वरवादीहरु हर कुराको पुर्पक्ष गरेर निचोड निकाल्छन् र विभिन्न समस्याहरुको समाधान गर्ने बाटो निकाल्छन् । ईश्वरवादीहरुले शोषण-दमनलाई भगवानले गरेको भनि सहेर बस्न सिकाउछन् भने अनिश्वरवादले यसको निराकरण गर्ने बाटो निकालछन् । ईश्वरवादले जगत मिथ्या भनि संसारबाट उदास भएर झोली, तुम्बा र चिम्टा लिएर जङ्गल भाग्ने कुरो सिकाउछन् र आफ्नो आमा-बुवा, छोरा-छोरी पनि मायाको जाल भनि वेवास्ता गर्ने कुरा सिकाउछन् भने अनिश्वर वादले संसारलाई सबै मानव जातिको भविष्य सुखमय बनाउने तिर जोड दिन्छ र मानिसले मानिसलाई माया गरि एक दोस्रोको सुख दुःखमा साथ दिएर उन्नति गर्ने मार्ग देखाउछ । स्पष्टतः ईश्वरवादले यथास्थितिवादमा जोड दिई भौतिक उन्नतिमा अवरोध गर्नको साथै मानिसहरु माथि भईरहेको शोषण-दमनबाट मुक्त हुने बाटो समेत रोकिदिने काम गरेको पाइन्छ । जब कि अनिश्वरवादले मानिसलाई प्रगति मार्ग देखाई रहेको पाइन्छ । आश्चार्य छैन कि कपिल मुनि

महर्षि, कणाद, जैमिनी ऋषि, श्री कृष्ण तथा बुद्ध जस्तो महा पुरुषहरुले ईश्वरवादमा होइन मानवतावाद नै विशेष जोड दिएको छ, मानवको हितमा काम गर्ने कुरोमा जोड दिएको पाइन्छ ।

## गौतम बुद्धको विश्वब्यापी अभियानः-

गौतम बुद्धले शोषक र अत्याचारी दानवहरुलाई हृद्य परिवर्तन गरी मानव बनाउने विश्वब्यापी आन्दोलन चलाए । कतिपय दानवहरु मानवमा बदलिए । दुष्ट राजा अशोक अशोक महान बने । डाका अंगुलीमाल अर्हत भिक्षु बने । राजनर्तकी आम्रपाली अर्हत भिक्षुणी बनिन् । अशोकले बुद्धलाई पूँजा गरेर बौद्धमार्गी बनेर अशोक महान बनेका होइनन्, बरु सम्पूर्ण मानव र अझ अगाडि बढी पशुपक्षीहरुको समेत समस्यालाई ख्याल राख्ने महान शासक बने । कतिपय राजाहरुले बुद्धकै प्रभावमा आफ्नो निजी सम्पति नजोड्ने कुरोमा विशेष ध्यान दिए । राजा नरेन्द्र देव जो बुद्ध धर्मबाट प्रभावित थिए, ले नै मच्छेन्द्रनाथलाई पाटनमा स्थापित गरेका थिए र उनी आफू मर्ने बेलामा छोरीहरुलाई केही दिने सम्पत्ति नहुंदा एउटी छोरीलाई प्रज्ञापारमिता नामक बौद्ध धर्मको पुस्तक र अर्कोलाई आफ्नो शिरपेच (जो त्यसबेला राजाबाट अर्को राजालाई जाने गर्दैनथ्यो) दिएर पठाए । मच्छेन्द्रनाथ बौद्ध र हिन्दुहरुको भेद मिटाउने साझा देवता हुन् । जे होस् बुद्धले राजाहरुलाई पनि आम जनताको निम्ति त्याग गर्न सिकाए । हुनत यो चलन हिन्दु धर्ममा राजयोगकै अङ्ग हो र राज योगीले धन-सम्पत्ति अथवा जहान-परिवार प्रति मोह नगरी, के आफ्नो परिवार छोरा-छोरी सम्पूर्ण जनतालाई नै समान दृष्टिले हेरि सबै प्रति उहि दया-माया र समान व्यवहार गर्ने गर्थे । सम्पूर्ण जनतालाई ईश्वरको रुपमा हेरि सबै संग आफू जस्तै व्यवहार गर्नु राजयोग हो ।

पाटनकै एउटा राजा र रानीबारेको चर्चा बराबरको सुनिन्छ कि रानीको न धेरै नोकर चाकर थिए, न गहना नै । पानी लिन जाने

कार्यदेखि लिएर राजाले लाउने कपडा बुन्ने कार्य सम्म रानीले आफै गर्थिन। मच्छेन्द्रनाथको जात्रामा आम जनताका आईमाईहरुले गहना लाएको देखेर रानीलाई पनि गहना लाउने मन लाग्यो। तर राजासंग रानीलाई गहना बनाई दिने पैसा थिएन। राजाले रानीलाई भने "हामी गहना लाउन सक्ने गरी धन कमाउन सक्तैनौं, सरकारी ढुकुटीको धन हाम्रो होइन, जनताको हो। यो धन हामीले आफ्नो लागि खर्च गर्नु पाप हो। हामीले पाई-पाईको हिसाब बुझाउनु पर्छ। जनतानै हाम्रो गहना हो।" त्यसैले गहना लाउने कुरा नगर भनि राजाले रानीको गहना लाउने कुरोको विरोध गरे। रानीले धेरै जिद्दी गर्दा जनताको रायले जनतासंग ६-६ चुन्दाम (१ पैसाको ४ भागको १ भाग) चन्दा उठाएर गहना बनाई दिए। तर जुन रानी पहिले भण्डारखालमा पानी लिन जादाँ कमलमा टेकेर जान्थिन, गहना लाएर गएको दिन रानी पानीमा लडिन्। राजाले पछि रानीलाई सम्झाए "मैले तिमीलाई गहना नलगाउनु भनेको थिएँ तिमीले नमानिकन गहना लगायौं। यसले गर्दा तिम्रो सिद्धि नाश भयो, मेरो पनि यो सिद्धिमा आँच आउँन थालेको छ।" राजाको यो कुरा सुनेर रानीले गहना उतारि दिइन्। यो हो राजयोग अथवा बुद्धको उपदेशको राजाहरु माथिको प्रभाव यस्तै जनताको कुरा लिउँ एउटा सिकर्मी मैले आफ्नै घरमा राखेको थिए। यो विशेष अनुभवको कुरो हो कि अन्य सिकर्मीहरु टाक-टुक गरी समय बर्वाद गर्थे। तर त्यो सिकर्मीले दिन भर यसरी मेहनत गऱ्यो कि एक सेकेन्ड पनि खेर फालेन। मलाई आश्चर्य लाग्यो र सोधे। "तपाईले त एक मिनेट पनि समय खेर नफालि काम गर्नु भयो।" सिकर्मीले भन्यो मैले ज्याला लिएर काम गरेपछि समय खेर फालेर यो ज्याला कसरी पच्ला ?" सिकर्मी पाटन नःबहालको एक बैद्ध धर्मालम्बी थियो।

बुद्धले दिएको यो भावना आज प्रायः लोप भइसक्यो। आज भताभुङ्ग देशको लथालिङ्ग चाला छ। अस्तु !

गौतम बुद्धको धर्म राजनीतिबाट अलग होइन र राजनीतिक व्यवस्थालाई ठीक नगरीकन कुनै धर्मले सही मार्ग पक्रन सक्तैन भन्ने कुरो बुद्धकै राजनीतिबारे शासक वर्गको कर्तब्य बारेको उपदेशले स्पष्ट गर्दछ । शासकहरुलाई बुद्धले उपदेश दिएका छन् ।

“कुनै पनि शासकले आफ्नो देश माथि शासन गर्ने सर्वोत्तम मार्ग सबभन्दा पहिले आफू माथि शासन गर्नु हो । शासकले आफ्नो प्रजाहरुका समक्ष करुणा भरिएको मन लिएर आउनु पर्छ ।”

“जब सम्म निर्धन ब्यक्तिहरुको निम्ति भण्डार खोलिन्न र वास्तवमा जब सम्म प्रजा शान्ति पूर्वक बस्न पाउन्नन् तब सम्म उनको शासनलाई उत्कृष्ट भन्न सकिन्न ।”

“रोषमा आएर होइन, बरु सहानुभूतिपूर्वक निर्णय दिनु पर्दछ । अपराधीको विरुद्ध होइन, अपराधको विरुद्ध दण्ड दिनु पर्दछ ।”

“यदि राज्यको कुनै महत्पूर्ण मन्त्रीले आफ्नो कर्तब्यप्रति ध्यान दिदैन भने, आफ्नै लाभका निम्ति काम गर्दछ अथवा घुस खान्छ भने त्यसले जनताको नैतिकतामा छिटो पतन ल्याउनेछ, मानिसहरुले परस्पर ठग्ने छन्, बलियाले निर्धन माथि आक्रमण गर्ने छन्, साधारण ब्यक्तिहरु माथि दुब्यवहार गरिने छ ।”

“यस्तो स्थितिमा राजभक्त मन्त्रीहरु जनसेवाबाट अवकाश लिदै जाने छन्, बुद्धिमान ब्यक्तिहरु जटिलताको त्रासले चुप लागेर बस्नेछन्, चाटुकारहरु मात्र सरकारी पदमा बस्नेछन् । सरकारी शक्ति निष्क्रिय हुनेछ ।”

आज नेपालमा बुद्धको यो भनाईसंग मिल्ने अवगुणहरु मात्र होइन श्री मद्भागवतमा वर्णन गरिएको “कलियुग” को सम्पूर्ण लक्षणहरु राम्ररी नै हुर्किसकेका छन् ।

यो सबै कसको देन हो ? हिन्दु राष्ट्र भनिएको यो नेपाल, बुद्ध

देश यो नेपालमा आज न बुद्धको उपदेशसंगै मतलब छ, नत मनु महाराजको मनुस्मृतिको भनाईसगै मतलब छ। मनुस्मृतिको भनाई हो कुनै देशमा "कलि" आउँछ अथवा "सत्य युग" हुन्छ भन्ने कुरो शासन ब्यवस्थामा नै निर्भर गर्दछ। स्वतः एक सवाल उठछ, आज नेपालमा व्याप्त दुःख, दरिद्रता, अत्याचार, अनाचार र भष्टाचारको मुल जिम्मेवार आजको शासक वर्ग सिवाय अरु को हुन सक्छन् । बुद्धले चिनाएका राजनीतिक दुर्ब्यवस्था अन्तर्गत हुने सम्पूर्ण दुर्गुणहरु आज नेपालमा छयाप् छयाप्ती फैलिएका छन् । यहाँ घुसखोरी, भष्टाचार, अनैतिकता ब्याप्त छ । मानिसहरुले परस्पर ठग्नु नै इज्जतका साथ जिउने कमाउने बाटो भएको छ। धनीले निर्धन माथि आक्रमण गरेको गर्‍यै छ। चाटुकारिता हाम्रो राष्ट्रिय संस्कृति भइसकेको छ। युवकहरु-तास्, जुवा, रक्सी, भिडियो, चरेश, स्म्याकमा मस्त हुने चलनले ब्यापकता लिदै गइरहेकोछ । क्यारेम बोर्डको खेल सम्म पनि मनोरञ्जनको निम्ति खेल्ने सट्टा जुवा खायल झै मूल सडकमा बसी रुपैयाँ पैसा हालेर खेल्ने खेलमा परिणत भएको छ। मूर्ति चोरी गरेर धन कमाउनु इज्जतको बाटो भएको छ।

बुद्धको परम ज्ञान, परम शिक्षालाई आजको सामन्ती र पूँजीवादी ब्यवस्थाले कुल्चिदिएको छ । स्पष्टतः कुनै पनि धर्म, कुनै पनि ज्ञानले, जबसम्म समाजलाई बदल्न सकिन्न व्यावहारिक रुप लिन सक्तैन। कुनै पनि देशमा जुन प्रकारको राजनीतिक ब्यवस्था हुन्छ, त्यहाँ उस्तै प्रकारको आर्थिक ब्यवस्था हुन्छ, जुनप्रकारको राजनीति र अर्थ ब्यवस्था हुन्छ, उस्तै प्रकारको समाज र संस्कृति हुन्छ । धर्म संस्कृति कै एक मूल अङ्ग भएको हुदाँ कुनै देशमा जब सम्म देशको मालिकको रुपमा राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा जनता स्थापना हुन सक्तैन त्यसबेला सम्म आम जनताको हित हुने धर्म र संस्कृतिले व्यावहारिक रुप लिन सक्तैन।

बुद्ध धर्मले धर्मको क्षेत्रमा साम्यवादलाई नै प्रतिनिधित्व गर्दछ।

यसै निम्ति सामन्ती अथवा पूँजीवादी राजनीति अन्तर्गत अन्य धर्म झै बुद्ध धर्म पनि सही किसिमले व्यवहारमा आउन सक्तैन र बुद्ध धर्म बुद्धको पूँजा र बुद्धको भजन कीर्तन, अष्टमी ब्रत जस्ता औपचारिक व्यवहारमा नै सीमित हुन जानु स्वाभाविक हो ।

यही कुरो बुद्ध धर्ममा मात्र होइन सम्पूर्ण अन्य धर्ममा पनि लागु हुन्छ । "सबै धर्म राजनीति प्रविष्टाः भन्ने कुरोमा कुनै शंका छैन । सम्पूर्ण धर्म राजनीतिमा घुसेका हुन्छन् अर्थात राजनीतिले नियन्त्रण गरेको हुन्छ ।

बुद्ध धर्म जसै प्रचार हुदै गयो दासहरु पनि भिक्षु हुन थाले । यदि निर्वाण भन्ने कुनै कुरो छ भने निर्वाण हुने अधिकार सबैलाई छ र हुनै पर्छ । दासहरुलाई पनि यसै निम्ति भिक्षु हुने अधिकार हुनै पर्छ । सम्यक् ज्ञान, सम्यक् विचार इत्यादिले यही कुरो भन्छ तर त्यसबेलाको दास समाजमा दासका मालिकहरुलाई यो कुरो सह्य भएन । त्यसबेलाको शासक वर्ग (दासका मालिकहरु) ले दासहरुलाई भिक्षु बनाउने कुरोको विरोधमा आवाज उठाउन थाले । बुद्धले बाध्य भएर भन्नु पऱ्यो, अब देखि दासहरुलाई भिक्षु नबनाउनु ।

यस्तै सिपाहीहरुलाई भिक्षु बनाउने कुरोमा राजा बिम्बिसारबाट विरोध भयो । सम्यक् ज्ञान, सम्यक् विचार लिएर सबै बराबर र एक भन्ने सिपाहीले त्यसबेलाको अर्धदास समाज र अर्ध सामन्ती समाजको रक्षा गर्न सक्तैन भन्ने कुरो स्पष्ट छ । यही कारणले राजा बिम्बिसार र उनको भारदारहरुले यसको विरोध गर्न थाले । अनि भगवान बुद्धले भन्नु पऱ्यो । "अब देखि सिपाहीहरुलाई भिक्षु नबनाउनु ।

सम्यक् ज्ञान, सम्यक् विचार इत्यादिले न दास समाजमा व्यवहारिक रुप लिन सक्यो, न सामन्ती समाजमा, नत पूँजीवादी समाजमा, नै यस कुरोले सहि किसिमले व्यावहारिक रुप लिन सक्छ । साम्यवादी राजनीति, साम्यवादी अर्थव्यवस्था अन्तर्गत नै

साम्यवादी विचार अनुकुलको सम्यक् ज्ञान, सम्यक् विचार इत्यादिले व्यावहारिक रुप लिन सक्नेछ ।

आज श्रीलंङ्का र थाइलैण्ड बुद्ध धर्मप्रधान देश हुन् । थाइलैण्डका राजा स्वयम बुद्धधर्मको अनुयायी हुन् । फेरि पनि त्यहाँका जनतामा दुःख व्याप्त छ । भगवान बुद्धले चोरी नगर्नु भन्ने उपदेश दिएकाछन तर त्यो देश चोरी भष्टाचारको कुरामा नेपाल भन्दा धेरै अघि छ । भगवान बुद्धले सदाचारमा जोड दिएका छन् तर त्यहाँ नैतिकता ह्रासले हद नाघि सकेको छ । महिलाहरुले आफ्नो नैतिकता बेचेर जिउनु परेको छ ।

मार्क्सले एक ठाउँमा भनेका छन् "मानिसको चेतनाले समाजलाई निर्धारित गर्दैन, बरु सामाजिक स्थितिले नै मानिसको चेतनालाई निर्धारित गर्दछ ।"

स्पष्टतः त्यँहाको जनतामा यो अनैतिकता जीवन बिताउनु पर्ने बाध्यता र उनीहरुको यो कलुषित मनलाई उब्जाउने श्रोत त्यहाँको नव-उपनिवेशवादी सामाजिक स्थिति हो । त्यहाँका शासक वर्गले जनता माथि लादेको जन-विरोधी राजनीति तथा अर्थनीति नै त्यहाँको यो भ्रष्ट संस्कृति, चाल चलन र मनोवृत्तिको स्रोत हो ।

## उत्कृष्ट राज्य स्थापनाको निम्ति सामाजिक परिवर्तनको आवश्यकताः–

बुद्धले राजाको कर्तब्यबारे भने, "जब सम्म निर्धन ब्यक्तिहरुको निम्ति भण्डार खोलिदैन र वास्तवमा जबसम्म प्रजा शान्तिपूर्वक बस्न पाउँदैनन्, तबसम्म उनको शासनलाई उत्कृष्ट भन्न सकिन्न ।"

निर्धन जनताको निम्ति भण्डार खोल्नुको मतलब के ढुकुटी खोलेर जनतालाई लुट गर्न दिनु हो ? होइन, मतलब हो सरकारी

ढुकुटीको, धनले सम्पूर्ण जनताको जीवन सुरक्षित गर्नु ताकि कुनै हालतमा पनि त्यस देशका जनताले दुख पाउनु नपरोस् ।

आजको जमानामा यो कुरो समाजवादी मुलुकहरुमा मात्र पाइन्छ । समाजवादी सोभियत संघ (जसलाई हामी रुस भन्ने गर्छौं) मा आज सम्पूर्ण जनताको जीवन सुरक्षित छ । देशका सम्पूर्ण बुढाहरुले ६० वर्ष लागेपछि भत्ता पाउँछन् भने तमाम बुढीहरुले ५५ वर्ष लागेपछि भत्ता पाउँछन् । छोरा-छोरी नभएका अथवा छोरा-छोरीसंग बस्न नसक्नेहरुलाई वृद्धाहरुको निम्ति सुविधा युक्त घरहरु बनाई दिएका छन् जहाँ उनीहरुको सम्पूर्ण रुपले हेरचाह हुन्छ । लुला-लङ्गडालाई भत्ता, सुत्केरीहरुलाई सुत्केरी भत्ता, गर्भवतीहरुलाई दुध, फल-फुल र चाहिने औषधीको प्रबन्ध, बिरामीहरुलाई बिरामी-भत्ता औषधी-उपचार शिक्षा र विद्यार्थीहरुको निशुल्क पढाईको निम्ति चाहिने सबै कुराहरुको प्रबन्ध, अझ सम्पूर्ण विद्यार्थीहरुलाई भत्ताको अतिरिक्त दिउँसोको खाना (Lunch) निःशुल्क र काम गर्न सक्ने सबैलाई कामको ग्यारन्टी समेत दिइन्छ ।

यस्तो व्यवस्था समाजवादी देशहरुमा  बाहेक अन्य कुनै मुलुकमा पाइदैन् । जहाँ साम्यवादी देशहरु (कम्युनिष्ट देशहरु) मा सम्पूर्ण जनताको जीवन यसरी सुनिश्चित पारिदिएको छ, शासक वर्ग तथा पार्टी नेताहरुको तलब एउटा कुशल मजदुरको भन्दा बढी हुदैन । उनीहरु आफ्नो धन जम्मा गर्ने अथवा बँगला बनाउने तिर लाग्दैनन् । न्याय, इन्साफमा उनीहरुको निम्ति परिवार र साधारण जनतामा केही भेदभाव गर्ने गुन्जायसै छैन । कसैले गर्छ भने उसको खैरियत हुदैन । यस कडाईलाई लिएर प्रतिक्रियावादीहरुको प्रचार छ कि सोभियत संघमा त हुकूमशाही छ । हो त्यहाँ हुकुमशाही छ, जनताको हुकूमशाही शोसक, अत्याचारी प्रतिक्रिवादीहरु माथि, जनता माथि, शोसकहरुको हुकूमशाही होइन ।

साच्चै भन्ने हो भने बुद्धको शिक्षा अथवा राजयोगको व्यावहारिक रुप सोभियत संघ र अन्य समाजवादी मुलुकहरुमा नै पाउँछौं । उनीहरु अवश्य बौद्ध मतालम्बी अथवा हिन्दु धर्मावलम्बी होइनन् । उनीहरुलाई धर्मको आवश्यकता नै पर्दैन । उनीहरु धर्म भन्दा माथि उठेका मार्क्सवादी दर्शन-द्वन्द्वात्मक भौतिकवादी दर्शनबाट मार्गदर्शित ब्यक्तिहरु हुन् । आजको बेला विज्ञानमा आधारित द्वन्द्वात्मक भौतिकवादी दर्शन सर्वोच्च उत्कृष्ट दर्शनको रुपमा देखा परेको छ । पुराना दर्शनहरुलाई छानबिन गरी मानव जातिको निम्ति उपयोगी कुराहरुलाई मार्क्सवादी दर्शनले नकार्दैन । लेनिनको भनाई हो "मानव जातिको हजारौं वर्षको अनुभवलाई खेर नफाल, वैज्ञानिक विश्लेषण गरी उपयोगी कुराहरु ग्रहण गर ।" अस्तु !

वैज्ञानिक समाजवादी समाज नै यस्तो समाज हो जहाँ बुद्धको आकाक्षां, कृष्णको आकांक्षाले ब्यवहारिक रुप लिन्छ र समाजवादी ब्यवस्था स्थापना गरेर नै देशको उत्तरोत्तर विकास गर्दै सम्पूर्ण जनताको जीवन सुखी सम्पन्न र सुनिश्चित गर्न सक्छि ।

हाम्रो जस्तो पिछडिएको देशको निम्ति राष्ट्रिय प्रजातन्त्र समाजवादमा जाने पहिलो खुडकिलो हो ।

एउटा नयाँ प्रस्थापना सुनिन्छ कि "व्यवस्था साधान हो । जनताको सुख समृद्धि साध्य हो । निश्चय । हाम्रो लक्ष्य जेट विमान बनाउने हो भने कुमालेको घट्ट अथवा नकर्मीको ज्यासललाई साधन बनाएर काम चर्ल्दैन । जेट विमान बनाउनलाई त्यस्तै साधान चाहिन्छ । जनताको सुख समृद्धिको निम्ति पनि यो "निर्दलीय पञ्चायती" व्यवस्थालाई सधान बनाएर पुर्ग्दैन । साधान चाहिएकोछ । देशको जनताले मालिकको रुपमा जनताद्वारा संचालित हुने "राष्ट्रिय प्रजातन्त्र" जुन साधान अन्तर्गत देशका सम्पूर्ण जनता राजनीतिक तथा आर्थिक क्षेत्रमा मालिक भएर जनताको राज, जनताको निम्ति, जनताद्वारा भन्ने सिद्धान्तले व्यावहारिक रुप लिन सकोस् ।

यस्तो ब्यावस्थालाई साधान बनाएर नै हामीले देशको सम्पूर्ण जनताको जीवन सुखी, सम्पन्न र सुनिश्चित बनाउँदै समाजवाद तिर लम्कन सक्नेछौं। एउटा इन्जिनीयर जतिसुकै कुशल र इमान्दार भएपनि एउटा नकर्मीको ज्यासललाई साधन बनाएर जेट विमान बनाउन सक्तैन। उस्तै शासक वर्गको कुशलता र इमान्दारीले मात्र मध्यकालीन युगको निर्दलीय व्यवस्थाको अन्तरगत देश र जनताको भविष्य बन्न सक्ने छैन।

यसकारण आज आवश्यकता छ, सामाजिक परिवर्तनको र यस व्यवस्थालाई परिवर्तन गरी त्यस ठाउँमा जनवादी व्यवस्था स्थापनाको । यसरी नै बुद्धको शिक्षाले सार्थक रुप लिनेछ । देशमा सामाजिक परिवर्तन नल्याएसम्म र यसै अनुरुपको समाजवाद तिर जाने पहिलो खुडकिलोको रुपमा राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था स्थापना नभए सम्म सम्पूर्ण शासक वर्ग नै श्रीलंका, थाइलैण्ड इत्यादि देशहरुमा झै बौद्ध मार्गी भएर पनि जनताको जीवन सुखी सम्पन्न हुन सक्ने छैन, नत जनताले शान्तिपूर्ण जीवन बिताउन पाउने छ। यो कुरो ती देशहरुको आजको स्थिति हेर्दा व्यावहारिक रुपले प्रमाणित भएको कुरा स्पष्ट हुन आउँछ।

तर सामन्ती शासक वर्ग अक्सर सोच्छन् कि पुरानो खालको निर्दलीय व्यवस्था नै सबभन्दा उपयुक्त व्यवस्था हो उनीहरु पञ्चायत व्यवस्था नै पुरानो शाश्वत व्यवस्था भन्ठान्छन्।

बुद्धको एक शिक्षाप्रद भनाइ छ "संसारमा हर चीज परिवर्तनशील छ। परिवर्तनबाट कुनै पनि वस्तु मुक्त छैन। हर चीजको उत्पति हुन्छ। अन्त्य पनि" यस कुरोमा कार्लमार्क्सले एक नयाँ आयम थपेर भनेका छन्, 'हर चीजको उत्पति, विकास र अन्त क्रमैसंग हुन्छ।" मानिस जन्मछ र मर्छ मात्र होइन, मानिस जन्मछ अनि विकास हुन्छ र पछि बुढो भएर मर्छ पनि। जन्म र मृत्युको बीचमा विकासको अवधि मार्क्सवादी दर्शनले देखाएको एक नयाँ आयाम हो।

यो विश्व ब्रह्माण्डको उत्पति कसरी भयो सम्बन्धमा हामीले सबै कुराहरु कसरी परिवर्तन भएर गइरहेको भन्ने हेऱ्यौं । यस्तै मनुष्य समाज पनि परिवर्तनशील छ र यसलाई कसैले रोक्न सक्ने छैन भन्ने कुरो विश्व-इतिहासले प्रमाणित गरेकोछ । यस परिवर्तनलाई रोक्न चाहनु नै प्रतिक्रियावादको लक्षण हो र प्रतिक्रियावादीहरुले रोक्न कोशिस गर्दा गर्दै पनि जब परिवर्तन हुन्छ ती प्रतिक्रियावादीहरु पनि परिवर्तनको भेलमा बगेर कहाँ पुग्छन् । परिवर्तनशील संसारमा साथ दिन सक्नु नै प्रगतिशीलताको चिन्ह हो र प्रतिक्रियावादीको विरोध गरि प्रगतिशीलताको साथ दिनु नै मानिसको बुद्धिमानी हो ।

मनुष्य समाज पनि परिवर्तन भइरहन्छ, यो परिवर्तन घुमी फिरिकन उहीं आउने सट्टा समाजलाई विकास गर्दै परिवर्तन भईरहेको हुन्छ । शुरुमा मनुष्य समाज एउटा साम्यवादी समाज थियो जसलाई आदिम साम्यवादी समाज भनिन्छ । यो समाज बदलिएर दास समाज बन्यो । दास समाज एक समय सम्म उन्नत रहे, पछि यसको ठाउँ सामन्ती समाजले लियो नेपालमा आज सामन्ती समाजले अन्तिम सास लिइरहेको छ आज व्यवस्थाले ल्याएको बर्बादीले यो निबिवाद सत्य सावित भइसकेको छ कि यो व्यवस्था नेपाल र नेपाली जनताको निम्ति अफाप सिद्ध छ । यसको ३ वटा विकल्प हाम्रो सामु छ । (क) पूँजीवादी ब्यवस्था (ख) नव-उपनिवेशवादी ब्यवस्था (ग) समाजवादोन्मुख राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था । यहाँ नेपालमा पूँजीवादी ब्यवस्था सफल हुने छैन र पूँजीवादको नाउँमा यस व्यावस्थाले नव-उपनिवेशवाद तिर जान करै लाग्छ । आज पञ्चायत व्यवस्थाले लिएको नव-उपनिवेशवादी चरित्रले गर्दा नै यो देश द्रतगतिले बर्बाद हुन लागेको हो । यसै निम्ति गौतम बुद्धको आकांक्षा र शिक्षा अनुरुप समस्त जनताको जीवन सुनिश्चित गरी शान्तिपूर्ण जीवन बिताउन दिन समाजवादोन्मुख राष्ट्रिय प्रजातान्त्रिक ब्यवस्था नै एक मात्र विकल्प हो । राष्ट्रिय

प्रजातन्त्रको बाटो गरेर मात्र नेपाल छिटै समाजवादमा पनि पुग्नेछ जहाँ पुगेर नै समस्त जनताको जीवन सुखी, सम्पन्न र सुनिश्चित हुन सक्नेछ ।

समाजवादी व्यवस्थालाई अँगालेर काम गर्ने राजनै उत्कृष्ट राज अथवा उत्कृष्ट राज्य व्यवस्था हो भन्ने कुरोमा कुनै शंका छैन ।

यस्तो व्यवस्था स्वतः आउने छैन, सम्पूर्ण जनताले एउटै उद्देश्य राखेर एक भएर काम गर्दा नै यस्तो उत्कृष्ट राज्यको स्थापना हुन सक्नेछ ।

## दुःखको मूल कारण र यसको निराकरणः–

बुद्धको उद्देश्य हो, “मनुष्यको दुःखको हेतु निश्चय पनि भौतिक शरिरको पिपासा एवं सांसारिक राग जनित मोहमा पाइन्छ ।” साथै बुद्धको भनाई हो “मनुष्यका सम्पूर्ण रागको जरामा बस्ने तृष्णालाई हटाइन सकियो भने रागको अन्त्य हुनेछ र दुःखबाट मुक्ति मिल्नेछ ।”

के यसको मतलब मानिसहरुले आफ्नो धन-सम्पति र बालबच्चा सबै त्यागेर बनवास जानु हो ? सच्चा त्याग संसारबाट भाग्नु होइन । बुद्धको एक प्रमुख शिष्य शारिपुत्रले भनेका छन् । ‘जङ्गलमा बसेर पनि कुनै मानिसको मन अपवित्र हुन सक्छ भने अर्को मानिस गाउँ घरमा बसेर गृहस्थ जीवन बिताएर पनि पवित्र हुन् सक्छन् । यी दुई मध्ये जङ्गलबासी साधु सन्यासी वा भिक्षु भन्दा गाउँ शहरमा गृहस्थ जीवन बिताउने मान्छेलाई धेरै उच्च मान्नु पर्छ ।” मानवको सेवा नगरी जङ्गलमा बसी आफ्नै सुख र मुक्ति खोज्छन् भने उसलाई बुद्धको शिष्य भन्न सकिन्न । बुद्ध मानिसहरुको जीवन सुखी भएको हेर्न चाहन्छन् र यसै निम्ति उनीहरुको सामाजिक र आर्थिक उन्नति पनि चाहन्छ ।

तर यो उन्नति अरु माथि शोषण-दमन गरेर होइन, भष्टाचार,

मूर्ति चोरी इत्यादि गरेर होइन, आफ्नो मेहनतले सत्कर्म गरेर सम्यक् आजीविका गरेर । यसै निम्ति बुद्धले भनेको त्याग, शारीरिक पिपासा र सांसारिक राग जनित मोह त्याग्ने कुरो घर-बार र धन सम्पत्ति त्याग्नु नभई अर्को माथि भइरहेको शोषण-दमनलाई त्याग्नु हो ।

हो आज हाम्रो देशमा व्याप्त दुःखको मूल कारण हाम्रो देशका शासक वर्ग र शोषक वर्ग तथा उनीहरुद्वारा भष्ट गरिएका उच्च पदाधिकारीहरुमा फैलिएको भौतिक शरिरको पिपासा एवं सांसारिक राग जनित मोहमा पाइन्छ । उनीहरुमा व्याप्त तृष्णा नै आजको देशको बर्बादीको मूल कारण हो । यदि उनीहरुले भौतिक शरिरको पिपासा एवं सांसारिक राग जनित मोह र तृष्णा छोडेर राजयोग अपनाएको खण्डमा हाम्रो देशमा फैलिएको भ्रष्टाचार, घूसखोरी, तस्करी, मूर्ति चोरी इत्यादि सबै कुरो स्वतः रोकिन जानेछ, देशमा विदेशी पूँजी ल्याएर शोषण गराउने र साम्राज्यवादी तथा नव-उपनिवेशवादी विदेशी पूँजीको भागिदार भएर देशको अर्थ व्यवस्था उनीहरुको हातमा सुम्पने कार्य बन्द हुनेछ र देशको आजको नव-उपनिवेशवादी राजनीतिक व्यवस्थाको अन्त भएर प्रजातान्त्रिक अधिकारहरु जनताले प्राप्त गर्ने छन् ।

तर आज हाम्रा कतिपय धर्म गुरुहरु स्वयं शरिरको पिपासा एवं सांसारिक राग जनित मोहमा फसेकाछन् । यही कारण हो ती धर्म गुरुहरु शोषक वर्ग तथा शासक वर्गको कुनै कुकर्मको विरोधमा एक शब्द बोल्न चाहदैनन् र सर्व साधारण जनता जसका दिनहरु भोक र प्यासले तडपेर बित्छन्, जसका बालबच्चालाई औषधी गर्न सकि रहेका हुर्दैनन्, स्कूल फीस जोड्न सकि रहेको हुर्दैन, यिनीहरुलाई सांसारिक राग जनित मोह छोड्ने उपदेश दिइन्छन् । कपाल दुखेको औषधी नाइटीमा लाई’ भने जस्तै रोग एउटा छ उपचार अर्को गरिन्छ ।

के संसारलाई छोडेर शरिरको पिपासा र राग छोड्ने नाउँमा भोकै मरेर जानाले बुद्धको उपदेश यो पूरा हुनेछ ? अथवा छोरा-छोरीलाई श्यालको मुखमा हालेर सांसारिक मोह टुटेको ठहरिने छ ? यदि यस्तो त्यागलाई नै शरिरको पिपासा र सांसारिक राग जनित मोह छुटयो भन्ठान्ने हो भने सिद्धार्थ गौतमले ६ वर्ष सम्म जीउ सुकाएर तपस्या गरी सकेपछि सुजातको हातबाट खीर खाने थिएनन्, बरु शरिरको पिपासा र सांसारिक राग र मोह छुटेका सिद्धार्थले त्यहीबेला देहत्याग गरेर जाने थिए। बालककालमा सिद्धार्थले देवदत्तद्वारा बाण प्रहार गरिएको हाँसलाई पनि शरिरको पिपासा एवं सांसारिक राग जनित मोहमा नलागी हाँस मरे के हुन्छ भनि छोडिदिने थिए । स्पष्टतः बुद्धले चाहेको बाटो शोषण-दमन अन्याय अत्याचारलाई सहेर शरिर सुकाएर बस्नु होइन । जुत्ताको समस्या सुल्झाउन खुट्टा काटेर पठाउने होइन ।

तर आजकल शोषकहरु र तिनीहरु द्वारा दिइने दानामा पालिएका धर्मगुरुहरु मजदुरहरुलाई भौतिक शरीरको पिपासा एवं सांसारिक राग जनित मोह छोड्ने र शोषकहरुले दिएकोमा संतोष मान्न र काम नपाए बेकारिले शरीर सुकाउनु र जीवन बिताउनु बुद्धको उपदेश हो भन्ने भ्रमात्मक प्रचार गर्छन् जसबाट सम्पूर्ण मेहनतकश जनतालाई धर्मको नाउँमा अचेत पारी उनीहरु माथि आरामका साथ शोषण गर्ने बाटो खोल्ने काम भएकोछ । जापानमा यस कार्यको निम्ति यस्तो बौद्ध केन्द्रहरुमा पूँजीपतिहरुले करोडौं खन्याउने काम भइरहेको छ भन्ने कुरा बराबर नसुनिएको होइन । आज यस्तै गरी थाइलैण्ड, सिलोन इत्यादि देशहरुमा जनतालाई शान्त पारि राखेको छ ।

तर मलाई लाग्छ बुद्धले चाहेको कुरो यो होइन । बुद्धको शिक्षा हो “बहुजन हिताय, बहुजन सुखाय र सबै मानवको कल्याणको निम्ति धर्म उपदेश गर ।” यसले स्पष्ट गर्छ, बुद्धको उपदेश

मुट्ठीभरको स्वार्थ रक्षाको निम्ति होइन, बहुजनको निम्ति हो ।

सामन्ती तथा पूँजीपति वर्ग तथा साम्राज्यवादी विदेशी पूँजीपति वर्गको तृष्णा राग मोहले गर्दा नै आज आम जनताले भोक, रोग, दरिद्रतालाई सहेर शरीर सुकाउनु परेको हो । भगवान बुद्धले तपस्या गरेर शरीर सुकाए भने आम जनताले सामन्तीहरुको तथा पूँजीपतिहरुको लोभ, मोह, तृष्णा पूर्ति गर्नको निम्ति शरीर सुकाउनु बाध्य हुनुपरेको छ । यसकारण भगवान बुद्धले उपदेश दिएकाछन्" शरीर सुकाएर कुनै हालतमा धर्म हुन सक्दैन ।

यनै कारण आज भौतिक शरीरको पिपासा एवं सांसारिक राग जनित मोह र तृष्णालाई हुने-नहुने काम गरी, मेहनतकश जनताको काम गरी खाने साधान माथि कब्जा गरी जनतालाई शोषणको चक्कीमा पिसेर धन बटुन्ने काम सामन्त र पूँजीपति वर्ग र विदेशी-पूँजीपतिहरुले छोडनु परेकोछ । भष्टाचार गरी देशको धन विदेशी बैंकमा जम्मा गर्नेहरुले भौतिक शरीरको पिपासा एवं सांसारिक राग, जनित, मोह र तृष्णा छोडनु परेको छ । मेहनतकश जनतासंग त त्याग्ने कुरै के छ ? आफ्ना बालबच्चालाई भोकले मारेर भोकले आफ्नो देह सुकाएर भएको एउटा देह त्याग गर्नु बाँकी छ ? भगवान बुद्ध यस पक्षमा छैनन् । एकातिर सामन्त र पूँजीपति वर्गले तथा साम्राज्यवादी विदेशी एकाधिकार पूँजीपति वर्गले सम्पूर्ण जनताको कमाएर खानु पर्ने खेत, बारी, बगान, ताल, नदी, खानी, जङ्गल, कलकारखाना निर्माण कार्यहरुको ठेक्का-पट्टाहरु माथि कब्जा गरी जनतालाई काम दिने नदिने अथवा भोकै मार्ने सम्पूर्ण अधिकार आफ्नै हातमा राख्ने र यसैबाट आफूले ऐश आराम गर्ने र अनि पैसाको बलमा अर्कोको जीवन बर्बाद गर्ने र ज्यान मार्ने, महिलाहरुको इज्जत लुटने सारा कार्य हुर्दैछ भने निरही काम गरेर एक पेट पालौं, जहान बच्चाहरु हुर्काउँ भन्दा पनि काम नपाउने, काम पाए घरपरिवार चलाउने, बच्चाहरु तालिम गर्ने र

औषधी उपचार गर्ने सम्मको निम्ति पनि पैसा नपुग्ने तलब-ज्यालामा जिउनु पर्ने के यही व्यवस्थालाई चिरस्थायी राख्नको निम्ति गौतम बुद्धले शान्तिको सन्देश दिएका हुन् ? अथवा यस्तै व्यवस्थालाई चिरस्थायी कायम राख्न भौतिक शरीरको पिपासा एवं सांसारिक राग जनित माह छोडने उपदेश दिएका छन ।

निश्चय पनि होइन । भगवान बुद्धको अष्टशीलले यो भन्दैन । भगवान बुद्धको १० अलौकिक धर्मले पनि सामाजिक असमानता र सामन्ती पूँजीवादी तथा नव-उपनिवेशवादी देशमा चलिरहेको शोषण-दमन र अत्याचारलाई यथावत हेरिरहने उपदेश दिदैन ।

भगवान बुद्धले प्रतिपादन गरेको सम्यक् दृष्टि, सम्यक संकल्प, सम्यक् प्रयासः सम्यक् आजीबिकाले शोषण गर्ने र गराएर सही राख्ने कुरा गर्दैन । भगवान बुद्धको सम्यक् ज्ञानले सबै मानिसहरु बराबर हुन भन्ने ज्ञान दिन्छ भने सम्यक् विचार, सम्यक् दृष्टिले पनि सबैलाई एक र बराबर भन्ने विचार गरी सबैलाई बराबरको दृष्टिले हेर्ने शिक्षा दिन्छ । जहाँ सबै बराबर छन भने कसैले शोषण दमन र अत्याचार गर्ने र कसैले यसैलाई सही रहने कुरै उठर्दैन । भगवान बुद्धको शिक्षा हो 'म' भन्ने कुरा बिर्स र अर्कोको दुःखलाई आफ्नै दुःख र अर्कोको सुखलाई आफ्नै सुख सम्झी सम्पूर्ण मानवलाई आफै सम्झी व्यवहार गर्ने गर । यसरी सम्पूर्ण मानवलाई आफै सम्झी समानताको ब्यवहार गर्ने शिक्षा नै भगवान बुद्धले दिएको छ । भगवान बुद्धको उपदेश हो-

"अर्कोको सुखमा डाहा नगर ।" के यसको मतलब अर्कालाई बर्वाद गरी शोषणद्वारा कमाएको धनलाई हेरेर बस भनेको हो ? होइन, भगवान बुद्धको उपदेश हो सम्यक् आजीविकामा रहू अर्थात सबै मानिस एक बराबर हो र सबैले आ-आफ्नो मेहनतले कमाएर खाऊ । जहाँ कमाएर खाने साधनहरु, खेत, खानी, बगान,

कारखाना, इत्यादि अर्कोको हातमा रहन्छ त्यहाँ सम्यक् आजीविका असम्भव हुन्छ र यस्तो स्थितिमा मानिसहरुले अर्काको दास भएर खानु पर्ने हुन्छ र दास भएर पनि खान नपाउने स्थिति तयार हुन्छ । यसै कारण सम्यक् आजीविकाको निम्ति कमाएर खानु पर्ने साधान सबै जनतासंग हुनु पऱ्यो र अर्कोको आश्रयमा बस्न पर्ने स्थिति खतम गर्नु पऱ्यो । २५-२६०० वर्ष अघि बगानहरु थिएनन् कलकारखानाहरु थिएनन, ठूल-ठूला निर्माण कार्यहरु थिएनन् । काम गर्ने साधानहरु सा-साना टुक्रा खेत, घरेलु उद्योग र सानतिना ब्यापार इत्यादि ब्यक्तिगत सम्पत्तिको रुपमा चल्थ्यो । अब यो स्थिति छैन । अब खेतको मालिक हजारौं बिघा खेतका मालिक भएर बस्ने जमीनदारहरु छन् कारखाना, खानी, बगान, फारम र ठूल-ठूला ठेक्का पट्टाको मालिक पूँजीपतिहरु र विदेशी पूँजीपतिहरु छन् । जब सम्म कमाएर खाने यी साधानहरु यी ठूल-ठूला शोषकहरुको हातबाट खोसि सार्वजनिक सम्पत्तिको रुपमा परिवर्तन गर्न सक्निन सबैको निम्ति कामको ग्यारण्टी हुन सक्तैन र सम्यक् आजीविका भन्ने कुरो व्यावहारिक नभै किताबमा सीमित रहन जान्छ । स्पष्टतः आज दुःखको मूल कारण सामन्ती शोषण-दमन र साम्राज्यवादी नव-उपनिवेशवादी तथा एकाधिकार पूँजीवादको उत्पीडन नै हो र यिनीहरुको हातबाट काम गरी खाने साधानहरु खोसी जनताको सम्पत्ति बनाएर नै जनताको दुःखको मूल जरा उखेल्न सकिनेछ र सम्पूर्ण जनताको निम्ति सुख शान्तिपूर्ण जीवनको श्रृजना गर्न सकिनेछ । यस्तो स्थितिमा जनताले अनेक कुकर्म गरी जिउनु पर्ने स्थिति खतम हुन्छ । सम्यक् आजीविकाको बाटो खुल्छ । अर्कोको धन-सम्पत्तिमा आँखा गाडने बानी खतम हुन्छ । अन्याय, अत्याचार गरेर पनि आफ्नै निजी सुख भोग खोज्ने भौतिक शरीरको पिपासा एवं सांसारिक राग जनित मोह खतम हुन्छ । सम्पूर्ण मानवको कल्याणको निम्ति काम गर्दै पारस्परिक

सहयोगले सम्यक् आजीविकाद्वारा सुखमय जीवन बिताउने स्थिति तयार हुन्छ ।

**पञ्चशील:–**

गौतम बुद्धले सर्वसाधारणको निम्ति पहिलो कदममा पाँचवटा शील (नैतिक चरित्र) मा जोड दिएकाछन् । यी पाँच वटा नैतिक चरित्र नै पञ्चशील हुन् । (१) अहिंसा (२) अस्तेय (चोरी नगर्नु) (३) व्यभिचारमा नलाग्नु (४) सत्य बोल्नु (५) मादक पदार्थ (चुरोट, गाँजा, रक्सी इत्यादि) को सेवन नगर्नु ।

यी ५ वटा शील पालन गर्नको निम्ति उस्तै प्रकारको सामाजिक स्थितिको आवश्यकता छ । रुसको कुनै इलाकामा पहिले यस्तो गाउँहरु थिए जहाँ सबका सब चोर थिए । कम्युनिष्ट व्यवस्था भएपछि त्यहाँ स्कूल खोलि दिए । अर्को दिन स्कूलको कुर्सी, टेबुल, दरी, ब्ल्याक बोर्ड साराका सारा गायब भए । फेरि पनि कम्युनिष्ट व्यवस्था स्थापना भएपछि उनीहरुको निम्ति कामको प्रबन्ध भयो, उनीहरुको जीवन सुनिश्चित हुन थाल्यो । अब सोभियत संघमा यस्ता चोर गाउँ छैन । मानिसहरुको नैतिक स्तर अरु साम्राज्यवादी मुलुकहरुको तुलनामा हजारौं गुणा माथि उठेको छ र सोभियत संघमा चोरी, डकैती व्यभिचार, झुठ बोल्ने र मादक पदार्थ खाएर जथाभावी हिडने, स्माइक इत्यादि खाने चलन निर्मूल भएर नगन्य मात्रामा मात्र पाईएला । सोभियत संघको कम्युनिष्ट पार्टीको महासचिव श्री गोर्वाचोवको नेतृत्वमा यहाँको पार्टी र सरकारले अब १५ वर्ष भित्र अर्थात ईस्वी २००० भित्र वियर, रक्सी जस्तो मादक पदार्थ समेत सिगरेट (चुरोट) इत्यादिको चलन देश भरिको जनताबाट समूल नष्ट गर्ने योजना बनाएकोछ र १९८६ सालको जुलाई सम्ममा यस कार्यमा छ अरब डलर भन्दा बढी खर्च गरी रक्सी, वियर इत्यादिको चलन धेरै हद सम्म कम गरि सकेको छ । यहाँ जाँड रक्सीको भाउँ बढाई दिएको छ र अन्य सामानहरुको

भाउँ एक तिहाई घटाई दिएको छ । फलस्वरुप अहिले नै कार एक्सीडेन्ट (कार-दर्घटना) र लोग्ने स्वास्नीको झगडा र पारपाचुके (Divorce) को चलन जो ३० प्रतिशत पुगि सकेको थियो अहिले एकदम कम हुन गएको छ ।

हाम्रो देशमा तथा अन्य सबै जसो पूँजीवादी तथा नव-उपनिवेशीक देशहरुमा रक्सी जाँड मात्र होइन, हिरोइन, स्माइक इत्यादिको चलन बढदैछ भने कम्युनिष्ट देश सोभियत संघमा हिरोइन, स्माइक मात्र होइन, बियर रक्सिको चलन समेत घटाउदै छ । अब १५ वर्षमा यसलाई बिल्कुल बन्द गर्ने योजना छ । त्यहाँको कम्युनिष्ट पार्टीको नेता का. गोर्वावोभको भनाई छ, रक्सी, जाँड किन खाने ? बरु फलको रसहरु खाउँ । वहाँले यो कुरा अर्ती, उपदेश मात्र दिएर होइन, जनताको क्रय शक्ति बढाएर यो कुरोको उत्पादन बढाएर आफ्नो देशमा नभएको फल-फुल विदेशबाट मगाएर सबैको आवश्यकता पूरा गरेर गरेका छन् ।

यहाँ प्रचार यो छकि सोभियत संघमा आइमाई सस्तो छ । तर त्यहाँ कसैले यस्तो अनैतिक कार्यमा संलग्न पाइएमा ५ वर्षको कैद छ र विदेशी विद्यार्थी भएमा उनको पढाई बन्द गरी आफ्नै देशमा फर्काउने काम हुन्छ ।

सोभियत संघको प्रधानमन्त्री निकोलाई रिझकोवले १९८६ मार्च ३ मा दिएको रिपोर्टमा भनिएको छ ।

“जनताको जीवनको सबै पक्षहरुको विकासको निम्ति कम्युनिष्ट पार्टीले अध्यात्मिक पक्ष नयाँ स्तरमा उठाईदैछ ।

जारशाहीको पालाको अनिश्चत जीवन, सामाजिक स्थिति र आजको निश्चित जीवन, ब्यापक शिक्षा र निश्चित सामाजिक स्थितिले ल्याएको यो अन्तर हो ।

आज हाम्रो देशमा भित्राइएको नव-उपनिवेशवादी ब्यवस्थाले

राष्ट्र व्यापी रुपका ५ वटै शील भङ्ग हुन गएका छन् । यहाँ मान्छे मारिन्छ, मान्छेको लास बेपत्ता हुन्छ, रोजै जसो बच्चाहरु बेपत्ता हुन्छन, ब्यभिचार व्यापक भइरहेको छ । चोरी, डाका, भष्टाचार घुसखोरी त्यसमाथि मूर्ति चोरी ब्यापक छ । युवकहरु तास, जुवा, भिडियो, चरेश, स्माइकमा लट्टिदैछन् । रक्सी खानु त इज्जतको सवाल भएको छ ।

अमेरिका र वेलायत इत्यादि साम्राज्यवादी देशहरु, अरु पूँजीवादी देशहरु तथा हाम्रो जस्तै पिछडिएको र नव-उपनिवेशीक देशहरु थाइलैण्ड, दक्षिण कोरिया, सिगापुर, फिलिपाइन्स इत्यादि देशहरुमा यी खराब चलनहरु अझ बढी व्याप्त छन् ।

जबसम्म कुनै देशले पूँजीवादी शोषण व्यवस्था तथा नव-उपनिवेशवादी शोषण-दमनलाई खतम गर्न सक्ने छैन बुद्धको उपदेश किताब भित्र कैद रहनेछ । देशमा स्वस्थ प्रजातन्त्र स्थापना गरी, जन चेतना बढाएर जनतालाई राजनीतिक, आर्थिक, सांस्कृतिक र सामाजिक क्षेत्रमा देशको मालिक बनाएर सुखी, सम्पन्न र सुनिश्चित जीवन बिताउन पाउने स्थिति तयार गरेर नै बुद्धको उपदेश “पञ्चशील” ब्यापक रुपले ब्यवहारमा आउनेछ ।

दिग्ध निकाय (नं. २६) ले स्पष्टसंग भनेको छ कि दरिद्रता नै अनैतिकता र चोरी, झुठ-फरेब, हिंसा, घृणा, निर्दयिता इत्यादि अपराधको श्रोत हो । प्राचीन काल देखि नै विभिन्न सरकारहरुले यी अपराधहरु रोक्न अनेक दण्डहरुको चलन चलाएर आए । दिग्ध निकायको कुटदन्त सत्तले यो सबै कुराहरु कसरी ब्यर्थ सावित भए भनेर देखाएको छ र भन्दछ “यो तरीका कहिल्यै सफल हुने छैन । यसको सट्टा बुद्धको सुझाव हो कि अपराध निर्मूल पार्नको निम्ति जनताको आर्थिक स्थिति सुधार्नु पर्छ ।”

समाजवादी ब्यवस्था नै यस्तो ब्यवस्था हो जहाँ सम्पूर्ण जनताको

जीवन सुनिश्चित हुन सक्छ । गर्भमा रहेको बालख देखि लिएर मर्न लागेको बुढा-बुढी पर्यन्तको जीवन समाजवादी ब्यवस्थामा सुनिश्चित रहेको हामीले पाउन सक्नेछौं र स्वभावतः यहाँ मानिसको शीलमा पनि साम्राज्यवादी तथा पूँजीवादी देशहरुमा अथवा नवउपनिवेशिक देशहरुमा भन्दा हजारौं गुना उन्नत रुपमा हामी पाउछौं । विश्व साम्राज्यवाद तथा विश्व पूँजीवादको प्रभावले गर्दा यहाँ सबै खराब चालचलनहरु निर्मूलनै भैसक्यो भनेर भन्न सक्तैनौं । तै पनि झुठ-फरेब, जाल-झेल, चोरी डकैती ब्यभिचार, ज्यानमारा, चरेश-स्माइक इत्यादिको चलन शुन्य प्रायः छ भने पनि हुन्छ । यस्तो समाजमा बुद्धको शिक्षाले स्वतः ब्यावहारिक रुप लिएको हुन्छ । भ्रष्टाचारका एकाध घटनाहरु र केटा-केटीको विवाह भन्दा पहिलेको सम्बन्ध त्यहाँ पूर्णरुपले निर्मूल भयो भन्न सकिन्न । तर त्यहाँको सामाजिक समस्याको रुपमा यसलाई पनि समाधान गर्ने कुरोमा त्यहाँको नेतृत्वले सजग भएर काम गरेर गइराखेकै छ । यो समस्या त्यहाँको आर्थिक संकटले पैदा गरेको बेश्यावृति अथवा ब्यभिचार नभै लडका लडकीको संख्यामा असंतुलनबाट पैदा भएको समस्या हो । फेरिपनि त्यहाँका लडकीहरु आफुले प्रेम गरेको लडकासंग जीवन निर्वाह गर्ने पक्षमा छन् भन्ने कुरोको शंका छैन । खास गरी बिदेशबाट जाने लडकाहरुले त्यहाँका लडकीहरुलाई झुक्याएको काण्डहरु यदा-कदा नपाइएका होइनन । यहाँ बुद्धको उपदेशले यो समस्या कतिहद सम्म समाधान गर्नेछ भनेर भन्न सकिन्न । यसलाई सामाजिक समस्याकै रुपमा समाधान गर्नु पर्नेछ ।

जहाँ सम्म मादक पदार्थको सवाल छ त्यहाँ हसिस, चरेश-स्माइक खाएर हुल्लडबाजी गरेर हिडने लडका लडकीहरु पाइदैनन । सिगरेट रक्सिको सवालमा का. गोर्वाचोबको नेतृत्वमा यी कुरोहरु पनि अब १०-१५ वर्ष भित्र यसको चलन ठयाम्मै रोक्ने दिशा तिर कदम चाल्ने कार्यक्रमहरु शुरु भैइसकेकै छन् ।

यसरी बुद्धको पञ्चशीलले समाजवादी मुलुकहरुमा नै ब्यावहारिक रुप लिन सक्नेछ भन्ने कुरोमा कुनै शंका छैन । जब कि बुद्धको देश भनिएको यो नेपाल तथा स्वयम बौद्धधर्मावलम्बी शासकहरु भएका देशहरुमा समेत पञ्चशील र धर्मका कुराहरु रेडियो गीतहरुमा मात्र पाइन्छ, व्यवहारमा झन् झन् लोप भएर गइरहेको पाउँछौं ।

यो स्थिति आजको समयले ल्याएको हो भन्ने भ्रमात्मक प्रचार छ। यो समयको देन नभई ती देशहरुमा स्थापित गलत ब्यवस्थाहरुको देन हो भन्ने कुरामा कुनै शंका छैन ।

## सामाजिक सम्बन्ध–६ दिशाको पूजा

गौतम बुद्धको शिक्षा ब्यापक छ र यसले मनुष्य समाजमा आपसी सम्बन्ध बारे पनि ब्याख्या गरेको पाइन्छ ।

दिग्ध निकायको नं. ३१ सिगाल सुत्तले यस सम्बन्धमा एक कुरा उल्लेख गरेको छ ।

“सिगाल नामक एक नौजवान आफ्नो बुवाले मर्ने बेलामा भनेर गएको हुनाले उनी आकाश, पातल, पूर्व, पश्चिम, उत्तर, दक्षिण गरी ६ वटै दिशामा पूजा गर्थे । बुद्धले त्यो युवकलाई सम्झाए कि यो ६ दिशा आकाश, पातल, पूर्व, पश्चिम इत्यादि होइन । पूर्व भनेको आमा-बुवा हुन, दक्षिण गुरु हुन, पश्चिम स्त्री हुन, र बाल बच्चा हुन, उत्तर भनेको मित्रहरु, नाता-कुटुम्ब र छिमेकी हुन, पातल भनेको नोकरहरु, ज्यामीहरु र आफ्नो आ-ह्नेनीमा रहेर काम गर्नेहरु हुन र आकाश भनेको धार्मिक मानिसहरु हुन् ।

यसकारण यी विभिन्न दिशहरुको पूजाको सांकेतिक अर्थ यो विभिन्न मानिसहरुको पूजा गर्ने हो र पूजा भन्नाले, बुद्धले भने, ‘फुल, चंदन, अक्षताले पूजा गर्ने होइन उनीहरु प्रतिको आफ्नो कर्तब्य र जिम्मेवारी पूरा गर्नु हो ।”

बौद्ध मत अनुसार आमा-बुवा नै ब्रह्म हुन् । यस बौद्ध समाज र हिन्दु समाजमा पनि साँझ-बिहान आमा-बुवाको पूजा गर्नु अथवा ढोग्ने चलन छ । तर यो प्रथा अब लोप भएर गएको छ र आज साम्राज्यवाद, नव-उपनिवेशवाद र पूँजीवादले ल्याएको कुसंस्कारले गर्दा आमा-बुवालई पूजा होइन, लात हान्ने चलन आइसकेकोछ । ब्यक्तिवादी संस्कृतिले गर्दा आमा बाबु भाईबन्धु कसैसंग मतलब छैन ।

जति आम्दानी भए पनि आफ्नो निजी सुख शैल र रवाफलाई नपुग्ने भएपछि आमा-बुवा पाल्ने पैसाको कमी हुन थाल्छ । आमा-बुवाले बच्चादेखि अनेक दुःख सहेर हुर्काए, सन्तान ठूला भए आ-आफ्नो काम समाते, अलग बसे । आमा-बुवा मर्नु बाच्नु सित सन्तानले केही सम्बन्ध नराख्नु साम्राज्यवादले हुर्काएको पूँजीवादी संस्कृतिको देन हो । जबसम्म यस संसारमा साम्राज्यवाद, पूँजीवाद अथवा नव-उपनिवेशवाद रहनेछ तबसम्म यस्तो स्वार्थपूर्ण चलन मेटिने छैन ।

आमा-बुवा प्रति मात्र होइन, शिक्षक र विद्यार्थीमा आज उस्तै गैर जिम्मेदार सम्बन्ध छ । शिक्षकको पूजा सत्कारको सट्टा शिक्षकले विद्यार्थीको पिटाई खान्छ । उता शिक्षकहरुको पनि विद्यार्थीप्रति कुनै जिम्मेदारी छैन । विद्यार्थीहरु भविष्यका जिम्मेदार नागरिक बनून भन्ने भावना कमै पाइन्छ । स्वंयम् सरकार युवकहरुको जीवन बर्वाद गर्नमा तुलेकोछ । पढ्।ईमा लापर्वाही, जाँचमा कडाई, अनि चोरी गरी लेख्नमा छुट, एक पटक भएको जाँचको नतिजा ६ महिना पछि निकालेर २ वर्षको कोर्शलाई कम से कम ३ वर्ष, होइन भने ५ वर्ष लगाउने चाल, अनि भिडियो, स्माइक र अवारा गर्दीको भरमार प्रचार देखिन्छ । जतिसुकै बुद्धको देश भनेता पनि बुद्धको शिक्षा अनुरुप यहाँ कुनै काम हुन सकेको छैन ।

यहाँ नोकर अथवा कामदार भन्नु उनीहरु माथि शोषण गरेर आफु लखपतिबाट करोडपति बन्नु हो, करोडपति छ भने अरबपति बन्नु हो । ब्यापक रुपले फैलिएको बेकारी र अर्ध-बेकारीसंग पूँजीवादी ब्यवस्थाको कुनै मतलब छैन । यहाँ निजी सम्पत्ति कसरी बढाउने भन्नेमा नै होड चलिरहेकोछ । यहाँ सार्वजनिक क्षेत्र होइन, निजी क्षेत्रमा विशेष जोड दिइन्छ, निजी क्षेत्रमा जोड दिएर सम्म निजी क्षेत्रका उद्योगपतिहरुको निम्ति आफ्नो देशको मेहनतकश जनताको दुर्दशाको कुनै वास्ता रहदैन, वास्ता गरेर साध्य पनि छैन ।

यहाँ धर्मगुरुहरुको जीविकाको मूल आधार शोषक वर्ग भएको हुदाँ धर्मगुरुहरुको शोषण ब्यवस्थाको विरोध गर्ने शक्ति क्षीण भएर गएको छ । यी सम्पूर्ण कुब्यवस्था बुद्धको उपदेशले सम्हा लिने होइन । बुद्धको उपदेश किताब र गीतहरुमा कैद छ । अनि धर्मको नाउँमा ६ शिक्षाको पूजा गर्न सकिन्छ, तर आमा-बुवा, गुरु, इत्यादिको पूँजाको कुरै छाडौं चाहिने आदर सम्म पनि दिने चलन लोप हुदैछ । किन ?

किन भने साम्राज्यवाद, पूँजीवाद तथा नव-उपनिवेशवादको मूल दर्शन हो ब्यक्तिवाद अनि जनतामाथि निर्मम शोषण र ब्यक्तिगत आराम र रवाफ । यहाँ मूल केन्द्र हो पैसा, यहाँ मानिसको मूल्य छैन । यहाँ ब्यक्तिगत लोभ, तृष्णा, भौतिक शरीरको पिपासा एवं सांसारिक राग जनित मोह ब्याप्त छ । यहाँ शोषक र अत्याचारहरुको अगाडि मानिसको कुनै मुल्य छैन । यी शोषकहरुले ईश्वरलाई पनि भ्रष्टचार र चाटुकारिता प्रिय बनाई दिइएको छ । यही उनीहरुको दर्शन हो । आफ्नो भजन गरेको खण्डमा भक्तजनको जस्तै जघन्य पाप पनि पखालिदिने भगवान् शोषकहरुले बनाएका हुन् ।

निश्चय पनि समाजवादी मुलुकहरु यान्त्रिक भौतिकवादी होइन

द्वन्द्वात्मक भौतिकवादी हुन् । यसको मूल केन्द्र ब्यक्तिगत सम्पत्ति होइन, मानिस हो ।

यहाँ मानिसले मानिसमाथि गरिने शोषणको अन्त भएको छ । सबै कुरा मानिसद्वारा मानिसको निम्ति गरिन्छ । यहाँ ब्यक्तिगत सम्पत्तिमा होइन, सामुहिक सम्पत्तिमा जोड दिइन्छ । यहाँ सम्पूर्ण जनताको जीवन सुनिश्चत छ । यसै कारण यहाँ ब्यक्तिगत भावना होइन सामुहिक भावनाको प्रचार छ । सरकारको सामु सबै बराबर छन सरकारमा बस्नेहरु ब्यक्तिगत हित भन्दा सम्पूर्ण जनताको हितमा दत्त चित्त छन । यहाँ भगवानलाई घुस दिने जरुरत छैन र चाटुकारितापूर्णै गीत र भजन गाउने पनि जरुरतै छैन ।

यस्तो समाजवादी समाजमानै बुद्धको उपदेशले किताबको कैदबाट मुक्त भएर फेरि एकपटक सजीव रुपमा विचरण गर्ने पाएको छ । यहाँ शिष्यले गुरुलाई पिटने चलन छैन, नत गुरुले शिष्यको जीवनमा लापरवाही गर्ने कुरो छ । यहाँ शिक्षकले आफ्नो विद्यार्थीहरुलाई आफ्नो राष्ट्रको मुख्य सम्पत्ति, भविष्यको आशा सम्भन्छन । शिक्षकहरुले स्कूल अथवा कलेज-क्याम्पासमा पढाएर खर्च नपुगि यताउति ट्यूसन गर्दै हिडनु पर्ने, स्थिति छैन । यसैकारण शिक्षकहरुले आफ्नो सम्पूर्ण शक्ति विद्यार्थीहरुको चौतर्फी विकासको निम्ति खर्च गर्दछन । समाजवादी समाजमा शिक्षकहरुको तलब इन्जिनियर, डाक्टर र वकिलहरुको समकक्षमा पुग्नेगरी बढाउदैछ । आज त्यहाँ विद्यार्थी तथा आम जनताको नजरमा शिक्षकहरुको ठूलो इज्जत छ । शिक्षकहरुलाई राष्ट्रका भावी कर्णधारहरुको निर्माताको रुपमा हेरिन्छ ।

शिक्षकहरुले पाएको आम जनता तथा विद्यार्थीहरुको आदर नै शिक्षकहरुको पूजा हो ।

आमा-बुवाको सवालमा यहाँको युवकहरुले आमा-बुवा छोडेर

भाग्नु पर्दैन । आमा-बुवाले आफ्ना छोरा-छोरीको माया ममता र आदर पाउँछन् । सोभियत संघको संविधानको धारा ६६ ले एकातिर आमा बावुले केटाकेटीहरुको स्याहार, सुसार गर्नु, समाजोपयोगी श्रम गर्न योग्य बनाउनु र उनीहरुलाई समाजवादी समाजका सुयोग्य सदस्यको रुपमा हुर्काउनु पर्नेछ भन्ने कुरोमा जोड दिएकोछ भने छोरा-छोरीले आफ्नो आमा-बुवाहरुको हेरविचार गर्नु र तिनीलाई मदत गर्न, अनिवार्य बनाएकोछ । यो धारा त्यहाँका युवकहरुले दिएको सुझावको आधारमा संविधानमा थपिएको हो । यस कुराले समाजवादी मुलुकहरुका युवकहरु आफ्नो आमा-बुवाहरु प्रति कतिको जिम्मेदार छन् भन्ने कुरा स्पष्ट हुन आाउँछ ।

आमा-बुवाको हेरचाह गर्नु पर्ने युवकहरुलाई सरकारले धेरै टाढा खटाएर पनि पठाउँदैन । समाजवादी मुलुकहरुमा यस बाहेक हरेक बुढा-बुढीहरुको भत्ताको ब्यवस्था छ । जनवादी चीनमा पनि यस्तै संविधान छ । आमा-बुवालाई छोराले हेर्ने पर्छ, छोरा नभए छोरीले हेर्ने पर्छ छोरी पनि नभए सबभन्दा नजिकको नातेदार जो छन् उनीहरुले हेर्न पर्छ । स्पष्टत: बुद्धको पूर्व दिशाको पूजा सोभियत संघ तथा अन्य समाजवादी देशहरुमा नै मूर्त रुप लिने गर्दो रहेछ । जहाँ सम्म नोकरलाई सद्व्यवहार गर्ने सवाल छ, यहाँ नोकर र मालिकको प्रथा नै खतम भएर सबै नागरिकहरुमा बराबरीमा पुगिसकेका छन् र मजदूर मेहनतकश जनताको रुपमा उनीहरु नै देशको मालिक छन्, देशका शासक छन् ।

सोभियत संघ तथा समाजवादी मुलुकहरुमा नै ६ दिशाको पूजाले ब्यावहारिक रुप लिन गएकोछ । चाहे पञ्चशील होस् वा ६ दिशाको पूजा होस् अन्यत्र देशहरुमा अति कम मानिसहरुले यसलाई ब्यावहारिक रुप दिएको हुन्छ भने समाजवादी देशहरुका मानिसले अतिकम अथवा नगण्य संस्थाले मात्र पञ्चशील भङ्ग गरेको होला अथवा ६ दिशाको पूजा ब्यावहारिक रुप नदिएका होलान् ।

धर्मगुरुहरुको पूजाको सम्बन्धमा ती धर्मगुरुहरु नै पूज्य हुन्छन् जसको जीवन शोषक र अत्याचारीहरुको हातबाट दिइने दानमा आधारित छैन, जो शोषण दमनको विरोधमा डटेर खडा हुन सक्छन् र यस्ता शोषकहरुलाई पनि बदल्ने क्षमता राख्तछन् । धर्मको मर्मलाई बुझेर निर्भीकतापूर्वक आम मानवको दुःख दरिद्रता समूल नष्ट गर्ने कुरोमा उद्दत रहन्छन् । होइन भने चीवर वस्त्र लगाएर शोषकहरुको स्वार्थमा जनतालाई यताउतिको बाटो देखाएर, शोषण र दमन व्यवस्थालाई चिरस्थायी राख्ने कुरोमा मदत गर्ने धर्मगुरुहरु कदापि पूज्य हुने छैनन् । ती बोधिसत्वहरु निश्चित रुपले पूज्य छन् जसले ठूला-ठूला शोषक र अत्याचारीहरुलाई पनि आफ्नो शिक्षाले बदल्न सक्छन, होइन भने यस्ता शोषकहरुले दिने दान हात थापेर पेट भर्ने र आराम खोज्ने धर्मगुरुहरुको प्रभाव नष्ट भएर उनीहरु आम जनताको नजरबाट गिर्ने सिवाय कदापि पूज्य हुने छैनन् ।

शोषक समाजमा सच्चा धर्मगुरुहरुको जीवन पनि कष्टमय नै हुने गर्छ । जुन समस्या आम जनताको साम्ने छ उही समस्या धर्मगुरुहरुको अगाडि पनि छ । शोषकहरुको अगाडि आत्मसमर्पण गरेर जिउँने हो वा कष्ट सहेर मानव मात्रको सेवा गर्ने ? पहिलो कुरो सजिलो छ, दोस्रो कुरो कष्टदायक छ र यस्तै धर्मगुरुहरु नै पूज्य पनि हुन्छन् ।

## सम्यक् सम्बुद्धत्वः–

सम्यक् सम्बुद्धत्व प्राप्तिको निम्ति बोधि सत्वहरुमा हुनुपर्ने १० दिव्य धर्महरु यसरी उल्लेख गरिएका छन्ः-

(क) दान (ख) शील

(ग) निष्काम (घ) प्रज्ञा

(ङ) वीर्य (च) शान्ति : शान्तिक्षेत्र नेपाल

(छ) सत्य (ज) अधित्थानः दृढसंकल्प

(झ) मैत्री (ञ) उपेक्षा

सम्बुद्धत्व प्राप्त गर्न यी गुणहरुको विकास यी कुराहरुलाई सार्थक बनाउनको निम्ति मानिसले यी कार्यहरुको उपयोगिता माथि र ाम्ररी सोच विचार गरी लेसमात्र पनि स्वार्थभाव नराखी र एक रत्ति अहंकार नराखीं सम्पूर्ण मानव प्रति मैत्री र बन्धुत्वको भावना राख्नु अत्यन्त जरुरी कुरो हो ।

बोधिसत्वले हरेक काम बिल्कुल निस्वार्थ भावले प्राणी मात्रामा अत्यन्त प्रेम भाव राखेर गरेका हुन्छन् । बोधिसत्वले आफ्नो देशबासी तथा विश्वकै मानव जातिले दुःख र दरिद्रता भोगिरहेको हेरेर आफ्नै सुख र ऐस-आराम खोज्दैनन् । यदि यसको निम्ति आवश्यक पऱ्यो भने आत्म-बलिदानको निम्ति पनि हिचकिचाउँदैनन् । बोधिसत्वले आफ्नो जीवन विश्व ब्रह्माण्डकै हितको निम्ति लगाएका हुन्छन् र यसो गर्दा उनले पद, मान, शक्ति (Power) प्राप्त गर्ने उद्देश्यले अथवा कुनै सांसारिक सुख-भोग प्राप्त गर्ने हेतुले गरेका हुदैनन् ।

चाहे चीवर धारण गरेर भिक्षु नै किन नभएका होऊन जुन ब्यक्ति वा ब्यक्तिहरुको शोषण ब्यवस्थासंग घनिष्ट सम्बन्ध रहेको हुन्छ, र जसको सम्बन्ध साम्राज्यवादीहरुसंग रहेको हुन्छ, उनीहरुले बोधिसत्वको भावना लिएर हर कुरोमा राम्ररी सोच-विचार गरी मानव माथि भइरहेको शोषण दमनको विरोध गरि बहुजनको हित, सुख र कल्याणको निम्ति काम गर्न सक्ने छैनन् भन्ने कुरो स्पष्ट छ । शोषकहरुको कु-अन्न पेटमा परे पछि ठूल-ठूलो विद्वानहरुको पनि मति भ्रष्ट हुन्छ भन्ने कुरोमा कुनै शंका छैन ।

यसै कारणले भगवान बुद्धले सम्यक् आजीविकामा जोड दिएकाछन् र सम्यक् आजीविका चलाउने ब्यक्तिले नै बोधिसत्वले पालन गर्नु पर्ने उपरोक्त १० दिब्य गुण अथवा धर्महरुको पालना गर्न सक्नेछन् ।

शुद्ध भोजनको मतलब स्याउ, केरा, दुध, दही, मक्खन, हलुवा, पुडी खानु मात्र नभै शोषकहरु द्वारा दानमा दिइने भोजन नगर्नु पनि हो । आर्थिक शुद्धता नै सबभन्दा ठूलो शुद्धता हो । हजारौं लाखौंको आँखामा आँशु भरेर जम्मा भएको धनको उपभोग गर्नु पनि अशुद्ध भोजन नै हो । यस्तो कुभोजन पेटमा नपरेका बोधिसत्वहरुले नै हर कुरोमा राम्ररी सोच विचार गरी, मानव मात्रको हित, सुख र कल्याणको निम्ति अहंभावलाई छोडी निस्वार्थ भावले काम गर्न सक्नेछन् ।

आज यस्ता अनेकौं धर्मगुरु छन्, जसको आश्रम शोषक-अत्याचारीहरु कहाँ हुन्छ र साम्राज्यवादीहरु तथा अन्य शोषकहरु द्वारा दिइने दान र अनुदानबाट पोषित छन् र यस्ता धर्म गुरुहरुले कुनै हालतमा मानवलाई सद्मार्ग देखाउन सक्ने छैनन् ।

चीवर धारणा गरोस् वा नगरोस् हरेकले बोधिसत्वको आचरणलाई पालन गरेर नै यस संसारलाई सुखमय बनाउन सक्नेछ ।

## क) दानः–

१० दिव्य धर्महरु मध्ये पहिलो धर्म हो दान ।

दान यात अति दीन-हीन हालतमा मानिसले माग्ने गर्छ अथवा सार्वजनिक कामको निम्ति मागिन्छ। सामन्ती या पूँजीवादी समाजमा सम्पूर्ण मानिसको निम्ति कामको ग्यारण्टी नहुँदा काम नपाएर दुःख पाएका जनताले बाच्नको निम्ति माग्ने सिवाय अरु बाटो नै छैन र उनीहरु भीख-मङ्गा हुन जान्छन् । यस्तै लुला लङ्गडा, बिरामी र अशक्त मानिसहरु तथा बुढा-बुढीहरु जसका छोरा छोरी छैनन्, उनीहरुले पनि मागेरै बाँच्न करै लाग्छ ।

साम्यवादी (समाजवादी) समाजमा यसरी मागेर बाच्नु पर्ने स्थिति हुदैंन । समाजवादी समाज, जो साम्यवादी समाजको पहिलो रुप

हो, मा पनि सम्पूर्ण जनताको निम्ति कामको ग्यारण्टी हुदाँ र साथै बुढा-बुढी, अशक्त बिरामी तथा लुला-लङ्गडाहरुको निम्ति जीउन लायक भत्ताको इन्तजाम हुँदा यस ब्यवस्थामा मागेर बाच्नु पर्ने स्थिति नै खतम भएको हुन्छ। हाम्रो अगाडि एक सवाल छ सामन्ती तथा पूँजीवादी समाजलाई कायम राखी काम गरेर खाने सम्पूर्ण साधन सामन्ती तथा पूँजीपति वर्गको हातमा राखी जनतालाई बेकारीको शिकार बनाएर जनता माथि निर्मम शोषण गराएर उनीहरुलाई दरिद्र हालतमा जीउन बाध्य गराएर दुई पैसा दान दिएर अथवा गरीबहरुलाई एक छाक ख्वाएर अनि लाखौं गरीबहरु मध्ये एक आध सयंलाई कम्मल बाँडेर धर्म गर्नु भन्दा जनताले माग्नु पर्ने स्थिति नै खतम गर्ने समाजवादी समाजको स्थापना गरेर सम्पूर्ण जनताको जीवन सुखी, सम्पन्न र सुनिश्चित गर्नु नै अति राम्रो दिव्य धर्म हो ।

मलाई लाग्छ मानिसले दान लिनु पर्ने स्थिति कायम गरेर दान दिनु भन्दा लेस मात्र पनि स्वार्थ भाव नराखि, एक रत्ति अहंकार नराखि, भौतिक शरिरको पिपासा एवं सांसारिक राग जनित मोह त्यागी समाजवादी समाज स्थापना गर्नको निम्ति दृढ संकल्प लिएर, अरु कुनै कुरोको कामना नगरी, काम गर्नु १० दिव्य धर्महरु मध्येको प्रथम धर्म “दान” भन्दा पनि अति उच्च दिव्य धर्म हो भन्ने कुरोमा कुनै शंखा छैन ।

जहाँ सम्म सार्वजनिक कामको सवाल छ समाजवादी समाजमा यी सम्पूर्ण कुराहरु ब्यावहारिक रुपले पूरा गरिएको हुन्छ। परोपकार संस्था खोलि केही मानिसहरुलाई केही औषधीहरु दान दिनु भन्दा सम्पूर्ण जनताको औषधी र उपचार, डाक्टर खर्च इत्यादि मुफ्त प्रबन्ध गरी अझ बिरामी भत्ता समेत इन्तजाम गर्नु “दान” भन्दा अति उच्च धर्म हो। यस्तै एक आधा जना केटा केटीलाई पढाउनमा मदत दिनु भन्दा देशको सम्पूर्ण लडका लडकीहरुलाई उच्च शिक्षा

लगायत सम्पूर्ण शिक्षा मुफ्त गरी उनीहरुको निम्ति विद्यार्थी जीवन बिताउन चाहिने सम्पूर्ण कुराहरुको प्रबन्ध गर्नु "दान" भन्दा अति उच्च दिव्य धर्म हो ।

समाजवादी समाज स्थापना गरेमा दान दिनु र लिनु पर्ने स्थितिनै खतम भएर जानेछ र सम्पूर्ण जनताको जीवन सुखी र सम्पन्न र सुनिश्चित हुनेछ । के अनि समाजवादी व्यवस्थाको स्थापना दान भन्दा पनि अति उच्च कोटीको धर्म होइन र ?

## ख) शीलः–

अग्रेजीमा एउटा उखान छ, "यदि मानिसले पैसा हराउछ भने उसले केही पनि हराएको हुर्दैन, यदि स्वास्थ्य हरायो भने उसले केही हरायो भन्नु पर्छ, यदि 'चरित्र' हरायो भने उसले सबै कुरो हरायो ।" चरित्र हराए पछि मानिस पतित हुर्दै जान्छ । झुठ बोल्नु, छल कपट गर्नु, धोखा दिनु, क्रोध, डाह, ईर्ष्या, भष्टाचार, लोभ, लालसा, गुण्डागर्दी, यौन-स्वतन्त्रता, इत्यादि चरित्र हीनताका लक्षणहरु हुन् । यसमा थप आजकल युवकहरुमा गाँजा, चरेश, हचासीस, रक्सी, रण्डी इत्यादि आदत पनि फैलिदै गएकोछ । लेनिन भन्नु हुन्छ "झुठ बोल्नु पतनको लक्षण हो ।" झुठको अलवा अन्य सम्पूर्ण प्रकारका दुश्चरित्रले मानिसलाई पतन गराउँछ । मानिसलाई पशुत्वमा गिराइदिन्छ र हिंसक राक्षस बनाई दिन्छ ।

मानिसको उत्थानको पूर्व-शर्त हो 'शील' । भक्त प्रल्हादले राजगद्दी पाए पछि "शील" छोडि दिए र उनको फेरि पतन भयो । समाजलाई परिवर्तन गरी नयाँ समाजको निर्माण चाहने हर व्यक्तिलाई "शील" को जरुरत छ । शील बोधिसत्वको निम्ति मात्र आवश्यक होइन सम्पूर्ण मानवको आत्म- विकासको निम्तिनै आवश्यक छ । लेनिन भन्नु हुन्छ "मैले कहिल्यै धूम्रपान गरिन, रक्सीको सेवन गरिन र कुनै लडकीको पछि लागिन," लेनिन "शक्ति" खेर नफाल्ने

कुरोमा जोड दिनु हुन्छ र यसको निम्ति कसरत गर्ने खेल्ने पौडी खेल्ने इत्यादि कुरोमा जोड दिनु हुन्छ । लेनिनको शील स्वभावका नमूनाहरु यिनै हुन ।

व्यक्तिगत रुपले हर मानिसले आफ्नो "शील" स्वभाव, चरित्रलाई जोगाउनु आवश्यक छ । तर सर्वसाधारण जनताको सवालमा देशको कुव्यवस्थाले "शील" भङ्ग गराउनमा बाध्य गराइ राखेको हुन्छ । मानिस स्वभावतः चोर, उचक्का, बदमास, रण्डी होइन । तर परिस्थितिले बाध्यतावश ऊ चोर, डाका, उचक्का, बदमास, पकेटमार, रण्डी इत्यादि बन्न पुग्छ । साम्राज्यवादीहरुको प्रभावमा नै आज नेपालमा चरेश, गाँजा, हचास्रीस र चरित्र हीनता फैलिदै गइरहेको छ । मानिसहरु झन् झन् व्यक्तिवादी हुदैं गइरहेको छ । यहाँ यस व्यवस्थाले जनतामा शील बत्तीबालेर खोज्नु पर्ने हालतमा पुऱ्याई दिएको छ ।

समाजलाई ठीक ठाउँमा ल्याएर आम जनतालाई राजनीतिक आर्थिक तथा सामाजिक क्षेत्रमा देशको मालिकको रुपमा स्थापना गरेर माथि ब्याख्या गरिएको अनेकौं दुश्चरित्रहरु स्वतः खतम भएर जाने छन् । मानिसको चरित्र त्यस देशको सांस्कृतिकै अङ्ग हो । हर देशको राजनीतिक र आर्थिक स्थितिमा त्यस देशको सांस्कृति आधारित भएको हुन्छ । जहाँ राजनीतिक बिग्रयो सम्पूर्ण कुराहरु स्वतः बिग्रन थाल्छ, जनताको चरित्रमा ह्रास हुन थाल्छ, दुश्चरित्रता देशको संस्कृतिको अङ्ग बन्न थाल्छ ।

साम्राज्यवादी, पूँजीवादी तथा सामन्तवादी देशहरुमा जुन दुश्चरित्रता ब्याप्त छ त्यस्ता दुश्चरित्रता समाजवादी मुलुकहरुमा आफ से आफ लोप भएर गएका छन् ।

स्पष्टतः समाजलाई नबदली सामन्ती तथा पूँजीवादी ब्यवस्थालाई यथावत कायम राखी यसमा अझ साम्राज्यवादी तथा नव-

उपनिवेशवादी चाल चलन समेत भित्र्याएर मानिसको हातबाट "सम्यक् आजीविका" को बाटो छिनेर, शिक्षा-दीक्षा बिहीन बेकारी र मुखभरी दलहरु सृष्टि गरेर सहस्र उपदेश दिए पनि मानिस शीलवान बन्न सक्तैन भन्ने कुरो दक्षिण कोरिया, थाइलैण्ड, सिगापुर, इत्यादि देशहरुको स्थितिले स्पष्टसंग देखाएको छ । स्पष्टतः मानिसको "शील" पनि त्यस देशको राजनीतिले उत्पन्न गरेको हुन्छ र त्यहाँको आर्थिक र सामाजिक स्थितिमा निर्भर गर्दछ ।

शील भिक्षु र भन्तेहरुको निम्ति मात्र होइन, गृहस्थहरुको निम्ति झन् जरुरी छ, बोधिसत्व भिक्षु र भन्ते भएर होइन गृहस्थी जीवन बिताएर मानव समाज भित्रै बसेर हुनु परेको छ । भिक्षु र भन्तेहरु आम जन-जीवनको सुख दुःख संग कटेको हुन्छ । उनीहरुको भोजन लखपति, करोडपतिहरुबाट दिइने दानमा आधारित हुन्छ, जन-जीवनमा के पीर मर्का परेकोछ र आम जनताले आफ्नो शील कसरी रक्षा गर्ने भन्ने सवाल ब्यावहारिक रुपले थाहा नहुंदा उनीहरुले शिक्षा दिए पछि सबै ठीक हुन्छ भन्ठान्छन् । भिक्षु भन्तेहरुले दरिद्रता, बेकारी र भुखमरीको सामना गर्नु पर्दैन । बालबच्चाको भोको पेटको रोदन र क्रन्दन सुन्नु पर्दैन र सजिलैसंग शील पालन गर्न सक्छन् । तर गृहस्थहरुको अगाडि यी सम्पूर्ण समस्याहरु छन, कहिले काहीं चाहेर पनि शील पालन गर्न नसक्ने स्थिति आइ पर्छ । आधारहीन महिला नचाहेर पनि चरित्र बेच्न बाध्य हुन्छिन । बेकारी र भोकले पीडित भएर चोरी गर्न र पाकेटमार बन्न बाध्य भएको हुन्छ । यहाँ हामी महाभारतको दुई घटनाले यस कुरोलाई अझ स्पष्ट पारौं ।

यस्तै कुरोमा श्री कृष्ण र अर्जुनको विवाद पर्छ । कृष्णको भनाई हो मानिसले बाध्य भएर चोरी गर्छ । अर्जूनलाई चित्त बुझाउन नसकेपछि अर्जुनलाई खाने कुरो भएको ठाउँमा राखी म नआए सम्म नखानू भन्ने कबूल गराएर कृष्ण बाहिर निस्कन्छ । ४ दिन

बित्दा पनि कृष्ण फर्कदैन अर्जुनलाई भोकले सताउँछ र खानेकुरो झिकेर खान मात्र थाल्छ कृष्ण पनि आइ पुग्छ । अर्जुन पनि जिल्ल पर्छ । भोकले आफ्नो कबूल तोडन बाध्य गराएको कुराबाट अर्जुन झल्यास्स हुन्छ ।

यस्तै राजसूय यज्ञ पछि एउटा बाहुनले सुनको थाली चोरेर लगेको महाराज युधिष्ठिरले देखछन् र कृष्णलाई भन्छन् कृष्णले महाराज युधिष्ठिरलाई बोध गराउँछन् "यो तपाई कै दोष हो ।" यदि राज्यब्यवस्थामा सम्पूर्ण जनताको जीवन सुखी सम्पन्न सुनिश्चित भए मानिसले किन चोर्ला ? स्पष्टतः कुनै देशमा चलेको चोरी, भ्रष्टाचार इत्यादि सम्पूर्ण दुश्चरित्रको जिम्मेवार त्यस देशको सरकार र त्यहाँको ब्यवस्था हो ।

स्पष्टतः आज उपदेश दिएर मनलाई रमाउनु भन्दा सम्पूर्ण जनताले शील पालन गर्न सक्ने स्थिति तयार गर्नु परेकोछ र त्यसै निम्ति जनतालाई राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा देशको मालिकको रुपमा स्थापना गरी उनीहरुको जीवन सुखी सम्पन्न र सुनिश्चित बनाउनु परेकोछ । वैज्ञानिक समाजवाद नै एउटा यस्तो ब्यवस्था हो जहाँ मानिसलाई शील पालन गर्नको निम्ति चाहिने स्थिति तयार हुनेछ र बुद्धको दिव्य उपदेश "शील" पनि त्यही मात्र आम जनताले ब्यापक रुपले पालन गर्नेछन् ।

## ग) निष्कामः–

श्री कृष्णले यसलाई निष्काम कर्म योग भनेकाछन् । श्री कृष्ण गीतामा भन्छन् । "काम गर्ने कुरोमा तिम्रो अधिकार छ, तर यसको फल तिम्रो अधिनमा छैन ।"

मानिसले आँपको रुख रोप्न सक्छ तर यसमा फल लागिहाल्ला भन्न सक्तैन । फल लागेको खण्डमा यसको फल आफैले भोगुला भन्न सक्तैन । हुन सक्छ, फल लाग्न भन्दा पहिले त्यो मान्छे मरि

जाओस् । हुन सक्छ त्यो फल टिपेर घर नपुग्दै मरि जाओस् । के अनि आँपको विरुवा नलगाउँने ? लगाउँने । किन लगाउने ? यस निम्ति कि आफुले यसको फल खान नपाए पनि अरुले खाओस्, भावी सन्तानले खाओस्, छर छिमेकीले खाओस् । स्पष्टतः सबै कुरा आफैले फल भोगुला भनेर गरिन्न ।

निष्काम कर्मको सबभन्दा उत्तम उदाहरण मार्क्सलाई दिन सकिन्छ । मार्क्सले आफ्नो सम्पूर्ण जीवन विश्वका शोषित पीडित जनतालाई मार्ग दर्शन गराउनमा लगाए । मार्क्स र ऐङ्गेल्स मिली सयकडौं किताब लिखे । के मार्क्स यो कार्य धन कमाउनको निम्ति गरे ? होइन । के मार्क्सले विश्वमा समाजवादी ब्यवस्था स्थापना भएमा आफु सर्वेसर्वा बनुला अथवा कुनै राम्रो पद पाउँला भनेर गरे ? मार्क्सलाई जेनीसंग विवाहको तुरुन्तै पछि प्रसियन सरकारले मन्त्री हुन बोलाएको थियो । मार्क्सले फटकारेर पटाए कि म घुस खाने होइन । यस कार्यमा लाग्दा मार्क्सले अनेक, कष्ट सहनु पऱ्यो । वहाँको साथी मैयरले वहाँलाई अलि कति कलम घुमाउने सल्लाह दिए । जवाफ पठाइ दिए, विश्व मानवको दुःखलाई बिर्सी कलम घुमाउनेलाई म वैल होइन । चाहे जस्तो सुकै दुःख आपद भ्फेल्न परोस मानवलाई शोषण-दमनबाट मुक्त जीवन प्रदान गर्ने कार्यमा उनी अबिचलित भएर अगाडि बढे । उनले आफ्नो आखाँले आफुले गरेको कुनै कामको फल हेरेर जान सकेनन्, तर उनको शिक्षाले आज विश्वको एकतिहाई जनताले आ-आफ्नो देशबाट सामन्ती अथवा पूँजीवादी ब्यवस्था खतम गरी त्यहाँ समाजवादी ब्यवस्था स्थापना गरी निरन्तर विकास गर्दै सुखी सम्पन्न र सुनिश्चित जीवन बिताउन पाइरहेकाछन् र उनकै शिक्षालाई हृदयङ्गम गरि बाँकी देशका जनता यस्तो मुक्त समाजको निम्ति निरन्तर सघर्षमा लगिरहेका छन् ।

स्पष्टतः आफ्नो निजी स्वार्थको कामना नगरी विश्वमानवको

हितको निम्ति धैर्य धारण गरी लगनशील भएर काम गर्नु नै निष्काम कर्म हो, निष्काम कर्मको मतलब लक्षहीन कार्य होइन । महान लक्ष्य पूर्तिगर्नको निम्ति आफ्नो निजी फाइदा बेफाइदा वास्ता नगरी काम गर्नुनै निष्काम कर्म हो ।

## घ) प्रज्ञाः–

बुद्धि, विवेक र अनुभवले ठम्याएर उपभोगमा ल्याउन सकिने ज्ञान नै प्रज्ञा हो ।

प्रज्ञा अथवा ज्ञानको मुख्य केन्द्र विन्दु हो "सम्यक् ज्ञान" सबै एक र बराबर हो भन्ने ज्ञान । आफु र अरु बीच भेद नराख्ने ज्ञान । "म" भन्ने कुरो आफु एक्लैमा सीमित नराखी सम्पूर्ण मानव नै "महु" भन्ने ज्ञान यसै मानेमा नै कृष्णले गीतामा सम्पूर्ण अरु धर्मलाई छोडि मेरो शरणमा आउँ भनेका हुन ।" जब मानिसले मानिसलाई म आफै हुँ भनि चिन्दछ, संसारमा अन्याय अत्याचार् शोषण र दमन इत्यादि मेटिएर जान्छ । मानिस नै यस विश्वको केन्द्र हो । मानिससंग अनन्त शक्ति छ र संसारमा जे गर्ने हो मानिसले गर्ने हो र उसले मानिसकै निम्ति गर्ने हो ।

मानिस कालो, गोरो, अग्लो, पुडको, नेप्चे, थेप्चे र लामो नाक भएका इत्यादि हर प्रकारका हुन् सक्छन् । तर यी सम्पूर्ण प्रकारको मानिसलाई प्रतिनिधित्व गर्ने 'मानव' एउटै हो । यसै कारण भगवान बुद्धले "बहुजनको हितको निम्ति, बहुजनको सुखको निम्ति, सबैको कल्याणको निम्ति विचरण गर ।" भनेको हो ।

भगवान बुद्धले मेरो पूजागर, पाठगर र मेरो नाउँमा व्रत गर अनि धर्म हुन्छ भनेनन् । मानवको सेवा नै धर्म हो भन्ने उपदेश भगवान बुद्धको हो ।

जब सबै मानिस बराबर हुन भने यहाँ कोही मानिस ठूलो, कोही

सानो, कोही शोषक र कोही शोषित, कोही मालिक, कोही नोकर, कोही करोडपति, कोही भीखमङ्गाको रुपमा राख्ने नै किन ?

सवाल छ यो भेदभाव कसरी मेटाउने ? भगवान बुद्धको समयमा "दास समाज' थियो। बुद्धले भने दासहरुमा पनि करुणा र मैत्री भाव राखि उनीहरु माथि राम्रो ब्यवहार गर भनेका थिए।"

आज आएर दास ब्यवस्था खतम भैसकेको छ। यसको बदला अब विश्वमा अरबौंको संख्यामा ज्याला अथवा मासिक तलबमा काम गर्ने मजदूर र कर्मचारी र जग्गा नभएका, खेतहीन र गरीब किसानहरु र अन्य मेहनतकश जनता देखा परेका छन् र उनीहरु मध्ये अरबौंको संख्यामा मानिसहरु बेकारी र भूखमरिका शिकार छन्।

दास जमानामा दासका मालिकले दासहरुलाई राम्रो ख्वाई, पिलाई दिए एक हदसम्म समस्या समाधान पनि भै हाल्थ्यो। तर आज देखा परेका अरबौं मानिसहरुको बेकारी, भूखमरी र दरिद्रता कसरी मेटाउने ? बहुजनको हितको निम्ति उनीहरुको सुख र कल्याणको निम्ति विचरण गर भन्ने बुद्धले दिएको ज्ञान "निरपेक्ष सत्य" (Absolute truth) भन्न सकिन्छ। तर बदलिदो मनुष्य समाजले गर्दा बहुजन भन्ने शब्दको अर्थ पनि बदलिदै जाँदा हामीले यस माथि अझ गम्भीरताका साथ विवेक बुद्धि लगाएर सोच्नु बाध्य हुनु परेको छ।

अब बहुजन भन्नाले मजदूर खेतहीन र गरीब किसान करोडौंको संख्यामा संसारमा फैलिएको बेकारी र भूखमरीको शिकार भएका जनता, सानातिना ब्यापारी र कर्मचारीहरु र अरु अनेकौं प्रकारका मेहनतकश जनता र सडकलाई नै आफ्नो घर बनाई राखेका र बाध्यतावश अनेकौ हुने नहुने काम गरी बाँच्न बाध्य भएका केटा-केटीहरु र रछ्यानमा खोजेर खानु पर्ने जनतालाई जनाउँछ।

यी बहुजनको हित, सुख र कल्याण कसरी गर्ने ? यी समस्याहरु गौतम बुद्धको पालोमा थिएनन । यी समस्याहरु आज देखा परेका छन । स्पष्टतः हामीले यी समस्याहरुको समाधान बौद्ध-धर्म ग्रहन्थहरुमा खोलेर पाउने छैनौ । यसै कारण हामीलाई नयाँ नयाँ ज्ञानको आवश्यकता पर्न जानु स्वभाविक हो ।

जसरी जीवाङ्गलाई बाँच्नको निम्ति खाद्य पदार्थबाट सार तत्वहरु लिनु (परिपाचन) र पुराना काम नलाग्ने वस्तुलाई त्याग्नु (बिपाचन) को प्रक्रिया जरुरत छ र यो प्रक्रिया रुकेपछि सो जीवाङ्गको मृत्यु हुन थाल्छ, उस्तै ज्ञानको सवालमा पनि त्यो ऐतिहासिक स्थितिमा देखा परेका उपयुक्त ज्ञानलाई ग्रहण गर्ने र पुरानो, अनुपयुक्त विचारलाई त्याग्ने प्रक्रिया रुकेपछि सो ज्ञान पनि मरेको लास झै निस्क्रिय हुन पुग्छ र यस्ता मरि सकेको ज्ञानले मानवलाई हित गर्ने सुगन्धको सट्टा मानवलाई नोक्सान हुने दुर्गन्ध छोडन थाल्छ ।

ज्ञानलाई सजीव र सक्रिय बनाउन त्यस ऐतिहासिक स्थितिमा देखा परेका बहुजनको हित, सुख र कल्याण हुने ज्ञानलाई ग्रहण गरी ती बहुजनको हित, सुख कल्याणसंग सम्बन्ध नभएको पुरानो ज्ञानलाई छोडी ज्ञानलाई पनि सजीव र सक्रिय बनाई राख्नु उत्तिकै जरुरत छ ।

ज्ञानको सीमा छैन, आज थाहा नपाएको कुरो भोलि थाहा हुन्छ । हिजो “दास” हरु माथि करुणा, दया, मैत्री पर्याप्त थियो भने आज बहुजनको हित, सुख र कल्याणको निम्ति यस्तो समाज ब्यवस्था स्थापना गर्ने ज्ञानको आवश्यकता देखा पर्न आएकोछ, जुन समाज ब्यवस्थामा सम्पूर्ण मानव आर्थिक, राजनीतिक र सामाजिक क्षेत्रमा आ-आफ्नो देशको मालिकको रुपमा देखा परोस् । यस्तो समाजवादी ब्यवस्थाले नै आजको स्थितिमा सम्पूर्ण मानवको हित, सुख र कल्याण गर्न सक्ने छ । हाम्रो जस्तो देश जहाँ समाजवाद तुरुन्त लागु

हुन सक्तैन । उहाँ समाजवाद तिर जाने गैर-पूँजीवादी विकासको बाटो पक्रेर अगाडि बढ्ने "राष्ट्रिय प्रजातन्त्रको" आवश्यकता देखा परेकोछ ।

यस्तो राजनीतिक व्यवस्था जनताको हित, सुख र कल्याण मूल आधार बन्ने छ । आज साम्राज्यवाद तथा नव-उपनिवेशवादको स्थितिमा दान र करुणाले बहुजनको हित, सुख र कल्याणको जिम्मेवारी पूरा गर्न सक्तैन भन्ने कुरो निर्विवाद सत्य सावित भईसकेको छ । पानी पातमा होइन जरामा दिनु परेको छ ।

भन्ते डा. वाल पोल राहुलको कथन याद आउँछ । वहाँ "बुद्धले के सिकाए" नामक आफ्नो पुस्तक (अंग्रेजी संस्करण पन्ना ८१) मा लेख्नुहुन्छ, "बुद्ध सबै मानिस सुखि होउन भन्ने चाहन्छन् । नैतिक र आध्यात्मिक सिद्धान्तमा आधारित पवित्र जीवन नबिताई सुख सम्भव छैन । तर बुद्धलाई थाह छ कि भौतिक र सामाजिक स्थिति अनुकूल नभएमा यस्तो नैतिक र आध्यात्मिक सिद्धान्तमा आधारित जीवन दुष्कर हुन्छ ।" वहाँ फेरि लेख्नु हुन्छ "बुद्धको शिक्षा अनुसार भौतिक साधान लक्ष्य होइन' त्यो लक्ष्य प्राप्तिको निम्ति साधन हो......... तर फेरि पनि यो नभई नहुने साधन हो ।" वहाँ अगाडि लेख्नु हुन्छ, "बुद्धले जीवनलाई सामाजिक र आर्थिक स्थितिबाट अलग गरेर हेरेनन्, बुद्धले जीवनलाई पूर्णतामा हेरे अर्थात यसको सामाजिक, आर्थिक राजनैतिक पहलुलाई समेटेर हेरे ।"

स्पष्टतः प्रज्ञा मनमा धारणा गर्ने ज्ञान मात्र नभएर, सम्पूर्ण मानवलाई ब्यावहारिक रुपले कसरी सुख दिने भन्ने ज्ञान पनि हो । दया, दान, करुणा, मैत्री, मुदिता, उपेक्षा सबै मानवको भौतिक सुखसंग सम्बन्धित कुराहरु हुन् । तर आजको समाजमा सम्पूर्ण मानवको जीवन सुखमय बनाउने हो भने दया, दान, करुणा र मैत्रीले मात्र पुगेन ।

बुद्धको बेला ठूल ठूला बगानहरु र कल-कारखानाहरु नहुदाँ अतिरिक्त मूल्यको कल्पना गर्न सकिदैनथ्यो । कारण गौतम बुद्धले भने जस्तै मानिसको मनको पोषण उपदेश र अनुभवबाट हुन्छ । जुनबेला ठूल-ठूला कारखानहरु र बगानहरु थिएनन् त्यसबेला यसबाट हुन सक्ने दुष्परिणामको अनुभव नहुंन स्वाभाविक हो र त्यसबेला भगवान बुद्धले यसबारे उपयुक्त हुने ज्ञान नदिनु स्वभाविक हो ।

यसबारे आजको धर्मगुरुहरुले सोच्न सक्ने कुरै भएन, कारण आजका धर्मगुरुहरुले आफ्नो जीविकाको निम्ति कुनै बेकारी समस्याको सामना गर्नु पर्दैन, नत कुनै बगान वा कारखानामा गएर काम गरेर शोषणको चक्किमा पिसिनु परेका छन् । यस्तो स्थितिमा धर्म गुरुहरु द्वारा सामन्ती तथा पूँजीवादी शोषण दमनबाट मुक्त गरेर मात्र बहुजनको हित, कल्याण र सुख हुन सक्ने छ भन्ने प्रज्ञाको अनुभूति गर्न नसक्नु स्वाभाविक हो ।

आजको स्थितिमा उपयुक्त प्रज्ञा प्राप्त गर्नको निम्ति मनलाई पोषण गर्ने अनुभव, शोषण र दमन कस्तो हुन्छ भन्ने अनुभव प्राप्त गर्ने बाटो वहाँहरुसंग छैन । यहि कारण हो आज बुद्धले मनाही गरेर गएतापनि “धर्म” बुद्धको मूर्ति पूजा गर्नु, भजन-मण्डलीमा सामेल हुनु र बुद्धको हात अथवा सुनको मूर्ति बनाएर जात्रा गर्ने कार्य सम्ममा सीमित हुन गएको छ । प्रवचन गर्‍यो, सुन्यो, मनको कुरो मनैमा राख्यो भई हाल्यो, आज प्रज्ञालाई चाहिने नयाँ पोषणको अभावमा प्रज्ञाले ब्यावहारिक रुप लिन नसकी अशक्त र अधुरो रहन गएको छ ।

बुद्धको उपदेश हो “ संसारको कुनै वस्तु परिवर्तनबाट मुक्त छैन” ज्ञान पनि परिवर्तनबाट मुक्त रहन सक्तैन । समाज बदलिन्छ, एक समयको प्रज्ञा अर्को समयमा अनुपयुक्त हुन जान्छ ।

कुनै पनि धर्मलाई जड-सुत्रको रुपमा पक्रेर त्यस धर्मको उद्देश्य पूर्ति गर्न सक्न्नि । नत बुद्धले भनेर गएको बहुजनको हित, बहुजनको सुख र मानव कल्याणले ब्यावहारिक रुपलिन सकिनेछ । यसैकारण आजको स्थितिमा उपयुक्त ज्ञान खोज्न पनि उतिकै जरुरत परेको छ । गौतम बुद्धको महानता हो कि उनले "आफुलाई सर्वज्ञ" भनेनन् । बरु अरुले प्रदान गर्न लागेको "सर्वज्ञता" को पदलाई अस्वीकार गरि भने, 'म भन्दा ठूल्ल-ठूला बुद्धहरु पहिले भएर गएका होलान् र भविष्यमा पनि उत्पत्ति हुन सक्नेछन् ।" यस्ता बुद्धहरु चीवर लाएर नै जन्मन्छन् भन्ने होइन । बुद्धले भनेर गए "मैले भनेर गएको भनि अथवा कुनै शास्त्रमा लेखेको भनेर आँखा चिम्लेर यसैलाई अकाट्य सत्य अथवा प्रमाण नठान ।" बुद्धले भने "हरेक कुरोलाई सुनारले सुन जाँचे झै जाँच" स्पष्टतः हामीले हरेक ज्ञानलाई वैज्ञानिक विश्लेषणको आधारमा सो ज्ञान सम्पूर्ण मानवको हित सुख र कल्याणको निम्ति उपयुक्त छ, छैन, बहुजनलाई हित गर्ने, सुख दिने खालको र कल्याण गर्ने खालको हो, होइन जाच्नु आवश्यक छ र यस हेतुलाई पूर्ति गर्ने नयाँ ज्ञानलाई पनि स्वीकार गर्नु उतिकै आवश्यक छ । यस कार्यले नै मानव-जातिले निरन्तर विकास गरी प्रकाश दिन सक्नेछ ।

हामीले पुराना र नयाँ अनुभवबाट सिकी नयाँ नयाँ ज्ञान प्राप्त गरी पूर्ण ज्ञान प्राप्ति गर्ने दिशातिर निरन्तर अगाडि बढनुछ । लेनिन भन्नु हुन्छ "हजारौं वर्ष देखि मानवले जम्मा गरेको ज्ञानलाई खेर नफाल ।" ज्ञान अन्नतछ, पुराना ज्ञानबाट सिकी नयाँ ज्ञानहरु प्राप्त गरेर नै प्रज्ञाले यस विश्वलाई सुखमय र शान्ति क्षेत्र बनाएर विश्व-मानवको सेवा गर्न सक्नेछौं । त्यो प्रज्ञा प्रज्ञा होइन जसले मानवलाई अनेक समस्याबाट मुक्त गरी उनीहरुलाई नयाँ जीवन दिन सक्तैन ।

प्रज्ञाको मतलब ज्ञान प्राप्त गरी जङ्गल वास जाने अथवा गुफा

पस्ने होईन, प्रज्ञाले यस्तो ज्योति बन्न परेको छ, जसले सम्पूर्ण मानवलाई सत्यमार्ग देखाउन सकोस् । प्रज्ञा यस्तो हुनु परेको छ, जसले अन्याय-अत्याचार सहेर नीच मारेर बस्ने होइन, आफ्नो निजी ममता, लोभ-मोह पिपासा, तृष्णा, डर, त्रास र भय सबैबाट मुक्त भएर मानवलाई अन्याय अत्याचारबाट मुक्त गरी नयाँ जीवन दिन सकोस् र सबैले शान्तिपूर्ण जीवन बिताउन सकून र सबै जनताले "प्रज्ञा" बन्ने स्थिति तयार गर्न सकून् ।

आधार नभै घर बन्दैन । स्पष्टतः सामाजिक, आर्थिक र राजनीतिक स्थितिलाई ठीक ठाउँमा नल्याई मानिसहरुको नैतिक र आध्यात्मिक जीवन सार्थक र सुखी हुन सक्तैन । यसैकारण प्रज्ञा भन्नाले देशको सामाजिक, आर्थिक र राजनीतिक ब्यवस्थाबाट अलग्गैको ज्ञान होइन । आखिर ज्ञानको आवश्यकता नै किन यदि यसले मानव जीवन सुखी बनाउन सक्तैन भने ? मानव जीवन सुखी, सम्पन्न र शान्तिमय होस् भनेर नै मानिसको निम्ति प्रज्ञा महत्वपूर्ण भएको हो ।

प्रज्ञा आफ्नै निर्वाणको निम्ति होइन । निर्वाण स्वयम् पनि निर्वाणको निम्ति होइन । सम्पूर्ण बन्धनबाट मुक्त मानिस नै जिउँदै निर्वाण प्राप्त मानिस हो, जसलाई लोभ, मोह पिपासा, तृष्णा, डर, भय, त्रासले छुन सक्तैन र आफ्नो कर्तब्यबाट बिचलित गर्न सक्तैन उही निर्वाण प्राप्त मानिस हो । यो भन्दा अर्को निर्वाण हुनै सक्तैन, कारण जब आत्मा भन्ने अलग वस्तु छैन भने मरे पछि के को निर्वाण ? निर्वाण जीवितावस्थामा नै प्राप्त गर्नु परेको छ र यही प्रज्ञा हो र प्रज्ञाको उपयोगिता पनि सम्पूर्ण मानवलाई शोषण-दमनबाट मुक्त गरी सुख, समृद्धि र शान्तिलाई सुनिश्चित गरी दिनु हो, ताकि मानव जीवनले हर क्षेत्रमा विकास गरेर जान सकोस् । त्यो प्रज्ञा प्रज्ञा होइन जसले यो काम गर्न सक्तैन । त्यो प्रज्ञा प्रज्ञा होइन । जसले आफु र अरु बीचको भेद मेट्न

सक्दैन । त्यो प्रज्ञा प्रज्ञा होइन जसले जनताको आँखाको आँशु पुछ्न सक्दैन, जसले जनताको आर्तनादलाई सदाको निम्ति शान्त गर्न सक्दैन । स्पष्टतः प्रज्ञा आफैमा सीमित हुने ज्ञान नभै सम्पूर्ण मानवको जीवनसंग सम्बन्धित ज्ञान हो । यसकारण सम्पूर्ण मानवको जीवन सुखी बनाउन सक्ने र यसको निम्ति उपयुक्त सामाजिक आर्थिक र राजनीतिक स्थिति तयार गर्न सक्ने प्रज्ञा नै वास्तविक प्रज्ञा हो ।

## ङ) वीर्यः–

पाँचौ दिव्य गुण हो "वीर्य" । वीर्यको अर्थ 'शक्ति' पनि हो । ब्रह्मचार्य पालन "वीर्य" हो । 'काम' माथि विजय प्राप्त गर्नु 'वीर्य' हो । महादेवलाई "काम विजयी" भनिन्छ र उनलाई मनुष्यबाट "महादेव" बनाउने शक्ति पनि यही हो । महादेवको भनाई हो "विन्दु धारण गर्नु नै जीवन हो, विन्दुको नाश गर्नु मृत्यु हो ।" (मरण विन्दु पातेन, जीवनं विन्दु धारणात्)

यो कुरो अध्यात्मवाद होइन, भौतिकवाद नै हो । "वीर्य भौतिक पदार्थ हो । यस भौतिक पदार्थको संचयले मानिसमा गुणात्मक परिवर्तन पनि हुन जान्छ । वीर्य धारण एउटा संन्यासी र भिक्षुको निम्ति मात्र होइन सबैको निम्ति उतिकै आवश्यक कुरा हो । श्रीकृष्ण पनि "काम विजयी" नै छन् । ब्रह्मचार्य बिना योग सिद्ध हुन सक्तैन् । कृष्ण योगी हुन् । कृष्णले ठाउँ ठाउँमा ब्रह्मचार्य माथि जोड दिएको पाइन्छ । कृष्ण योगी हुनुको साथै गृहस्थि पनि छन । योगीले सवारले घोडालाई नियन्त्रण गरे झै आफ्नो मनलाई पनि नियन्त्रण गरेको हुन्छ र यताउती भटकन दिर्दैन । आफ्नो मनलाई नियन्त्रण गर्ने अभ्यास नै योग-अभ्यास हो । श्री कृष्णले त्यस्तै पर्दा रुक्मणीलाई भनेका थिए, म स्त्री, संतान र धन प्रति लोलुप होइन ।" अस्तु गौतमले २९ वर्ष मै गृह त्याग गरी भिक्षु भएर ब्रह्मचार्यको पनि पालना गरे ।

ब्रह्मचार्य अथवा वीर्य पालनाले मानिसलाई शारीरिक मात्र होइन मानसिक शक्ति र चारित्रिक शक्ति पनि प्राप्त हुन्छ । बुद्धको उपदेश हो, "यौन स्वतन्त्रता अथवा यौन सम्बन्धी 'दुराचार' ले मानिसको उच्च चरित्रलाई पतन गराई दिन्छ ।" यसै निम्ति बुद्धको उपदेश हो पवित्र, चरित्रवान बन ।" बुद्धको शिक्षा हो, "ब्रह्मचार्य पालन गर र यसरी संचय गरेको शक्ति मानिसले शारीरिक, नैतिक, बौद्धिक विकासमा लगाऊ र यो शक्ति मानवको सेवामा जुटाऊ ।" बुद्धले ब्रहमचार्य, सीधा सोझो पन, स्वेच्छा द्वारा गरीबी र आत्मा नियन्त्रणमा जोड दिएका छन् ।

यो पनि बुद्धकै शिक्षा हो कि बन-जङ्गलमा गएर प्रलोभनबाट बच्ने अर्हत भन्दा यँही समाजमा बसी गृहस्थ धर्म पालन गरी प्रलो भनबाट बच्ने ब्यक्ति अझ ठूलो अर्हत हो ।

जहाँ सम्म यौन स्वतन्त्रता र दुराचारको सवाल छ मार्क्स र ऐङ्गेल्स पनि यी कुराहरुको विरोधी हुन् र मार्क्सले पूँजीपति वर्गको यौन स्वतन्त्र आचारणको भर्त्सना गरेका छन् । ऐगेल्सले "परिवार, ब्यक्तिगत सम्पत्ति र राज्यको उत्पति" नामक पुस्तकमा लेखेका छन "जब मानिसमा एक पुरुष एक पत्नी (Monogamy) को चलन चल्यो त्यँहीबाट मनुष्य सभ्यता शुरु भयो र यसपछि मनुष्य समाजले छिटो छिटो प्रगति गर्न शुरु गऱ्यो ।" 'लेनिन यसबारे अझ स्पष्ट छन् भन्ने कुरो लेनिनको क्लाराजेटकिनसंग भएको कुरोले स्पष्ट गर्दछ । लेनिनको शिक्षा हो "शक्ति" बर्वाद नगर ।

लेनिनले एकजना होनहार केटोबारे लडकीहरुको पछि लागेपछि भने "अब यो केटोबाट कुनै खास काम हुन सक्तैन ।" लेनिनले "शक्ति" को रक्षा गर भनेको 'वीर्य पालन' गर्न भनेका हुन् । का. देङ्गजाव पिंगले ७४ वर्षमा भने, म अझ १० वर्ष काम गर्नेछु ।' यो आत्मा विश्वास देङ्गजाव पिंगसंग कहाँबाट आयो ? त्यसताका चिनी

नेताहरुले शक्ति बर्वाद नगर्ने कुरोमा जोड दिएको कुरो अखवारमा बराबर पढिएको हो ।

शक्ति खेर फाल्ने कुरो भिक्षु र सन्यासीको निम्ति मात्र उपयोगी नभई गृहस्थहरुले पनि ध्यान दिनु पर्ने कुरो हो । उचित आचरणले यो शक्ति संचय हुन्छ । मानिस उमेरले बुढो हुर्दैन यस शक्तिको क्षयले असमयमा नै बुढो पार्छ । १०० वर्ष सम्म सक्रिय भए बाँच्नु मानिसको स्वाभाविक अधिकार हो ।

नक्कली कम्युनिष्टहरु यौन स्वतन्त्रतालाई आफ्नो क्रान्तिकारी चरित्र भन्ठान्छन् । कम्युनिष्टहरु बारे पूँजीपति वर्गको सेवकहरुको यँही प्रचार छ जब कि कम्युनिष्ट पार्टीले बहु विवाहको विरोध गरी एक पति एक पत्नीमा जोड दिन्छ र जथाभावी प्रेम गर्ने कुरोको विरोध गर्छ र लेनिनको शब्दमा, “पानी पिउनु आवश्यक छ, तर अर्कोले पिएको झुठो गिलासमा होइन” यँही सिद्धान्त अनुरुप पार्टीको नियम अनुसार कसैको कसैसंग प्रेम भएको खण्डमा पार्टीलाई सूचित गरी पार्टीबाट स्वीकृति लिनु पर्ने र स्वीकृति लिएर मात्र विवाह गर्नु पर्ने चलन कम्युनिष्ट चलन हो । कम्युनिष्टलाई दुश्चरित्र हुने कुनै इजाजत छैन । वीर्यको अर्को मतलब हो वीरता, शक्तिको रक्षाले मानिसलाई वीर बन्नमा मदत गर्नेछ ।

शोषण, दमन अन्याय, अत्याचारको बिरोधमा दृढ संकल्प लिएर उठनु र आवश्यकता अनुसारको संघर्ष गर्नु नै वीरता हो । आफु बलियो भनेर अर्कोलाई दबाउनु आफ्नो हातको तलवारलाई दुरुपयोग गर्नु वीरता होइन, दानवी अथवा राक्षसी हर्कत मात्र भन्न सकिन्छ । मानिसले दानव अथवा राक्षस होइन वीर हुनु परेको छ । निस्वार्थ भाव तथा अहंकार रहित भएर सम्पूर्ण मानवको हितमा गरिने वीरता पूर्ण कार्य नै दैवी शक्तिको द्योतक वीरता हो ।

## च) शान्तिः–

आज विश्व भरि गौतम बुद्धलाई शान्तिको प्रतिक अथवा शान्तिको मूर्ति मानिएको छ । आज अन्तरिक्ष युद्धको जमानामा विश्व-शान्ति अनिवार्य रुपमा आवश्यक देखापरेकोछ । आज विश्वयुद्ध भयो भने युद्धमा जानेहरु मात्र मर्दैनन्, अथवा युद्धमा भागलिने देशहरुको जनता मात्र मर्दैनन रणक्षेत्रमा जाओस् वा न जाओस् अथवा लडाईमा भाग लेओस् वा नलेओस् युद्ध भए पछि विश्वका तमाम जनता माथि प्रलयङ्कारी आपत आईलाग्ने छ । नक्षत्र युद्ध भने तापाणविक किरणहरुले विश्व नै ढाकिने छ र सम्पूर्ण विश्व नै नष्ट हुनेछ । चन्द्रमा जस्तै पृथ्वी प्राणी र रुख बृक्ष, वनस्पति रहितको एक गोला नक्षत्र मात्र रहने छ । यस्तो स्थितिमा शान्तिको सवाल विश्व मानव जातिको अस्तित्वको सवाल हुन आएको छ ।

आज अमेरिकासंग यस्तो पृथ्वी १०० पटक नाश गर्न पुग्ने हतियार छ भने सोवियत संघसंग ९५ पटक पृथ्वीलाई नाश गर्न पुग्ने हतियार छ । १०० पटक वा ९५ पटक पृथ्वीलाई नाश गर्ने ? एकै पटक नाश भएपछि यो संसारमा कुनै मानिस अथवा वनस्पति बाँच्दैनन् । मानिस एक पटक मरेपछि फेरि फेरि मरिरहन परेन ।

यस विभीषिकालाई बुझेर, मानव जाति यस विश्वबाट नष्ट नहोस् भनेर सोभियत संघले बार बार निरस्त्रीकरणको प्रस्ताव राखेको छ । सोभियत संघको प्रस्ताव हो आइन्दा कसैले पनि यस्तो हतियार नबनाउने, भएका हतियारहरु क्रमशः नष्ट गर्दै लाने र यथासमय सम्पूर्ण रुपले नष्ट गर्ने । कारण तापाणविक हतियार एकै चोटि नाश गर्न सकिन्न यसलाई नाश गर्न समय लाग्छ । तापाणविक हतियार निर्माण गरेको छ छैन एक दोस्रोको देशमा अन्तराष्ट्रिय संगठनले जाँच्न पाउने छ । तर अमेरिकाले यस प्रस्तावलाई अनेक बहानामा नामन्जूर गर्दै आएको छ । यस माथि

सोभियत संघले यो पनि एक तर्फी घोषणा गरेको छ कि सोभियत संघले अमेरिका लगायत कुनै पनि देशमा अर्धेलो भएर पहिलो पटक आणविक हतियार प्रयोग गर्ने छैन र आणविक हतियारहरु नभएका देशहरु माथि कुनै हालतमा प्रयोग गर्ने छैन। यस्तै घोषणा जनवादी चीनले पनि गरेको छ । तर अमेरिकाले यस्तो घोषणा कहिल्यै गरेन र गर्न मानेन र मौका पायो भने कुनै पनि देशमा तापाणविक हतियार प्रयोग गर्न तम्सेर बसेको छ। सोभियत संघले इस्वी सन् १९८५ को अगस्त देखि आणविक परीक्षण एक तर्फी बन्द गरी दियो र अमेरिकाले पनि बन्द गरोस् भन्ने धारणा राखेको थियो। तर अमेरिकी प्रशासनले यसको अर्थ सोभियत संघ कमजोर भएर डराएर परीक्षण बन्द गरेको हो भन्ने लगायो र आफुले पनि परीक्षण बन्द गर्नुको सट्टा धमाधम परिक्षण चालु राख्यो तथा यो ईस्वी १९८६ अपैल ९ मा नेवाद मरुभूमिमा फेरि आणविक परीक्षण गऱ्यो । बाध्यता बस सोभियत संघले फेरि आत्म-रक्षाको निम्ति आफ्नो परिक्षण पनि चालु राख्नु पर्ने स्थितिको घोषणा गर्नु पऱ्यो ।

यसले स्पष्ट गर्छ शस्त्रास्त्रको होडमा जिम्मेवार को ? अर्को कुरो सोभियत संघसंग सुरक्षाको साधन भएन भने अमेरिकाले बल मिच्याइ गर्दै आएको कुरो पनि स्पष्ट छ। कसैसंग आणविक हतियार नभएको बेला इस्वी सन् १९४५ मा अमेरिकाले जापानका जनता माथि २ वटा एटम बमहरु नागाशाकी र हिरोशिमामा खसालि लाखौ निरपराध जनताको हत्या गऱ्यो । अमेरिकाले मौका छोपि ग्रेनाडा माथि कब्जा गरी त्यहाँको राजनीति मात्र होइन आर्थिक क्षेत्र पनि कब्जा गरे। २०४३ को बैशाष २ गते राति सबै सुतिरहेको बेलामा अमेरिकाले त्यो सानो देश लिविया माथि बम्बारी गऱ्यो। अमेरिका अरु देशको कमजोरीको फाइदा उठाएर यस्तै गरी सबैलाई आफ्नो अगाडि घुडा टकाउन चाहन्छ।

जेहोस् आज विश्वबाट आणविक हतियार खतम गराउने

कुरोमा सबैले आवाज उठाउनु परेको छ । सोभियत संघको प्रस्तावलाई कार्यन्वयन गर्दा नै विश्व आणविक अस्त्रको प्रहारको डरबाट मुक्तभई शस्त्रको होड् रोकिन गई विश्व-शान्ति सुनिश्चित हुन जानेछ ।

यो भयो शान्तिको एक पक्ष शान्तिको अर्को पक्ष हो आम जनताको निम्ति सुख शान्तिको ग्यारण्टी । भगवान बुद्धले भनेका छन, शाषक वर्गहरुले प्रजाहरुको समक्ष करुणा भरिएको मन लिएर आउनु पर्छ ।

निर्धन ब्यक्तिहरुको निम्ति भण्डार खोल, यसरी मात्र प्रजाले शान्ति पूर्वक बस्न पाउने छ ।

दुनियाको जीवन सुखी सम्पन्न नभएको शासनलाई उत्कृष्ट शासन भन्न सकिन्न । बुद्धले शासकहरुको जो कर्तव्य बोध गराए, जुन कुरो हामीले अगाडि गई सकेको अध्यायमा उल्लेख गरि सकेका छौं, यसले स्पष्ट गर्दछ बुद्धको उपदेश शान्ति रोक्नु सम्म मात्र सीमित छैन । बुद्ध चाहन्छन सम्पूर्ण जनताको जीवन सुखी होस, मानिसले मानिस माथि गर्ने ठगि अथवा शोषण-दमन खतम होस्, बलियाले निर्धालाई आक्रमण नगरुन अर्थात शोषण-दमन र अत्याचार गर्न नपाऊन् ।

स्पष्टतः बुद्धले चाहेको शान्ति मसानको शान्ति होइन, जिउँदो मानिसहरुको हँसी खुसीले भरिएको शान्ति हो । मुट्टीभर शासकहरुको निम्ति मात्र शान्ति होइन, सम्पूर्ण जनता गरीब भन्दा गरीब जनता सर्वहारावर्गको निम्ति पनि शान्ति, उनीहरुले पनि पूर्ण तरीकाले सुखमय जीवन बिताउने ब्यावस्थाको आवश्यकता यही, बुद्धको चाहना अथवा शिक्षा हो । सामन्ती अथवा पूँजीवादी ब्यवस्थामा यो कुरो असम्भव छ । नव-उपनिवेशवादी ब्यवस्थामा त यो झन् असम्भव छ । सामाजिक परिवर्तन ल्याएर समाजवादी ब्यवस्थामा नै यस्तो प्रकारको शान्ति सुनिश्चित हुन सक्नेछ । समाजवादी

देशहरुको निम्ति युद्ध रोक्न पाए शान्ति सुनिश्चित हुन्छ भने हाम्रो जस्तो देशको निम्ति एकातिर युद्ध रोक्नु छ भने अर्कोतिर सामाजिक परिवर्तन पनि ल्याउनु छ ।

## शान्ति क्षेत्र नेपालः–

निश्चय पनि सम्पूर्ण नेपाली जनता शान्ति चाहन्छन् । तर विश्व युद्ध छेडयो भने नेपाल एउटा शान्ति क्षेत्र भनेर समुद्रको बीचमा टापु झैं बच्ने छैन । नेपाल सहित सम्पूर्ण विश्व नै स्वाहा हुनेछ । स्पष्टतः शान्ति क्षेत्र नेपाल विश्व शान्ति कायम हुन सकेमा नै सार्थक हुनेछ । यसैकारण नेपाललाई शान्ति क्षेत्र बनाउने प्रस्ताव विश्व शान्तिको एक अङ्ग बन्नु परेको छ ।

तर नेपालमा साम्राज्यवादी ब्रिटेनको फौजी भर्ती केन्द्र स्थापना गरेर फेरि पनि यो नेपाल शान्ति क्षेत्र कसरी बन्ने हो ? के बेलायतको फौजी भर्ती केन्द्रहरु शान्तिका प्रतीक हुन् ? यही २०४३ को बैशााष २ गते राति २ बजे अकस्मात लिबिया माथि बम्बरी गरी अमेरिकाले आफ्नो राक्षसी चरित्रलाई उदाङ्गो पारेको छ । अमेरिकाको यस अमानुसिक राक्षसी हरकतमा बेलायत, क्यानाडा र इजरायल सिवाय अरु सम्पूर्ण देशहरुले निन्दा गरेका छन् । लिबिया माथि हमला गर्ने कार्यमा बेलायतबाट १८ वटा बम्बर्षक हवाई जहाजहरु उडेर गएका थिए । यस्तो बेलायती साम्राज्यवादको निम्ति नेपालमा फौजी भर्ती केन्द्र स्थापना गरेर नेपालले आफूलाई शान्ति क्षेत्र भन्ने गरेतापनि यसमाथि ब्रिटिस साम्राज्यवाद विरोधी शाक्तिहरुको रकेट प्रहार नहोला भन्न सकिन्न ।

यसको साथै बुद्धको शान्ति जन-जीवनको सुरक्षा र सुखी जीवनसंग पनि सम्बन्धित भएको हुँदा यस निर्दलीय पञ्चायती व्यवस्थाले जन-जीवनमा ल्याएको बर्बादी यथावत राखेर नेपाल फेरि पनि ब्यावहारिक रुपले शान्ति क्षेत्र बन्ने छैन ।

हर देशको आर्थिक स्थिति त्यस देशको राजनीतिक व्यवस्थामा निर्भर गर्दछ । जनताको आजको दयनीय स्थितिको जिम्मेदार यही निर्दलीय पञ्चायती ब्यवस्था हो । जनतालाई मौलिक तथा राजनीतिक अधिकारहरुको ग्यारण्टी गरेर नै देशको विभिन्न समस्याहरु शान्ति पूर्ण ढङ्गले समाधान गर्न सकिनेछ ।

तर यहाँ जनतालाई मौलिक अधिकार दिइदैंन, नत राजनीतिक अधिकार दिइन्छ । यहाँ लोकलाई देखाउनको निम्ति गरिने राजनीतिक अधिकार विहीन धांधलीपूर्ण राष्ट्रिय पञ्चायतको चुनाव हुन्छ । यस्तो स्थितिमा यहाँ शान्ति स्थायी हुनेछ भनेर कसैले भन्न सक्तैन । संयुक्त राष्ट्र संघको मानव अधिकार बारे सार्वभौम घोषणाको प्रस्तावनामा भनिएको छ, "किन कि अन्याय युक्त शासन र जुलुमका विरुद्ध यदि मानिसहरुलाई विद्रोह गर्नु नै उपाय नपाएर अन्तिम उपाय ठान्न पर्ने होइन भने मानव अधिकारको कानुन द्वारा संरक्षण हुन आवश्यक छ ।"

हो अवश्य यो देशले आफुलाई हिन्दु राष्ट्र भनेता पनि यहाँ हिन्दुधर्म अनुकूल "राजयोग" छैन । नत यहाँ बुद्धको देश भनेता पनि बुद्धले भनेको उत्कृष्ट शासन छ । यहाँ जनताको आर्थिक जीवन बर्वाद छ, मानिसहरुको मौलिक अधिकार खोसिएको छ, बोल्ने, लेख्ने, सभा-संगठन इत्यादि मौलिक अधिकारबाट जनता वञ्चित छन्; यहाँ एक पटक धांधलीपूर्ण तरीकाले जनमत संग्रह गरिसकेको हुदाँ भन्ने बहानामा उहि संयुक्त राष्ट्र संघको सार्वभौम घोषणाको धारा २० र २१ को उल्लघन भइरहेको छ । यहाँ धारा २० मा भने झै मानिसहरुलाई शान्तिपूर्ण सभा गर्ने तथा संस्थाहरु बनाउने स्वतन्त्रता छैन, अनि धारा २१ मा भने झै स्वतन्त्र रुपले चुन्ने अधिकार पनि छैन, चुनाउ हुन्छ पैसा, धांधली र गुण्डागर्दीको भरमा साम्प्रदायिक नाराको आधारमा, नकि जनतालाई राजनीतिक चेतना दिएर, राजनीतिक रुपले जागृत गरेर । यहाँ चुनाव अगाडि

उम्मेदवारहरुको ज्यान लिइन्छ । धारा २१ मा भनिएको कि "जनताको इच्छा सरकारको सत्ताको आधार हुनेछ ।" भन्ने कुरालाई जालझेल गरी "सत्ता मुट्ठीभर शासक वर्ग कै इच्छामा आधारित गरिएको छ र रा. प. को चुनाव अधिकार विहीन चुनाउमा बदलिएको छ ।

स्पष्टतः शान्ति क्षेत्र भनिएको नेपालमा शान्तिको निम्ति चाहिने उपयुक्त राजनीतिक, आर्थिक र सामाजिक वातावरण छैन । र यो निर्दलीय पञ्चायती सरकारले नेपाललाई शान्ति क्षेत्र बनाउने आधार प्रहरी, र गुप्तचरहरुको साथै १ लाख फौजको ब्यवस्था र अनि जनतालाई राजनीतिक र सामाजिक चेतना विहीन बनाएर चल फिर गर्न नदिने ब्यवस्थामा नै देखिएको छ। यस निर्दलीय पञ्चायती ब्यवस्थालाई प्राकृतिक नियम थाहा छैन कि "हरेक क्रियाको उत्तिकै बिपरीत प्रतिक्रिया हुन्छ ।" जुन प्राकृतिक नियमलाई कसैले काट्न सक्तैन र यँही नियम अन्तर्गत संसारका खुंखार भन्दा खुंखार शासक वर्ग पनि एक न एक तरिकाले उखेलिएर गइ राखेकाछन् । यो आज सम्मको इतिहासले सावित गरेको कुरो हो ।

नेपाली जनता चाहन्छन् कि नेपाल सहि मानेमा शान्ति क्षेत्र बनोस् र यसको निम्ति उपयुक्त राजनीतिक, आर्थिक र सामाजिक वातावरणको श्रृजना होस, विदेशी फौज भर्ती केन्द्र यहाँ नहोस, फौजि खर्च बढाउनुको साटो यँही खर्चले जनतालाई कामको ग्यारण्टी गरियोस्, कारण यो निर्विवाद सत्य हो कि एक जना फौजि जवानलाई लाग्ने खर्चले उहि आर्थिक स्तरमा १० जना गैर-फौजी मानिसको निम्ति खर्च चल्छ र जहाँ फौजी खर्च अनुत्पादक छ भने गैर-फौजी खर्चले त्यसको १० गुना मानिस पाल्नको साथै देशमा उत्पादन वृद्धि पनि गर्छ । र जनतामा कामको ग्यारण्टी गर्नको साथै आर्थिक उन्नति हुन गई शान्तिको निम्ति आर्थिक आधार तयार गर्नमा मदत गर्ने छ ।

यी कुराहरुको अभावमा शान्ति क्षेत्र नेपालको नाराले ब्यावहारिक रुप लिने सट्टा यो नारैमा सीमित भएर जानेछ, चाहे यस नारालाई कसैले किन समर्थन नगरोस् ।

नेपाली जनता चाहन्छन् यसलाई ब्यावहारिक रुप दिन निम्न कदमहरु उठाइयोस् ।

(क) विदेशी फौजी भर्ती केन्द्र बन्दहोस् ।

(ख) फौजी खर्च घटाएर जनताको आर्थिक सुधार गरी जनविश्वास प्राप्त गर्ने काम होस् ।

(ग) मानव अधिकारको संरक्षणहोस् र यसै निम्ति जनताको बोल्ने, लेख्ने, सभा-संगठन गर्ने र शान्तिपूर्ण र बिना हतियार जुलुस निकाल्ने मौलिक अधिकारको ग्यारण्टी होस्, राजनीतिक दलहरु माथिको प्रतिबन्ध हटाइयोस ।

(घ) राष्ट्रिय पञ्चायतलाई सही मानेमा जनताको प्रतिनिधि सभा बनाइयोस् ।

(ङ) राष्ट्रिय पञ्चायतलाई प्रजातन्त्रिक देशहरुमा प्राप्त राजनीतिक अधिकार प्राप्त होस् ।

(च) सामाजिक परिवर्तनको निम्ति शान्तिपूर्ण बाटो खुला रहोस्

यसरी नै बुद्धको शिक्षा अनुकुलको शान्ति क्षेत्र नेपाललाई बनाउन सकिनेछ ।

## छ) सत्यः–

आजभोलि मानिसहरु राजनीतिलाई फोहोरी खेल, झूठ बोल्नु, ठग-ठाग र छल छाम गर्नु सम्झन्छन् । सामन्ती शोषक र पूँजीपति वर्गको राजनीति निश्चित रुपले झूठा प्रचार, झूठा आश्वासन, झूठा प्रशंसा (Flattery), चाप्लुसी, चाटुकारिता, चुग्ली र चाकडीमा आधारित हुन्छ ।

जुन झूठ, फरेव जाल-झेल र फटाहीं र जनतालाई व्यवहारमा धोका दिने झूठा प्रतिज्ञा सामन्तीहरु तथा पूँजीवादी राजनीतिमा जरुरत पर्दछ, त्यस्तो कुनै झूठ, फरेव, जाल-झेल र फटाहा र जनतालाई धोका दिने झुठा प्रतिज्ञा कम्युनिष्ट राजनीतिमा जरुरत पर्दैन । कारण कम्युनिष्टहरुले जनतालाई शोषण, दमन र धोका दिएर राजनीति गर्नु छैन । लेनिनको भनाई हो "झूठ बोल्नु पतनको बाटो हो ।

जबसम्म सामन्ती अथवा पूँजीवादी व्यवस्था रहनेछ जनता साँचो बोलेर बाच्न सक्तैन । सामन्ती अथवा पूँजीवादी समाजमा असत्य नै मानव जीवनको एक अभिन्न अङ्ग बन्न गएको हुन्छ । यहाँ राजनीतिले फोहोरी षड्यन्त्र (Dirty Tricks) को रुप लिन करै लाग्छ ।

शोषण र दमनपूर्ण व्यवस्था खतम गरेर तथा मानिसले मानिसलाई मानिस सरह व्यवहार गर्ने समाजवादी व्यवस्था स्थापना गरेर नै असत्य बोल्नु पर्ने स्थिति खतम भएर जान्छ र "सत्य बोल" भन्ने बुद्धको शिक्षाले ब्यावहारिक रुप लिन सक्नेछ । बुद्धको शिक्षा हो "कसैको हृदय जित्न चाटुकारिता (Flattery) नगर । तर सामन्ती ब्यवस्थामा चाटुकारिता नै पदोन्नित र धन प्राप्त गर्ने मार्ग बन्न गएको छ । गौतम बुद्धको अर्को शिक्षा हो, "आफुले गर्न नसक्ने कुराको कबुल नगर ।" यहाँ शासकहरु जनतालाई भुलाउन यस्तै झूठा आश्वासन र कबूल गर्ने गर्छन । सबै जनताको गाँस बाँस र कपासको कुरा गर्छन, ब्यवहारमा बेकारी महंगी बढाउदै जनताको गाँस, बाँस र कपास झन झन् छिनेर उनीहरुलाई नाङ्गो भोको र आश्रयहीन बनाउदै लगेको हामी पाउँछौं ।

जबसम्म कुनै देशमा सामन्ती अथवा पूँजीवादी शोषण-दमन रहनेछ, "सत्य" भन्ने कुरो बत्ति बालेर खोज्न गए पनि पाइने छैन ।

हो अवश्य पनि सामन्ती अथवा पूँजीवादी शोषण-दमनको विरोधमा संघर्षरत व्यक्तिको भने असत्यसंग कुनै सरोकार रहर्दैन । कारण मानव कल्याणको निम्ति असत्य बोल्न कुनै जरुरत छैन ।

मानिसहरुको राजनीतिक तथा आर्थिक जीवन सुरक्षित र निश्चित भएमा नै जनमानसबाट असत्य बोल्ने चलन स्वतः लोप भएर जानेछ ।

## ज) अधित्थान (दृढ संकल्प):–

गौतम बुद्धले प्रतिपादन गरेको अर्को दैवी गुण हो, "दृढ संकल्प" । मानिसमा दृढ संकल्प नहुञ्जेल कुनै काम सफल हुन सक्तैन । स्पष्टतः गौतम बुद्धले प्रतिपादन गरेको शान्ति अन्याय अत्याचारको अगाडि शिर झुकाएर प्राप्त गर्ने शान्ति होइन । विश्वबाट मानवको दुःख, दरिद्रता, शोषण-दमन अन्याय अत्याचार समूल नष्ट गरी यस विश्वमा बहुजनको हितको निम्ति, बहुजनको सुखको निम्ति, सबैको कल्याणको निम्ति काम गर्ने "दृढ संकल्प" नै दृढ संकल्प हो । बिना 'दृढ संकल्प' मानिसले कुनै क्षेत्रमा सफलता पाउन सक्तैन । 'वीर्य, सत्य, मैत्री, उपेक्षा' इत्यादि अरु गुणहरुको पालनको निम्ति पनि दृढ संकल्पकै जरुरत छ । 'वीर्य' ले शारीरिक स्वस्थताको साथै मानसिक शक्तिलाई बढाउँछ भने, वीर्य पालनको निम्ति पनि "दृढ संकल्प" को उत्तिकै जरुरत छ ।

हर कार्यको सफलताको निम्ति 'वीर्य' र 'दृढ संकल्प' को आवश्यकता छ । दृढ संकल्पले मानिसको बाटो बाट सबै अङ्गहरु पन्छायाउन मदत गर्नेछ । इस्पात जस्तो दृढ मनोबललाई कुनै आपद अथवा संकटले विचलित गर्न सक्तैन । दृढ संकल्प भएको मानिसको व्यवहार एकातिर फूल जस्तै नरम हुन्छ भने अर्कोतिर आफ्नो सिद्धान्त र लक्ष्यमा उ हिमालय झै अटल रहन्छ । लेनिनको बारे भनिन्छ वहाँ व्यवहारमा बच्चा जस्तै सिधा हुनुहुन्छ

भने आफ्नो सिद्धान्तमा चट्टान जस्तै दृढ हुनु हुन्छ । सिद्धान्तको मामिलामा वहाँले कहिल्यै कसैलाई रिआयत दिनु भएन । कार्ल मार्क्सको दृढ संकल्प उतिकै स्मरणीय छ । विश्वका शोषित पिडित मेहनतकश जनताको मुक्ति र संसारमा मानवलाई दासताबाट मुक्त गरी यस विश्वको मालिकको रुपमा स्थापना गर्ने कार्यमा लाग्दा मार्क्सले कुन दुःख भोग्नु परेन, तर हिमालय झै अटल मार्क्स आफ्नो कार्यबाट कहिल्यै बिचल्ति भएन । भोक, प्यास, दुःख, अपमान सारा सहेर वहाँले शोषण-दमनबाट मुक्त नयाँ समाज बनाउने मार्ग देखाएर जानुभयो, जसलाई नै मार्क्सवाद भनिन्छ र जुन मार्क्सवादले आज विश्व मानवलाई सफलताका साथ नयाँ जीवन बनाउने बाटो देखाईरहेको छ र आज सम्म दुई तिहाई विश्व सामन्ती शोषण दमन र साम्राज्यवादी उत्पीडनबाट मुक्त भएर आफ्नो र आफ्नो देशको निरन्तर विकास गरी सबैको सुख समृद्धि बढाउदैं लगेकोछ र विश्वमा ब्यावहारिक रुपले कसैको दया मायामा दान लिएर बाँच्नु नपर्ने स्थिति तयार भएकोछ, एक दोस्रोलाई करुणा गर्नु पर्ने स्थितिनै खतम भई विश्व मानव बीच आपसमा भित्री दिलै देखिको मैत्री र शान्तिको वातावरण सृष्टि हुन गएकोछ र सही मानेमा माानिसले कमसे कम सामन्त र साम्राज्यवादबाट मुक्त भै ब्यावहारिक रुपले शान्तिपूर्ण जीवन बिताउने मौका पाएको छ र आज मार्क्सवाद र लेनिनवादमा आधारित देशहरु 'विश्व युद्धलाई असम्भव बनाएर विश्व शान्तिको निम्ति निरन्तर प्रयास गरिरहेका छन् ।

मार्क्सको भनाई हो विश्वलाई बदल्नु पर्छ र बदल्न सकिन्छ ।' मार्क्सको यो लक्ष्य वहाँले आफ्नो जीवन कालमै पूरा गरेर जानु सक्नु भएन तर वहाँको इस्पात जस्तो र कहिल्यै बिचलित नहुने दृढ संकल्पको देन हो कि आज मानवले मार्क्सवादको रुपमा एउटा यस्तो ज्योति पाएको छ जसले मानिसहरुलाई मुक्तिको बाटो देखाई रहेकोछ भने शोषण दमनबाट मुक्त मानिसहरुलाई निरन्तर विकास गरी सामुहिक रुपले सुख समृद्धि तिर लम्कने बाटो देखाई रहेछ र

मानिसले ब्यावहारिक रुपले मानव धर्मको रक्षा गर्न सक्ने स्थिति पैदा गरिदिएको छ ।

दृढ संकल्प सम्पूर्ण मानवलाई सुख दिनको निम्ति, सम्पूर्ण मानवको हित गर्नको निम्ति, सबै कल्याणको निम्ति र मानवलाई दानव र राक्षसहरुको हातबाट मुक्त गरी सबैको स्वच्छ र स्वतन्त्र जीवन बिताउन पाउनुको निम्ति हो । यसैले यो गुण एक महत्वपूर्ण दैवी गुण हो । यदि यँहि दृढ संकल्प मानिस माथि शोषण दमनमा जकडेर आफ्नै स्वार्थ रक्षाको निम्ति उपयोग हुन्छ भने यस्तो दृढ संकल्पले मानिसलाई खुंखार दानव र राक्षसमा पनि परिणत गर्न सक्छ ।

### झ) मैत्रीः–

सम्पूर्ण जनतामा करुणा र मैत्रीको उतिकै जरुरत छ । अर्कोको दुःखलाई दुःख नठान्ने तथा सम्पूर्ण दुःख आपतमा परेका जनता प्रति मैत्री भाव नराख्नेले कुनै हालतमा देश र जनताको कल्याण गर्न सक्दैन । सत्य, करुणा, मैत्री तीन वटा कुराहरुमा श्री कृष्णले गीतामा उतिकै जोड दिएको पाइन्छ तर मैत्री दुष्टहरुको कुकृत्यमाथि आँखा चिम्लनको निम्ति नभई, मानवलाई दुष्टहरुको शोषण र दमनबाट मुक्त गर्नेको निम्ति आम जनता प्रति करुणा र मैत्री अति आवश्यक गुणहरु हुन् ।

मैत्री भाव समाज ब्यवस्थाको निम्ति नभै नहुने गुण हो । पूँजीवादमा मानिसको नाता पैसामा हुन्छ । आमा-बुवासंग छोरा-छोरीको नाता मानवताको आधारमा होइन पैसाकै आधारमा हुन्छ । सामन्ती समाजमा मेहनतकश जनता र सामन्ती शोषकको बीचमा मैत्री असम्भव छ । यति मात्र होइन जनता-जनता बीच पनि कुनै ब्यक्ति अलिकति पनि कमजोर हुन्छ भने ती दुईको बीच मैत्रीको सट्टा बलियाले निर्धोलाई उसको कमजोरीको फाईदा उठाएर गिद्धले

लाश लुछे झैं लुछ्न थाल्छ, आपतमा कमजोरलाई मदत गर्नुको सट्टा उसको घरवार जग्गा-जमीन आफ्नो पार्ने थाल्छ। यहाँ बुद्धको मूर्ति पूजा हुन्छ, बुद्धका किताबहरुको पाठ हुन्छ, कथा सुनिन्छ, तर व्यवहारमा एकले अर्कोलाई शोषण गर्ने र बर्वाद गर्ने काम बन्द हुदैन।

समाजवादी समाजमा खास गरी साम्यवादी समाजमा नै मानिस-मानिस बीच प्रेम भाव र पूर्ण मैत्रीको सम्भावना रहन्छ। कम्युनिष्टहरु साम्प्रदायीकता, जातीय भेदभाव र इलाकावादको विरोध गरी विश्व भ्रातृत्व र मैत्रीमा विश्वास राख्त छन् र एकले अर्कोको शोषण गरी बर्वाद गर्ने कुरोको विरोध गर्छन। यहाँ आर्थिक राजनीतिक समानताले गर्दा कसैले कसैलाई शोषण र दमन गर्ने कुरा स्वतः लोप भएर जान्छ र आपसमा मैत्री भाव स्वभावतः विकास भएर आउँछ।

समाजवादको पहिलो खुड्किलो राष्ट्रिय प्रजातन्त्र देखि नै यो मैत्री भावले ब्यावहारिक रुप लिन थाल्छ।

जहाँसम्म करुणाको सवाल छ, समजावादी समाजमा एकले अर्काको दुःखमा करुणा स्वभाविक भएर पनि त्यहाँ करुणाको आवश्यकता झन् झन् खतम हुदै जान्छ। जहाँ दीन दुःखी भन्ने कुरा नै मेटिसकेको हुन्छ, आर्थिक र राजनीतिक समानता छ, उहाँ करुणाको नाममा दुई पैसा दान दिने, एक छाक ख्वाउने, दही-चियुरा बाँडने अथवा लाखौंलाई वास्ता नगरी उनीहरु मध्ये २-४ सय मानिसलाई कम्मल बाँडि अनि यो कुरा रेडियो बाट फुक्ने चलन स्वतः खतम हुदैं जान्छ।

मेहनतकश जनताको खुन चुसेर लाखौं करोडौं, अरबौं रुपैया जम्मा गरि लाखौं लाख जनतालाई कसरी बाच्ने भन्ने समस्या उत्पन्न गरी उहि गरीबहरुलाई दुई पैसा दान दिनु, एक छाक ख्वाउनु र अनि २-४ कम्मल बाँडनु मैत्री होइन, नत करुणा नै हो।

स्पष्टछ, जसको मानव प्रति करुणा र मैत्री भाव छ उसले जनताको दीन-दुःखी हुनु पर्ने स्थिति नै खतम गरी सम्पूर्ण मानवको जीवन सुखी सम्पन्न र सुनिश्चित गर्ने वैज्ञानिक समाजवादी ब्यवस्था स्थापना गर्ने कार्यमा संलग्न रहनु अथवा यसको पहिलो चरण राष्ट्रिय प्रजातन्त्र स्थापनाको निम्ति निस्वार्थी भावले आफ्नो दुख-सुख मान-अपमान लाभ हानिको वास्ता नगरी काम गर्नु नै करुणा र मैत्रीको लक्षण हो ।

## ञ) उपेक्षाः–

निश्चिय पनि आफ्नो देश र जनताको निम्ति, उनीहरुको हक र अधिकारको निम्ति उनीहरुको जीवनमा नयाँ परिवर्तन ल्याउनको निम्ति देशमा सम्पूर्ण जनताको जीवन सुखी, सम्पन्न र सुनिश्चित पार्नको निम्ति देशभक्तहरुले आफ्नो दुःख-सुख, मान-अपमान, लाभ हानीको वास्ता नगरी विश्वका सम्पूर्ण मान, पद र धन सम्पत्तिमा उपेक्षा भाव राख्नै पर्छ । अर्काको मेहनतले कमाएको धनमा आँखा नलगाउनु पनि उपेक्षा नै हो । आफ्नो लक्ष्य पूर्तिको निम्ति अगाडि बढदा आफ्नो शरिर प्रति उपेक्षा हुनै पर्छ । यही शिक्षा हामी श्री कृष्णको गीतामा पनि पाउछौं ।

तर फटाहा सामन्तहरु र पूँजीपतिहरुको कु-अन्नमा पालिएका तथाकथित साधु र स्वामीहरुले मानिसहरुलाई, खास मेहनतकश जनतालाई, यसको उल्टै अर्थ सिकाएर शोषकहरुको शोषण प्रति पनि बेवास्ता गरी आफ्नो धन-सम्पत्ति र शरिर प्रति नै "उपेक्षा भाव" राखी आफ्नो दीन-दुःखी दरिद्र हालतलाई आँखा चिम्ली सहने कुरो सिकाउछन । के शोषक अत्याचारीहरुको शोषण दमन सहनु आफ्नो अधिकार समेत त्यागनु नै "उपेक्षा" हो ? के गौतम बुद्धको यँही शिक्षा हो ? अनि ती पथ-भ्रष्ट धर्म प्रचारकहरु जनतालाई आफु माथिको शोषण-दमन प्रति आँखा

चिम्ली बुद्धको मूर्तिपूजा तथा व्रत आदि गराएर, भजनमा भुलाएर शोषकहरुको शोषण र दमनलाई चीरस्थायी राख्ने काम गर्छन र यस्ता सेवा वापत यिनीहरु शोषकहरुबाट विभिन्न मान-पदवी र मोटो रकमले पुरस्कृत हुन्छन । जनतालाई “उपेक्षा” सिकाउने धर्मगुरुहरु आनन्दमय जीवन बिताउँछन भने के भगवान बुद्धको ‘उपेक्षा’ को सार्थकता यँही हो त ?

गौतम बुद्धले बालक कालमा नै हामीलाई अन्यायको विरोधमा सघर्ष गर्नु पर्ने पाठ पढाई सकेको छ । यदि ‘उपेक्षा’ को मतलब सम्पूर्ण कुराको बिना कारण त्याग हो भने सिद्धार्थ गौतमले हांसलाई ‘उपेक्षा’ को नाउँमा शरिर त्याग्ने पाठ पढाएर दुष्ट देवदत्तको भोजन बनाउन दिने थिए । हाँसलाई बचाउनको निम्ति गौतमले देवदत्तको विरोधमा संघर्ष गरे तथा हाँसलाई बचाए पनि । उपेक्षा दीन-दु:खीको जीवनमा नयाँ परिवर्तनको निम्ति हुनु परेको छ, न कि शोषक र अत्यचारीहरुको स्वार्थ रक्षाको निम्ति, उपेक्षा विश्व मानव जातिको भलाईको निम्ति, आफ्नो साथी भाई, नाता कुटुम्ब र दीन-दु:खीको आपद टार्नको निम्ति पनि आवश्यक पर्न जान्छ । तर उपेक्षा शोषण ब्यवस्थालाई चीरस्थायी राख्नको निम्ति भने कदापि होइन ।

## मुदिताः–

गौतम बुद्धको दिव्य उपदेश मध्ये अर्को महत्वपूर्ण उपदेश हो ‘मुदिता’ । अर्काको उन्नति सफलतामा डाहा नगरी खुशी मनाउनु नै ‘मुदिता’ हो ।

आजकल कसैको पदोउन्नति अथवा सफलतामा शुभ कामना दिने चलन “मुदिता” को लक्षण हो । नेपालमा आफन्तहरुको उन्नति र सफलतामा “सगुन” दिन जाने चलन पनि “मुदिता” कै लक्षण हो ।

तर कुअन्नबाट प्रभावित धर्मगुरुहरुले, शोषकहरुले अन्य मेहनतकश जनता माथि शोषण र दमन गरि कमाएको धनमा पनि "मुदिता" को नाउँमा खुशी भएर डाहा नगर्ने कुरा सिकाउँछन्, यसप्रकारका धर्मगुरुहरुले "उपेक्षा" र "मुदिता" को अर्थलाई अनर्थ गरि शोषक सामन्तहरु र पूँजीपति वर्ग तथा साम्राज्यवादी उत्पीडकहरुको सेवामा आफुलाई अर्पण गरेका छन । यस्तो स्थितिमा आश्चर्य छैन कि जापानको कुनै एउटा बौद्ध केन्द्रमा त्यहाँको पूँजीवादीहरुले असीमित धन खन्याई राखेका छन् र बौद्ध धर्मको नाउँमा त्यहाँका पूँजीवादी ब्यवस्थामा कुनै आचन आउने गरी "उपेक्षा" र "मुदिता" को पाठ पढाएर त्यहाँको मजदूरहरुलाई भटमासको खोले खाएर पनि संतोष भई शान्त रहने र शोषकहरुको ऐश-आराममा डाहा नगर्ने शिक्षा दिई राखेका छन् । यस्तो उल्टो शिक्षा ती बौद्धधर्म गुरुहरुले मात्र होइन अरु विभिन्न यस्तै प्रकारका धर्म प्रचारकहरुले पनि उल्टो शिक्षा दिने गरेका छन् ।

निश्चय पनि "उपेक्षा" र "मुदिता" को मतलब शोषकहरुद्वारा मनुष्य समाजको शोषण गराई मानिसहरुलाई धुरु-धुरु रुलाउने शोषकहरुको उन्नति पनि हर्ष मान्न होइन । एक जना शोषकको उन्नतिमा हजारौंको जीवन बर्वाद छ, लाखौंको आाखामा आशु भरिन्छ ।

स्पष्टतः मुदिता र उपेक्षाको नाउँमा शोषण र दमनलाई सहेर बस्नु अपराध हो । उपेक्षा भन्नाले धन-सम्पत्ति, भोग ऐश्वर्य प्रति पनि उपेक्षा । यी सब कुराहरुमा उपेक्षा किन गर्ने ? के शोषक र अत्याचारीहरुलाई पोस्नको निम्ति गर्ने ? अथवा देश र जनतालाई हर बखत दुःख दरिद्रतामा गाडी राख्नको निम्ति गर्ने ? के बुद्धले यही खोजेका हुन ? कदापि होइन । मानिसलाई अर्काको श्रम चोरी गर्ने हक कदापि हुन सक्तैन । भोग ऐश्वर्यको खोजीमा नै मानिस भ्रष्ट हुन थाल्छ । भोग ऐश्वर्यमा डुब्ने मानिसले सबै प्रति

करुणा र मैत्री भाव राख्न सक्तैन र मानव प्रतिको कर्तव्य बिर्सन थाल्छ । सम्पूर्ण मानवको कल्याणमा लाग्दा अथवा जनतालाई शोषण दमनबाट मुक्त गर्ने कार्यमा संलग्न हुँदा आफ्नो निजी सुख-सुविधा, भोग विलास, धन सम्पत्ति प्रति उपेक्षा गर्न करै लाग्छ। उपेक्षाको मतलब यो होइन कि मानिसले आफु माथि शोषण र दमन गराएर आफ्नो जायज राजनैतिक तथा आर्थिक हक पनि नखोजौं र मुदिताको नाउँमा शोषण ब्यवस्थालाई चीरस्थायी बनाई राखौं ।

उपेक्षा र मुदिता सम्पूर्ण मानवको कल्याणको निम्ति हो, न कि शोषकहरुको शोषण दमन र अत्याचारलाई चीरस्थायी राख्नको निम्ति । बरु विश्वबाट शोषण, दमन र अत्याचारको जरै उखेल्नको निम्ति मानिसको निस्वार्थता, उपेक्षा र मुदिताको जरुरत परेको छ । अर्काको मेहनतले कमाएको धन माथि लोभ नगर्नु नै उपेक्षा हो र अर्काले मेहनतद्वारा पाएको सफलता खुशी हुनु नै "मुदिता" हो । भगवान बुद्ध अतिवादका विरोधी हुन । आफु माथि शोषण गराएर लाटो भएर सहेर बस्नु अतिवादको एक छेउ हो भने अर्काको मेहनतद्वारा कमाएको धनमा आँखा गाडि भ्रष्टाचारद्वारा सो धन आफ्नो हात पार्नु अतिवादको अर्का छेउ हो । स्पष्टतः भगवान बुद्ध शोषण गराउने पक्षमा होइन, शोषण र दमनबाट मेहनतकश जनतालाई मुक्त गर्ने पक्षमा छन । यस कार्यको निम्ति आफ्नो भन्ने सबै कुराको त्याग गर्नु र मानव समाजको उत्थान, छरछिमेकी इत्यादि द्वारा सम्यक् आजीविका द्वारा उन्नति गरेकोमा डाहा नगरी खुशी हुनु मुदिता हो ।

## त्रिरत्नः–

बौद्ध दर्शनले "बुद्ध, धर्म र संघ" ३ कुरालाई ३ रत्न मानेका छन् र अक्सर "बुद्ध धर्म र संघ" को शरणमा जाने कुरा गर्छन् । यसै कारण यी ३ वटा कुराहरुलाई पनि हेरौं ।

## बुद्धत्वः–

भगवान् बुद्धले निर्वाणको बेला शिष्य, भिक्षुहरुलाई भने "जसले यो शरिरलाई चिन्दछ, त्यसले मलाई चिन्दैन । जसले मेरो सिद्धान्त अथवा शिक्षालाई चिन्दछ उसले नै मलाई चिन्दछ ।" अनि एक ठाउँमा भनेका छन, "शरिरलाई पात्र मानी यसलाई ज्ञानले भरे पछि बुद्ध भयो ।

स्पष्टतः बुद्ध चाहर्दैनन् कि आफुलाई सबैले व्यक्तिगत रुपले मानुन् । बुद्धको माने ज्ञानी हो अर्थात ज्ञान भएको मानिस यसै कारण बुद्ध चाहन्छन् कि कसैले उनको शरिर, मूर्ति अथवा व्यक्तिपूजा नगरुन्, सबै ज्ञानको प्राप्ति तिर लागुन् । आफुले सिकाएका ज्ञानहरु, उपदेशहरु याद गरुन् र यसै ज्ञानलाई व्यावहारिक रुप देउन् । बुद्धको शरण ज्ञानको मतलब हो ज्ञानको शरणमा जानु । "ऋतेः ज्ञानन्नमुक्ति" । ज्ञान नभै मुक्ति हुर्दैन । कृष्णले गीतामा भनेका छन् "नहि ज्ञानेन सदृशं पवित्रमिह विद्यते ।" अर्थात ज्ञान भन्दा पवित्र अरु कुनै कुरो छैन '

श्री कृष्णले ईश्वरको कल्पना गरी सबभन्दा पवित्र ईश्वर हो भनेनन् । उनले भने कि 'ज्ञान नै सबभन्दा पवित्र हो" । भगवान बुद्धले पनि "ज्ञान मा नै जोड दिएकाछन्" र ज्ञान प्राप्त गरेर नै मानिसले बुद्धत्व प्राप्त गर्दछ । "तत्व ज्ञान" प्राप्त गर्नु, 'आत्मा ज्ञान' प्राप्त गर्नु, आफु र अरुको भेद नदेख्नु, सबै प्रति दया, माया, करुणाले युक्त हुनु अन्याय, अत्याचारको विरोध गर्दा आफ्नो शरिरलाई तृण बराबर सम्झेर मानव माथिको शोषण, दमन अत्याचारलाई निर्मूल पारी सम्पूर्ण मानवको निम्ति सुख, समृद्धि र आत्मोन्नति बाटो खोल्नु नै ज्ञानको सार हो ।

## धर्मः–

ज्ञान त्यसबेलासम्म काम लाग्दैन जुनबेलासम्म त्यस ज्ञानले

ब्यावहारिक रुप लिर्दैन । सत्य ज्ञानलाई ब्यावहारिक रुप दिनु नै धर्म हो । धर्म स्वर्ग जानको निम्ति होइन, मानवको सेवाको निम्ति हो । मानव र मानव समाज प्रति जिम्मेदारीपूर्ण र कर्तव्यनिष्ठ कार्य नै धर्म हो ।

## अधर्मः–

अर्कालाई दुःख दिनु, अर्कालाई बर्वाद गरि दिनु, अर्कालाई परेको आपदमा बेवास्था गरी आफ्नै दुनो सोझो गर्नु, अर्काको हक अधिकार मास्नु सबै कुरा अधर्म हुन् । जनताको हित बिपरीत काम गर्नु, जनतालाई रुलाउनु र जनताको अधिकार छिन्नु महापाप हो । जब भरतलाई यो लाञ्छना लाग्यो कि रामलाई बनवास पठाउनमा उन्को हात छ, तब उनले भने 'यदि मैले यस्तो चिताएको भए मलाई जन-विरोधी भएको पाप लागोस्' श्रीमद् भागवत्मा भनिएको छ कि जनताको आंशुमा ठूलो शक्ति छ, जसले जनतालाई रुवाउछ, जनताको त्यो आंशुले शक्तिशाली शासकहरुको पनि सत्यानाश गरि दिन्छ ।

## तमोधर्मः–

महापुरुषहरुले धर्मलाई ३ भागमा बाँडेका छन् सत्व, रज र तम । तमो धर्म त्यो हो जो अन्धविश्वासमा आधारित छ । तमःको अर्थ अन्धकार हो, अज्ञान हो । अन्धकारमा परेका र अज्ञानीहरुले मोहमा परी संकुचित भावनाले प्रेरित भएर, साम्प्रदायिक भावना समेत लिएर मानव मानवमा विद्वेष फैलाउने काम गर्छन् । धर्मकै नाममा झगडा, फसाद, मारकाट आदि तमो धर्ममा लागेकाहरुले गर्ने काम हुन् । यिनीहरु जनकल्याणको निम्ति काम गर्नु भन्दा तमासा देखाउनका लागि धर्मको ढोङ्ग रच्छन् । मन्द बुद्धि भएकाहरु धर्मको मर्मलाई नबुझी धर्मकै नाउँमा अर्कालाई द्वेष गरेर हिडछन् ।

अन्ध-विश्वासमा परेर धर्मकै नाउँमा मानिसले मानिसलाई भोंग दिन्छन् । कतिपय वैज्ञानिकहरुलाई वैज्ञानिक खोजको निम्ति धर्म कै नाउँमा प्राण दिई कतिलाई खम्बामा बाँधि जलाइ । धर्मकै नाउँमा पुराना जमानामा महिलाहरुलाई जिउँदै सति बनाएर मरेको पुरुषसंगै जलाएर पठाउने काम भयो ।

जसले पूर्वाग्रहमा परि अर्काको धर्ममा के दोष अथवा गुण छ विचार नगरी धार्मिक कलह उत्पन्न गर्दछ त्यो पनि अन्ध विश्वासमा फसेको तमो धर्मी हो ।

## रजो धर्मः–

मानवताबाट अलग गङ्गास्नान, देवताहरुको पूजा-पाठ, जात्रा र भजन मण्डली इत्यादि रजो धर्मका लक्षणहरु हुन् । महादेव पार्वतीको एउटा कथा यहाँ प्रासंगिक होला । पार्वतीले भनिन् 'यतिका मानिसहरु गङ्गा स्नान गर्छन, हजुरको पूजा गर्छन, व्रत बस्छन्, निराहार बस्छन तर उनीहरु सबै कैलाशमा आएको देखिन्न ।' महादेवले पार्वतीलाई जवाफ दिन भन्दा एउटा दरिद्र र बिरामी मान्छे भएर बाटोमा लेटि रहे । तर यी भक्तहरु कसैले पनि त्यो असहाय मान्छेलाई हेरेनन्, आ-आफ्नै धुनमा मस्त,गंङ्गाजीको पानी ल्याउँदै फल-फुल ल्याउँदै महादेवको मूर्तिलाई चढाउंदै गए । महादेवले भने, 'हेर्‍यौ ? यिनीहरु कतिको धर्मात्मा रहेछन् त ? जिउँदा महादेवको वास्ता छैन, शिव लिंगमा गङ्गा-जल फल-फुल चढाएर के धर्म भयो ? यस्तो मानव रहित धर्मले मानसको अधोगति हुन्छ अथवा उसका सम्पूर्ण कार्य धुलोमा मिलेर जान्छ ।

सामन्तहरुले देवताहरुलाई पनि घुस्याहा बनाई दिएका छन् र धर्मलाई आफ्नो काला कर्तुत र अपराध लुकाउने साधन बनाएका छन । अर्का माथि शोषण, दमन, अन्याय, अत्याचार गरेर करोडौं धन जम्मा गर्‍यो अनि १०-२० हजार देवतालाई चढायो । भन्ठान्छन् यति

घुस पाए पछि भगवान अथवा देवताहरुले सम्पूर्ण पाप पचाउनमा उसलाई मदत गर्ने छन् ।

एक पटक इटालीको चुनावमा भेतिकनको पोपले सबै क्याथोलिक धर्मालम्बीहरुलाई धर्मको नाउँमा कम्युनिष्टहरुलाई भोट नदेऊ भन्ने आदेश दियो । यसो गरेर त्यो पोपले धर्म गऱ्यो वा अधर्म गऱ्यो ? पक्षपात पूर्ण नीति लिएर उसले अधर्म गऱ्यो । मानिसहरुलाई अन्धविश्वासमा फसायो । समस्त शोषित पीडित जनताको समस्या समाधान गर्न चाहने कम्युनिष्टहरुको विरोध गरी पूँजीवादी शोषकहरुको रक्षा गऱ्यो, जनतालाई सदा-सदा शोषणको चक्कीमा पिसिराख्ने षड्यन्त्र गऱ्यो । यस्तो धर्म रजो धर्मको नमूना हो ।

## सत्व धर्मः–

मानिसहरु धर्मको नाउँमा मानव प्रतिको आफ्नो कर्तव्यबाट धेरै टाढा गएको हुनाले नै श्री कृष्णले गीतामा भनेका हुन् “सम्पूर्ण धर्महरु छोडिदेऊ, मेरो शरणमा आऊ ।” श्री कृष्णको ‘म’ आफु स्वयंम नभै सम्पूर्ण मानव भएको हुदा श्री कृष्णको उपदेश हो मानिसहरुले गरेर आएका अगडम् बगडम् सम्पूर्ण धर्म छोडेर मानवताको सेवा गर । श्री कृष्णको भनाई हो, ईश्वर कहीं छ भने मानिसहरुको हृदयमा छ ।

बुद्धको पनि उपदेश हो “सबैको हितको निम्ति, सबैको सुखको निम्ति, लोग माथि दया गर्नको निम्ति, देव मनुष्य सबैको कल्याण र हित गर्नको निम्ति र सुख दिनको निम्ति तिमीहरु अब संसारमा विचरण गर ।

स्पष्टतः मानव मात्रको कल्याण हुने कार्यमा लाग्नु जस्तो महान धर्म अरु कुनै पनि छैन । मानिसको हित र कल्याणको पनि विभिन्न रुपहरु छन् । रोगीलाई औषधी दिनु कल्याण हो, विद्यार्थीहरुको निम्ति स्कूल खोलि दिनु पनि कल्याण हो । सडकमा झाडु दिएर

शहर सफाई गर्नु पनि कल्याण हो । बुढा-बुढीहरुलाई एक छाक ख्वाउनु पनि कल्याण हो । गरीबलाई २ वटा कम्मल बाँडि दिनु पनि कल्याण हो । रुखको पातमा २ थोपा पानी दिनु पनि कल्याण हो ।

तर यी कल्याणकारी कार्यहरु सबै अस्थायी र अपूरा छन । आज हामी यस्तो एउटा नयाँ समाज बनाउन सक्छौं जुन समाजमा २-४ जनालाई औषधी बाँडने होइन, सम्पूर्ण जनताको निम्ति स्वास्थ्यको ग्यारण्टी गरी सम्पूर्ण मानवको निम्ति औषधी उपचार मुफ्तमा गर्ने, जहाँ एउटा स्कूल खोल्ने मात्र होइन, देश भरको बाल-बालिकाहरुको निम्ति पढाईको ग्यारेण्टी हुन्छ र कसैले पनि मेरो पैसा छैन कसरी पढौं भन्न पर्दैन, यस्तो समाज बनाउन सक्छौं जहाँ एउटा बुढोलाई २ छाक ख्वाउन होइन, सम्पूर्ण बुढाबुढीहरुलाई भत्ताको इन्तजाम गरी छोरा-छोरी नभएकाहरुलाई हेरचाह समेत गर्ने इन्तजाम गरी कुनै पनि बुढा-बुढीले के गरी बाँच्ने भन्नु नपरोस् ।

यसरी मानिसहरुको समस्या गर्भ देखि मरण पर्यन्तको इन्तजाम गर्ने समाजवादी समाज ब्यवस्था स्थापना गर्नमा दत्तचित्त भएर लोभ-मोह, शोक, तृष्णा इत्यादि सबैबाट मुक्त भएर लाग्नु र अनि यस्तो कार्यमा लाग्दा मैले धर्म कमाई राखेकोछु भन्ने भावना समेत नलिनु के परम धर्म होइन ? अथवा धर्म भन्दा पनि माथि उठेको कार्य होइन ?

मार्क्सवादले मानिसलाई यस्तै कार्यमा लाग्न सिकाउँछ र कम्युनिष्टहरुले यस्तो कार्य गर्दा धर्मको नाउँमा गर्दैनन्, आफ्नो कर्तव्य कर्म सम्झेर गरेको हुन्छ । मलाई लाग्छ गौतम बुद्धले चाहेको पनि यँही कुरो हो । यो मूल कार्यबाट अलग भागी यता उतिको काममा मात्र अल्झेर बस्छन भन्ने उसले गरेको धर्म तमो धर्म वा रजो धर्म भन्दा उत्कृष्ट धर्म भन्न सकिन्न ।

सिद्धार्थ गौतमले कार्य सत्व धर्म भन्दा पनि माथि उठेको कार्य

थियो । सिद्धार्थ गौतमले हाँसलाई बचाउँदा सो त्यो कार्य गर्दा मैले धर्म कार्य गरिरहेछु भन्ने भावना उनमा लेस मात्रमा पनि थिएन । सत्य, रज, तमः तीनै गुण भन्दा माथि उठेको मानव धर्म थियो । श्री कृष्णले अर्जुनलाई यस्तै सत्व, रज, तम गुणबाट अर्थात सत्व, रज, तम गुणमा आधारित धर्म भन्दा माथि उठेर "निस्त्रैगुण्य भवार्जुन भनी" उपदेश दिएका थिए ।

गौतम बुद्धले धर्मको कुरा गर्दा तमोधर्मको अथवा रजो धर्मको कुरा गरेका थिएनन् । मानव र मानव समाज प्रति जिम्मेदार भएर काम गर्ने धर्मका कुरा गरेका थिए । ज्ञानमा आधारित कर्तव्य कर्महरु गरेर नै मानिसले धर्मप्रति आफ्नो कर्तव्य पूरा गरेको हुन्छ । ज्ञान रहित, मानवता रहित अरु सम्पूर्ण धर्मको कुनै माने छैन । स्पष्टतः मानिसले धर्म भन्दा माथि उठेर सम्पूर्ण मानवको जीवन सुखी-सम्पन्न र सुनिश्चित गर्ने हेतुले सामाजिक परिवर्तन गर्नु धर्म मात्र नभै धर्म भन्दा माथि उठेको महामानवको कार्य हो र बुद्धत्व प्राप्त गर्ने बाटो हो ।

साम्राज्यवादी शोषकहरु मार्क्सवादको विरोधमा भन्छन् कि मार्क्सवाद मान्नेहरु अथवा धर्म नमान्ने कम्युनिष्टहरुको सरकार आयो भने ईसाई धर्म नै खतम भएर जानेछ । तर याद गर्नु पर्ने कुरा के भने कम्युनिष्टहरु न अधर्मी हुन्, न धर्म विरोधी हुन् । आज विश्वको सबभन्दा अगाडि बढेको समाजवादी मुलुक सोभियत संघमा ईसाई धर्म, इश्लाम धर्म र बैद्ध धर्म ३ वटै धर्महरु इज्जतका साथ चालू छन् । जनवादी चीनमा सांस्कृतिक क्रान्तिको बेलाको अराजकतावादीहरुले नष्ट गरेका गुम्बाहरु फेरि चालु हुन लागेका छन् ।

कम्युनिष्टहरु शंकराचार्यले झै हिंसात्मक कार्यद्वारा कसैको धर्म नष्ट गर्ने पक्षमा छैनन् । कसैको धार्मिक विश्वास माथि हमला गर्ने पक्षमा छैनन् । सोभियत संघको धारा ३४ ले भन्दछ"

सोभियत संघका नागरिकहरु जन्म, सामाजिक वा सम्पत्तिको स्थिति, वर्ण वा राष्ट्रियता, लिग, शिक्षा वा भाषा, धर्म प्रतिको दृष्टिकोण, कामको प्रकार तथा प्रकृति, बसोबास वा अन्य स्थितिको भेदभाव बिना कानुनको सामु समान छन । धारा ५२ ले भन्छ, "सोभियत संघका नागरिकहरुलाई अन्तस्करणको स्वतन्त्रता सुरक्षित छ अर्थात् कुनै पनि धर्म मान्ने वा नमान्ने र धार्मिक पूजा पाठ गर्ने वा नगर्ने प्रचार गर्ने अधिकार छ। धार्मिक आस्थाको सन्दर्भमा (वा आधारमा) कसै प्रति वैरभाव वा घृणा उक्साउने कुनै पनि कार्य प्रतिबन्धित छ। सोभियत संघमा मन्दिर-मस्जिद गिर्जाघर राज्यबाट र विद्यालय मन्दिर-मस्जीद-गिर्जाघरबाट अलग छ । धर्म मान्नु नमान्नु आ-आफ्नो इच्छा हो ।

यसको मतलब अधर्मी भएर अर्कालाई दुःख दिने र जथाभावी गर्ने वा नैतिकता विहीन भएर हिडने पनि स्वतन्त्रता छ भन्ने होइन ।

धर्म गरोस्, सद्धर्म गरोस् मानव मात्रको कल्याणमा लागोस्, पूजा गर्नेले गरुन्, नगर्नेले नगरुन् यसमा सरकारले टाउको दुखाई हस्तक्षेप गर्ने कार्य गर्दैन ।

जहाँ सम्म कम्युनष्टिहरुको सवाल छ, उनीहरु यसमा बहस गर्ने गर्छन्, सत्य र तथ्य पत्ता लगाउने काम गर्छन् तर कसैको धार्मिक आस्थामा चोट पुऱ्याउने काम गर्दैनन् । आफु सत्व, रज र तम धर्म भन्दा माथि उठेर मानव समाजको विकास गरी सम्पूर्ण मानवको जीवन सुखी, सम्पन्न र सुनिश्चित गर्ने कार्यमा लाग्छन् र यसो गर्दा २ पैसा दान दिएर धर्म कमाए भन्ने हरुले झैं मैले धर्म कमाए भन्ठान्दैंनन् र सिद्धार्थ गौतमले हाँसलाई बचाउँदा जसरी मनमा कुनै कुरा नराखी स्वतः गरे उस्तै नै कम्युनिष्टहरुले पनि सम्पूर्ण मानव र विश्व ब्रह्माण्डको कल्याणको निम्ति मानव मात्रको निरन्तर विकासको निम्ति काम गर्छन् ।

## संघः–

तीन रत्न मध्ये एउटा रत्न हो संघ । मानिस सामाजिक प्राणी भएको हुंदा एक्लै बाँच्न सक्तैन । यो विश्वमा मानिस नै सबभन्दा कमजोर प्राणी हो र मानिस नै सबभन्दा शक्तिशाली प्राणी पनि हो । मानिस जन्मन्छ, यति लाचर भएर जन्मन्छ कि केही गर्न सक्तैन । टट्टी पिसाबको निम्ति पनि कसै न कसैको भर पर्नु पर्छ । कुखूराको चल्लाले जस्तै मान्छे जन्मने बितिकै खाना खोजेर खान सक्तैन, नत ऊ घोडाको बच्चा जतिनै दौडन सक्छ, न चरा झैं उडन सक्छ, न माछा झैं पौडन सक्छ । तर उही मानिस आफ्नो पराक्रमले चरा उडन नसक्ने ठाउँ चन्द्रमा सम्म उडेर पुगेका छ, काठमाण्डौबाट दिल्ली एक घण्टामा उडेर पुग्छ, माछाले पार गर्न नसक्ने समुद्र पार गरि लिन्छ, घोडा भन्दा छिटो दौडी काठमाण्डौ बाट पोखरा ६ घण्टामा पुग्न सक्छ ।

एक्लो मान्छेबाट यो असम्भव छ । भनिन्छ "संघे शक्ति कलौ युगे" यो शोषण-दमन अत्याचार भ्रष्टचारले भरेको समाजमा जनताले आफुलाई बचाउने एउटै शक्ति हो "संघ" वा "संगठन" । आज मानिसहरुले संगठनकै बलले आफु माथिको शोषण-दमनलाई उखेलेर फ्याँकि दिएका छन् । शोषक सामन्ती तथा पूँजीवादी समाजलाई उखेलेर समाजवादी समाज अथवा यसको पहिलो खुडकिलोको रुपमा राष्ट्रिय प्रजातन्त्रको स्थापना गरेका छन् । हाम्रै नेपालमा जनताको संगठन कै बलले राणाशाही उखेलिए । तर पनि आज पञ्चायती सरकारले फेरि पनि संगठन माथि प्रतिबन्ध लगाएको छ । हुनत राणाशाहीले पनि जनतालाई संगठन गर्न दिएर राणाशाही फ्याँकिएको होइन । जति सुकै दबाए पनि जनताले आफ्नो आवश्यकतानुसार संगठन गरेर लिई हाल्दा रहेछन् ।

बुद्धले भनेका छन् "परिवर्तनबाट कुनै वस्तु स्वतन्त्र छैन ।" हो अवश्य परिवर्तनको फल चावल कुहेर माटो भए जस्तै पनि हुन सक्न, तर मानिसको प्रयासले उहि चावलको "खीर" पनि बन्न सक्छ । हरेक असल कामको निम्ति मानिसको प्रयासले जरुरत पर्दछ र सो प्रयास सफल पार्न 'संघ' को पनि जरुरत छ । चाहे सो 'संघ' धर्म प्रचारको निम्ति होस् अथवा सामाजिक परिवर्तनको निम्ति होस् ।

गौतम बुद्धले "बुद्ध" को अथवा 'बुद्धत्व' प्राप्त गरेका मानिसको ५ लक्षणहरु बताएका छन् । ती ५ लक्षणहरु हुन् ।

(१) उत्कृष्ट ब्यवहार (२) उत्कृष्ट दृष्टिकोण (३) परिपूर्ण प्रज्ञा (४) उपदेश दिने उत्कृष्ट क्षमता (५) मानिसलाई आफ्ना उपदेश पालन गराएर मार्ग दर्शन गराउन सक्ने शक्ति

यी ५ वटै कुराहरु आपसमा सम्बन्धित छन र एउटै मालाका ५ मोती हुन् । यसमा सबभन्दा पहिलो महत्वको कुरो हो 'परिपूर्ण प्रज्ञा' ।

## परिपूर्ण प्रज्ञाः–

'परिपूर्ण प्रज्ञा' विज्ञान, दर्शन, राजनीति, अर्थनीति, सामाजिक नियम इत्यादि सम्पूर्ण ज्ञानको निचोड हो जसले मानव समजलाई बाटो देखाउन सकोस् । आजकल कतिपय विद्वानहरु दर्शनलाई राजनीतिबाट अलग, विज्ञान प्रति घृणा गर्ने शास्त्रको रुपमा पेश गर्छन् । यस्तै उनीहरु 'प्रज्ञा' पनि मानव समाजसंग सम्बन्ध नभएको, विज्ञान विरोधी र राजनीतिबाट अलग ब्यक्तिगत मोक्ष प्राप्त गर्ने ज्ञान सम्झन्छन । भगवान बुद्ध जब अनात्मावादी हुन भने, कुनै ब्यक्ति बार बार जन्मने र अन्तमा मात्र मुक्ति प्राप्त गर्ने कसरी हुन सक्छ ? भगवान बुद्ध मात्र अनिश्वरवादी होइनन्, हिन्दु

दर्शनमा गनिने ४ वटा दर्शनहरु अनिश्वरवादी हुन् र जनक र बेदब्यास स्वयम अनिश्वरवादी र अनात्मावादी हुन् भन्ने कुरा महोपनिषदको अध्याय ४ श्लोक ७४ ले स्पष्ट गर्दछ ।

यहि उपनिषदको छैटौं अध्याय श्लोक ६१ ले पनि आत्मालाई शुन्य नै भनेको छ । जब आत्मा शुन्य छ र आत्मा भन्ने कुरोनै छैन भने फेरि ब्यक्तिगत मुक्तिको सवाल आउँदैन र मानिसको कर्तव्य या कर्तव्यको मात्र कुरो आउँछ । स्पष्टतः प्रज्ञा आफ्नो मुक्तिको निम्ति मात्र नभै मानिस प्रतिको कर्तव्य बोध निम्ति हो । प्रज्ञा त्यो हो जुन ज्ञानले मानव मात्र सबै बराबर र एक हुन् र मानिस मानिसमा कुनै ठूलो-सानो छैन, सबैको सुख दुःख एक बराबर हो भन्ने बोध गराउँछ । शुकरहस्ययोपनिषदमा भनिन्छ 'ॐ प्रज्ञानं ब्रह्म' । यस उपनिषदका ४ महावाक्यमा यो पहिलो महाकाब्य हो 'ॐ प्रज्ञानं ब्रहम' जुन महाकाब्य अभेदको प्रतिपादक हो । 'प्रज्ञा' त्यो हो जसले मानिस र मानिसको बीचको भेद भाव मेटाई सकेको हुन्छ । मानिस मानिसको बीच भेद भाव मेटाएर आफु र अरुको बीचको भेद समेत मेटाउने ज्ञान नै प्रज्ञा हो । जब मानिसमा यो ज्ञान पूर्णरुपले भिज्दछ त्यो ज्ञान नै 'परिपूर्ण प्रज्ञा' हो । 'प्रज्ञानं ब्रह्म' ब्रह्मको ज्ञान नै प्रज्ञा हो । अनि श्री भद्भगवत् गीतामा भनिन्छ, 'निर्दोषोहि समं ब्रह्म सबै हुन र ब्रह्म सबैमा बराबर रुपले व्याप्त छ र ब्रहममा कुनै दोष छैन । यसले पनि सम्पूर्ण मानव बराबर भन्ने कुरो नै जनाउँछ ।

यहि "समेक" अथवा "सम्यक् ज्ञान" हो । यहि योग हो ।

तर सामन्ती तथा पूँजीवादी शोषक र अत्याचारीहरु र तिनीहरुले दिएको धन-सम्पति र दानमा पलेका विद्वानहरुले यो साम्यवादी ज्ञानलाई पक्रन नसक्नु स्वभाविक हो । श्री कृष्णले कति सम्झाउँदा पनि अर्जुनले समेत यसलाई बुझ्न नसकेर उनी श्री कृष्णलाई भन्छन ।

"योऽयं योगस्त्वया प्रोक्तःसाम्येन मधुसूदन

एतस्याहं न पश्यामि चञ्चलत्वात्स्थितिं स्थिरान्" ६/३३

यसैकारण साम्यवादी ज्ञानलाई सामन्ती अथवा पूँजीवादी शोषणको पृष्ठपोषक विद्वान्हरुले पनि नबुझ्नु स्वाभाविक हो र उनीहरुले "प्रज्ञा" द्वारा सम्पूर्ण मानव बराबर हुन भन्ने ज्ञान दिनुको सट्टा निजी मुक्तिको बाटोको रुपमा पेश गर्नु स्वाभाविक हो ।

## उत्कृष्ट दृष्टिकोणः–

प्रज्ञाको निरुपण मानिसले लिएको दृष्टिकोणमा निर्भर गर्दछ। हामीले हेऱ्यौं सम्पूर्ण मानव बराबर हुन भन्ने ज्ञान सामन्त तथा पूँजीपति वर्ग तथा तिनीहरुले दिएको कुअन्नमा पलेका विद्वान्हरुले पनि बुझ्न गाह्रो हुन्छ। कारण उनीहरुको दृष्टिकोण स्वयम् मानवतावादी दृष्टिकोण नभै सामन्ती वा पूँजीवादी शोषक दृष्टिकोण हुन्छ ।

दृष्टिकोणको माने हो "हेर्ने तरिका" । परेवालाई बिरालोले पक्रन्छ । अब यहाँ एउटै घटनामा परेवा र बिरालोको दृष्टिकोण एउटै हुन सक्तैन । बिरालोले परेवा पक्रेको सही ठान्दछ भने, परेवाले यसलाई अन्याय र अत्याचार पूर्ण कार्य ठान्छ । पक्रिएका परेवाले मात्र होइन, अरु परेवाहरुले पनि यस कार्यलाई अन्याय, अत्याचार नै भन्ने छन, जबकि पक्रने बिरालो मात्र होइन अरु बिरालोहरुले पनि यसलाई अन्याय ठान्दैनन् । बरु मैले पनि परेवा खान पाउनु पर्छ भनेर आफुले पनि त्यो परेवा माथि झम्टन थाल्ने छन् । यसरी परेवालाई लुछाचुडी गर्दा छटपटायो भने बिरालोहरुले परेवालाई अशान्ति मचायो भनि अझ पञ्जा कस्न थाल्छन ।

दुष्ट देवदत्त र सिद्धार्थ गौतमको भिन्दा भिन्दै दृष्टिकोणले गर्दा नै एउटाले हाँसलाई वाण हानी मारेर खान चाहे भने अर्काले देवदत्तसंग संघर्ष गरेर पनि हाँसलाई कब्जा गरी त्यसको घाउमा मलमपट्टी लगाएर निको भएपछि मुक्त आकाशमा उडाएर

पठाए । एउटा दृष्टिकोण आसुरी दृष्टिकोण हो भने अर्को दृष्टिकोण दैवी दृष्टिकोण हो ।

यस्तै यो समाजमा एउटा दृष्टिकोणले मानिसलाई शोषण र अत्याचारी बनाउँछ भने अर्को दृष्टिकोणले शोषण अत्याचारको विरोधमा संघर्ष गर्ने क्रान्तिकारी महापुरुष बनाउँछ । सामन्ती तथा पूँजीवादी शोषकहरु मानिस माथि मानिसको शोषण र दमनलाई स्वाभाविक हो भन्ने दृष्टिकोण राख्दछन् भने मजदूरवर्ग र मेहनतकश जनता आफु तथा अन्य मेहनतकश जनता माथिको शोषण र दमनबाट मुक्त हुने र मुक्त गर्ने दृष्टिकोण राख्तछन् । यहि फरक दृष्टिकोणले गर्दा मजदूर वर्ग र मेहनतकश जनता मानिसले मानिसमाथि गर्दै आएको शोषण र दमनबाट मुक्त हुन चेतनशील भएर संगठित हुन चाहन्छन् भने, शोषक र अत्याचारीहरु जनताले चेतना लिएर संगठित होलान् भन्ने डरले जनताको चेतना लिने र संगठित हुने अधिकार खोस्ने काम गर्दछन् ।

यहि कारण भगवान बुद्धले "दुष्टिकोण" मात्र नभनी "उत्कृष्ट दृष्टिकोण" भनेका छन् । उत्कृष्ट दृष्टिकोण के हो ? शोषण दमन गरेर आफु ऐश-आराम गर्ने दृष्टिकोण उत्कृष्ट दृष्टिकोण हो ? वा शोषण र दमनबाट मुक्त हुने दृष्टिकोण उत्कृष्ट दृष्टिकोण हो ? अथवा शोषण-दमन प्रति आँखा चिम्ली मानिसले मानिस माथि गरिराखेको अन्याय अत्याचार प्रति तटस्त रहनु उत्कृष्ट दृष्टिकोण हो ?

सिद्धार्थ गौतमले अन्यायलाई हेरेर बसेन, देवदत्तको विरोधमा संघर्ष गरी हाँसलाई बचाए ।

आज सामन्ती तथा पूँजीवादी शोषण-दमन अन्तर्गत एउटा हाँस होइन विश्वका सम्पूर्ण मजदूर वर्ग र मेहनतकश जनताको जीवन बर्वाद भईरहेकोछ । हाम्रै देशको १ करोड ६४ लाख जनता मध्ये

सयकड ९५ को जीवन झन् झन् बर्वाद हुदै गइरहेको छ । यस खतराबाट बचाउने दृष्टिकोण नै उत्कृष्ट  दृष्टिकोण हो, यसलाई टुलु टुलु हेरिरहनु उत्कृष्ट दृष्टिकोण होइन । मानिसले आफुलाई कसरी हेर्दछ, अरुहरुलाई कसरी हेर्दछ, यो विश्वलाई कसरी हेर्दछ भन्ने कुरो नै मानिसको दृष्टिकोण हो । दृष्टिकोणका दुईवटा आँखा छन । (क) ब्यक्तिगत दष्टिकोण र (ख) विश्व-दृष्टिकोण ।

सामन्ती दृष्टिकोण राख्नेहरुले जनतालाई दबाउनु धर्म ठान्छन् अरुलाई दबाएर आफ्नो निजी सत्कार, मान र पूजा खोज्छन । यिनीहरुले कहिल्यै पनि आफु र अरु एउटै हुन भन्ने दृष्टिकोण राख्न सक्तैनन । यिनीहरुमा अहंकार, बलमिच्याइ, घमण्ड, काम, क्रोधले भरिपूर्ण हुन्छ । यस्ता दृष्टिकोण राख्नेहरुलाई श्री कृष्णले गीता अध्याय १६ श्लोक १९ मा नराघम भनेकाछन् ।

यिनीहरुको दृष्टिकोणमा आफु मात्र ईश्वर बाँकी सबै किराफट्चाँग्रा र अधिकार विहीन पशु हुन् । यस्तो दृष्टिकोणलाई श्री कृष्णले आसुरी दृष्टिकोण भनेका छन् ।

अर्कातिर सम्पूर्ण मानव र आफुमा केही फरक नदेखि सबैको सुख र दुःख उहि हुन भनि देख्नु दैवी दृष्टिकोण हो र यस्तो दृष्टिकोणलाई नै उत्कृष्ट दृष्टिकोण भन्न सकिन्छ ।

यस्तो ब्यक्तिगत दृष्टिकोणको फरकले नै कसैलाई हिरण्यकश्यय, रावण, हिटलर, मुसोलिनो, इरानको शाह र मार्कोस, बनाउँछ भने कसैलाई प्रल्हद, राम, कृष्ण, गौतम बुद्ध, शिव, मार्क्स, लेनिन जस्ता महापुरुष बनाउँछ । जबसम्म मानिसले अरु र आफुमा एउटै हो, सबै बराबर हुन भन्ने साम्यवादी भावना लिन सक्तैन उसको दृष्टिकोण कदापि उत्कृष्ट मात्र सकिन्न र यस्तो उत्कृष्ट दृष्टिकोणको अभावमा जति सुकै विद्वान भए पनि उनको 'प्रज्ञा' 'परिपूर्ण प्रज्ञा' बन्न सक्तैन ।

## विश्व दृष्टिकोणः–

महोपनिषनद् षष्ठ अध्याय श्लोक ७१-७२ मा भनिएको छ,

अयं बन्धुपरोवेति गणना लघुचेतसाम् ॥७१॥

उदार चरितानां तु वसुधैव कुटुम्वकम् ॥७२॥

यी श्लोकहरुले दुई दृष्टिकोण अगाडि राखेका छन । यो मेरो बन्धु हो, यो मेरो बन्धु होइन भन्ने आफ्नो नाता कुटुम्ब र अरुमा फरक देख्ने विचार सानो चित्त भएका मानिसहरुको विचार अथवा दृष्टिकोण हो । उदार चित्त भएका मानिसहरुको निम्ति यो सम्पूर्ण संसार नै आफ्नो कुटुम्ब हुन । यो पछिल्लो दृष्टिकोण बिशाल ह्दय भएका मासिहरुको दृष्टिकोण हो । जसले परिपूर्ण प्रज्ञा प्राप्त गरेको हुन्छ, जसको दृष्टिकोण उत्कृष्ट हुन्छ उसको निम्ति नै यस्तो बिशाल हृदयमा आधारित दृष्टिकोण सम्भव हुन्छ ।

मार्क्सको मूल मन्त्र हो “विश्वका मजदूर (मेहन्त गरेर खाने जनता) एक हौ ।” अनि लेनिनले दिएको मन्त्र हो, “विश्वका मजदूरहरु तथा सम्पूर्ण पददलित जनता एक हौ ।” मार्क्स र लेनिनका यी आव्हनहरु विश्वका सम्पूर्ण शोषित, पिडित र पददलित जनतालाई मानिसहरुले मानिस माथि गरिराखेको शोषण, दमन, अत्याचारबाट मुक्त हुने बाटो देखाउने मन्त्रहरु हुन ।

मार्क्सले विश्वका शोषित-पिडित र पददलित जनतालाई शोषण, दमन र अत्याचारबाट मुक्त हुने बाटो देखाउने कार्यमा संलग्न हुदाँ अनेक दुःख कष्ट र आपद झेल्नु परेको थियो । वहाँले आफ्नो बाल-बच्चाहरुमाथि आइपरेको दुःख, दरिद्रता र आपदको वास्ता नगरी विश्वको सम्पूर्ण मानवलाई शोषण, दमनबाट मुक्त गर्ने कार्यमा निरन्तर संलग्न रहे ।

मार्क्सले दुःख पाएको देखेर वहाँका साथी वेड मेयरले वहाँलाई

कलम घुमाउने सल्लाह दिए, तर मार्क्सले जवाफमा लेखे म "पशु भएर जन्मेको भए कलम घुमाउने थिए तर मानिस भएर जन्मेको हुदाँ करोडौं मानिसको दुःख-कष्ट हेरेर आफ्नो हाड-छाला बचाउनको निम्ति आफ्नो कलम घुमाउन सक्तिन ।" यो हो मार्क्सको दृष्टिकोण ।

वहाँको यो दृष्टिकोण कुनै ब्रह्मज्ञानी अथवा प्रज्ञाले परिपूर्ण योगीको दृष्टिकोण भन्दा कम उत्कृष्ट छ भनेर भन्न सकिन्न । सम्पूर्ण मानव प्रतिको यो प्रेम र यो मैत्री र करुणा मार्क्सको उत्कृष्ट दृष्टिकोण र परिपूर्ण प्रज्ञाको जिउंदो उदाहरण हो ।

तर सामन्तहरु र पूँजीपतिवर्गले यस्तो उत्कृष्ट दृष्टिकोणलाई सहन सक्तैनन् । उनीहरु विश्व-भ्रातृत्वमा जोड दिने सर्वहारा अन्तराष्ट्रियवादको विरोधमा संकुचित राष्ट्रवादलाई अगाडि बढाउँछन । यस्तो राष्ट्रवादको नारा हिटलर तथा चैङ्कैशेकले पनि दिएका थिए । यो राष्ट्रवादको नाराको आधारमा हिटलरले विश्व युद्ध छेडयो, आफ्नो देशका मेहनतकश जनता माथि शोषण र दमनको चक्की चलाए, जनताको सम्पूर्ण अधिकार खोसी फासिवाद चलाए भने चैङ्कैशेकले राष्ट्रवाद कै नाराको आधारमा साम्राज्यवादी अमेरिकाको दलाली गरे, आफ्नो जनताको प्रजातान्त्रिक अधिकार खोसे, जनता माथि घोर-शोषण र दमन चलाए र आखिर आफै उखेलिएर गए ।

सामन्तहरुको राष्ट्रवाद, आत्माकेन्द्रित (Self-Centred) राष्ट्रवाद हो । पहिले आफु, त्यसपछि आफ्नो परिवार, अनि आफ्नो आसेपासेका स्वार्थ सेवा गर्नु नै उनीहरुको राष्ट्रवाद हो । आम जनता माथि शोषण-दमन र यस शोषण दमनलाई चिरस्थायी बनाउन जनताको सम्पूर्ण अधिकार खोसी हुकुमशाही शासन चलाउने दृष्टिकोण नै सामन्ती दृष्टिकोण हो ।

सामन्ती र पूँजीवादी शोषकहरुको दृष्टिकोण परेवा पक्रेर

खानु पर्ने बिरालोको दृष्टिकोण हो । यी कदापि उत्कृष्ट हुन सक्तैन । अनि सामन्ती शोषकहरु र पूँजीवादीहरुद्वारा दिइने दान, धन-सम्पत्तिको आधारमा ऐश-आराम गर्नु पर्ने विद्वानहरुको दृष्टिकोण पनि कुनै हालतमा उत्कृष्ट हुन सक्तैन भन्ने कुरो भीष्मपितामहले दौपदीलाई भनेको कुराले स्पष्ट गरेको छ । यसैकारण मार्क्सले हर बखत यस समाजलाई बदलेर सम्पूर्ण मानवको जीवन सुखी सम्पन्न र सुनिश्चित गर्ने समाजवादी समाज बनाउनको निम्ति सर्वहारा दृष्टिकोणमा जोड दिए । डर, भय, त्रास, लोभले र हित आफ्नै परिश्रमको फल खाने सर्वहारा मजदूर वर्गले नै चेतनशील भएर सम्पूर्ण मानवलाई आफू बराबर सम्झी सबैको दुःख सुख एक हो भन्ने भावना युक्त उत्कृष्ट दृष्टिकोण अपनाउन सक्तछ । यस बाहेक शोषक तथा अत्याचारीहरुको कू-अन्न खान नपर्ने र साथै डर, त्रास र लोभबाट मुक्त भएर सबै मानिसहरु प्रति दया, करुणा र मैत्रीभाव राख्ने महापुरुषहरुले नै उत्कृष्ट दृष्टिकोण अपनाउन सक्तछन् । यस्तो दृष्टिकोणले नै मानिसलाई "परिपूर्ण प्रज्ञा" प्राप्त गर्न मदत गर्ने छ भने "परिपूर्ण प्रज्ञा" ले नै मानिसको दृष्टिकोण उत्कृष्ट राख्नमा मदत गर्ने छ ।

## उत्कृष्ट ब्यवहारः–

उत्कृष्ट दृष्टिकोण तथा परिपूर्ण प्रज्ञाले युक्त व्यक्तित्वको ब्यवहार पनि उत्कृष्ट नै हुन्छ । आफ्नो उत्कृष्ट ब्यवहारद्वारा नै गौतम बुद्धले डाका अङ्गुलीमाललाई पनि परिवर्तन गरी अर्हत बनाउन सके । यस्तै राम र श्री कृष्णको व्यावहार पनि उतिकै उत्कृष्ट देखिन्छ । राम बनवास जाँदा भिल्लनी सबरीले राम, सीता र लक्ष्मणको स्वागतमा बयर जम्मा गरी आफ्नो दाँतले अलिकति चपाएर गुलियो अमिलो छुटयाएर गुलियो गुलियो बयर उनीहरुको अगाडि राखिदिए । सीता र लक्ष्मणले त्यो बयर जुठो भनेर नखाई

सबरीले नदेखिने गरी फ्याक्न थाले, जबकि रामले सबरीले दिएका बयर निसंकोच प्रेमपूर्वक खाए । श्री कृष्णले दुर्योधनको ८४ ब्यञ्जनयुक्त भोजन छोडि विदुर कहाँ गए । विदुरसंग ख्वाउने कुरा सिवाय अरु थिएन । त्यो केरा पनि विदुरले कुराको शुरुमा कृष्णको थालीमा बोक्रा राख्तै आफुले केरा खान थाले । कृष्णले केराको बोक्रा पनि प्रेम पूर्वक खाए ।

आफ्नो बालककालको सहपाठी सुदामा दुःख दरिद्रता खप्न नसकी श्री कृष्ण कहाँ गए । श्री कृष्णले आफैले उनको पाउँ धोई स्वागत गरे । सुदामाले कोसेलीको रुपमा ल्याएको कनिका प्रेमपूर्वक खाए ।

मानव मात्र प्रति खासगरी गरीब जनता प्रतिको प्रेम र सदभावनामा आधारित निष्कपट ब्यवहार सबैलाई आफैठानी गरिने निष्कलङ्क ब्यवहार नै सर्वोत्कृष्ट ब्यवहार हो ।

१) उपदेश दिने उत्कृष्ट क्षमता र (२) मानिसलाई आफ्नो उपदेश पालन गराएर मार्ग दर्शन गराउन सक्ने शक्तिः–

जसको दृष्टिकोण उत्कृष्ट छ, उसको ब्यवहार पनि उतिकै उत्कृष्ट छ र जसको प्रज्ञा परिपूर्ण छ भने निश्चित रुपले उनीसंग उपदेश दिने उत्कृष्ट क्षमता हुन्छ र मानिसलाई आफ्नो उपदेश पालन गराएर मार्ग दर्शन गराउन सक्ने शक्ति पनि हुन्छ ।

**अष्टाङ्ग मार्गः–**

आर्य मार्गको दुःख निरोध गामीनी आठ सत्यवटाहरु भनेका यी हुन् ।

| | | |
|---|---|---|
| १) सम्यक् | दृष्टि | सम्मा दित्वि |
| २) सम्यक् | संकल्प | सन्कप्प |
| ३) सम्यक् | बचन | सम्मा बाचा |

| | | |
|---|---|---|
| ४) सम्यक् | कर्म | सम्मा कमन्त |
| ५) सम्यक् | आजीविका | सम्मा आजीव |
| ६) सम्यक् | ब्यायाम | सम्मा ब्यायाम |
| ७) सम्यक् | स्मृति | सम्मा सति |
| ८) सम्यक् | समाधि | सम्मा समाधि |

अब यी आठवटा सत्यको अर्थ लगाउँदा कतिपय धर्म गुरुहरु र विद्वानहरुले सम्यक्को अर्थ "ठीक" वा "उचित" वा "सहि" लगाएको छन् । विद्वान् वालपोल राहुलले पनि आफ्नो पुस्तक बुद्धले के सिकाए "What the Buddha Taught" मा सम्यक् वा सम्माको अर्थ "Right" अर्थात "ठीक" "उचित" वा "सहि" भन्ने लगाउनु भएको छ । कसैले "सम्यक्" वा "सम्मा" को अर्थ राम्रो लगाएका छन् । मलाई लाग्छ "ठीक दृष्टि" "ठीक संकल्प" अथवा "राम्रो दृष्टि" "र ाम्रो संकल्प", "राम्रो बचन" इत्यादि मात्र भन्नाले बुद्धको आठ आर्य सत्यको खास माने निक्लर्दैन ।

"ठीक" अथवा "राम्रो दृष्टि, इत्यादि सर्व साधारणले पनि भन्ने कुरो हो अनि "ठीक" र "राम्रो" को अर्थ जता लगाए पनि भयो ।

काठमाण्डौ उपत्यकामा खास गरी पाटन र काठमाण्डौमा केही सालहरुको अन्तरमा "समेक भोज" हुन्छ । यसलाई 'सम्यक्' भोज पनि भनिन्छ । अब सवाल आउँछ 'सम्यक्' भोजको माने के हो ? के यसरी मतलब 'ठीक' संग खानु हुन आउँछ ? न धेरै खाने, न कम खाने । ठीकसंग खाने । के सम्यक् भोजको यही माने हो ? हो भने खानेहरुको पेट नाप्ने के ले ? र कसले ? यो त हाँसो लाग्दो अनौठो भोज हुन्छ । तर यसो गरिन्न । बरु यहाँ कोही पनि आएर खान सक्नेछ । अनि खान आउनेहरुमा जात-पात ठूलो सानो कुनै कुरो भेद गरिन्न । सबै एकै पंक्तिमा एकै प्रकारको खान, जति खाने भए पनि खाओस् सीमा रहदैन ।

अनि सम्यक् भोजको माने के हो ? सम्यक् भोज 'ठीक' भोज होइन, सम्यक् भोज हो सबै मानिसहरुलाई भेदभाव नगरि सबैलाई एक बराबर सम्झेर ख्वाउने भोजन। अनि सम्यक् या समेकको माने के भयोत ? सम्यक् को माने न "ठीक" (Right) हुन आउँछ न त "राम्रो" नै हुन आउँछ। सभ्यक वा समेक माने "सबै एक बराबर" भन्ने मात्र मिल्न आउँछ।

"सम्मा दित्थी" अर्थात 'समदृष्टि' । यसै कारण 'सम्मा दित्थि' को माने सबै प्रति एक बराबर सम्झने दृष्टि हो सबै मानिस बराबर र एक हुन भन्ने भावनायुक्त सम्यक् दृष्टिको अर्थहुन आउँछ "सबै मानिसहरु एक बराबर हुन् भन्ने ज्ञान नै सम्यक् ज्ञान हो ।

यस्तो "सम्यक् दृष्टि" भएपछि नै कोही सानो, कोही ठूलो, कोही आफ्नो, कोही पराया भन्ने भेदभाव मेटिन्छ । 'बसुधैव कुटुम्बकम् भन्ने भाव उत्पन्न हुनेछ। कुनै कुरो संकल्प गर्दा पनि बिना भेदभाव सम्पूर्ण मानवलाई एक बराबर सम्झेर गरिने संकल्प अर्थात दृढ विचार नै "सम्यक् संकल्प" वा "सम्मा संकल्प" हो बचन बोल्दा पनि सानो-ठूलो सबैलाई एक बराबर सम्झेर बोल्नु नै "सम्यक् वचन" (सम्मा वाचा) हो । जब सबैलाई एक बराबर सम्झेर बोलिन्छ कसैप्रति अपमान जनक क्षुद्र वचन अथवा असत्य वचन स्वतः लोप भएर जान्छ र मानिसले सबैसंग मैत्रीभाव राखेर बोल्न थाल्छन्। यस्तै हरेक काम गर्दा आफु र अरु सबै एक बराबर हुन भन्ने भावना लिएर काम गरिन्छ भने अरुलाई ठग्ने, भ्रष्टाचार गर्ने शोषण र दमन गर्ने इत्यादि कुकर्म आफै खतम भएर सबैले सुकर्म गर्न थाल्छन् ।

"सम्यक् आजीविका" । आजीविका विभिन्न तरीकाले चलाउन सकिन्छः ढाँटी, चोरी, ठगी, अर्कामाथि शोषण-दमन गरी अर्काको श्रम चोरी अथवा आफ्नो सुफत परिश्रमद्वारा पारिश्रमिक कमाएर ।

जसको दृष्टि सम्यक् हुन्छ, जसको संकल्प, बचन, कर्म सम्यक् हुन्छ र सबै मानव बराबर र एक हुन् भन्ने भाव हुन्छ उनले निश्चय पनि ढाँटनु, चोर्न्, ठग्नु शोषण-दमन गर्ने कार्य गरेर आजीविका चलाउने छैन, अर्काको श्रम चारी गर्ने छैन । सम्यक् आजिविका गर्नेले आफ्नो मेहनत पसिनाको फल नै खानेछ । त्यस्तै कुनै कुराको प्रयास गर्दा अर्काको टाउकोमा टेकेर आफ्नै निजी लाभको निम्ति प्रयास गर्न सकिन्छ । सम्यक् दृष्टि भएको मानिसले आफुलाई हानि नोक्सानी गरी आफ्नै निजी फाइदाको निम्ति प्रयास गर्नै सवालै आउँदैन । उसले ज्यूज्यानले जे प्रयास गर्छ त्यो सम्पूर्ण मानवको हित र कल्याण कै निम्ति हुन्छ । सम्यक् "को अर्थ ठीक भन्ने लगाउनाले ज्यान दिएर प्रयास गर्ने कुरो आएन र अलि अलि प्रयास गर्‍यो, भएन भने छोडिदिने नै कुरो आउँछ । यसैनिम्ति यहाँ पनि सम्यक्को अर्थ 'ठीक' भन्ने नभै सम्पूर्ण मानवलाई एक समान सम्झी आफू र अरुमा भेद नराखि सम्पूर्ण मानवको हित र कल्याणको निम्ति प्रयास गर्ने कुरो नै ठीक मिल्न आउछ । सबै एक बराबर सम्झनु अरु र आफूमा भेद नदेख्नु सम्यक् स्मृति र सम्यक् समाधि हो ।

यसै कारण बुद्धको शिक्षा मान्नेको अगाडी जात-पात, साम्प्रदायिक कताको सवालै उठदैन । हरेक महापुरुषको आँखामा सबै मानिस बराबर र एक हुन् । श्री कृष्णले गीतामा यहि कुरो भनेकाछन् । "निर्दोषो हि समं ब्रह्म" सबै ब्रह्म हुन, यसैकारण निर्दोष हुन । अन्त भनेका छन, "विद्या र विनयले युक्त ब्रह्माण्ड, गाई, हात्ती, कुकूर र चाण्डाल सबैलाई सम बराबर देख्ने मानिस नै पण्डित हो ।"

सबै मानिसहरु प्रतिको यो सम्भाव नै भगवान बुद्धले दुःख निरोध गाभिनी पहिलो (प्रतिपदा) ८ सत्यको रुपमा "सम्यक् दृष्टि", "सम्यक् संकल्प" "सम्मा दित्थि", सम्मा संकल्प इत्यादि दिएको हुन ।

साच्चै नै यदि सबैले सम्यक्, दृष्टि सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्म, सम्यक् आजीविका, सम्यक् प्रयास, सम्यक् स्मृति र सम्यक् समाधि जस्ता ८ आर्य मार्गको पालना गर्छन भने यो संसारमा लोभ, मोह, शोषण-दमन, आपसको भेद-भाव र कलह, भ्रष्टाचार इत्यादि खतम भई सबैको दुःख नास भएर यो संसारमा सबैले सुखी र आन्नदमय जीवन बिताउन पाउने छन । श्री कृष्णले गीतामा भन्छन् । "साम्यवादी विचार राख्नेले यसै संसारलाई स्वर्ग बनाउ छन्" सम्यक् दृष्टि, सम्यक् विचार पनि यहि अनुरुप यो संसारलाई दुःखबाट मुक्त गरी स्वर्ग बनाउने साम्यवादी भावना युक्त उपदेश हुन् ।

तर यी ८ आर्य मार्ग आजकल किताबमा मात्र सीमित छन् । कुनै पनि देशमा साम्यवादी व्यवस्था स्थापना गरेर नै यी आर्य सत्यहरु व्यवहारमा लान सकिने छ । जब सम्म कोही शोषक, कोही शोषित, कोही अत्याचार गर्ने, कोही यो अत्याचार आँखा चिम्लेर सहनु पर्ने, कोही मालिक, कोही नोकरको रुपमा रहन्छन भने उपरोक्त ८ आर्य सत्य अब्यवहारिक नै सावित हुन्छन् । यसलाई ब्यावहारिक रुप दिने हो भने सामन्ती तथा पूँजीवादी (उपनिवेशवादी तथा नवउपनिवेशवादी समेत) शोषक तथा अत्याचारी समाजलाई बदलेर यसको ठाउँमा समाजवादोन्सुख राष्ट्रिय प्रजातान्त्रिक समाज स्थापना गरेर नै यो ८ आर्य सत्यहरु समेत बुद्धका अन्य उपदेशहरुले पनि ब्यावहारिक रुप लिन सक्नेछ ।

तर आज हर प्रकारका धर्मगुरुहरुले सामन्तवाद तथा पूँजीवाद दुबै स्थितिमा आफुलाई यथास्थितिवादको समर्थनको रुपमा खडा गरेको पाइन्छ । आज दर्शनलाई राजनीतिबाट अलग राख्ने प्रयासमा नै बुद्धको उपदेशहरुकको लगाउँदा वेड मेयरले मार्क्सलाई दिएको सल्लाह अनुकूल धर्मगुरुहरुले कलम अथवा बचन घुमाएर आफ्नो हाड-छाला बचाउने काम गरेको पाइन्छ ।

जहाँ बुद्धले सम्मा दृष्टि भने, जसको सीधा अर्थ समान दृष्टि हुन आउँछ, धार्मिक विद्वानहरुले शोषक वर्गको कोप-भजन बन्नबाट बाच्न "समान" वा "सबै बराबर" को सट्टा ठीक भन्ने अर्थ लाउने काम गरेको देखिन्छ । होइन भने यो अष्टमार्गको लक्ष्य साम्यवाद भन्दा पर जाने कुरै छैन । स्वंयम श्री वाल्टर र हुलले आफ्नो पुस्तकको अध्याय ५ को पाँचौं अनुच्छेदनमा यँही दुःख निरोध गामिनी ४ आर्य सत्यको चर्चा गर्दा "शील" भनेको "Universal Love" -विश्वब्यापी प्रेम) र सम्पूर्ण प्राणी मात्र प्रति अनुकम्पामा आधारित छ भन्नु भएकोछ । अनि साथै यसै अनुच्छेदमा वहाँले "बहुजन हिताय, बहुजन सुखाय, लोकानकम्पाय" भन्ने कुरो पनि उल्लेख गर्नु भएको छ । श्री सङ्गवोधिले बोधिसत्व को आर्दश बारे भनेका छन् "यो हाड र मासुले बनेको शरीर विश्वको हित र कल्याणको निम्ति मात्र मैले बोकेर हिडेको हुं ।

सम्यक् ज्ञान, सम्यक् विचार, सम्यक् दृष्टि ईत्यादि सम्पूर्ण कुरो मानव जातिको सेवाको निम्ति हो र बुद्धको शान्ति पनि मानव जातिको सेवाको निम्ति हो, आफुले दुःख पाएर मानवलाई दुःख झेल्ने उपदेश दिएर शोषक र अत्याचारीहरुलाई आराम दिनको निम्ति होईन ।

बुद्धको शिक्षामा सम्पूर्ण प्राणी मात्र प्रति 'अनुकम्पा' मा जोडदिएतापनि विशेष जोड "मानव" मात्र प्रति हो । हो वहाँ हरेक प्राणीलाई प्यार गर्नु हुन्छ, फेरि पनि मनुष्य जातिको समस्या प्रधान समस्या हो । लोकनुकम्याय" भन्नाले पशु पंक्षीको जगतलाई भन्दा पनि "मनुष्य जगत" लाई नै जनाउँछ । "बहुजन हिताय, बहुजन सुखाय" भन्नाले पशु पन्क्षीलाई भन्दा मनुष्य जगतलाई जनाउँछ ।

यसै कारण विश्वब्यापी प्रेम (Universal) विश्व ब्रह्माण्डका सम्पूर्ण मानव प्रति प्रेमलाई विशेष रुपले जनाउँछ ।

बुद्धो भवेयं, जगतो हिताय जगतको हित गर्न म बुद्ध हुन सकुँ"

अब सवाल छ "विश्व प्रेम अथवा जगतको हितको मतलब के हो ? के भोको मानिसलाई एक छाक ख्वाई दिनु, अथवा सौ-पचाँस गरीब जनतालाई हुण्डीको प्रबन्ध गरिदिनु । सौ-पचास गरीबलाई कम्मलहरु बाँटीदिनु, बाटोमा भेटेका रोगीहरुलाई केही उपचार गरि दिनु नै विश्वब्यापी प्रेम, र माया होत ? यस्तो कार्य रुखको जरामा के भईरहेछ वास्ता नगरी पातमा पानी दिनु जस्तै हो । यसै कारण यदि बुद्धको शिक्षाको मर्म पक्रने हो भने हामीले उपयुक्त २-४ काम गर्दै मा विश्वब्यापी मानव प्रेम गरेको ठहरिदैन । आज जरुरत छ मानिसको गरीबिको मूल कारण पत्ता लगाएर यसको जडमुल उखेलेर विश्वब्यापी मानव जातिलाई मानिसले मानिस माथि गरि आएको शोषण, दमन र अत्याचारको जरा उखेली सम्पूर्ण मानवको जीवन सुखी सम्पन्न र सुनिश्चित गर्नु ।

साम्राज्यवाद, नवउपनिवेशवाद, सामन्तवाद तथा पूँजीवाद नै मानिसको दुःखको मूल कारण हो । यी शोषक समाजलाई उखेलेर यसको सट्टा देशका जनतालाई देशका मालिक बनाउन नयाँ समाज ब्यवस्था, समाजवादी समाज ब्यवस्था अथवा समाजवाद तिर जाने राष्ट्रिय प्रजातान्त्रिक ब्यवस्था स्थापना गरेर नै सम्पूर्ण जनताको जीवन सुखमय बनाउन सकिने छ ।

यसै कारण बुद्धले 'ईश्वर' वा 'आत्मा' को कुरा गरी मानिसलाई अल्मलाउन चाहेनन् । दुःखलाई बिर्सेर भोको पेट लिएर, जाडोमा थरथर कामेर दुःख निरोध हुदैन । खुट्टालाई काटेर जुत्ताको आवश्यकता पूरा हुदैन । यसै कारण लोक माथि अनुकम्पा गर्ने हो भने लोकको दुःख, दरिद्रताको मूल कारण पत्तालगाएर यसको जरा उखेल्न जरुरी छ, शोषक र अत्याचारी समाजलाई बदलेर एक नयाँ समाजको निर्माण गर्नु जरुरी छ । अनि मात्र बुद्धको उपदेशले

मूर्त रुपलिनेछ । ढुङ्गामा गहुँ फल्न सक्तैन, यसको निम्ति उपयुक्त माटोको जरुरत छ । बुद्धको उपदेशलाई साकार पारी हुर्काउनको निम्ति पनि साम्यवादी समाजको जरुरत छ । अनि गएर नै 'सम्यक् दृष्टि' इत्यादिको माने 'ठीक दृष्टि' भन्ने कुरोमा सीमित नगरी 'सबै एक बराबर' हेर्ने 'दृष्टि इत्यादिको अर्थ लाग्ने छ र यो अर्थ सार्थक बन्ने छ ।

जब सम्म शोषक समाज रहन्छ, हाम्रो धर्मगुरुहरुको आर्थिक आधार साम्राज्यवाद, नव-उपनिवेशवाद, विदेशी एकाधिकार पूँजीपति वर्ग सामन्तहरु र पूँजीपति वर्गले दिने दान र अनुदानमा निर्भर हुने हुदाँ वहाँहरु अक्सर यी शोषकहरुको दमनकारी ब्यवस्थाहरुमा आँच नआउने गरी अर्थ लगाएर धर्म प्रचार गर्नु पर्ने हुन्छ र यसै कारण मार्क्सको मित्र वेड मैयर्सको सल्लाह अनुरुप आफ्नो कलम र बचन बदल्नु पर्ने बाध्यता वहाँहरुको अगाडि छ ।

यस समाजमा बुद्धको शिक्षाको मर्मलाई अगाडि ल्याउने हो भने वहाँहरुको निम्ति पनि आर्थिक शुद्धताको आवश्यकता पर्दछ शोषकहरुको दान-अनुदानबाट अलग गरेर कसैको डर, त्रास भय र लोभबाट मुक्त भएर नै वहाँहरुबाट बुद्धको शिक्षाको सहि अर्थ अगाडि आउने छ ।

शोषकहरुलाई दिने लाख रुपियाँले हामीलाई कमजोर पार्छ र मेहनतकश जनताले दिने एक पैसाले हाम्रो शक्ति बढाउछ भन्ने लेनिनको भनाई हाम्रो धर्म गुरुहरुलाई पनि लागु हुन्छ यसरी नै वहाँहरुबाट हामी बुद्धको शिक्षाको सहि अर्थको आशा गर्न सक्ने छौं ।

## प्रज्ञाको विकासः–

बुद्धको शिक्षा हो, "परिवर्तनबाट कुनै कुरो स्वतन्त्र छैन, हर कुरो परिवर्तनशील छ ।" मानिसको प्रज्ञा पनि अपरिवर्तनीय र स्थिर होइन । यो पनि परिवर्तनशील छ र यसको पनि विकास भएर गई

रहेको हुन्छ । दुष्ट मानिसहरुले यसलाई उल्टो दिशामा घुमाउन खोज्छन् भने महामानवहरुले यसलाई मानव समाजलाई कसरी अझ वैज्ञानिक र उपयोगी बनाउने भन्ने कुरोमा चिन्तनशील भई यसलाई प्रगतिपथमा यसलाई अझ विकास गर्ने दिशामा लागि रहेको हुन्छ । तथ्य र तत्वलाई केलाउदै यस भित्रको अनुउपयोगी वस्तुहरु फ्याँकी नयाँ आयामहरु थप्दै मानव समाजलाई अझ सहि ढङ्गले बाटो देखाउन सक्ने बनाउछन् ।

मनुष्य समाजमा परिवर्तन भएपछि एक समाजमा उपयुक्त ज्ञान अर्को समाजमा नपुग्ने हुन जान्छ । लोकको हित गर्ने, लोकलाई सुख दिने र लोकको कल्याण गर्ने प्रज्ञा सत्य भएर पनि परिवर्तित समाजमा यसलाई कसरी प्रयोग गर्ने भन्ने तरिकामा अझ परिवर्तनको जरुरी पर्न जान्छ ।

गौतम बुद्धको बेला दास समाज थियो । दासहरु माथि दया गर्नु, गरीब माथि करुणा गर्नु र दान दिनु सबैसंग मैत्री भाव राख्नु, चरित्र ठीक राख्नु सत्य बोल्नु भन्ने दिव्य उपदेशले चाल चल्न सकिन्थ्यो । त्यसबेला काम गरि खाने साधन, काम गरि खाने किसान, कालिगड, ब्यापारी इत्यादिको ब्यक्तिगत सम्पत्तिको रुपमा थियो । दासहरु भने यी कमाउने साधनबाट बञ्चित थिए ।

आज विश्वमा यति परिवर्तन आई सकेको छ कि काम गर्ने साधन सम्पूर्ण मेहनतकश जनताको हातबाट खोसी मुठिभर पूँजीपतिहरुको बगान र ठूल-ठूला कारखानाहरुमा बदलि सकेको छ । ब्यापार पनि ठूल-ठूला एकाधिकार पूँजीपतिहरुको हातमा छन् । त्यसबेला दासहरु पाल्ने दासका मालिकहरुलाई कर लाग्थ्यो भने आज मेहनतकश जनतालाई काम दिने कर पूँजीपति वर्गलाई छैन । त्यस बेला दासलाई काम नदिए कही गएर जमीन आवाद गरी जीवन निर्वाह गर्न सकिन्थ्यो र दासहरु नै दासका मालिकहरुको सम्पत्तिको रुपमा

थिए र काम गराउनको निम्ति पालि राख्न करै लाग्थ्यो भने दयालु मालिकहरुले दासहरुलाई अनि राम्रै ख्वाउनु पनि सक्थ्यो ।

तर आज त्यो हालत छैन । बेकारीको शिकारमा परेका लाखौं करोडौं जनतालाई पाल्ने र ख्वाउने आज कुनै मालिक छैन र हुन पनि सक्तैन । यिनीहरुलाई कामको ग्यारण्टी दिने हो भने आज सामन्ती र पूँजीपतिवर्गले उनीहरुको हातबाट खोसी राखेको काम गरि खाने साधन अर्थात उत्पादनको साधनहरु मुट्ठीभर सामन्त र पूँजीपति वर्गको निजी सम्पतिको रुपमा रहन नदिई सम्पूर्ण मेहनतकश जनताको, साझा सम्पत्ति, अर्थात सार्वजनिक सम्पत्तिको रुपमा बदल्नु सिवाय अर्को कुनै बाटो छैन । विश्वमा वैज्ञानिक साम्यवाद र यसको पहिलो खुडकिलो समाजवादी ब्यवस्था स्थापना गरेर नै यो कुरो सम्भव हुनेछ । आजको आवश्यकता पूँजीवादकै अर्को रुपमा देखिने नाम धारी प्रजातान्त्रिक समाजवाद होइन, वैज्ञानिक समाजवादको जरुरत परेको छ । यो पनि औद्योगिक रुपले अविकसित देशमा एकै चोटी स्थापना गर्न नसक्ने हुदाँ नेपाल जस्तो अविकसित देशको निम्ति पहिलो कदमको रुपमा समाजवादोन्मुख राष्ट्रिय प्रजातन्त्रको जरुरत पर्दछ । कार्ल मार्क्सले एक नयाँ सिद्धान्त दिएर भनेका छन, "मानिसको चेतनाले मानिसको सामाजिक स्थितिलाई निर्धारित गर्दैन । मानिसको सामाजिक स्थिति नै मानिसको चेतनालाई निर्धारित गर्दछ ।" यसै कारण जनताको समस्या समाधान गर्ने पहिलो कदमको रुपमा 'राष्ट्रिय प्रजातन्त्र' आवश्यक भएको हो ।

त्यस बेला कामहरु साना-साना निजी क्षेत्रमा थिए र मानिसले आ-आफ्नो काम गरि 'सम्यक् आजीविका' चलाउन सक्थ्यो । आज सम्पूर्ण काम गरि खाने साधन सामन्तवर्ग अथवा पूँजीपति वर्गको हातमा राखेर काम गरि खाने साधन हीन जनताले कसरी सम्यक् आजीविका चलाउने ? काम गरि खाउँ भन्दा काम गर्ने बाटै छैन

भने सम्यक् आजीविका कसरी चलाउने ?

आज हाम्रो धर्म गुरुहरुको जीवनको आधार सामन्त र पूँजीपति वर्गले दिएको दान भएको हुदाँ हाम्रो धर्मगुरुहरुको जीवन सर्वहारा वर्गको जीवनबाट कटिएको छ र यसै निम्ति वहाँहरु सर्वहारा वर्गको समस्या बुझ्न नसक्ने स्थितिमा हुनु हुन्छ । जन-जीवनसंग सरोकार नभएका र शोषकहरुको दानमा आधारित धर्मगुरुहरु यस जीवनमा सम्पूर्ण प्रकारको दुःख झेली मरे पछि निब्वाण हुने बाटो भन्दा अरु बाटो देखाउन सक्तैन । कारण वहाँहरुको चेतना पनि वहाँहरुको सामाजिक स्थितिमा नै आधारित छन् । जसरी सामन्त र पूँजीपति वर्गलाई मानव जीवनको विकट संकट याद हुदैन ।

तर शरिर छैन भने धर्म कसरी गर्ने ? भगवान बुद्धको उपदेश हो, "शरिरलाई अन्नले पोस्छ ।" काम छैन र बेकारीको शिकार छ भने यो अन्न कहाँबाट आउने ? नखाईकन मरेर जाने उपदेश गौतम बुद्धले दिएको छैन । यसैकारण सबैको पेट भर्नु पर्ने अन्न उब्जाउने खेत, बगानहरु र यस्तो अन्न किन्ने पैसा कमाउनु पर्ने अरु उत्पादनको साधनहरु जबसम्म सार्वजनिक सम्पत्तिमा परिवर्तन हुदैन, धर्मको पालन पनि गर्न सकिदैन । यहि कारण हो भगवान बुद्धले शरीर सुकाएर मर्ने सट्टा सुजाताको हातबाट खीर खाएर आफ्नो शरिर बचाए ।

यो कार्यको निम्ति आज हामीलाई नयाँ-नयाँ ज्ञानको उतिकै जरुरत छ । वैज्ञानिक विश्लेषणको आधारमा खडा भएको सिद्धान्तले नै हामीले आजको समस्याको समाधान गर्न सक्नेछौ ।

हामीले सामाजिक समस्या समाधान गरी सम्पूर्ण मानव जातिको जीवन बुद्धले भने झै सुखी, सम्पन्न र शान्तिमय बनाउने हो भने यस विषय पनि हामीले आफ्नो ज्ञानलाई निरन्तर बढाएर लानु पर्नेछ । हामीले प्राकृतिक नियमहरुको ज्ञानलाई पुष्टि गर्न विज्ञानको

नयाँ-नयाँ आविष्कारहरुको पनि अध्ययन गर्नु छ। सामाजिक विकास बारे ज्ञान पुष्टि गर्ने हो भने द्वन्दात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको पनि बिना पूर्व धारणा अध्ययन गर्नु छ। यहि शास्त्र पछि बदल्दो स्थितिमा कसरी बदलेर जान्छ भन्ने कुरो ध्यानमा राखी आफ्नो ज्ञानलाई उत्तरोत्तर विकास गरेर लानु छ। यो विश्व ब्रह्माण्डमा सम्पूर्ण कुरोहरु परिवर्तन शील छ भने ज्ञान पनि परिवर्तन शील छ र ज्ञानको पनि उत्तरोत्तर विकास भएर गई रहेको हुन्छ।

जसले यस नियमलाई बुझ्दैन, उनि कठमुल्ला वादमा फस्न जान्छ, उसले पढेको विद्या जड-सुत्रवादमा परिणत हुन जान्छ।

गौतम बुद्धको महानता हो कि बुद्धले आफुलाई 'सर्वज्ञ' मानेनन्, अरुहरु र आफ्नो अनुयायीहरुले बुद्धलाई 'सर्वज्ञ' भन्ने संज्ञा दिन थाल्दा बुद्धले यस कुरोको विरोध गरि भन्नु भयो, 'म' भन्दा ठूलो बुद्धहरु पहिले पनि भएर गएका होलान् र भविष्यमा पनि जन्मन सक्छन्। बुद्धले भने, 'मेरो उपदेशलाई अन्तिम उपदेशको रुपमा नमान, मैले भनेको हुदाँ अथवा शास्त्रमा लेखेको हुंदा नै त्यो कुरो सत्य हो भनेर नमान। सबै कुरोहरु सुनारले सुनलाई कसिमा घोटेर सुन हो, होइन हेरे जस्तै हेरेर सत्य ठहरे मात्र स्वीकार गर्नु।' मार्क्सको शब्दमा वैज्ञानिक विश्लेषण गरेर सत्य र तथ्य पत्ता लगाएर सत्य ज्ञानलाई पुष्टि गर्दै, विकास गर्दै लानु जरुरी छ।

महापुरुषहरु झुठा मान खोज्दैनन्। गौतम बुद्धले अन्ध विश्वास नराख्ने, आफू स्वयम बुद्ध माथि पनि अन्ध विश्वास नराख्ने शिक्षा दिएका थिए। स्पष्टत बुद्धको शिक्षा जडसुत्रवाद होइन, मार्ग निर्देशक हो।

यसै कारण जहाँ हामी बुद्धको दिव्य उपदेशहरुको अध्ययन गरौं, बिना पूर्वाधारण हिन्दु दर्शनहरु होस वा अन्य दर्शनहरु होस् वा

आधुनिक युगको मार्ग दर्शक मार्क्सवादी दर्शन ‘द्वन्दात्मक भौतिकवादी दर्शन’ होस वा सबै कुरोहरुको गहिरो अध्ययन गरौं, विज्ञानको पनि अध्ययन गरौं, खुल्ला किताबको रुपमा मानव जीवनको विभिन्न पहलुहरुको अध्ययन गरौ, मानव समस्याहरु बुझौ, यसको समाधान गर्ने बाटो पहिल्याऔ । सबै कुरोहरु सम्यक् दृष्टि राखी, सम्यक् ज्ञानको आधारमा केलाएर हेरौ । सत्य कुरो ग्रहण गरौ र बुद्धको मूल शिक्षा बहुजनको हितको निम्ति, बहुजनको सुखको निम्ति, मानव मात्रको कल्याणको निम्ति र आवश्यकता परेमा यस अनुकूलको नयाँ समाज स्थापना गर्नको निम्ति बिना लोभ, मोह र स्वार्थ आ-आफ्नो जीवन अर्पण गरेर काम गरौं ।

## उपसंहारः–

जाली फटाहाहरुको प्रचार छ कि साम्यवादी संस्कृति हाम्रो आर्य संस्कृति भनौ वा हिन्दु संस्कृति यी बौद्ध संस्कृतिसंग मेल खाँदैन, यसै निम्ति यहाँ साम्यवाद हुर्कन सक्तैन ।

मलाई लाग्छ साम्यवादी संस्कृति नै भारत होस् वा नेपालको सनातन संस्कृति हो । आज जसलाई हिन्दू संस्कृति भनिन्छ त्यो संस्कृति दास जमानको र सामन्ती समाजले दिएको संस्कृति हो । मैत्री, करुणा, उपेक्षा, मुदीताको सहि अर्थ लगाउने हो भने साम्यवादी समाजमा मात्र राम्रो संग व्यवहारमा आउन सक्ने संस्कृति हो ।

आर्य संस्कृतिले भन्छ, ‘हामी संगै खोजौ, सबै मिलेर पराक्रम गरौं हामीहरु सबैको तेज पराक्रम बढोस्, आपसमा द्वेषभाव नराखौं ।”यो निश्चित रुपले सामन्ती अथवा पूँजीवादी व्यवस्थामा मेल खाने संस्कृति होइन, साम्यवादी व्यवस्थामा मात्र मेल खाने संस्कृति हो । यस्तै सम्पूर्ण लोकको कल्याण गर्ने बुद्धिले हामीलाई पवित्र पारुन भनि कामना गर्ने गायत्री मन्त्रले पनि साम्यवादी समाजमा नै सार्थकता प्राप्त गर्दछ । यो सामन्ती समाज अथवा

पूँजीवादी समाजमा मेलखाने कुरो होइन । यसको कारण हो आज सामन्तहरुले गायत्री मन्त्र कसैले सुन्न नहुने र सुन्न नपाउनेहरुले अर्थ नबुझ्ने गरी जप गर्ने मन्त्र बनाई दिएका छन्। 'निर्दोषो हि सम ब्रह्म' भन्ने कुरो पनि साम्यवादमा नै लागु हुने हो । यस सामन्ती समाजले त मानिसलाई विभिन्न तह बाँडेर एक दोस्रो संग मिल्न नदिने षड्यन्त्र गरि राखेको छ, जब कि त्यो मन्त्रले सबै मानिस हो र यसै निम्ति बराबर हो र मानिस मानिसमा कुनै दोष छैन भनेर भनेको छ आज भन्ने बेलामा नेपाल एउटा हिन्दु राज्य, बुद्धको देश भनिन्छ तर यो देश शोषण-दमन, अन्याय र अत्याचारले भरिएको छ। वहाँ मानिसको चरित्र पुरानो थोत्रो घर भत्के झैं झन् झन् नास हुर्दैछ, यहाँ चोरी, डकैती, ज्यानमारा, तस्करी, भ्रष्टाचार, मूर्तिचोरी, जाँड, रक्सी, जुवाँ, स्माइक इत्यादिले ब्यापकता लिदै गइरहेका छन् ।

यहाँ बहुजन हिताय, बहुजन सूखाय होइन, लोकानुकम्पाय भनि सम्पूर्ण लोकको अनुकम्पाको निम्ति होइन, आफ्नै निजी सुखको निम्ति, आफ्नै निजी हितको निम्ति सबै काम भइरहेका छन् । कसैलाई कसैको वास्ता छैन। आज यहाँ हामीले चाहेर पनि कृष्णको शिक्षा, बुद्धको उपदेश, सांख्य, योग, मीमांसा अथवा वैशेषिक इत्यादिमा भनेका कुराहरु ब्यावहारिक बनाउन सक्ने स्थिति छैन ।

यो विकृत समाजलाई बदलेर नै हामीले बुद्धको उपदेशलाई सार्थक बनाउन सक्नेछौं। यदि यहि समाजमा बुद्धको उपदेश लागु हुन सक्छ भने म यस्तो भन्ने धर्म-गुरुहरु संग आज हाम्रो देशमा चलिरहेको जुवा, जाँड, रक्सी, भ्रष्टाचार, स्माइक इत्यादि चलन बन्द गरि देओस् भन्ने माग गर्दछु । आज नेपालमा १५ हजार मानिसले स्माइक खान्छन् रे । वहाँहरुले १० वर्ष लगाएर स्माइक खानेहरु १५ हजारबाट घटाएर १४ हजार मात्र गर्न सके पनि म वहाँहरुको सफलता स्वीकार्ने छु । आज देशमा चलेको भ्रष्टाचार

वहाँहरुबाट बुद्धको उपदेश जनमानसमा फैलाएर बन्द गर्न सके म वहाँहरुको सफलता भन्ठान्नेछु ।

के वहाँहरुले आफ्नो धर्म प्रचारद्वारा भूमिगत गिरोहको कुकर्ममा कुनै कमी ल्याउन सक्नुहुन्छ ? मलाई लाग्छ वहाँहरुको उपदेश अरण्यरोदन मात्र सावित हुनेछ ।

स्पष्टतः सहि धर्म प्रचारको निम्ति र यसलाई सार्थक बनाउनको निम्ति पनि उपयुक्त समाजको जरुरत छ र यो अर्धसामन्ती र नवऔंपनिवेसिक देशमा यो कुरो सम्भव छैन ।

यसै निम्ति नै मार्क्सले भने झैं हामीले सर्वप्रथम एउटा नयाँ समाज बनाउनु छ जहाँ मानिस शोषण-दमनबाट मुक्त होस, जहाँ मानिसको निम्ति सम्यक् आजीविकाको निम्ति कामको ग्यारण्टी होस्, बुढा-बुढीहरुले भत्ता पाउन्, सबै केटा-केटीहरुलाई पढनको निम्ति चाहिने खाना, कपडा, किताब, कलम, स्कूल फीस इत्यादि सम्पूर्ण कुराहरुको मुफ्तमा प्रबन्ध होस् । सम्पूर्ण बिरामीले डाक्टर, औषधी, उपचार मुफ्त पाऊन र बिरामी रहुन् जेल बिरामी भत्ता पाऊन । सुत्केरीले सुत्केरी भत्ता पाऊन । यस्तो समाजमा झूठ बोल्ने, चोर्ने, ब्यभिचार गर्ने, भ्रष्टाचार गर्ने कुराहरु आपसे आप मेटिएर जान्छ ।

सोभियत समाजमा आज मैत्री, करुणा, मुदिता, उपेक्षा स्वतः ब्यापक छ । संकुचित भावना खतम भएको छ । यहाँ श्री कृष्ण अथवा बुद्धको उपदेश सजिलैसंग ग्रहण गर्न सकिन्छ र त्यहाँको समाजले स्वतः यसलाई ब्यावहारिक रुप दिन लाउँछ ।

यस्तो समाजले सही दर्शनको माग गर्दछ र कुनै दर्शन माथि पूर्वाग्रह नलिई अध्ययन गरि यसबाट सकारात्मक गुणहरु ग्रहण गर्ने काम गर्दछ । हामीले बिना पूर्वाग्रह विभिन्न दर्शनहरुको अध्ययन गरि यसको निचोड निकालेर सकारात्मक कुराहरु ग्रहण गरि

नकारात्मक कुरा फ्याँक्नु छ । यसरी नै हामीले आफ्नो ज्ञानलाई विकास गर्दै त्यस ज्ञानलाई उपयोगी बनाउन सकिन्छ ।

पुरानो भनौ सबै कुरा त्याग्नु सजिलो छ, यसको गहिरो अध्ययन गरि सकारात्मक र नकारात्मक कुराहरु छुटयाएर सकारात्मक कुरो ग्रहण गर्नु र नकारात्मक कुरो त्याग्नु गाव्हे छ ।

मानिस आफ्नो शारिरिक विकासको निम्ति भोजन गर्दछ, त्यस भोजनबाट शरिरलाई चाहिने सबै कुराहरु आत्मसात गर्छ र काम नलाग्ने कुराहरु त्याग्छ, आफ्नै शरिरको पनि टुट-फुट भएर निस्केका काम नलाग्ने कुराहरु अनेक तरीकाले त्याग्छ, यी कसरहरु शरिरमा राखेपछि शरिर रोगी बन्न जान्छ ।

यस्तै ज्ञानको विकासको सवालमा पनि हामीले पढेका सकारात्मक कुराहरु लिएर नकारात्मक कुराहरु फ्याँक्नु पर्ने हुन्छ र साथै आफूले लिएर आएको कतिपय कुराहरु गलत र काम नलाग्ने सावित भएपछि त्याग्नु जरुरीछ । अनि नै हाम्रो ज्ञान सजीव भएर विकसित हुन्छ ।

ज्ञानको कुरोमा, दर्शनको सवालमा आफ्नो र अर्काको भन्ने हुदैन । जुन दर्शन वा ज्ञान आत्माविकासको निम्ति, समाजको विकासको निम्ति, मानवताको सेवाको निम्ति काम लाग्ने हुन्छ त्यसलाई ग्रहण गरेर आत्मासात गरिलिनु आवश्यक छ भने काम नलागि सकेको कुरोहरुलाई आफूले अघि देखि लिएर आएको भएता पनि त्याग्नु जरुरी हुन जान्छ, होइन भने हाम्रो ज्ञान थुनिएको पानी झै कालान्तरमा सडछ । यो कुरो निर्विवाद सत्य हो कि ज्ञान विकासशील छ र यसलाई विकास गर्दै लानु छ ।

एकातिर कतिपय आफूलाई कम्युनिष्ट भन्नेहरु यांत्रिक भौतिकवादको चक्करमा परी पुरानो कुनै कुरो पढने पक्षमा देखिदैन । अर्का तिर पुराण पन्थीहरु कुनै नयाँ कुरो बाट सिक्न

चाहदैनन् । र उनीहरु विज्ञान द्वन्दात्मक भौतिकवादबाट पन्छिन खोज्छन । यही कारण हो आज उनीहरुको ज्ञान जनमानसमा प्रभावकारी नभई संकुचित घेराभित्र खुम्चेर थुनिएको पानी झैं अयोग्य भई मानवताको निम्ति काम नलाग्ने र महत्व-हीन हुन गएको छ ।

अर्कातिर कम्युनिष्टहरुले पुराना कुराहरुको अध्ययन प्रति हेपाहा दृष्टि राखेर जनमानसबाट टाढा पुग्छन्

ड्यूरिङ्गमत खण्डनमा ड्यूहरिङ्ग द्वारा आफ्नो पूर्वजहरुलाई अत्यन्त तिरस्कारको साथ चर्चागरेकोमा एंगेल्सले ड्यूहरिङ्गको घोर विरोध गरेका छन् । ड्यूहरिङ्गको मतलाई खण्डन गर्दै एंगेल्स भन्नु हुन्छ 'मीठा मीठा गालीहरु जसलाई प्रयोग गरेर यदि श्री ड्यूहरिङ्गसंग अलिकति पनि शिक्षा भएको भए कुनै पनि कुरोलाई संकुचित र घृणित सम्झने साहस हुने थिएन ।

स्पष्टतः हरेक ब्यक्ति जसलाई ज्ञानको बुद्धि र विकास गर्नुछ उसले न पुराना कुराहरु अध्ययन गर्न छोडछन, नत उनीहरु त्यस प्रति घृणा नै गर्ने साहस गर्दछन । अर्कातिर मानवको कल्याण चाहनेहरुले आफूलाई सामन्ती तथा पूँजीवादी शोषकहरु द्वारा दिइने कु-अन्नबाट पर रहेर नै आफ्नो विचारलाई पुरानै शास्त्र सम्म सीमित नराखी नयाँ-नयाँ विज्ञान र दर्शनहरु र द्वन्द्वत्मक दर्शन समेत अध्ययन गरेर सामन्त र पूँजीवादको पक्ष लिने सट्टा बुद्धको दुःख निरोध गाभिनी 'सम्यक् ज्ञान' आदि पहिले ८ आर्य मार्ग अनुकूल साम्यवादको तरफदारी गरेर नै पुरानो शास्त्रहरुले मानवको निम्ति उपयोगी भूमिका खेल्न सक्नेछन् ।

पुराना दर्शनहरुलाई नकार्नु सजिलो छ । यो 'यांन्त्रिक भौतिकवादी' तरिका हो, तर तिनीहरुको गहिरो अध्ययन गरी त्यसबाट काम लाग्ने र काम नलाग्ने कुराहरु छुटयाएर काम लाग्ने

कुराहरु ग्रहण गर्नु गाह्रो छ । निश्चित रुपले हामीले भौतिकवादको कुरा गर्दा 'यांन्त्रिक भौतिकवाद' र 'द्वन्द्वत्मक भौतिकवाद' को फरकलाई पनि याद गर्नु छ । जहाँ 'यांत्रिक भौतिकवाद' मानिसलाई यन्त्र सम्झने र पूँजीवादीको सेवा गर्ने मानवता रहित भौतिकवाद हो, मानवता नै द्वन्द्वत्मक भौतिकवादको केन्द्र विन्दु हो । सबै कुरा मानिसद्वारा, मानिसको निम्ति, मानवजातिको हित नै आफ्नो पनि हित हो भन्ने कुरो नै द्वन्द्वत्मक भौतिकवादले सिकाउँछ सम्पूर्ण मानवको कल्याणको निम्ति सहि मानेमा लोभ, मोह, तृष्णा, डर, भय, त्रास छोडेर काम गर्ने कुराको कर्तव्य बोध गराउँछ ।

आजको आवश्यकता पुरान पंन्थी धर्मगुरुहरुले पनि बिना पूर्वाग्रह विज्ञान तथा विज्ञानमा आधारित द्वन्द्वात्मक दर्शनको अध्ययन गर्नु र आफूलाई मार्क्सवादी भन्नेहरुले पनि हाम्रो ऋषिमुनिहरु या महापुरुषहरुको उपदेश र शिक्षालाई गहिरो अध्ययन गरि यसबाट सकारात्मक कुराहरु ग्रहण गरुन् । द्वन्द्वत्मक भौतिकवादका सोभियत संघको एक महान विद्वान र विशेषज्ञ प्रोफेसर श्री अलेक्जेन्डर स्पिरिकिन आफ्नो 'द्वन्द्वात्मक भौतिकवाद' नामक पुस्तकको अन्तिम पन्नाहरुमा भन्नु हुन्छ, 'हरेक कुरालाई' विज्ञानको सुक्ष्म चक्कुले चिरफार गरेर हेर्ने पाश्चात्य मनलाई बिना विश्लेषण बिनातर्क मनद्वारा सत्य पत्ता लगाउने शक्ति भएको पूर्वेली स्पिरिट (भावना) संग मिलाएर यसलाई अझ धेरै उन्नत गर्न सकिन्छ । हाम्रा ऋषिमुनि तथा महापुरुषहरुद्वारा प्रतिपादन गरेका दर्शनहरुले पनि द्वन्द्वात्मक भौतिकवादी दर्शनको उपयोग गरी आजको संकुचित घेरा बन्दीद्वारा मुक्त भएर नयाँ जीवन प्राप्त गर्ने छ, र पुराना दर्शनहरुको भावना अझ छर्लङ्ग हुनेछ र मानव समाजमा स्थायी सुख, शान्ति स्थापना गर्ने कार्यमा सार्थक र सक्षम बन्ने छ ।

**(समाप्त)**

# परिशिष्ट-१

## जन-नायक कामरेड तुल्सी लाल अमात्यको संक्षिप्त परिचय

| | | |
|---|---|---|
| नाम | :– | तुल्सी लाल अमात्य |
| जन्म | :– | मे २७, १९१६ (वि.सं. १९७३ जेष्ठ १४) |
| मातापिता | :– | पिता-ऋद्धिनरसिंह अमात्य र माता-योगमाया अमात्य |
| मृत्यु | :– | अगष्ट १, १९९७ (वि.सं. २०५४ श्रावण १७) |
| शिक्षा | :– | वि.ए- त्रिचन्द्र क्याम्पास, काठमाण्डौं एम.ए. (अर्थशास्त्र)- लखनऊ विश्वविद्यालय भारत) |
| ठेगाना | :– | ग्वाछें, स्वठ-१८, ललितपुर, नेपाल |
| पेशा | :– | राजनीतिज्ञ र लेखक |
| सेवा | :– | जनवनदी गणतन्त्र चीनका लागि आवासीय राजदुत र मंगोलिया र उत्तर |

कोरियाको लागि शाही नेपाली राजदुत (१९९५)

ई.सं (१९९५) देखि सकृय राजनीति र सामाजिक कार्यकर्ता

- सकृय राजनीतिमा प्रवेश (१९४७), त्यसपछि भारतको गान्धी आश्रम भ्रमण गरि नेपाल आई स्वयंसेवकहरुसंग संगठन गरि महामारी नियन्त्रणमा सहयोग र निमुखा गरीब किसानहरुलाई संगठित गरि किसान आन्दोलनलाई अगाडि बढाएको (१९४६-१९६०)
- नेपाल मजदुर किसान संघको संस्थापक तथा अध्यक्ष (१९४८)
- बारा, रौतहट र सर्लाही जिल्लाहरुमा किसानहरुलाई संगठन गरि ऐतिहासिक किसान आन्दोलनको शंखघोष (१९५१-१९५७)
- नेपाली राष्ट्रिय काग्रेस केन्द्रीय कार्यकारणी समितिको सदस्य (१९४८)

- अखिल नेपाल किसान संघको अध्यक्ष (१९४९-१९६०)
- नेपाली कम्युनिष्ट समूहको अग्रणिकर्ता, कलकत्ता १९४९
- नेपाल कम्युनिष्ट पार्टीको स्थापनाकाल देखिको केन्द्रीय संगठन कमिटी सदस्य, कलकत्ता (भारत) (१९४९)
- सन् १९५८ मा सांसदमा निर्वाचित (संसदमा कम्युनिष्ट पार्टीको संसदीय दलको नेता)
- नेपाल कम्युनिष्ट पार्टी तेश्रो महाधिवेशनको निर्वाचित महासचिव, वनारस भारत (१९६१)
- सन् १९७९ मा आम माफी पछि नेपाल फिर्ता, नेपालमा बहुदल व्यवस्था पुर्नस्थापनाको निम्ति कार्य शुरु
- संयुक्त वाम मोर्चाको संस्थापक नेता तथा मानार्थ अध्यक्ष (१९९०)
- ने.क.पा. (अमात्य), ने.क.पा. (वर्मा) र ने.क.पा. (मानन्धर) मिली बनेको नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) को निर्वाचित अध्यक्ष १९९०
- सन् १९९० मा नेपाल कम्युनिष्ट पार्टी (अमात्य) संयुक्त वाम मोर्चाबाट अलग
- २०४६ साल फाल्गुन ७ गते जन-आन्दोलनको शुरु दिन ७४ वर्षको अशक्त उमेरमा पनि सबभन्दा पहिले प्रतिबन्धित नेपाल कम्युनिष्ट पार्टीको लाल झण्डा सेना तथा प्रहरीहरुको बीच प्रदर्शन गर्दा पक्राउ परेको र बहुदलको घोषणा पश्चात जेलबाट रिहा
- राजपरिषद्को सदस्य १९९३
- २०५० मंसीर २९ गते तदनुसार १४ डिसेम्बर १९९३ का दिन वहाँको नेतृत्वमा रहेको नेपाल कम्युनिष्ट पार्टी र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच एकीकरण पश्चात नेपाल कम्युनिष्ट पार्टी (एमाले) स्थायी समितिको सदस्य र केन्द्रीय समितिको सदस्य भई विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गोष्ठी सभाहरुमा उपस्थित

## जेल यात्राः–

- भारतको स्वतन्त्र दिवसको दिन पाटनमा निस्केको जलुसको नेतृत्व गरे वापत जेल चलान र जेलमा स्वयंसेवकको संगठन गरि जेल सफा राख्ने अभियान शुरु (१९४७)
- २००७ सालमा दिल्लीमा नेपालको हित विपरित सम्झौता हुन लाग्दा त्यसको विरोध गरेकोमा मोतीहारी र भागलपुरमा आठ महिना कष्टकर जेल जीवन (१९५०)
- २०१७ सालमा गण्डकी सम्झौताको विरोध गरे वापत १५ दिनको जेल सजाय
- सन् १९७९ मा १३ दिनको जेल सजायँ
- २०४६ सालको जन-आन्दोलनको दौरानमा ५ महिना जेल चलान

## भूमिगत राजनीति जीवनः–

- सन् १९५१ मा नेपाल कम्युनिष्ट पार्टी माथि प्रतिबन्ध लागेपछि भूमिगत भई विभिन्न कार्यहरुमा सहभागी (१९५१-१९५४)
- २०१७ सालमा राजा महेन्द्रबाट सत्तापलट भएपछि १८ वर्ष लामो निर्वासित जीवन (भारत)

## सर्वस्वहरणः–

- राणाकालमा दुईपटक सर्वस्वहरण
- पंचायती सरकारद्वारा एक पटक सर्वस्वहरण (१९६०)

**विदेश भ्रमणः-** भारत, तत्कालिन सोभियत संघ, हंगेरी, चेकोश्लोभाकिया, मंगोलिया, पोल्याण्ड, पूर्व जर्मनी, उत्तर कोरिया, चीन, ईत्यादि ।

## प्रकाशन तथा कृतिहरु :–

- तमाम पार्टी कार्यकर्ताहरुमा नेपाल कम्युनिष्ट पार्टीको अपील (२०१८)
- राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रम (२०१९)

- नेपाल कम्युनिष्ट पार्टीको विधान (तेश्रो महाधिवेशनबाट पारित) (२०१९)
- कुन बाटो (२०२२)
- नेपाल कम्युनिष्ट पार्टीहरुमा देखा परेका मतभेदहरु
- लेनिन
- शुक्रराज शास्त्री
- संगठनात्मक समस्या
- कम्युनिष्टपार्टीको घोषणा पत्र: लेखक-कार्ल मार्क्स र फ्रेडेरिक एंगेल्स (तुल्सी लाल अमात्यद्वारा अनुवाद)
- नेपाल भारत सम्बन्ध
- समाज विकासको नियममा क्रियाशिल चेतन शक्तिको स्थान
- नक्कली क्रान्तिकारीहरु माओवादी हुन् या सी. आई. ए. को जाल
- राजनीतिक प्रस्ताव
- अफगानिस्थानको नयाँ जनवादी अप्रिल क्रान्तिको सम्बन्द्धमा
- सोभियत संघको विरोध कसको सेवामा
- Anti Soviet Compaign to whom it served
- धर्मको मर्म र श्री कृष्ण (२०४१)
- बुद्ध, बुद्धत्व र बुद्ध दर्शन (२०४३)
- मानव र मानवअधिकार
- प्रगतिशील नेपाल मजदुर संघको प्रस्तावना र विद्यान
- नेपालको स्वतन्त्र आर्थिक विकासको बाटो के हो ? (२०४७ श्रावण)
- जनवाली राष्ट्रिय प्रजातन्त्र (२०४७ पौष)
- नेपालको भावि कस्तो हुनुपर्छ ? (२०४७)
- २०४७ पौष १६ गते देखि १८ गते सम्म भएको राष्ट्रिय सम्मेलनमा प्रस्तुत गरेका राजनैतिक प्रस्ताव (२०४७)

- ➢ नेपाल कम्युनिष्ट पार्टी (अमात्य) को घोषणा पत्र (२०४८)
- ➢ मञ्जु श्री -अंग्रेजीमा)
- ➢ भव्य नेपालको निर्माण गरौं । जनवादी राष्ट्रिय प्रजातन्त्र
- ➢ थापना गरौं (२०४८ फागुन)
- ➢ २०४९ चैत्र २३ गतेका दिन पेश गरिएको राजनीतिक प्रतिवेदन (२०४९)
- ➢ संस्मरणका पानाहरु (२०६२)

## परिशिष्ट-२

## तुल्सी लाल स्मृति प्रतिष्ठानद्वारा प्रकासित पुस्तकहरु खोजी खोजी अध्ययन गरौं

- तमाम पार्टी कार्यकर्ताहरुमा नेपाल कम्युनिष्ट पार्टीको अपिल– अपिल कर्ता कामरेड तुल्सी लाल अमात्य
- तृतीय महाधिवेशनको राजनीतिक प्रस्ताव नेपाल कम्युनिष्ट पार्टी– प्रस्तोता कामरेड तुल्सी लाल अमात्य
- नेपालको भावि संविधान कस्तो हुनुपर्छ– सुझावकर्ता नेकपाको पार्टी महासचिव कामरेड तुल्सी लाल अमात्य
- संस्मरणका पानाहरु– लेखक स्वयंम् जननायक तुल्सी लाल अमात्य
- अविश्रान्त राजनायक– तुल्सी लाल अमात्य

(विभिन्न राष्ट्रिय ब्यक्तित्वहरुद्वारा तुल्सी लाल अमात्यको निधनपछि अभिब्यक्त गरिएका श्रद्धापूर्ण संस्मरण लेखहरुको संगालो: बुधवार साप्ताहिकका लागि अविर प्रकासन प्रा.लि. बागबजार-वितरण तुल्सी लाल स्मृति प्रतिष्ठान)

- तुल्सी लाल स्मृति प्रतिष्ठान– २०५४ को संक्षिपत परिचय (नेपाली र अंग्रेजीमा)